३४२

# भक्तपुर मासिक

Bhaktapur Monthly

मंसिर २०८१

ISSN 2705-4454

9 772705 445004








भक्तपुर महोत्सवबारे पत्रकार सम्मेलन । कार्तिक २८ गते



प्रवासबाट फर्केका चिनियाँहरुको महासङ्घको प्रतिनिधिमण्डलद्वारा भक्तपुरको अवलोकन भ्रमण । कार्तिक २९ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l$@★cÆ !★g};॥!$%★lj=;॥@)*!d॥; /★A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर




☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## सम्झनाको लागि

## काठमाडौं उपत्यकाका पाँचतले मन्दिरहरू

क्रमशः ङाता पोलँ (देशकै अग्लो, भक्तपुर), कुम्भेश्वर (ललितपुर), पञ्चमुखी हनुमान (काठमाडौं)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘जतिजति धनमा वृद्धि हुँदै जान्छ उति उति लोभ पनि बढ्दै जान्छ ।’– जुनबल

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर महोत्सव सम्बन्धी गतिविधि | – | ३ |
| २) | महोत्सवमा देखिनेछ ‘साँच्चिकै भक्तपुर’ | उपेन्द्र लामिछाने | ११ |
| ३) | भक्तपुरको भ्याइ नभ्याइ | सञ्जीव ग्वंगल | २० |
| ४) | ‘सम्पदाहरुको पुनःनिर्माण र जिर्णोद्धार ठेक्कामा गराउनु उचित होइन’ | सुनिल प्रजापति | ३२ |
| ५) | भाज्या पुखूको डिल कायम गर्न सहमत | – | ३४ |
| ६) | विस्तृत शान्ति सम्झौता : द्वन्दपीडितका निराशाजनक डेढ दशक | विवेक | ३६ |
| ७) | आकाशमा चन्द्र उज्यालो, धर्तीमा अन्न | उपेन्द्र लामिछाने | ३८ |
| ८) | इतिहास र राजनीति : इतिहासको राजनीति | सुरेश ढकाल | ३९ |
| ९) | नगरस्तरीय विद्यालय खेलकुद प्रतियोगिता | श्यामकृष्ण खत्री | ४४ |
| १०) | सर हम्फ्री डाभी | राजेन्द्र बहादुर कायष्ठ | ४७ |
| ११) | डिलबिनाको पोखरी – महाआश्चर्य ! | दिव्यराज | ५१ |
| १२) | घोत्लिँदै काँस्य युगको पुरातात्त्विक सहर ‘खैबर ओयसिसमा’ | तेजेश्वरबाबु ग्वंगः | ५४ |
| १३) | शैक्षिक प्रमाणपत्र धितो राखेर भक्तपुरले दियो १५१ जनालाई ऋण | शान्ति तामाङ | ५६ |
| १४) | रत्नचूड पर्वतको परिचय र महत्त्व | प्रेमप्रसाद काफ्ले | ५७ |
| १५) | शारीरिक सुसंगठनका राष्ट्रिय खेलाडी प्रेमकृष्ण साक्षश्रेष्ठ | राजकुमार लघु | ५९ |
| २२) | **The City of the Yellow Devil** (IV) | Maxim Gorky | ६१ |
| २४) | भक्तपुर नगरपालिका गतिविधि | – | ६३ |
| | क) शैक्षिक गतिविधि | – | ६९ |
| | ख) स्वास्थ्य सेवा | – | ७५ |
| | ग) अनुभवको आदान–प्रदान | – | ७७ |
| | घ) भेटघाट | – | ७८ |
| | ङ) सङ्क्षेपमा | – | ८१ |
| २५) | विविध समाचार | – | ८३ |
| २६) | वर्ष ४१ को वार्षिक विषय सूची | – | ९५ |
| २६) | भक्तपुर महोत्सव देशकै लागि महत्त्वपूर्ण (सम्पादकको पृष्ठ) | – | १०४ |

**साथमा** :

चीनका प्राचीन नीति कथा – ३५/ बसिबियाँलो – ३८/ जीवन–आचरण – ४६/ थाहा पाइराखौँ – ४६/यता–उताबाट – ५४/ ख्वप अस्पतालको प्रगति – ७६/ Word Searh – ८६/ प्रेरणीय – ८८/ हाम्रो स्वास्थ्य – ९३/ हाम्रा पुराना मूर्ति – ९४/ हाम्रो स्थानीय तह–९४/ पर्यटक तथ्याङ्क – १०३/ तस्बिरमा केही गतिविधि – क–घ ।



## खुल्ला बाँसुरी बाजा प्रतिगोगिता



भक्तपुर नगरपालिकाले परम्परागत सांस्कृतिक प्रतियोगिताअन्तर्गत भक्तपुर महोत्सवको अवसरमा खुल्ला बाँसुरी बाजा प्रतिगोगिता गर्ने निर्णय गरेको छ। भक्तपुर महोत्सव निर्देशक समितिका संयोजक एवं प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर महोत्सव २०८१ निर्देशक समितिको कार्तिक २७ गते बसेको बैठकले उक्त निर्णय गरेको हो।

महोत्सवकै अवसरमा बाँसुरी बाजा प्रतियोगिताका लागि प्रथम पुरस्कार रु. ५० हजार, दोस्रो पुरस्कार रु. ४० हजार, तेस्रो पुरस्कार रु. ३० हजार र सान्त्वनालाई रु. २० हजारसहित वाद्यवादनका सामग्रीसहित व्यवस्था गरेको उहाँले जानकारी गराउनुभयो।

बैठकमा प्रमुख **प्रजापति**ले भक्तपुर महोत्सव प्रचारप्रसारको समय १ महिनामात्र बाँकी रहेको हुँदा भक्तपुर महोत्सवअन्तर्गत गठित विभिन्न समिति र उपसमितिहरू महोत्सव केन्द्रित गतिविधि र प्रचारप्रसारमा जोड दिन आग्रह गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने ५ दिने भक्तपुर महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न १६१ सदस्यीय मूल समारोह समिति गठन भई १३ ओटा समिति, उपसमितिहरू गठन गरिएको सोही क्रममा जानकारी गराउनुभयो।

प्रमुख प्रजापतिले महोत्सवलाई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न रु. १ करोड ५० लाख रुपैयाँ बजेट बिनियोजन गरिएको बताउनुहुँदै महोत्सव सञ्चालनको क्रममा विभिन्न गतिविधि मार्फत रु. ६० लाख आम्दानी हुने अनुमान गरिएको बताउनुभयो।

बैठकमा भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सव तयारीको लागि हालसम्म भएको तयारी एवं गतिविधिहरूबारे सङ्क्षेपमा प्रस्तुतीकरण गर्नुभएको थियो।

## भक्तपुर महोत्सवबारे पत्रकार सम्मेलन




भक्तपुरको कला संस्कृति, जीवनशैली, स्थानीय उत्पादनलगायतको प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने उद्देश्यका साथ भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म पाँचदिने भक्तपुर महोत्सवबारे कार्तिक २८ गते पत्रकार सम्मेलन भयो।

भक्तपुर नगरपालिकाको आयोजनामा बुधबार सम्पन्न भक्तपुर महोत्सवबारे पत्रकार सम्मेलनमा भक्तपुर महोत्सव मूल समारोह समितिका संयोजक एवम् नगर प्रमुख **सुनिल प्रजापति**ले पर्यटन उद्योग मार्फत नगरको आर्थिक गतिविधि वृद्धि गर्दै नगर र नगरवासीको आर्थिक विकासमा योगदान पुऱ्याउने महोत्सवको प्रमुख उद्देश्य रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले महोत्सवलाई भव्य रूपमा सम्पन्न गर्न रु. १ करोड ५० लाख रुपैयाँ बजेट बिनियोजन गरिएको बताउनुहुँदै महोत्सवबाट रु. ६० लाख आम्दानी हुने अनुमान गरिएको बताउनुभयो।

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# खुल्ला बाँसुरी बाजा प्रतियोगितासम्बन्धी सूचना

भक्तपुरको साँस्कृतिक विधाहरुको संरक्षण सम्बर्द्धन गर्नका साथै नागरिकहरुमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ मंसिर २८ देखि पुष २ गतेसम्म हुने भक्तपुर महोत्सवको अवसरमा खुल्ला बाँसुरी बाजा प्रतियोगिता मिति २०८१ मंसिर २९ गते, शनिबार देहाय अनुसारको नियम बमोजिम हुने भएको हुँदा सम्पूर्ण साँस्कृतिक समूहहरु तथा सम्बन्धित सबैले आ–आफ्नो बाजा देहाएको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ :–

प्रति समूह दर्ता शुल्क : रु. १००।–
दर्ता गर्ने अन्तिम मिति: २०८१ मंसिर २१ गते, शुक्रबार
दर्ता गर्ने स्थानः – भ.न.पा १ देखि १० नं. वडा कार्यालयहरु
– भक्तपुर महोत्सव सचिवालय, ब्यासी, ०१–६६११६०५
– भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी, ०१–६६१३९५७

फारमको लागि : https://infobhaktapur.com/downloads/ वा देहाएको QR Code Scan गर्नुहोला ।
फारम पठाउने ठेगाना : infobhaktapurtourism@gmail.com / bhaktapurmuni@gmail.com

## खुल्ला बाँसुरी बाजा प्रतियोगिताका नियमहरु :

१) प्रतियोगिताको क्रममा २०८१ मंसिर २९ गते बिहान १०:३० बजे भ.न.पा १ दुधपाटी इनागबाट बाँसुरी बाजा बजाएर भक्तपुर नगर परिक्रमा गरी भ.न.पा १० क्वाठण्डौसम्म आउनु पर्नेछ ।
२) मूल्यांकन स्थल भ.न.पा १० क्वाठण्डौ हुनेछ ।
३) प्रतियोगितामा सहभागी हुन घटीमा १० जना देखि बढीमा १६ जना सम्म सहभागी रहेको टोली (प्रतियोगी समूह) हुनु पर्नेछ । त्यसमध्ये घटीमा ८ जना बाँसुरी वादक हुनुपर्नेछ ।
४) प्रतियोगितामा बाँसुरीका साथ मादल, लालाखीं, पछिमा, ढलक, धिमाय्, हार्मोनियम, नगरा, धाँ, भ्वायलिनलगायत अन्य लोक वाद्यवादनका सामाग्री प्रयोग गर्न पाइनेछ । तँ, सिछ्याय्, झ्याली आफुले रोजेर बजाउन पाईनेछ ।
५) पहिलो चरणमा घातु/बसन्त/मालश्री/सिनाज्या/सितला माजु/मंगलधुन मध्ये कुनै एक धुन बजाउनु पर्नेछ । यसका लागि ४ मिनेटको समय प्रदान गरिनेछ । साथै प्रतियोगिता स्थलमा (मञ्च) समयमै उपस्थित हुनुपर्नेछ ।
६) दोश्रो चरणमा स्वेच्छिक धुन बजाउन पाउने छ । त्यसको लागि ४ मिनेट समय प्रदान गरिनेछ ।
७) प्रतियोगितामा सहभागी हुने प्रतियोगीहरुको पोशाकको एक रुपतालाई विशेष प्राथमिकता दिइनेछ ।
८) एक जना प्रतियोगीले एक समूहबाट मात्र भाग लिन पाइनेछ ।
९) प्रतियोगितामा भाग लिने सबै प्रतियोगीहरुको फोटो सहित नामावली बुझाउनु पर्नेछ ।
१०) निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ । कुनै विवाद आएमा निर्णायकहरुको राय सल्लाह बमोजिम नगरपालिकाले गर्ने निर्णय नै अन्तिम हुनेछ ।
११) नगर परिक्रमा मूल्यांकनको तपसिल बमोजिम अंक ३० को हुनेछ ।

| धुन | सुरताल | अनुशासन | बाजा | भेषभुषा | जम्मा |
|---|---|---|---|---|---|
| ५ | ५ | १० | ५ | ५ | ३० |

१२) स्थलगत मूल्यांकनको अंक ७० हुनेछ ।
१३) नगर परिक्रमाको क्रममा धेरै जना सहभागी हुन सकिने छ ।
१४) प्रतियोगिताको स्थलगत मूल्यांकनको लागि तपसिल बमोजिमको अंकभार विभाजन गरिएको छ :

| प्रस्तुती | बाजा | भेषभुषा | धुन | सुरताल | समय | अनुशासन | हाउभाउ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ५ | १० | १० | १५ | १५ | ५ | ५ | ५ | ७० |

१५) सहभागी प्रत्येक टोलीलाई खाजा खर्च वापत रु. ५०००।– उपलब्ध गराइनेछ ।

## पुरस्कार राशी

प्रथम पुरस्कार : रु. ५०,०००।– का साथै वाद्यवादनका सामाग्री
द्धितिय पुरस्कार: रु. ४०,०००।– का साथै वाद्यवादनका सामाग्री
तृतीय पुरस्कार: रु. ३०,०००।– का साथै वाद्यवादनका सामाग्री
सान्त्वना पुरस्कार : रु. २०,०००।– का साथै वाद्यवादनका सामाग्री (दुईवटा समूहसम्म)

भक्तपुरको कला, संस्कृति, सम्पदा र यहाँको मौलिक उत्पादन तथा जीवनशैलीबारे स्वदेशी र विदेशी पाहुनाहरूलाई जानकारी गराउँदै भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्ने लक्ष्यसहित महोत्सवको आयोजना भएको उहाँले बताउनुभयो ।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु महोत्सवको अर्को उद्देश्य हो भन्नुहुँदै उहाँले भक्तपुरका मौलिक खाद्य सामग्री, संस्कार र जीवनशैलीबारे प्रचारप्रसार गरी व्यवसायीकरणको लागि आवश्यक सहजीकरण गर्ने नीति पनि रहेको सोही क्रममा बताउनुभयो ।

भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेका अमूल्य सम्पदाहरूको सरंक्षण, प्रवर्द्धन र सदुपयोग गर्दै भक्तपुरमा पर्यटन उद्योगको आधार तयार पारिरहेको बताउनुभयो ।

भक्तपुर महोत्सव अतिथि सत्कार समिति संयोजक एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर महोत्सवलाई भक्तपुरका गतिविधिहरू प्रदर्शन गर्ने अवसरको रूपमा सञ्चालन गरिने बताउनुभयो ।



२०५४ सालको भक्तपुर महोत्सवपछिको भव्य महोत्सवको रूपमा भक्तपुर महोत्सव २०८१ सञ्चालन हुने बताउनुहुँदै उहाँले सिङ्गो नगरलाई उत्सवमय बनाउन विभिन्न सञ्चारमाध्यम र पत्रकारहरूबाट आवश्यक प्रचारप्रसारमार्फत विशेष भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

बैठकमा भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सव तयारीको लागि हालसम्म भएको तयारी एवं गतिविधिहरूबारे सङ्क्षेपमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले २०७६ सालमा कोभिडका कारण स्थगित भएको भक्तपुर महोत्सवलाई यो वर्ष भव्य रूपमा सञ्चालन गर्ने तयारी भइरहेको बताउनुहुँदै महोत्सवको लोगो र स्टिकर नेपालभाषा, नेपालीभाषा र अङ्ग्रेजी गरी तीनओटा भाषामा प्रकाशन भएको अवगत गराउनुभयो । उहाँले आजबाट विधिवत रूपमा भक्तपुर महोत्सव सचिवालयको काम थालनी हुने बताउनुहुँदै महोत्सवमा ३२ ओटा विधा ८० स्थानमा महोत्सव सञ्चालन हुने बताउनुहुँदै महोत्सवकै अवसर पारेर भक्तपुर नपाले स्मारिका र फोटो पुस्तक प्रदर्शनको तयारी गरेको बताउनुभयो ।

पत्रकार सम्मेलनमा विभिन्न सञ्चारमाध्यमका पत्रकारहरूले भक्तपुर महोत्सवको सफलताको शुभकामना दिनुहुँदै महोत्सवबारे रचनात्मक सुझावहरू दिनुभएको थियो ।

# महोत्सवबारे प्रेस विज्ञप्ति



## परिचय


नेपालकै सानो जिल्ला (११९ वर्ग कि.मी.) भक्तपुर जिल्लाका चारओटा नगरपालिकाहरूमध्ये भक्तपुर नगरपालिका नेपालकै सानो नगरपालिकामध्ये एक हो । नेपालको राजधानी काठमाडौंबाट १३ कि.मी. पूर्वमा अवस्थित भक्तपुर नगर भौगोलिक रूपमा सानो नगर (६.८८ वर्ग कि.मी.) भए पनि नेपालकै एक महत्त्वपूर्ण सांस्कृतिक र ऐतिहासिक नगर हो । २०७८ को जनगणना अनुसार भक्तपुर जिल्लामा कुल ४ लाख ३२ हजार १ सय ३२ जनसङ्ख्या रहेको छ भने भक्तपुर नगरपालिका भित्र ७९ हजार १ सय ३६ जनसङ्ख्या बसोबास गर्दछन् । यस नगरमा आदिवासी नेवारहरूको बाहुल्यता रहेको छ । मौलिक नेवारी जीवनशैली र परम्परामा आधारित यहाँका सांस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरू विश्व प्रसिद्ध छन् ।

भक्तपुरको मौलिक सांस्कृतिक पहिचानलाई सम्मान गर्दै सन् १९७९ मा युनेस्कोले भक्तपुरको दरबार क्षेत्र लगायतका सम्पदा क्षेत्रलाई विश्व सम्पदामा सूचिकृत गरेको हो । भक्तपुर नगर भक्तपुर जिल्लाको प्रशासनिक केन्द्र मात्र नभई नेपालकै ऐतिहासिक र सांस्कृतिक केन्द्रको रूपमा समेत परिचित छ । यहाँका शताब्दीऔँ पुराना मठ– मन्दिर, बहाबही, देवालय, शिवालय, पीठ, द्यःछैँ, दरबार, सत्तल, पाटीपौवा र ढुङ्गेधारा

विश्वस्तरकै वास्तुकलाका नमुना हुन्। वार्षिक लाखौँ स्वदेशी तथा विदेशी पर्यटकहरू यहाँका मूर्तिकला, चित्रकला र धातुकलाका उत्कृष्टता देखेर मोहित भएर फर्किन्छन्। भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेका ती अमूल्य सम्पदाहरूको सरंक्षण, प्रवर्द्धन र सदुपयोग गर्दै भक्तपुरमा पर्यटन उद्योगको आधार तयार पारिरहेको छ।

कला, संस्कृति र सम्पदा मानव सभ्यताको सिलसिला हो। ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको महत्त्व र यसको सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्दै यसको संरक्षण र संवर्द्धनमा जनपरिचालन गर्दै आएको छ। नयाँ पुस्तालाई भक्तपुरको मौलिकतासँग परिचित गराउँदै यसको महत्त्व बुझाउन नगरका कक्षा १ देखि कक्षा ८ सम्मका विद्यार्थीहरूको लागि स्थानीय पाठ्यक्रम तयार गरेको छ। भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई आत्मसात गर्दै यहाँका मूर्त र अमूर्त सम्पदामा आधारित पर्यटन उद्योगको विकास गरी सहरको आर्थिक विकासमा सहयोग पुगेको छ। यसबाट भक्तपुरलाई सरसफाइ, सम्पदा संरक्षण र समाजिक विकासमा नमुना नगरको रूपमा अगाडि बढाउन स्थानीय जनसहभागितामा कला, संस्कृति र सम्पदा संरक्षण कार्य अगाडि बढाइरहेको छ। पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, सिद्ध पोखरी, लक्ष्मी नरसिंह मन्दिर, न्हःपुखू (रानी पोखरी), भाजु पुखू, चतुर्ब्रम्ह महाविहार, झौरबहि, बेताल मन्दिर, इन्द्रयणी द्यःछेँ, छुमा गणेश द्यःछेँ लगायत टोल-टोलका पाटी, सत्तल, मठ, ढुङ्गेधारा, इनार, पोखरी, बहाबही सहित सयौँ सम्पदाहरू जीर्णोद्धार र पुनः निर्माण सम्पन्न गरेको छ।

भक्तपुर नगरपालिकाले पर्यटन उद्योगको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न विदेशी भाषा तालिम,




कम्प्युटर र पाक शिक्षालगायतका सीपमूलक तालिमहरू नियमित सञ्चालन गर्दै आइरहेको छ। स्थानीय पथ प्रदर्शकहरूलाई तालिम दिई परिचालन समिति मार्फत पथप्रदर्शकहरूलाई अनुशासित र मर्यादित गरि भक्तपुरको पर्यटन उद्योगलाई व्यवस्थित गर्दै आएको छ।

भक्तपुर नगरपालिकाले यहाँको पुरानो सांस्कृतिक क्षेत्रमा प्रवेश गर्ने विदेशी पर्यटकहरूसँग प्रवेश शुल्क उठाउँदै आएको छ। प्रवेश शुल्कको व्यवस्था संसारका धेरै सहरहरूमा छन्। त्यसबाट उठेको आम्दानीलाई भक्तपुर नगरपालिकाले सरसफाइ, कला, संस्कृति एवम् सम्पदा संरक्षण, स्वास्थ्य सेवा र शिक्षामार्फत जनताको सेवा गर्दै आएको छ। शिशु स्याहारदेखि कलेज तहसम्म सञ्चालन गरी देशभरका विद्यार्थीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। नगरपालिकाद्वारा सञ्चालित ७ ओटा (विज्ञान, मानविकी, व्यवस्थापन, शिक्षा, कानून र ईन्जिनियरिङ संकायका) कलेजहरूमा ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू न्यून शुल्कमा अध्ययनरत छन्। भक्तपुर नगरपालिकाले ख्वप अस्पताल र विभिन्न वडाहरूमा सञ्चालित जन स्वास्थ्य सेवा केन्द्रहरूमार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। नर्सिङ सेवामार्फत जेष्ठ नागरिक, सुत्केरी, दीर्घरोगीलगायत सर्वसाधारण नागरिकलाई घरघरमै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ।

भक्तपुर नगरपालिकाले व्यवस्थित सहरीकरणको लागि तीनओटा आवास योजना सम्पन्न गरिसकेको छ भने देको मिवा इटापाके आवास योजना सञ्चालनमा रहेको छ। भक्तपुरको पुरानो क्षेत्र विश्व सम्पदा सूचीमा समेत परेको हुँदा नगरको पुरानो स्वरूप र सम्पदा संरक्षण गर्नु सबैको साझा जिम्मेवारी हो। तसर्थ परम्परागत शैलीको घर निर्माणलाई प्रोत्साहन गर्न नगरपालिकाले अनुदानको व्यवस्था र निर्माण सम्बन्धी तालिम दिँदै आएको छ।

सांस्कृतिक नगर भक्तपुर, सफा नगर भक्तपुर, नाचगानको राजधानी भक्तपुर, शैक्षिक गन्तव्य भक्तपुर, ज्ञान विज्ञानको केन्द्र भक्तपुर, जीवित सङ्ग्रहालय भक्तपुर, नेपालकै नमुना नगरको रूपमा अगाडि बढिरहेको नगर हो। आर्थिक अनुशासन, पारदर्शीता, इमानदारी र जनसहभागिता भक्तपुरको मौलिक विशेषता हो। राज्य र समाजलाई सुदृढ र सबल बनाउँदै समाजलाई सभ्य, सुसंस्कृत र बुद्धिजीवीकरण गर्दै 'सय वर्षपछिको भक्तपुर' को परिकल्पनालाई सार्थक बनाउन पर्यटन उद्योगमार्फत नगर र नगरवासीहरूको आर्थिक गतिविधि बढाउँदै आय आर्जनमा समेत टेवा पुऱ्याउने उद्देश्यका साथ भक्तपुर महोत्सव २०८१ आयोजना गर्दैछौँ।

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

भक्तपुर नगरपालिका

# भक्तपुर महोत्सव २०८१

२८ मंसिर - २ पुस, २०८१ । ने.सं. ११४५, थिंलाथ्व, त्रयोदशी - थिंलागा, द्वितीया

## सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत !




## आकर्षण

१. सांस्कृतिक कार्यक्रम - लायकू, क्वाठण्डौ, दत्तात्रय, टौमढी र नगरको विभिन्न स्थानमा प्रगतिशील भजन प्रदर्शनी
२. नगरा वादन - लायकू
३. पौभा र तस्वीर प्रदर्शनी - तब सत्तः, पचपन्न झ्याल चोक (लायकु) र वाँचु त्वः
४. चित्रकला, छ्वालीकला र तस्वीर प्रदर्शनी - लायकू, थथुबहि र कुथुबहि (मिनिबस पार्क)
५. परम्परागत पोशाक प्रदर्शनी - लायकू, टौमढी, दत्तात्रय र तःपुखू (सिद्धपोखरी)
६. खाना महोत्सव - यातुबारे पुखु (कमलविनायक), नाग पुखू, खलौं, जेलौं, खौमा र भाज्या पुखू
७. हलिमलि - छुमागणेश (चोछैं), वाकुपति नारायण, दत्तात्रय, गोल्मढी, याछैं र टौमढी
८. परम्परागत वाद्यवादन सामग्री प्रदर्शनी - मुलाछैं र वाकुपति नारायण
९. परम्परागत धागो रंगाउने - थालाछैं (नागपुखु), गोल्मढी र तुलाछैं
१०. कुमारी (जीवित देवी) प्रदर्शनी - प्रशन्नशील महाविहार, क्वाठण्डौ
११. दिपंकर बुद्ध प्रदर्शनी - प्रशन्नशील महाविहार, झौरबहि, चतुर्ब्रम्ह महाविहार, थथुबहि र कुथुबहि
१२. नवदुर्गा प्रदर्शनी - नवदुर्गा द्यःछैं, (गछैं)
१३. शैक्षिक प्रदर्शनी - ख्वप कलेज (देकोचा) र ख्वप इन्जिनियरिङ कलेज (लिवाली)
१४. नौका विहार - यातुबारे पुखु (कमलविनायक), तःपुखु, न्हुःपुखु र भाज्या पुखु, नःपुखुमा साइक्लिङ
१५. मृत्तिका कलाको परम्परागत र नयाँ उत्पादनको जीवन्त प्रदर्शनी - सुयंमढी र तालाक्व
१६. परम्परागत खेलकुद प्रदर्शनी र प्रतियोगिता - ब्यासी, भोलाछैं, लाकुलाछैं, तल्लातुंछी (वातिकुथि)
१७. नेवार जीवन शैलीको गतिविधि प्रदर्शनी - ब्यासी, ब्रम्हायणी द्यःछैं, गछैं, जेलौं, नाग पुखु, गलसी पुखु, चोछैं, देगमना, दुमलाचा र तपालाछी
१८. नौ बाजा प्रदर्शनी - सुयंमढी (वाकुपती नारायण), सःकोलान/दत्तात्रय, याछैं, टौमढी र बंशगोपाल
१९. दही महोत्सव - याछैं, लालाछैं, जेलौं र स्वंगःलोहँ (चोर्चा)
२०. दीपावली - यातुबारे पुखु (कमलविनायक), तःपुखु र नगर भित्रका पोखरीहरु
२१. बौद्ध प्रकाशन र तस्वीर प्रदर्शनी - झौरबहि (गोल्मढी)
२२. सहकारीहरुको गतिविधि प्रदर्शनी - याता (गोल्मढी)
२३. बालबालिका मैत्री गतिविधिहरु/सांस्कृतिक कार्यक्रम - शहीद स्मृति उद्यान र ल्योसिं ख्यः(खःलौं)
२४. कृषि उत्पादनको व्यावसायिक प्रदर्शनी - पसिखेल (तरकारी बजार)
२५. घरेलु उत्पादन तथा हस्तकलाको जीवन्त प्रदर्शनी - नासमना, तेखापुखु र नःपुखु
२६. व्यापार मेला - ब्यासी (भनपा भवन अगाडि) र महेश्वरी खेल मैदान (पाँचाल्यः)
२७. पुस्तक प्रदर्शनी - लाँम्हूगः (कमलविनायक)
२८. बुद्ध अस्तु तथा बौद्ध दर्शन सम्बन्धी प्रदर्शनी - मुनिविहार (खँचा)
२९. विभिन्न खेलकुद गतिविधि तथा प्रदर्शनी - शहीद स्मृति खेल मैदान
३०. परम्परागत तोरीको तेल बनाउने प्रदर्शनी - सःकोलान र इंचाडोल
३१. सांस्कृतिक जात्रा/पर्व संस्कृतिको नमुना प्रदर्शनी - गःहिति
३२. परम्परागत वाद्यवादन प्रतियोगिता एवम् प्रदर्शनी - प्रदक्षिणा मार्ग (नगरभरि)










भक्तपुर महोत्सव सचिवालय, भक्तपुर नगरपालिका, व्यासी-१, भक्तपुर, फोनः ०१ ६६११६०५
ईमेल : mail@infobhaktapur.com | वेव : www.infobhaktapur.com

सञ्चार साथीः मजदूर

## भक्तपुर महोत्सव २०८१

भक्तपुर कला, संस्कृतिको जीवन्त सहर हो । हरेक पन्ध्र दिन र महिना दिनमा आउने यहाँको सांस्कृतिक पर्व, दाफाभजन, परम्परागत नाचगान र परम्परागत सीप–मृत्तिका कला, वास्तुकला, हस्तकला आदिको कारण भक्तपुरलाई 'जीवन्त कला–संस्कृति' सहितको महोत्सवै महोत्सवको सहरको रूपमा चिनिन्छ । भक्तपुर नगरपालिकाले समय समयमा ठुला र साना महोत्सवहरूको आयोजना गर्दै आएको छ । वि.सं. २०५४ साल कार्त्तिक ६–१० गते सम्म पाँच दिनको 'भक्तपुर महोत्सव' र २०६९ साल असोज ६ गते एक दिने 'भक्तपुर सडक महोत्सव–२०६९', २०७६ पुस १६ गते 'सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा तथा स्थानीय उत्पादन प्रदर्शन', २०७९ चैत १८–१९ गते 'सम्पदा पदयात्रा तथा स्थानीय उत्पादन तथा घरेलु मेला', २०८० श्रावण २० गते 'भक्तपुरका पोखरीहरूको पदयात्रा मेला' र २०८० पौष १४ गते 'बाहाबही पदयात्राका साथ योमरी उत्सव' सफलता पूर्वक सम्पन्न गर्‍यौँ । भक्तपुर नगरपालिकाकै आयोजनामा २०५६ सालमा युनेस्को कल्चर हेरिटेज म्यानेजमेन्ट एण्ड टुरिज्म विषयक अन्तर्राष्ट्रिय सम्मेलन ('UNESCO Culture, Heritage, Management and Tourism' International Conference) सम्पन्न भएको छ । यसर्थ भक्तपुरका जनताहरू महोत्सवबारे परिचित छन् ।

## महोत्सवको उद्देश्य

भक्तपुरको कला, संस्कृति, सम्पदा र यहाँको मौलिक उत्पादन तथा जीवनशैलीबारे स्वदेशी र विदेशी पाहुनाहरूलाई जानकारी गराउँदै भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गरी पर्यटन उद्योगमार्फत नगरको आर्थिक गतिविधि वृद्धि गर्दै नगर र नगरवासीको आर्थिक विकासमा योगदान पुर्‍याउने महोत्सवको प्रमुख उद्देश्य रहेको छ । महोत्सवका अन्य उद्देश्यहरूमा यहाँका नाचगान, बाजागाजा, हस्तकला, घरेलु उद्योग, सीप, कला, संस्कृतिको प्रवर्द्धन गरी यसलाई आर्थिक गतिविधिसँग जोड्न आवश्यक वातावरण तयार गर्ने रहेको छ । भक्तपुरका मौलिक खाद्य सामग्री, संस्कार र जीवनशैलीबारे प्रचारप्रसार गरी यसको व्यवसायीकरणको लागि आवश्यक सहजीकरण गर्ने पनि रहेको छ ।

## महोत्सवका मुख्य आकर्षणहरू

**१. सांस्कृतिक कार्यक्रम :** बाँसुरी बाजा प्रतियोगिता,



भजन, नौबाजा, नगरा वादन, परम्परागत र आधुनिक सांस्कृतिक नाच ।

**२. प्रदर्शनी :** पौभा, तस्बिर, चित्रकला, छ्वालीकला, परम्परागत पोशाक, हलिमलि, योमरी, परम्परागत वाद्यवादन सामग्री, घरेलु उत्पादन, परम्परागत धागो रंगाउने, कुमारी (जीवित देवी), दिपंकर बुद्ध, नवदुर्गा, शैक्षिक, मृत्तिका कला, परम्परागत खेलकुद, नेवार जीवनशैली, नौ बाजा, बौद्ध प्रकाशन, सहकारी गतिविधि, कृषि उत्पादन, पुस्तक, बुद्ध अस्तु, खेलकुद, परम्परागत तोरीको तेल उत्पादन विधि, सांस्कृतिक जात्रा पर्वको नमुना । आदि ।

**३. मेला/महोत्सव :** खाना महोत्सव, व्यापार मेला, दही महोत्सव ।

**४. मनोरञ्जनात्मक गतिविधि :** नौका विहार, वाटर साइक्लिङ, बाल मनोरञ्जनात्मक गतिविधि, खेलकुद ।

## महोत्सवको संरचना

भक्तपुर महोत्सवलाई व्यवस्थित र भव्यताका साथ सञ्चालन गर्न नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, जिल्लास्थित सम्पूर्ण कार्यालय प्रमुखहरू, निजी क्षेत्रका सङ्घ संस्थाका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरूको सहभागितामा १६१ सदस्यीय मूल समारोह समिति, २५ सदस्यीय निर्देशक समिति, विभिन्न १३ ओटा विषयगत समिति र १ सचिवालय समिति गठन गरिएको छ ।

## महोत्सवको बजेट

भक्तपुर महोत्सवलाई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न रु. १ करोड ५० लाख रुपैयाँ बजेट बिनियोजन गरिएको छ । महोत्सव सञ्चालनको क्रममा विभिन्न गतिविधिमार्फत रु. ६० लाख आम्दानी हुने अनुमान गरिएको छ ।

## महोत्सव सञ्चालन हुने अवधि

जम्मा ५ दिन । २०८१ मंसिर २८ गते देखि २०८१ पुस २ गतेसम्म

नेपाल संवत् ११४५ थिंलाथ्व त्रयोदशी निसें थिंलागा द्वितीया तक । (13th – 17th December 2024)

अन्तमा, भक्तपुर महोत्सव - २०८१ भव्यताका साथ सम्पन्न गर्न सम्पूर्णमा अनुरोध गर्दछौं । धन्यवाद !

**सुनिल प्रजापति**

नगर प्रमुख एवम् संयोजक

भक्तपुर महोत्सव मूल समारोह समिति

मिति : २०८१ कार्तिक २८ गते

## भक्तपुर महोत्सव प्रचारार्थ चित्रकला प्रतियोगिता




भक्तपुर नगरपालिकाको आयोजनामा कार्तिक २९ गते भएको भक्तपुर महोत्सव २०८१ को प्रचारार्थ 'भक्तपुरको कला, संस्कृति र सम्पदा' विषयक चित्रकला प्रतियोगिता निरीक्षण गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिलगायत ।









## भक्तपुर महोत्सवको प्रचारार्थ निबन्ध प्रतियोगिता




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सव आयोजनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै महोत्सव आयोजनाले भक्तपुरको कला, संस्कृति, सांस्कृतिक सम्पदा, मौलिक उत्पादन तथा जीवनशैली विश्वव्यापी रूपमा प्रचारप्रसार गर्न टेवा पुऱ्याउने बताउनुभयो।

भक्तपुर महोत्सव २०८१ को प्रचारार्थ भक्तपुर नगरव्यापी विद्यालयस्तरीय माध्यमिक तह (कक्षा ९–१२) का विद्यार्थीबिच 'भक्तपुरको कला, संस्कृति र सम्पदा' विषयक निबन्ध प्रतियोगिताको कार्तिक ३० गते शुभारम्भमा उहाँले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गरी पर्यटनमार्फत नगर र नगरवासीको आर्थिक विकासमा योगदान पुऱ्याउने महोत्सवको प्रमुख उद्देश्य भएको बताउनुभयो।

पर्यटन देशको अर्थतन्त्रको महत्त्वपूर्ण खम्बा भएको बताउनुहुँदै उहाँले भक्तपुरको आन्तरिक स्रोत वृद्धि गर्न भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै आएको बताउनुभयो।

भक्तपुर महोत्सवलाई सभ्य, भव्य र सफल रूपमा सम्पन्न गर्न विविध प्रतियोगिता र गतिविधिहरू आयोजना गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुरमा विश्वकै उत्कृष्ट वास्तुकलाका नमुनाहरू रहेको प्रष्ट पार्नुभयो।



निबन्ध प्रतियोगितामा नगरका ८ ओटा सामुदायिक र १५ ओटा संस्थागत विद्यालय गरी २३ ओटा विद्यालयका ६५ जना विद्यार्थीले भाग लिएका थिए।

# भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्नु आवश्यक

जीवित सङ्ग्रहालयको रूपमा परिचित भक्तपुर नगरमा भक्तपुर महोत्सव हुने भएको छ। यो महोत्सव आगामी मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर नगरपालिकाको आयोजनामा हुनेछ। देश विदेशसम्म भक्तपुरलाई चिनाउने यो महोत्सव भक्तपुरवासीहरूको उत्सव हुनेछ। यहाँका सर्वसाधारणदेखि विभिन्न उद्योग, व्यवसायमा कार्यरत जिल्लावासीहरू यस महोत्सवमा सक्रिय हुनेछन् या परिचालित हुनेछन्। यहाँका मौलिक उत्पादन, परम्परागत नाचगान, सम्पदा, भेषभूषासमेत प्रदर्शन हुने भक्तपुर महोत्सव आन्तरिक र बाह्य पर्यटकहरूको लागि आकर्षणको केन्द्र बन्ने छ। यसले महोत्सव अवधिमा मात्र होइन पछि पनि यात्रुहरू आइरहने वातावरण बन्ने छ।

भक्तपुर नगरपालिकाले यो महोत्सवमा नगरका सबै वडालाई परिचालन गर्ने ध्येयले कार्यक्रम तय गरेको छ। हरेक वडामा हुने कार्यक्रम या गतिविधिबाट स्थानीय जनता, उद्योग व्यवसायीमात्र होइन बाह्य र आन्तरिक पर्यटकहरूको पनि ध्यान खिच्ने विश्वास गरिएको छ। महोत्सव अवलोकनबाट सिकेर, ऊर्जा लिएर आ–आफ्नो गाउँ, नगर र जिल्लामा पनि आफ्नो ठाउँ अनुकूलको महोत्सव गर्न अवसर मिल्नेछ। यस हिसाबले भक्तपुर महोत्सव अरूको निम्ति सिक्ने या महोत्सव गर्न ऊर्जा मिल्ने आकलन गर्न सकिन्छ। आ–आफ्नो कला, सीप र उत्पादनको प्रदर्शन हुने यो महोत्सव सबैको ध्यान खिच्ने, सबैको हित हुने साझा महोत्सव हुने विश्वास भक्तपुर नपाको रहेको छ।

महोत्सव सफल पार्न यहाँका किसान, मजदुर, युवा, विद्यार्थी, शिक्षक, महिला, व्यापारी, व्यवसायी, उद्योगी, बुद्धिजीवी, लेखक, कलाकार, साहित्यकार, सञ्चारकर्मी, सुरक्षाकर्मी, कर्मचारी,

समाजसेवी, राजनीतिक कार्यकर्ताले आ-आफ्नो स्थानबाट, आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्छ, साथ दिनुपर्छ र महोत्सव सफल पार्नुपर्छ। विश्व सम्पदामा सूचिकृत भक्तपुर दरबार क्षेत्र, टौमढीलगायत यहाँका सम्पदा र संस्कृतिलाई जीवन्तता कायम गर्न महोत्सवले सहयोग पुऱ्याउनेछ। यहाँका संरक्षित मौलिक सम्पदा, कला, संस्कृति, मठ, मन्दिर, सत्तल, पाटी, पोखरी, इनार, ढुङ्गेधारा, द्वार, मौलिक शैलीको घर आदिको आधारमा सरकार र पुरातात्त्विक विभागले सांस्कृतिक नगर घोषणा गर्नुपर्ने हो। तर, अहिलेसम्म भएको छैन।

मौलिक कला कृतिले भरिएको सम्पदास्थल भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्न भक्तपुर नपा र नेपाल मजदुर किसान पार्टीले पनि उहिल्यै सरकारको ध्यानाकर्षण गरेका थिए। तर, यसतर्फ सरकारको ध्यान गएन। सम्पदालाई जीवन्तता कायम गर्न सरकार आफैले विवेक पुऱ्याएर भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्नुपर्ने हो; सम्पदा जोगाउन संस्कृति मन्त्रालय र पुरातत्त्वक विभागले आवश्यक स्रोत र साधन या काठ, आर्थिक सहयोग गर्नुपर्ने हो। सम्पदा जोगाउनु संस्कृति मन्त्रालय र पुरातत्त्वक विभागको जिम्मेवारी हो। सरकार आफू पनि सोचेर काम गर्दैन; अरूले घच्घच्याउँदा पनि वास्ता गर्दैन। हरेक क्षेत्रमा नेपाल पछि पर्नुको कारण शासकहरू दूरदर्शी नहुनु हो; देशलाई अगाडि बढाउने दृष्टिकोण नहुनु हो।

सम्पदा, कला, संस्कृतिकै कारण यहाँ बाह्य र आन्तरिक पर्यटकहरू आइरहेका हुन्। भक्तपुर पर्यटकहरूको आगमनको केन्द्र बन्दै छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले भक्तपुरको आर्थिक अनुशासन र पारदर्शिताको मूल्याङ्कन गरेर भक्तपुर नगरपालिकालाई 'सदाचारको टापु' ले विभूषित गरेको थियो। लेखक ई.ए. पावेलले भक्तपुर नगरको तुलना आधा विश्वसँग गरेका थिए। युनेस्कोले सन् १९७९ मा भक्तपुरलाई विश्व सम्पदा सूचीमा सूचिकृत गरेको थियो। भक्तपुर नपाले सम्पदालाई जीवन्तता दिन संरक्षण, जीर्णोद्धार, मर्मत तथा पुन:निर्माण गरिरहेको छ। मौलिक शैलीमा निर्माण गर्ने घरधनीलाई आर्थिक सहयोग गरिरहेको छ। यसरी ऐतिहासिक र सांस्कृतिक केन्द्रको रूपमा परिचित भक्तपुर नगरलाई यथाशक्य चाँडो 'सांस्कृतिक नगर' घोषणा गर्न सरकारले पहल गर्नुपर्छ।

हरेक दृष्टिकोणले भक्तपुर अगाडि छ। शिक्षा, स्वास्थ्यको सेवामा भक्तपुर नपा अगाडि छ। यहाँका जनता विकास कार्यमा जनश्रमदान गर्छन्; आर्थिक सहयोग गर्छन्। 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई व्यवहारमा उपयोग गर्न नपा लागिपरेको छ। यसरी मौलिक सम्पदा सुरक्षित भएको सहरलाई सांस्कृतिक नगर घोषणा हुने जनताको विश्वास हो।

('मजदुर' दैनिक, कार्तिक २९ गतेको सम्पादकीय)

# महोत्सवमा देखिनेछ 'साँच्चिकै भक्तपुर'



उपेन्द्र लामिछाने



भक्तपुर भन्नेबित्तिकै धेरैलाई लाग्छ- मल्लकालीन पचपन्न झ्याले दरबार, पाँचतले मन्दिर। सिद्धपोखरी अनि मूल ढोकामै रहेको दरबार क्षेत्र। तर, भक्तपुर यतिमा मात्र सीमित छैन। कला, संस्कृति र सभ्यताले जीवन्त सहर प्रत्येक दिन भक्तपुरवासीलाई समेत नौलो लाग्छ। हरेक पन्ध्र दिन र महिना दिनमा आउने यहाँको सांस्कृतिक पर्व, दाफाभजन, परम्परागत नाचगान र परम्परागत सीप-मृत्तिकाकला, वास्तुकला, हस्तकला आदिका कारण भक्तपुरलाई 'जीवन्त कला-संस्कृति'सहितको महोत्सवै महोत्सवको सहरका रूपमा चिनिन्छ।

यही सहरले मंसिर २८ गतेदेखि पुस २ गतेसम्म चल्ने



गरी पाँच दिने बृहत् भक्तपुर महोत्सव आयोजना गर्ने भएको छ ।

भक्तपुरको कला, संस्कृति, जीवनशैली र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने मुख्य उद्देश्यका साथ मंसिर २८ गतेदेखि भक्तपुर महोत्सव आयोजना गरिने भक्तपुर नगरपालिकाले जनाएको छ । पाँच दिन चल्ने यो महोत्सवमा सिङ्गो भक्तपुरलाई नियाल्ने नौलो अवसर मिल्ने छ ।

नगरप्रमुख एवं महोत्सव मूल समारोह समितिका संयोजक सुनिल प्रजापतिले पर्यटन उद्योगमार्फत नगरको आर्थिक गतिविधि वृद्धि गर्दै नगर र नगरवासीको आर्थिक विकासमा योगदान दिने महोत्सवको उद्देश्य रहेको बताए । 'भक्तपुरमा आफैंमा कला र संस्कृतिले धनी सहर हो,' उनले भने, 'पछिल्लो समय यो ज्ञान विज्ञानले पनि भरिपूर्ण हुँदै छ ।'

भक्तपुरको संवर्द्धनमा नगरपालिका निरन्तर लागिरहेको बताउँदै उनले अब देखाउने बेला पनि आएको बताए । 'यो महोत्सव हामीले गरेका कामहरू देखाउने अवसर पनि हो,' उनले भने, 'यसबाट आएका सुझावका आधारमा हामी थप अगाडि बढ्ने छौं ।' यहाँका किसानका भकारीमा अन्न मात्र होइन, अब ज्ञान पनि भण्डारन हुँदै गएको उनी सुनाउँछन् ।

महोत्सवको मुख्य लक्ष्य भक्तपुरको कला, संस्कृति, सम्पदा र मौलिक उत्पादनहरूको प्रवर्द्धन गरेर स्वदेशी र विदेशी पाहुनालाई आकर्षित गर्न सकियोस् भन्ने रहेको उनले बताए ।

उनका जस्तै भनाइ राख्छिन् नगरकी उपप्रमुख रजनी जोशी पनि । उपप्रमुख रजनी जोशीले भक्तपुर महोत्सवलाई नगरका गतिविधि प्रदर्शन गर्ने अवसरका रूपमा सञ्चालन गरिने बताइन् । भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेका अमूल्य सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र सदुपयोग गर्दै भक्तपुरमा पर्यटन उद्योगको आधार तयार पारेको जनाएको छ । भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले महोत्सव तयारीका लागि हालसम्म भएको तयारी एवं गतिविधिहरूबारे सङ्क्षेपमा प्रस्तुतीकरण दिँदै भव्य आयोजना हुने बताए । महोत्सवमा ३२ ओटा विधा ८० स्थानमा सञ्चालन हुनेछन् । महोत्सवकै अवसर पारेर भक्तपुर नगरपालिकाले स्मारिका र फोटो पुस्तक प्रदर्शनको तयारी गरेको पनि उनले बताए । २०७६ सालमा कोभिडका कारण स्थगित भएको भक्तपुर महोत्सवलाई यो वर्ष भव्य रूपमा सञ्चालन गर्ने उनी बताउँछन् ।

## महोत्सवको इतिहास

भक्तपुर नगरपालिकाले समय समयमा ठुला र साना महोत्सवहरूको आयोजना गर्दै आएको छ । २०५४ साल कात्तिक ६ गतेदेखि १० गतेसम्म पाँच दिनको 'भक्तपुर महोत्सव' र २०६९ साल असोज ६ गते एक दिने 'भक्तपुर सडक महोत्सव २०६९' आयोजना गरेको थियो । त्यस्तै, २०७६ पुस १६ गते 'सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा तथा स्थानीय उत्पादन प्रदर्शन', २०७९ चैत १८ र १९ गते 'सम्पदा पदयात्रा तथा स्थानीय उत्पादन तथा घरेलु मेला' आयोजना गरेको जनाएको छ । २०८० साउन २० गते 'भक्तपुरका पोखरीहरूको पदयात्रा मेला' र २०८० पुस १४ गते 'बहाबही पदयात्राका साथ योमरी उत्सव' सफलतापूर्वक सम्पन्न गरेको छ । जसमा नगरवासीको पनि उत्तिकै सहभागिता रहेको थियो ।



भक्तपुर नगरपालिकाकै आयोजनामा २०५६ सालमा 'युनेस्को कल्चर हेरिटेज म्यानेजमेन्ट एन्ड टुरिजम' विषयक अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । 'महोत्सवमा नगरपालिकाले आयोजना गरे पनि नगरका सबैको सक्रिय सहभागिता रहन्छ,' नगरप्रमुख प्रजापति भन्छन्, 'यहाँका महोत्सवहरू जीवन्त रहेका छन् ।' महोत्सवको बेलामा सर्वसाधारणले देखाएको उत्साह र उमङ्गले नगर झनै जीवन्त देखिने उनले सुनाए ।

## महोत्सवको उद्देश्य

भक्तपुरको कला, संस्कृति, सम्पदा र यहाँको मौलिक उत्पादन तथा जीवनशैलीबारे स्वदेशी र विदेशी पाहुनाहरूलाई जानकारी गराउँदै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गरी पर्यटन उद्योगमार्फत नगरको आर्थिक गतिविधि वृद्धि गर्दै नगर र नगरवासीको आर्थिक विकासमा योगदान पुऱ्याउने महोत्सवको प्रमुख उद्देश्य रहेको छ ।

महोत्सवका अन्य उद्देश्यहरूमा यहाँका नाचगान, बाजागाजा, हस्तकला, घरेलु उद्योग, सीप, कला, संस्कृतिको

प्रवर्द्धन गरी यसलाई आर्थिक गतिविधिसँग जोड्न आवश्यक वातावरण तयार गर्ने रहेको छ। भक्तपुरका मौलिक खाद्य सामग्री, संस्कार र जीवनशैलीबारे प्रचारप्रसार गरी यसको व्यवसायीकरणका लागि आवश्यक सहजीकरण गर्ने पनि रहेको छ।

## महोत्सवका मुख्य आकर्षणहरू

भक्तपुरमा हरेक दिन कुनै न कुनै सांस्कृतिक कार्यक्रम भइरहेको हुन्छ। नगरका विभिन्न टोलमा कार्यक्रमहरू आयोजना गरी सिङ्गो नगरलाई नै उत्सवमय बनाउने नगरपालिकाको प्रयास छ। प्रत्येक डबली चोकहरूमा विभिन्न कार्यक्रम आयोजना हुने र तिनबारे मोबाइल एप्समार्फत सटिक जानकारी दिने प्रयाससमेत नगरपालिकाले गरेको छ। आगन्तुकले ब्रोसर तथा मोबाइल एप्समार्फत कुन टोल र चोकमा कुन कार्यक्रम हुँदै छ भन्ने जानकारी लिन सक्ने र त्यहीअनुसारको आफ्नो पदयात्रा तय गर्न सक्ने नगरपालिकाले जनाएको छ।



'भक्तपुर नगर सधैँ महोत्सवजस्तै हो। मंसिर २८ गतेदेखि पुस २ गतेसम्म चल्ने पाँचदिने बृहत् भक्तपुर महोत्सवमा सिङ्गो नगरको संस्कृतिलाई एकै पटक निश्चित थलोमा देखाउने प्रयास गरिएको छ।'

**– सुनिल प्रजापति**

प्रमुख, भक्तपुर नगरपालिका

यसपटकको महोत्सवमा बाँसुरी बाजा प्रतियोगिता, भजन, नौबाजा, नगरा वादन, परम्परागत र आधुनिक सांस्कृतिक नाच देखाइने आयोजकले बताएका छन्। त्यसैगरी पौभा, तस्बिर, चित्रकला, छ्वालीकला, परम्परागत पोसाकको प्रदर्शन गरिने छ। हलिमिली, योमरी, परम्परागत वाद्यवादन सामग्री, घरेलु उत्पादन, परम्परागत धागो रंग्याउने, कुमारी (जीवित देवी), दिपङ्कर बुद्ध, नवदुर्गा, शैक्षिक, मृत्तिका कला प्रस्तुत गरिने छन्। परम्परागत खेलकुद, नेवार जीवनशैली, नौ बाजा, बौद्ध प्रकाशन, सहकारी गतिविधि, कृषि उत्पादन, पुस्तक प्रदर्शनी, बुद्ध अस्तु, खेलकुद, परम्परागत तोरीको तेल उत्पादन विधि, सांस्कृतिक जात्रा पर्वको नमुना देखाइने छन्। महोत्सवमा खाना महोत्सव, व्यापार मेला, दही महोत्सव, नौका विहार, वाटर साइक्लिङ, बाल मनोरञ्जनात्मक गतिविधि, खेलकुद हुने छन्।

भक्तपुर महोत्सवलाई व्यवस्थित र भव्यताका साथ सञ्चालन गर्न नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, जिल्लास्थित सम्पूर्ण कार्यालय प्रमुखहरू, निजी क्षेत्रका सङ्घसंस्थाका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरूको सहभागितामा १६१ सदस्यीय मूल समारोह समिति, २५ सदस्यीय निर्देशक समिति, विभिन्न १३ ओटा विषयगत समिति र एक सचिवालय समिति गठन गरिएको नगरपालिकाले जनाएको छ।

## किन जाने भक्तपुर ?

भक्तपुरको मौलिक सांस्कृतिक पहिचानलाई सम्मान गर्दै सन् १९७९ मा युनेस्कोले भक्तपुरको दरबार क्षेत्रलगायतका सम्पदा क्षेत्रलाई विश्व सम्पदामा सूचीकृत गरेको हो। भक्तपुर नगर भक्तपुर जिल्लाको प्रशासनिक केन्द्र मात्र नभई नेपालकै ऐतिहासिक र सांस्कृतिक केन्द्रका रूपमा समेत परिचित छ।

यहाँका शताब्दी पुराना मठमन्दिर, बहाबही, देवालय, शिवालय, पीठ, द्यःछैँ, दरबार, सत्तल, पाटी पौवा र ढुङ्गे धारा विश्वस्तरकै वास्तुकलाका नमुना हुन्। वार्षिक लाखौँ स्वदेशी तथा विदेशी पर्यटकहरू यहाँका मूर्तिकला, चित्रकला र धातुकलाका उत्कृष्टता देखेर मोहित हुन्छन्। भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेका ती अमूल्य सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र सदुपयोग गर्दै भक्तपुरमा पर्यटन उद्योगको आधार तयार पारिरहेको छ। कला, संस्कृति र सम्पदा मानव सभ्यताको सिलसिला हो। ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको महत्त्व र यसको सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्दै यसको संरक्षण र संवर्द्धनमा नगरपालिकाले जनपरिचालन गर्दै आएको छ। नयाँ पुस्तालाई भक्तपुरको मौलिकतासँग परिचित गराउँदै यसको महत्त्व बुझाउन नगरका कक्षा एकदेखि आठसम्मका विद्यार्थीका लागि स्थानीय पाठ्यक्रम तयार गरेको छ।



भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई आत्मसात् गर्दै यहाँका मूर्त र अमूर्त सम्पदामा आधारित पर्यटन उद्योगको विकास गरी सहरको आर्थिक विकासमा सहयोग पुगेको जनाएको छ। यसबाट भक्तपुरलाई सरसफाइ, सम्पदा संरक्षण र सामाजिक विकासमा नमुना नगरका रूपमा अगाडि बढाउन स्थानीय जनसहभागितामा कला, संस्कृति र सम्पदा संरक्षण कार्य अगाडि बढाइरहेको छ।

पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, सिद्ध पोखरी, लक्ष्मीनरसिंह मन्दिर, न्हू पुखू (रानी पोखरी), भाजु पुखू, चतुर्ब्रह्म महाविहार, झौरबहि, बेताल मन्दिर, इन्द्रायणी द्यःछैं, छुमा गणेश द्यःछैंलगायत टोल–टोलका पाटी, सत्तल, मठ, ढुङ्गेधारा, इनार, पोखरी, बहाबहीसहित सयौं सम्पदा जीर्णोद्धार र पुनर्निर्माण सम्पन्न गरेको छ।

भक्तपुर नगरपालिकाले पर्यटन उद्योगका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न विदेशी भाषा तालिम, कम्प्युटर र पाक शिक्षालगायतका सीपमूलक तालिम नियमित सञ्चालन गर्दै आइरहेको छ। स्थानीय पथ प्रदर्शकहरूलाई तालिम दिई परिचालन समितिमार्फत पथप्रदर्शकहरूलाई अनुशासित र मर्यादित गरी भक्तपुरको पर्यटन उद्योगलाई व्यवस्थित गर्दै आएको छ। बहुआयामिक भक्तपुरको नमुना झलक हेर्ने हो भने यो महोत्सव सबैभन्दा उत्तम अवसर हुने नगरपालिकाको बुझाइ छ। 'त्यसो त भक्तपुर महोत्सवजस्तै हो,' नगरप्रमुख सुनिल प्रजापति भन्छन्, 'यो महोत्सवमा सिङ्गो सहरलाई एकै पटक निश्चित थलोमा देखाउने प्रयास गरिएको छ।'

*स्रोत : नागरिक, १ मंसिर २०८१*

## भक्तपुरलाई स्वदेश र विदेशमा परिचित गराउन भक्तपुर महोत्सव

'भक्तपुर महोत्सव आयोजना गर्नुको मुख्य उद्देश्य भक्तपुरको कला–संस्कृति र रहन सहनलाई देश र विदेशमा चिनाउने र भक्तपुर नगरमा आन्तरिक र बाह्य पर्यटन




प्रबर्द्धन गराउने रहेको छ।' उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर महोत्सवबारे जानकारी दिने उद्देश्यले मंसिर २ गते कर्मचारी भेलामा बताउनु भएको हो।

उहाँले सिङ्गो नगरलाई ५ दिनसम्म महोत्सवमय बनाउन भनपाका कर्मचारीहरू अनुशासित भई जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुहुँदै महोत्वसको अवधिभित्र अवलोकनको लागि आउने अतिथिहरूलाई शान्ति सुरक्षाको राम्रो बन्दोबस्त गर्न आवश्यक छ भन्नुभयो।

भक्तपुर कला र संस्कृतिले भरिपूर्ण सहर भएको हुँदा सम्पदा संरक्षणलाई प्राथमिकतामा राख्दै विश्व सम्पदालगायतका सम्पदाहरू संरक्षण गर्दै आइरहेको बताउनुहुँदै उहाँले महोत्सवको अवधिमा सम्पदा क्षेत्र र अवलोकन क्षेत्रमा सरसफाइमा अझ बढी ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

प्रमुख प्रजापतिले महोत्सवलाई सभ्य र भव्यका साथै सधैंका लागि स्मरणीय बनाउन कर्मचारीहरूले आ–आफ्नो ठाउँबाट सहयोग गरी महोत्सव केन्द्रित गतिविधिलाई व्यापक बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले 'भक्तपुर महोत्सव हाम्रो लागि परीक्षाको घडी हो, तसर्थ हामी सबै मिलेर महोत्सवलाई सफल पार्न आ–आफ्नो ठाउँबाट योगदान गर्नुपर्छ' भन्नुभयो। उहाँले कर्मचारीहरूले यो अवधिमा अरू बेलाभन्दा बढी खटिइ महोत्सवलाई पूर्ण सफल बनाउन सहयोग गर्न निर्देशन दिनुभयो।



कार्यक्रममा भक्तपुर महोत्सवका सचिवालय संयोजक **गौतम प्रसाद लासीवा**ले भक्तपुर महोत्सवको लागि हालसम्म भएका तयारी र गतिविधिबारे सङ्क्षेपमा प्रस्तुतीकरण गर्नुहुँदै भक्तपुर महोत्सव तयारीको क्रममा मूल समारोह समिति, निर्देशक समिति र विभिन्न समितिहरू गठन भई नियमित रूपमा बैठकहरू बसी व्यापक रूपमा तयारीका कार्यहरू भइरहेको जानकारी दिनुभयो।

कार्यक्रममा भनपाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले भक्तपुर महोत्सवको तयारीमा कर्मचारीहरूको भूमिकाबारे प्रष्ट पार्नुभयो।

## भक्तपुर महोत्सवको तयारीस्वरूप चित्रकारहरूबिच छलफल

भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवको तयारीस्वरूप मंसिर १ गते चित्रकारहरूबिच छलफल भयो।

बैठकमा भक्तपुर महोत्सवका सचिवालय संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवको हालसम्म भएका तयारीबारे जानकारी गराउँदै चित्रकला प्रदर्शनीका लागि आवश्यक सहयोग गर्न सहभागी चित्रकारहरूमाझ अनुरोध गर्नुभयो। उहाँले भन्नुभयो, 'भक्तपुर महोत्सवको आयोजक नगरपालिका भए पनि यस महोत्सवमा सम्पूर्ण नगरवासी स्वयम् प्रत्यक्ष सहभागी हुने भएकोले चित्रकलाले महोत्सवको थप आकर्षण हुनेछ।'

महोत्सवले चित्रकला र मूर्तिकलासम्बन्धी सीप, जानकारी र यसको महत्त्वलाई सर्वसाधारणसम्म पुऱ्याउन सहज हुने उहाँले बताउनुभयो।

बैठकमा सहभागी **जगतराम धुख्वा**ले भक्तपुर महोत्सवमा चित्रकलासम्बन्धी काम गरिरहेको विचार व्यक्त गर्दै महोत्सवले आफूमा भएको सीपको प्रदर्शनसँगै यसले आर्थिकरूपमा पनि सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

बैठकमा सहभागी **रमेश प्रधान**ले भक्तपुर महोत्सवमा आफूहरूबाट सहयोग हुने स्पष्ट पार्दै भक्तपुरमा चित्रकलासम्बन्धी प्रदर्शन गर्न आवश्यक स्थानको आवश्यकता रहेकोले त्यसतर्फ स्थानीय सरकारले पहल गर्नुपर्ने बताउनुभयो। बैठकमा **राजेन्द्रप्रसाद याकामी, केदार माक, बालकृष्ण बनमाला**लगायतले आ-आफ्नो विचार गर्नुभएको थियो।

## राजनीतिक, सामाजिक र वैज्ञानिकहरूको जीवनी अध्ययन गरेर विज्ञता हासिल गर्नु जरूरी




'घर बलियो बनाउन जग बलियो बनाउनु पर्छ भनेझैं परीक्षामा राम्रो नतिजा ल्याउन विद्यालय तहको आधारभूत कक्षादेखि नै विद्यार्थीहरूको अध्ययन राम्रो हुनुपर्छ।'

उक्त विचार नेपाल मजदुर किसान पार्टीका सचिव, प्रभात ईङ्ग्लिस सेकेन्डरी स्कूलका विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवं सांसद **प्रेम सुवाल**ले मङ्सिर ३ गते विद्यालयद्वारा आयोजित 'भक्तपुर महोत्सव-२०८१' को अभिमुखीकरण कार्यक्रममा व्यक्त गर्नुभएको हो।

भक्तपुर आउने नेपाल र विदेशका पाहुनाहरूलाई यहाँको सम्पदा अवलोकन गराउन र पर्यटन उद्योग विकास गर्न भक्तपुर महोत्सव-२०८१ यही मङ्सिर २८ देखि पुस २ गतेसम्म भक्तपुर नगरपालिकाबाट आयोजना हुन गइरहेको उहाँले बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुवालले भन्नुभयो, 'प्रभात ई. सेकेन्डरी स्कुलका विद्यार्थीहरू पनि भक्तपुर महोत्सवमा सहभागी हुनु जरूरी छ। कुन कुन गतिविधिमा सहभागी हुने हो विद्यालयले आवश्यक निर्देशन गर्नेछ।'

विद्यार्थीहरूले शैक्षिक जग बलियो बनाउनु जरूरी भएकोले यसको लागि विद्यालय शिक्षा राम्रोसँग अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'कक्षाको पाठ्यपुस्तकसँग सम्बन्धित सन्दर्भ पुस्तकहरू पनि अध्ययन गर्नुपर्दछ। सन्दर्भ पुस्तक अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक पढ्न सजिलो हुनेछ।'

सचिव सुवालले भन्नुभयो, 'विद्यार्थीहरूले समाजका उदाहरणीय राजनीतिक, सामाजिक, वैज्ञानिक क्षेत्रका जीवनी अध्ययन गरेर राम्रो विज्ञता हासिल गर्नु जरूरी छ।'

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य तथा भक्तपुर महोत्सव सचिवालयका प्रमुख **गौतमप्रसाद लासिवा**ले भक्तपुर नगरपालिकाले भक्तपुरको कला-संस्कृतिको प्रवर्द्धन गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूसमक्ष भक्तपुरलाई चिरपरिचित गराउने मूल उद्देश्यका साथ दोस्रो भक्तपुर महोत्सव मङ्सिर २८ देखि पुस २ गतेसम्म हुने जानकारी गराउनुभयो।

महोत्सवले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउनमा थप टेवा पुग्ने, स्थानीय सीप, कला-संस्कृतिको प्रवर्द्धन हुने, भक्तपुरका जनताको आय वृद्धि भई जीवनस्तर माथि उठ्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

उहाँले भक्तपुर महोत्सवमा प्रदर्शनी हुने विविध विधाहरूको बारेमा प्रस्ट्याउनुहुँदै भक्तपुर महोत्सवलाई सभ्य र भव्यरूपमा सफल बनाउन सम्पूर्ण विद्यार्थी, अभिभावक,

शिक्षक–शिक्षिकालगायत सम्पूर्णमा अनुरोध गर्नुभयो ।

विद्यालयका प्राचार्य **बदनकेशरी प्रजापति**ले भक्तपुर नगरपालिकाबाट आयोजित भक्तपुर सडक महोत्सव–२०६९, सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा–२०७६, सम्पदा पदयात्रा तथा स्थानीय उत्पादन तथा घरेलु मेला–२०७९, भक्तपुर पोखरीहरूको पदयात्रा मेला–२०८०, बहाबही पदयात्राका साथ योमरी उत्सव २०८० लगायतका विभिन्न कार्यक्रमहरूमा प्रभात स्कुलले निरन्तर सहभागिता जनाउँदै आएको बताउनुभयो ।

उहाँले दोस्रो भक्तपुर महोत्सव–२०८१ मा पनि भक्तपुरको नेवारी संस्कृतिको जीवन्त प्रदर्शनी, जन्मदेखि जंकोसम्मका संस्कार प्रदर्शनी गर्नुका साथै विविध सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भई भक्तपुर महोत्सवलाई सभ्य तरिकाबाट भव्यरूपमा सम्पन्न गर्न विद्यालय परिवारबाट यथासम्भव सहयोग गर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा शिक्षक बलराम गोसाईले पनि बोल्नुभएको थियो ।

## युवा खेलाडीहरूमाझ प्रवचन कार्यक्रम



भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा कला संस्कृतिमा युवा खेलाडीहरूको भूमिका र भक्तपुर महोत्सव बारे प्रवचन कार्यक्रम मंसिर ३ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका ७ नं. वडाध्यक्ष **उकेश कवाँ**ले शासक दलहरूका कारण देशको परिस्थिति ठीक नभएको बताउनुहुँदै प्रमको चीन भ्रमणमा विमानस्थल निर्माणको ऋण मिनाहाको लागि अनुरोध गर्ने तर बिआरआई नस्वीकार्ने प्रवृति ठीक नभएको बताउनुभयो ।

उहाँले संयुक्त राष्ट्रसङ्घमा युक्रेन र इजरायलको पक्ष लिने शासकहरू अमेरिकी दलाल भएको बताउनुहुँदै १९५० को असमान सन्धि, गोर्खा भर्ती केन्द्र खारेज गर्नुपर्ने बताउनुभयो ।

उहाँले युवा पुस्तालाई सहीमार्गमा लान कलासंस्कृति र संस्कार सिकाउन भक्तपुर महोत्सव आयोजना गरेको बताउनुहुँदै मानिसको जीवनसँग सरोकार राख्ने सबै प्रकारका प्रर्दशनहरू राखी सिक्ने र सिकाउने शिक्षाको महोत्सव हुने बताउनुभयो ।

कार्यक्रममा प्राध्यापक **विश्वमोहन जोशी**ले पूर्वीय दर्शनको कला एकदम महत्त्वपूर्ण भएको र ६४ प्रकारको कला गीतसङ्गीत, नृत्य, भेषभुषा, रहनसहन, लवाइ खवाईलगायत मानिसले गर्ने हरेक गतिविधि कलासंस्कृति रहेको बताउनुभयो । उहाँले चित्रकला, मूर्तिकला, वास्तुकला ढुङ्गे युगदेखि कलाको विकास हुँदै लिच्छवि पछि मल्लकालमा अत्यन्तै विकास भएको बताउनुभयो ।

नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष **गौतम सुजखु**ले कलासंस्कृतिको जानकार हुनुपर्ने बताउनुहुँदै रुस युक्रेन युद्धबाट अन्तर्राष्ट्रिय बक्सिङ सङ्घ पनि टुक्राउन साम्राज्यवादी अमेरिका लागि परेको र नेपालमा पनि विभाजनको अवस्था रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष **राकृष्ण प्रजापति**ले सरकार परिवर्तन सँगै प्रदेश खेलकुद सङ्घहरूमा चलखेल भएकोले एकजुट भई अगाडि बढे कसैले फुटाउन र विगार्न नसक्ने बताउनुभयो । उहाँले कला र संस्कृति समाजको पहिचान र सम्पदा महत्त्वपूर्ण अंश भएको बताउनुहुँदै खेलाडीहरूले कला र संस्कृतिमा विशेष योगदान पुऱ्याउने भएकोले समाजमा प्रेरणा, एकता, र पहिचानलाई प्रवर्द्धन गर्दछ भन्नुभयो ।

## महोत्सव सबैको लागि अविस्मरणीय बनाउने प्रत्यत्न गर्दैछौं- प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाको आयोजनामा मंसिर २८ गतेदेखि पुस २ गते सम्म सञ्चालन हुने भक्तपुर महोत्सव भव्य र सफल पार्न मंसिर ४ गते नगरका कृषकहरूको भेला कार्यक्रम सम्पन्न भयो ।

भेलामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कृषि उत्पादनको व्यवसायिक प्रदर्शनी भक्तपुर नपा वडा नं. ५ को पसिखेल (तरकारी बजार) मा हुने अवगत गराउनुहुँदै भक्तपुर महोत्सव जनताको महोत्सव भएको हुँदा यसलाई उल्लासमय ढङ्गले सफल पार्न सबैको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

उहाँले भक्तपुरका किसानले गरेका कृषि उत्पादन प्रदर्शन गर्ने एक अवसर पनि भएको बताउनुहुँदै महोत्सव अवधिभर सबै क्षेत्र समेट्दै सक्रिय बनाउने आवश्यक तयारीहरू भइरहेको बताउनुभयो ।



महोत्सवमा कृषि उत्पादनको व्यवसायिक प्रदर्शनीले कृषकहरू उत्साहित हुने बताउनुहुँदै उहाँले पर्यटन र कृषि क्षेत्र देशको अर्थतन्त्र विकासका महत्त्वपूर्ण आधारहरू भएको बताउनुभयो ।

उहाँले महोत्सवमा सहकारी, खेलकुद, सांस्कृतिक गतिविधि र अन्य हस्तकला प्रदर्शनी, शैक्षिक प्रदर्शनी तथा व्यापार मेला गरी सिङ्गो भक्तपुर महोत्सवमय बनाउन सबैले आआफ्नो क्षेत्रबाट सहयोगको लागि आग्रह गर्नुहुँदै महोत्सव सबैको लागि अविस्मरणीय बनाउने प्रयत्न गर्दैछौं – उहाँले भन्नुभयो ।

भेलामा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले महोत्सवका आकर्षणहरूबारे प्रष्ट पार्नुहुँदै महोत्सवमा भक्तपुरका किसानहरुको जीवनशैली हेर्न पाइने बताउनुभयो ।

कार्यक्रममा कृषि समितिका सदस्य **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले पनि बोल्नुभएको थियो ।

## नेपालको आर्थिक विकासमा पर्यटनको ठुलो महत्त्व

भक्तपुर महोत्सवको प्रचारार्थ भक्तपुरका सहकारी संस्थाका प्रतिनिधिहरूको कार्यक्रम मंङ्सिर ४ गते भयो ।




भक्तपुर नगरपालिकाको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर महोत्सवको तयारी तीव्र रूपमा चलिरहेको बताउनुहुँदै महोत्सवलाई सफल पार्न सम्बन्धित सरोकारवाला र जनसमुदायबिच छलफल कार्यक्रमहरू चालु रहेको बताउनुभयो ।

पर्यटनमार्फत देशको अर्थतन्त्रलाई टेवा पुऱ्याउने मुख्य उद्देश्यका साथ भक्तपुर महोत्सवको आयोजना भएको बताउनुहुँदै उहाँले सहकारी क्षेत्रमा देखिएका विभिन्न समस्याहरूबारे जनतालाई सचेत पार्ने दायित्वबाट सञ्चालकहरू सजग र जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

महोत्सव सहकारी गतिविधिबारे जनतालाई सचेत पार्ने महत्त्वपूर्ण माध्यम हुने बताउनुहुँदै उहाँले भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरू आन्तरिक र बाह्य पर्यटकहरूमाझ प्रदर्शन गर्ने अवसर पनि हो भननुभयो ।

नेपालको आर्थिक विकासमा पर्यटनको ठुलो महत्त्व भएको बताउनुहुँदै उहाँले नेपाल पर्यटनको राम्रो सम्भावना भएको देश हो भन्नुभयो । उहाँले भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनतर्फ निरन्तर जोड दिँदै आएको पनि बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुर महोत्सव आयोजना गर्नुको उद्देश्य माथि प्रष्ट पार्नुहुँदै पाँच दिने महोत्सवलाई सफल पार्न सबैको साथ र सहयोगको आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले सहकारी संस्था आपसी सहयोग र समन्वयमा काम गर्ने संस्था भएको बताउनुहुँदै सहकारीको साथ र सहयोगबिना देशको आर्थिक विकास सम्भव नभएको बताउनुभयो । महोत्सवको प्रचारार्थ सहकारी संस्थाबाट पनि विविध गतिविधिमा सहकार्य हुने अपेक्षा व्यक्त गर्नुहुँदै सहकारी गतिविधिलाई व्यापकता दिने उपयुक्त माध्यम हुन सक्ने उहाँले बताउनुभयो ।



भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष **कृष्णगोविन्द लाखाजू**ले

भक्तपुर नपाको आयोजना हुने भक्तपुर महोत्सवमा नगरका सबै सहकारीहरूको तर्फबाट आवश्यक साथ र सहयोगको अपिल गर्नुहुँदै विभिन्न जिल्लाका सहकारीहरूसँग समन्वय गरी महोत्सवको प्रचारप्रसारतर्फ जोड दिनुपर्ने धारणा राख्नुभयो ।

भेलामा भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले पूर्वजको ज्ञान नयाँ पुस्तामा पुस्तान्तरण गर्ने उद्देश्यले आयोजित भक्तपुर महोत्सवका मुख्य आकर्षण र प्रदर्शनीहरूबारे विस्तृतमा जानकारी गराउनुभयो ।

कार्यक्रममा सहकारी समितिका सदस्य **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभएको थियो ।

## महोत्सवबारे छलफल तथा भेला




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा भक्तपुर महोत्सव २०८१ बारे छलफल तथा भेला कार्यक्रम मंसिर ४ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुरलाई संसारकै उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनाउने नपाको उद्देश्यलाई साकार तुल्याउन भक्तपुर महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

उहाँले देश विदेशका पर्यटकहरूले भक्तपुरको कला, संस्कृति, जीवनशैली, पेशा व्यवसाय, खाना, भेषभूषा आदिलाई नजिकबाट नियाल्ने अवसर महोत्सवमा मिल्ने बताउनुहुँदै यहाँका मूर्त र अमूर्त सम्पदाहरूले भक्तपुरलाई जीवित सङ्ग्रहालय बनाएको प्रष्ट पार्नुभयो ।

आन्तरिक पर्यटन प्रवर्द्धनले नगरको दिगो विकासमा समेत टेवा पुऱ्याउने बताउनुहुँदै उहाँले दिगो पर्यटन विकासको अवधारणालाई भक्तपुरले व्यवहारिक रूपमा लागू गर्न अग्रसर रहेको बताउनुभयो ।

भक्तपुर नपाले देशमै अनुकरणीय काम गरेको प्रसङ्ग जोड्नुहुँदै उहाँले भक्तपुरलाई आत्मनिर्भर नगरको रूपमा विकास गर्ने लक्ष्यअनुरूप भक्तपुर नपाले काम गरेको प्रष्ट पार्नुभयो ।



भक्तपुर नगरपालिकाले समाजवादउन्मुख गतिविधि सञ्चालन गरी नगरवासी जनतालाई शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सस्तोमा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर महोत्सव भक्तपुरका शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक गतिविधि आन्तरिक र बाहय पर्यटकमाझ प्रदर्शन गर्ने उपयुक्त थलो हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले महोत्सव आयोजनाले लोप भइसकेका र लोप हुन लागेका कला संस्कृतिहरू पुनर्जीवित हुने बताउनुहुँदै यसले भक्तपुरको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवको विशेषता, आकर्षण क्षेत्रबारे प्रस्तुतीकरण दिनुभएको थियो भने वडा नं. २ का वडा सदस्य **मन्जुमैँया लाखा**ले पनि बोल्नुभएको थियो ।

## नगरव्यापी अन्तर विद्यालय आधारभूत तह हाजिरी जवाफ प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सव २०८१ को प्रचारार्थ आइतबारदेखि भइरहेको भक्तपुर नगरव्यापी अन्तरविद्यालय आधारभूत तह (कक्षा ६, ७ र




८) को हाजिरीजवाफ प्रतियोगिता मङ्सिर ४ गते सम्पन्न भयो ।

प्रतियोगिताको फाइनल खेल सुरु हुनुभन्दा अगाडि भएको कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर महोत्सव सम्पूर्ण भक्तपुरवासीहरूको भएकोले सबैले महोत्सवलाई उत्सवको रूपमा लिनुपर्ने र सफलतापूर्वक सम्पन्न गर्न लाग्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाको नारालाई सार्थक बनाउन पनि महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने र हाम्रा पुर्खाले बनाएर छोडेको कला, संस्कृतिको जगेर्ना र उत्थान गर्न पनि हामी नै अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।



महोत्सवको प्रचारार्थ मङ्सिर २ गतेदेखि ४ गतेसम्म भएको भक्तपुर नगरव्यापी अन्तरविद्यालय आधारभूत तह (कक्षा ६, ७ र ८) को हाजिरीजवाफ प्रतियोगिताको फाइनल खेलबाट हिमालयन ग्लोरी इङ्गलिस सेकेन्डरी स्कूल (ख) प्रथम, ख्वप्रिङ्ग इङ्गलिस एकेडेमी (क) द्वितीय, एभरेष्ट इङ्गलिस स्कूल (क) तृतीय र एभरेस्ट इङ्गलिस स्कूल (ख) सान्त्वना हुन सफल भएको थियो ।

यसअघि महोत्सवको प्रचारार्थ कार्तिक २९ गते भक्तपुरको कला, संस्कृति र सम्पदा विषयक आधारभूत तहको चित्रकला प्रतियोगिता, कार्तिक ३० गते 'भक्तपुर र पर्यटन' विषयक मावि तह (कक्षा ९-१२) को निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको थियो ।

## पर्यटन व्यवसायीहरूको भेला




भक्तपुर महोत्सवको प्रचारार्थ मङ्सिर ५ गते भक्तपुरका पर्यटन व्यवसायीहरूको भेला भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशको आर्थिक विकासमा पर्यटन व्यवसायीहरूको भूमिका उल्लेखनीय भएको बताउनुहुँदै भक्तपुर महोत्सव २०८१ सफल बनाउन पर्यटन व्यवसायीको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले पर्यटकीय गन्तव्यस्थल र सांस्कृतिक नगरको रूपमा विकास भइरहेको भक्तपुरका कला-संस्कृति र सम्पदाहरूलाई संरक्षण र संवर्द्धन गर्दै देश र विदेशका पर्यटकमाझ प्रदर्शन गर्ने अवसरको रूपमा भक्तपुर महोत्सव आयोजना भएको बताउनुभयो ।

विदेशी पर्यटकहरू नेपाली परिवेशमा रमाउन र यहाँका मौलिक संस्कृतिहरू अवलोकन गर्न नेपाल भ्रमणमा आउने गरेको बताउनुहुँदै उहाँले भन्नुभयो 'हाम्रो मौलिकता नै हाम्रो पहिचान हो' ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याखव**ले महोत्सव अवधिभर सिङ्गो नगरलाई क्रियाशील बनाउने उद्देश्यले भक्तपुर नपाले आवश्यक तयारीहरू गरिरहेको बताउनुहुँदै भक्तपुर महोत्सवलाई उल्लासमय र अविस्मरणीय बनाउने प्रयत्न गरिने बताउनुभयो ।

भक्तपुर महोत्सव २०८१ सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवको मुख्य आकर्षणबारे

प्रष्ट पार्नुहुँदै पाँच दिने महोत्सवमा पर्यटन व्यवसायीहरूको सक्रिय सहभागिता रहने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडा सदस्य **मन्जुमैंया लाखा** र भक्तपुर पर्यटन तथा विकास समितिका अध्यक्ष **रामसुन्दर भेले**ले पनि बोल्नुभएको थियो ।

## महोत्सवको सफलताको लागि शुभकामना र्‍याली




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. १ को आयोजना भक्तपुर महोत्सवको भव्य सफलताको लागि मंसिर ५ गते शुभकामना र्‍याली शुभारम्भ गर्नुभयो ।

# भक्तपुरको भ्याइ नभ्याइ



- सञ्जीव त्वंगाल

म जन्मेको-हुर्केको, हाँसेको-खेलेको मेरो भक्तपुर । पाँच दशकभन्दा बढी जीवन व्यतीत गरेको यो सहर । बाँकी जीवन पनि यहीँ बिताउनुपर्ने मेरो सहर भक्तपुर । माया लाग्छ आफ्नो जन्मथलोको । मलाई मात्र होइन, सबैलाई लाग्छ । आफू हुर्केको खेलेको माटोको सुगन्ध कति मगमगाउँदो । अविस्मरणीय !

मंसिर १ गते शनिबारको नागरिक दैनिकमा उपेन्द्र लामिछानेले भक्तपुरमा मंसिर २८ देखि पुस २ गतेसम्म आयोजना हुन लागेको 'भक्तपुर महोत्सव २०८१' बारे



जानकारीमूलक लामो सचित्र लेख पस्कनुभयो । उहाँको त्यस लेख पढेपछि म भक्तपुरेलाई पनि देश विदेशबाट पाल्नुहुने र भक्तपुरको कला, संस्कृति र सभ्यतालाई माया गर्ने आगन्तुकहरूलाई स्वागत गर्न हामी भक्तपुरे लालायित छौं भन्न कर लाग्यो । र हाम्रो आतिथ्य स्वीकार्नका लागि आमजनसमुदायलाई आमन्त्रण गर्न पनि करै लाग्यो ।

प्राचीन, ऐतिहासिक एवं सांस्कृतिक नगर भक्तपुरको कला, संस्कृति र सभ्यताको प्रवर्द्धनमा हामी भक्तपुरेहरूले ऐक्यबद्धता नजनाउनु त लज्जास्पद हुने भयो भन्ने बोध गराउनुभयो लामिछानेले । अनि केही लेख्ने चेष्टा गरें ।

भक्तपुर नगरपालिकाले आयोजना गर्न लागेको यो महोत्सव पहिलो भने होइन । पहिलो भक्तपुर महोत्सव २०५४ सालमा आयोजना गरिएको थियो । मैले भेटेका विदेशी मित्रहरू त्यो बेलाको महोत्सवको भव्यताले हामीलाई बारम्बार भक्तपुर भ्रमणका लागि उक्साइरहन्छ भन्ने गर्छन् । धेरैले धेरै पटक भ्रमण गरेका छन्, दोहोर्‍याई तेहर्‍याई भक्तपुरको ।

भक्तपुर नगरपालिकाले नगरको ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षण अनि जगेर्ना गर्ने मात्र होइन, लोप हुन लागेका कला संस्कृतिलाई पुनर्जीवन दिने कार्यमा समेत तदारुकता देखाउँदै आएको कुरा छर्लङ्गै छ । त्यसको ज्वलन्त प्रमाण यही हुन लागेको महोत्सवमा हेर्न पाइने छ । कतिपय अवस्थामा सम्पदाहरूको संरक्षण गर्न कठिनाइ पनि बेहोर्नुपरेको छ नगरपालिकाले । भक्तपुरे जनताले आफ्नो कला-संस्कृतिको रक्षार्थ सक्दो सहयोग पुर्‍याउँदै आएका पनि छन् ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भन्ने गर्नुभएको छ- भक्तपुरको कला, संस्कृति र सभ्यताको संरक्षण र विकासका लागि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले २०५९ सालमा लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर'लाई मार्ग निर्देशनका रूपमा लिएको छ । यो कुराले मलाई एउटा पुरानो कुराको सम्झना गरायो, २०७७ सालतिरको । त्यो बेला मेरो छोरा र मबिच एक सम्झौता भयो । उसको परीक्षाको नतिजा राम्रो भएको खण्डमा एउटा राम्रो स्मार्ट फोन किन्नका लागि मैले स्वीकृति दिने । परीक्षाको नतिजा राम्रै ल्यायो । फोन पनि किने उनले ।

कोभिड १९ को लकडाउनको समय थियो। साँझको समय, सुनसान हुन्थ्यो सहर। छोरा नयाँ फोन भिर्दै निस्के सयर गर्न भक्तपुर सहर। कोरोनाको भयावह परिस्थितिमा खुलेआम घुम्नु उनको पुरुषार्थ प्रदर्शन थियो, जुन घातक पनि हुन सक्थ्यो। उनले नगरका केही फोटा खिचेर ल्याएका रहेछन् फोनमा। घर फर्केपछि मलाई पनि देखाए।

ती फोटामध्ये सुनसान दत्तात्रय चोकका केही सुन्दर अनि लोभ्याउने दृश्य कैद भएको देखेपछि नारायणमान बिजुक्छेँले लेख्नुभएको त्यही पुस्तक 'सय वर्षपछिको भक्तपुर'को पुन:स्मरण गरायो। खोजेर पल्टाएँ। उहाँले भविष्यमा भक्तपुर नगरको स्वरूप कस्तो हुनुपर्छ भनी तयार पार्न लगाउनुभएको परम्परागतशैलीमा बनाइएका कलात्मक घरहरूको स्केच हुबहु ठ्याक्कै मिलेको देखियो छोराले ल्याएको तस्बिरमा। म प्रभावित भएँ बिजुक्छेँको कल्पनाशीलताबाट। अनि उहाँका सहयोगीहरूको निपुणता, भक्तपुरे सिकर्मी-डकर्मीहरूको सीप अनि दक्षता, अनि भक्तपुरे जनताको साथ।

उहाँले कल्पना गर्नुभएको नगरको प्रारूप त केही हदसम्म पूरा हुन थालेको पनि देखियो। बिजुक्छेँ उमेरले ८५ वर्ष पुग्नुभयो। अहिले पनि युवाजोशका साथ देश र जनताका लागि क्रियाशील, समर्पित। कहिलेकाहीँ उहाँलाई भेट्दा व्यक्त हुने देश र जनताप्रतिको चिन्ता, समर्पण भाव देख्दा त आफैलाई हीनताबोध हुन्छ आफ्नो सुस्तता देखेर। जहिल्यै व्यस्त भक्तपुर र भक्तपुरे जनताको हितका लागि, यही उहाँको दैनिकी पनि। साँच्चिकै प्रशंसनीय छन् उहाँका दूरदर्शिता, कल्पनाशीलता अनि चिन्तन देशप्रतिको।

उहाँको अभिभावकत्व पाएको भक्तपुर नगरको कला, संस्कृति र सम्पदा संरक्षणको क्षेत्रमा हुँदै आएको, भइरहेको र भविष्यमा हुने कार्य नमुनाका रूपमा रहेका छन् नेपालभरिका अरू स्थानीय निकायको तुलनामा। नभए भक्तपुर नगरपालिकाले पाइरहने थिएन उत्कृष्टताको पहिचान बारम्बार। दिनहुँजस्तो आइरहने देशका विभिन्न स्थानीय निकायका जनप्रतिनिधिको भ्रमण दललाई स्वागत गर्न, यहाँको प्रगतिका कुरा सुनाउन नगरप्रमुख सुनिल प्रजापति अनि उपप्रमुख रजनी जोशीलाई भ्याइ नभ्याइ छ।

त्यत्तिकै घुम्न मात्र आएका अवश्य होइनन् होला ती व्यस्त जनप्रतिनिधि। केही सिकेर आआफ्ना स्थानीय पालिकामा पनि यस्तै योजना कार्यान्वयन गर्न सके केही प्रगति होला भन्ने उद्देश्य नै हुनुपर्छ भन्ने मेरो ठम्याइ छ। राम्रो कामलाई राम्रो भन्न कन्जुस्याइँ गर्नुहुन्न। यसले सबैलाई राम्रो काम गर्न अभिप्रेरित पनि त गरिरहेको हुन्छ।

स्रोत : नागरिक दैनिक, मंसिर ५ गते

# खेलाडी भेला




भक्तपुर महोत्सवको तयारीको क्रममा भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर ७ गते नगरपालिकाको सभाहलमा खेलाडी भेला भयो।

भेलामा नगरपालिकाका उपप्रमुख एवं भक्तपुर महोत्सवका अतिथि सत्कार समितिका संयोजक **रजनी जोशी**ले पुर्खाले सिर्जेको कला, संस्कृति, परम्परा तथा सम्पदालाई संरक्षण गर्न चुनौती भएकोले महोत्सवले त्यसलाई सहजीकरण गर्ने हुँदा सम्पूर्णमा हातेमालो गर्न आह्वान गर्नुभयो।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन, कला, संस्कृति र सम्पदा संरक्षणका लागि गर्दै आएका विभिन्न पहलका कारण भक्तपुरलाई नेवार संस्कृतिको जगेर्ना गर्ने थलोको रूपमा लिने गरेको उहाँले बताउनुभयो। उहाँले आधुनिकताको नाउँमा समाजमा विकृति फैलिरहेको हुनाले त्यसलाई न्यूनीकरण गर्नुका साथै भक्तपुर महोत्सवले स्थानीय उत्पादन र मौलिक सीपलाई टेवा पुऱ्याउने बताउनुभयो।

उहाँले महोत्सवका विभिन्न आकर्षणमध्ये शैक्षिक प्रदर्शनी, पुस्तक प्रदर्शनी र बालमैत्री गतिविधिले ख्वप विश्वविद्यालय सञ्चालनको तयारीलाई झल्काउने बताउनुहुँदै भक्तपुरको पहिचानलाई उजागर गर्न महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्नुभयो। उहाँले भक्तपुर महोत्सवमा पाल्नुहुने अवलोकनकर्ता एवं अतिथिहरूमा नगरवासीको नाताले राम्रो व्यवहार र सत्कार गर्नाले महोत्सवलाई अविस्मरणीय बनाउने हुँदा यसको जिम्मेवारी बहन गर्नुपर्ने बताउनुभयो।

भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले जनप्रतिनिधि र जनताबिच नङ र मासुको सम्बन्ध हुनुपर्ने बताउनुहुँदै महोत्वसमा खेलाडीहरूको प्रदर्शनी र प्रतियोगिताले महोत्सवको थप आकर्षण हुने बताउनुभयो। भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रको विकासमा गरिरहेको प्रयासलाई महोत्सवमा प्रत्यक्षरूपमा देख्न पाउने गरी खेलाडीहरूले तयारी गर्नुपर्ने बताउनुहुँदै नियमित अभ्यासले स्वास्थ्यका लागि लाभ हुनेछ, उहाँले भन्नुभयो।

भनपा वडा नं. १ वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले

कार्यक्रममा उपस्थित सम्पूर्णमा स्वागत गर्नुहुँदै महोत्सवमा खेलाडीहरूले आवश्यकताअनुसार स्वयम्सेवकको भूमिका निर्वाह गर्न तयारी हुनुपर्ने बताउनुभयो ।

भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवको तयारीको विषयमा जानकारी दिनुभयो भने युवा तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

## खेलाडी र छिकोङ प्रशिक्षार्थीहरूको भेला




भक्तपुर महोत्सवको तयारीको क्रममा भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर ७ गते नगरपालिकाको सभाहलमा खेलाडी र छिकोङ प्रशिक्षार्थीहरूको भेला भयो ।

## नपलीमा शुभकामना र्‍याली




भक्तपुर महोत्सव २०८१ को प्रचारार्थ भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा मङ्सिर ८ गते वडा नं. १ को पश्चिमी क्षेत्र बाहिरी नगरमा सांस्कृतिक टोलीसहित शुभकामना तथा प्रचारप्रसार र्‍यालीसहित चोकसभा सम्पन्न भयो ।

उक्त सभामा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले जन्मदेखि मृत्युसम्मका भक्तपुरको परम्परागत जीवनशैली, संस्कार र संस्कृतिलाई जगेर्ना गर्दै शिक्षामा भएको परिवर्तनलाई विश्व समुदाय र राष्ट्रिय रूपमा परिचित गराउन महोत्सव गर्न लागेको बताउनुभयो ।

उहाँले महोत्सवबाट स्थानीय रूपमा मनाउँदै आएको सांस्कृतिक परम्परा र त्यसमा प्रयोग भएको स्थानीय खाद्यान्नको महत्त्व र वैज्ञानिकताबारे अतिथिहरूलाई जानकारी उपलब्ध हुने बताउनुभयो ।

कार्यक्रमका सभापति तथा भनपा १ का वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाले भूकम्पपछि पुनः निर्माण भएका मठमन्दिर र पाटीलगायत १३५ सांस्कृतिक सम्पदा र भाज पुखू तथा रानी पोखरीलगायत अन्य पोखरीहरूको संरक्षण भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ को निकोसेरा पुलबाट सुरु भएको र्‍याली १ वडाको पश्चिमी क्षेत्र नगर बाहिरको विभिन्न चोक र टोल परिक्रमा गरी सृजनानगर नपलीमा चोकसभामा परिणत भएको थियो ।

र्‍यालीमा वडा नं १ मा रहेका सामुदायिक र संस्थागत विद्यालय, टीम क्लब, समाजसेवी, बुद्धिजीवी तथा जनप्रतिनिधिहरूको उल्लेख्य सहभागिता रह्यो ।

भक्तपुर नगरपालिका वडा नं. १ ले मङ्सिर ५ गते नगरभित्रको १ वडामा र्‍याली सम्पन्न गरेको थियो ।

## ७ वडामा अभिमुखीकरण

भक्तपुर नगरपालिका वडा नं. ७ कार्यालयको आयोजनामा भक्तपुर महोत्सवबारे मङ्सिर ८ गते अभिमुखीकरण कार्यक्रम भयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक सम्पदाको महत्त्व र सदुपयोगबारे जनतालाई सुसूचित पार्न महोत्सवको आयोजना गरेको बताउनुभयो ।

भक्तपुरलाई पर्यटनस्थलको रूपमा विकास गर्न, यहाँको नाचगान, बाजागाजा, हस्तकला, घरेलु उद्योग, कला, संस्कृति र सम्पदाको प्रवर्द्धन गरी आर्थिक विकास गर्ने उद्देश्यले भक्तपुर महोत्सव हुन लागेको उहाँले बताउनुभयो ।

भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवको तयारी र मुख्य आकर्षणबारे जानकारी दिनुहुँदै बाह्य र आन्तरिक पर्यटकहरूको स्वागत सत्कार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्थानीय **बलराम गोसाईं**ले भक्तपुरवासीको साथ र सहयोगले नै भनपाले सांस्कृतिक र सफा नगर तथा शैक्षिक र ज्ञान विज्ञानको केन्द्र बनाउन सकेको विचार व्यक्त गर्नुभयो ।

भनपा वडा नं. ७ का वडा सदस्य **हेरा ख्याजु**ले भक्तपुर महोत्सवको उद्देश्यबारे बताउनुभयो ।

## "विदेशीको सहयोगबिना सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार हुनु भक्तपुरवासीको निम्ति गर्वको विषय"



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर महोत्सवलाई उत्सवमय बनाउनु सबैको साझा कर्तव्य भएको बताउनुभयो ।

भक्तपुर महोत्सव प्रचारार्थ मंसिर ९ गते आयोजित संस्कृतिकर्मी भेलामा उहाँले भक्तपुर नगरपालिकालाई आत्मनिर्भर नगरको रूपमा विकास गर्ने उद्देश्यले काम गरिरहेको बताउनुहुँदै भक्तपुरको उपभोक्ता मोडलको विकासले यहाँको छुट्टै पहिचान कायम भएको बताउनुभयो ।

उहाँले नगरपालिकाद्वारा सञ्चालित सीपमूलक तालिमहरूबारे अवगत गराउनुहुँदै हातमा सीप भएको व्यक्ति कहिल्यै बिनारोजगार बस्न नपर्ने बताउनुभयो ।

भक्तपुरको सांस्कृतिक सम्पदाहरू हेर्न वर्षेनी लाखौँ आन्तरिक तथा बाह्य पर्यटकहरू भक्तपुर भ्रमणमा आउने गरेको बताउनुहुँदै उहाँले भक्तपुरको मौलिकता नै यहाँको पहिचान भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले जनताको आर्थिक सहयोग र



श्रमदानमा यहाँका सयौँको सङ्ख्यामा सम्पदाहरू पुनःनिर्माण सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले विदेशीको सहयोगबिना सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार हुनु भक्तपुरवासीको निम्ति गर्वको विषय भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**, प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले पनि बोल्नुभएको थियो भने भक्तपुर महोत्सव २०८१ सचिवालय संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवका आकर्षणहरूबारे प्रष्ट पार्नुभयो ।

## विद्यार्थीको शैक्षिक जग राम्रो बनाउन विद्यालय शिक्षालाई गुणस्तरीय र मजबुत बनाउनुपर्छ : सांसद प्रेम सुवाल



भक्तपुर महोत्सवको प्रचारार्थ भक्तपुर नगरपालिकाको आयोजनामा भएको चित्रकला, निबन्ध लेखन र हाजिरीजवाफ प्रतियोगिताका विजेताहरूलाई मंसिर १० गते पुरस्कार वितरण कार्यक्रम भयो ।

प्रतियोगिताका विजेताहरूलाई नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, नगर प्रमुख सुनिल प्रजापति र वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले एक कार्यक्रमबिच पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि **प्रेम सुवाल**ले शैक्षिक गुणस्तर कायम गर्ने विषयमा भक्तपुर नपाले संवेदनशीलता अपनाएर काम गर्दै आएको बताउनुभयो ।

चिट चोरेर पास गर्ने र गराउने सन्दर्भमा भक्तपुरले कडाइका साथ अनुगमन र निरीक्षण गरिरहेको बताउनुहुँदै उहाँले शिक्षकहरूले विद्यार्थीहरूलाई पाठ्यपुस्तक बाहेकका सन्दर्भ पुस्तकहरू पनि अध्ययन अध्यापनको लागि प्रोत्साहन गर्नुपर्छ भन्नुभयो ।

सांसद सुवालले विद्यालयहरूले विभिन्न भाषा अध्ययन

अध्यापन, खेलकुदमा जोड दिँदै सङ्गीत, चित्रकला, हस्तलेखन आदिमा जोड दिनुपर्ने बताउनुहुँदै विद्यार्थीको शैक्षिक जग राम्रो बनाउन विद्यालय शिक्षालाई गुणस्तरीय र मजबुत बनाउनुपर्छ भन्नुभयो ।

उहाँले विद्यार्थीहरूलाई सानै उमेरदेखि सम्पदाको महत्त्वबारे सुसूचित गर्नुपर्ने बताउनुहुँदै भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ र यहाँका विशेषताहरूबारे राम्रोसँग शिक्षित बनाउन शिक्षकहरूले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

विद्यालयहरूले विद्यार्थीहरूको व्यक्तित्व विकास गर्न अतिरिक्त क्रियाकलापतर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले शैक्षिक संस्थाहरूले योग्यताअनुसारको रोजगारी हासिल गर्न गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर महोत्सव अवधिभर भक्तपुरका सबै सङ्घ संस्था, समुदायलाई परिचालित गर्न महोत्सव प्रचारार्थ बृहत भेला तथा छलफलहरूलाई चालु राखेको बताउनुभयो ।

उहाँले भक्तपुर महोत्सव भक्तपुरका कला संस्कृति, सांस्कृतिक सम्पदा, चाडपर्व, रहनसहन, खाना, परम्परागत खेल आदिलाई देश विदेशमा चिनाउने र देखाउने सुनौलो अवसर हुने बताउनुहुँदै महोत्सव सफल बनाउन सबैको भूमिका महत्त्वपूर्ण रहनेछ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले भक्तपुर महोत्सवको शैक्षिक मेलाका मुख्य आकर्षणबारे प्रष्ट पार्नुहुँदै सबैको सक्रियता र सहभागिताले महोत्सव सफल हुने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व** र नगर शिक्षा अधिकृत **साधुराम फुँयाल**ले पनि बोल्नुभएको थियो ।

'भक्तपुरको कला, संस्कृति र सम्पदा' विषयक भएको (आधारभूत तह कक्षा ८) सम्मको **चित्रकला प्रतियोगिता**मा साइनिङ स्टुडेन्ट्स एकेडेमीका कक्षा ८ का विद्यार्थी **निश्पल धुख्वा प्रथम**, सूर्योदय इ.से. स्कूल कक्षा ८ का **कृतिका सिजख्व द्वितीय**, साइनिङ स्टुडेन्ट्स एकेडेमी कक्षा ८ का **रेगन घटाने तृतीय** भएका थिए । प्रतियोगितामा महेन्द्र विद्याश्रम कक्षा ८ का **रिया राई चौथो**, जेन्युइन सेकेन्डरी स्कूल कक्षा ६ का **लुम्ब याकामी पाँचौं**, गणेश मावि कक्षा ८ का **प्रशुन तामाङ छैटौं**, सैनिक आवासीय महाविद्यालय कक्षा ८ का विद्यार्थी **अमन श्रेष्ठ सातौं**, सूर्योदय इ.से. स्कूल कक्षा ७ का **रियाज मुस्याख्व आठौं**, सूर्यविनायक इ.से. स्कूल कक्षा ६ का **सृष्टि राई नवौं** र वागीश्वरी मावि कक्षा ८ का विद्यार्थी **पूजा रोकायाले दशौं** स्थान हासिल गरेका थिए ।

त्यस्तै आधारभूत तह (कक्षा ६–८) स्तरीय **हाजिरीजवाफ प्रतियोगिता**मा हिमालयन ग्लोरी इ. स्कूल (ख) कक्षा ८ का **मन्जिला फाँजू**, कक्षा ६ का **सोयम मानन्धर**, कक्षा ७ का **एकेन स्वंगमिखा प्रथम** भएका थिए ।

यसैगरी ख्वप्रिङ इ. ऐकेमी (क) कक्षा ८ का **अमृत प्रजापति**, कक्षा ७ का **राजश्री कुसी** र कक्षा ६ का **आशिष कालिकोटे द्वितीय** भएका थिए भने एभरेष्ट इ. स्कूल (क) कक्षा ८ का **दिपशिखा उप्रेती**, कक्षा ७ का **हिरोज सुवाल** र कक्षा ६ का **आन्विका अधिकारी तृतीय** भएका थिए ।

माध्यमिक तह (कक्षा ९ देखि १२) स्तरीय **निबन्ध लेखन प्रतियोगिता**मा वागीश्वरी मावि कक्षा १२ का **प्रकाश रोकाया प्रथम**, भक्तपुर मोर्डन इ.से. स्कूल कक्षा १२ का **सक्सेस ढुंगाना द्वितीय**, बासु मावि कक्षा १२ **सुप्रेम सुलु तृतीय** र एभरेष्ट इ. स्कूल कक्षा १० का **शुभम ढुंगेल**ले सान्त्वना स्थान हासिल गरेका थिए ।



पुर्खाले सिर्जेको सम्पति हाम्रो कला र संस्कृति

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## नतिजा प्रकाशन र पुरस्कार वितरण कार्यक्रमबारे सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा यही २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सव, २०८१ को प्रचारार्थ भएका चित्रकला प्रतियोगिता, निबन्ध लेखन प्रतियोगिता र हाजिरीजवाफ प्रतियोगिताको नतिजा देहायबमोजिम रहेको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### भक्तपुरको कला, संस्कृति र सम्पदा विषयक चित्रकला प्रतियोगिता (आधारभूत तह कक्षा ८ सम्म)

| क्र.सं. | विद्यार्थीको नाम, थर | कक्षा | विद्यालय | स्थान |
|---|---|---|---|---|
| १ | निश्पल धुख्वा | ८ | साइनिङ्ग स्टुडेन्टस् एकेडेमी | प्रथम |
| २ | कृतिका सिजख्व | ८ | सूर्योदय इ.से. स्कूल | द्वितीय |
| ३ | रेगन घटाने | ८ | साइनिङ्ग स्टुडेन्टस् एकेडेमी | तृतीय |
| ४ | रिया राई | ८ | महेन्द्र विद्या आश्रम | चौथो |
| ५ | लुम्व याकामी | ६ | जेन्युइन सेकेण्डरी स्कूल | पाँचौं |
| ६ | प्रशुन तामाङ | ८ | गणेश मावि | छैटौं |
| ७ | अमन श्रेष्ठ | ८ | सैनिक आवासीय महाविद्यालय | सातौं |
| ८ | रियाज मुस्याख्व | ७ | सूर्योदय इ.से. स्कूल | आठौं |
| ९ | सृष्टि राई | ६ | सूर्यविनायक इ.से. स्कूल | नवौं |
| १० | पूजा रोकाया | ८ | वागीश्वरी माध्यमिक विद्यालय | दसौं |

### आधारभूत तह (कक्षा ६-८) स्तरीय हाजिरीजवाफ प्रतियोगिता

| विद्यालय | विद्यार्थीको नाम, थर | कक्षा | स्थान |
|---|---|---|---|
| हिमालयन ग्लोरी इङ्गलिस सेकेण्डरी स्कूल (ख) | मन्जिला फाँजू | ८ | प्रथम |
| | सोयम मानन्धर | ६ | |
| | एकेन स्वंगमिखा | ७ | |
| ख्वप्रिङ्ग इङ्गलिस एकेडेमी (क) | अमृत प्रजापति | ८ | द्वितीय |
| | राजश्री कुसी | ७ | |
| | आशिष कालिकोटे | ६ | |
| एभरेष्ट इङ्गलिस स्कूल (क) | दिपशिखा उप्रेती | ८ | तृतीय |
| | हिरोज सुवाल | ७ | |
| | आन्विका अधिकारी | ६ | |

### मावि तह (कक्षा ९-१२) स्तरीय निबन्ध लेखन प्रतियोगिता

| स्थान | विद्यार्थीको नाम, थर | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| प्रथम | प्रकाश रोकाया | १२ | वागीश्वरी माध्यमिक विद्यालय |
| द्वितीय | सक्सेस ढुङ्गाना | १२ | भक्तपुर मोडर्न इ.से. स्कूल |
| तृतीय | सुप्रेम सुलु | १२ | बासु माध्यमिक विद्यालय |
| सान्त्वना | शुभम ढुङ्गेल | १० | एभरेष्ट इङ्गलिस स्कूल |

*प्रतियोगिताका सम्पूर्ण विजेता विद्यार्थीहरूलाई २०८१ मङ्सिर १० गते सोमबार दिउँसो १:३० बजे ख्वप इन्जिनियरिङ कलेज, लिबालीमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने हुँदा उपस्थित हुन र गराउनुहुन सम्बन्धित सबै विद्यालयलाई अनुरोध छ ।*

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**

## उद्यमी, व्यवसायी र सङ्घ संस्थाहरूको भेला

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सवको प्रचारार्थ नगरका उद्यमी, सङ्घ–संस्थाहरूको भेला मंसिर ११ गते भयो ।




भेलामा भक्तपुर नगरपालिका प्रमुख एवं भक्तपुर महोत्सव मूल समितिका संयोजक सुनिल प्रजापतिले 'हामी कसैको भरमा पर्नु हुँदैन, आफ्नै मिहिनेतले आवश्यकता अनुसार विकास गर्नुपर्छ' भन्नुभयो ।

उहाँले नेपाल भन्ने वित्तिकै भक्तपुरको सम्झना आउने गरी भक्तपुर महोत्सवले त्यसको जगको रूपमा विकास गराउन सकिने भएकोले महोत्सवलाई भव्यरूपमा सम्पन्न गर्न नगरवासीहरू उत्साहित भएर सहभागी हुन आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिकाले समयसमय विभिन्न तालिमहरू सञ्चालन गर्दा नगरवासीको अप्रत्यक्ष रूपमा आर्थिक वृद्धि भइरहेको उल्लेख गर्नुहुँदै महोत्सवले थप आर्थिक विकास गर्न सहयोग मिल्ने उहाँले बताउनुभयो ।

उहाँले उच्च शिक्षा अध्ययनका लागि चीनमा गइरहेका विद्यार्थीहरूले भक्तपुरका मौलिक सीप, संस्कृति र हस्तकलाको बारेमा चिनीयाँ बजारमा प्रचारप्रसार गरिरहेको बताउनुहुँदै सरकारमा गएका शासक दलहरूले मौलिक उत्पादनलाई प्रोत्साहन र प्रचारप्रसार गर्न नसक्दा समस्या उत्पन्न भएको बताउनुभयो ।

उहाँले काठमाडौं उपत्यकामध्ये भक्तपुर जिल्लामा बढी पर्यटक आउने गरेको तथ्याङ्क रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले कला, संस्कृति, सम्पदा संरक्षणमा गरिरहेको गतिविधिका कारण बाहिरी पर्यटक आकर्षित भएको बताउनुभयो ।

उहाँले साना उद्योग र व्यवसायीहरूलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ महोत्सव आयोजना गरेको बताउनुहुँदै हस्तकलाको महत्त्वलाई उजागर गर्न सम्पूर्ण उद्योगीहरूलाई थप सक्रिय भएर लाग्न अनुरोध गर्नुभयो ।



कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर महोत्सव भक्तपुरका जनता र उद्योगीहरूको आर्थिक विकासका लागि आयोजना गरेको हुनाले उद्योगीहरू निरुत्साहित हुन नपर्ने बताउनुभयो । उहाँले भक्तपुर महोत्सवले जनताको आर्थिक र सांस्कृतिस्तर उकास्न मद्दत गर्ने भएकोले विशेष गरी भक्तपुरका उद्योगीहरू सक्रिय भएर लाग्नुपर्ने बताउनुभयो ।



भनपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले महोत्सवले मौलिक उत्पादनलाई व्यवसायीकरण गराउन उत्साहित गर्ने बताउनुभयो । महोत्सवमा अवलोकन गर्न आउनुहुने अवलोकनकर्ताहरूलाई आत्मीय सम्बन्ध कायम राख्न सके अविष्मरणीय हुने उहाँले बताउनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले महोत्सवमा नेवार समुदायको जीवनशैली प्रदर्शनीले आन्तरिक तथा बाह्य पर्यटक थप आर्कषित हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवको तयारीको जानकारी दिनुभयो भने सचिवालय सदस्य **विकास प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## वडावासीहरूको भेला




भक्तपुर नगरपालिका वडा नं. ६ को आयोजनामा नजिकिँदै गरेको भक्तपुर महोत्सव २०८१ भव्य रुपमा सफल पार्न मङ्सिर १३ गते वडाबासीहरूको भेला कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सीप र उत्पादन विश्वसामु प्रदर्शन गर्ने महोत्सवको मुख्य उद्देश्य भएको बताउँदै लोपोन्मुख संस्कार, संस्कृति संरक्षण गर्न महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

महोत्सव अवधिभर नगरको आर्थिक गतिविधि वृद्धि हुने बताउँदै उहाँले सार्वजनिक सम्पत्ति संरक्षणमा नपाले निरन्तर पहल गर्दै आएको बताउनुभयो ।

भक्तपुर महोत्सव व्यापारको लागि मात्र नभई सांरभर भक्तपुरको प्रचारप्रसार गर्न हो भन्दै उहाँले कोभिडमा धेरै आर्थिक षति भोगेको भक्तपुरलाई दिगो विकास गर्न आन्तरिक पर्यटन प्रवर्द्धनतर्फ जोड दिँदै आएको बताउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले भक्तपुर महोत्सव सिंगो जनताको महोत्सव हो र यसलाई सफल पार्न सबैले आ-आफ्नो क्षेत्रबाट साथ र सहयोगको आवश्यकता भएको बताउनुभयो । वडाको संघ संस्था, टीमलाई सक्रिया बनाउनेतर्फ लागिरहेको बताउँदै उहाँले वडाको नगरस्तरीय योजना सञ्चालनबारे अवगत गराउनुभयो ।

समाजसेवी गोपीकृष्ण चाँगभारीले महोत्सव सफल पार्न नगरबासीहरूको भूमिका महत्त्वपूर्ण भएको हुँदा नगरका चोक चोक सरसफाइ, शौचालय व्यवस्था, खानेपानी व्यवस्थापन आदिसमा सहकार्य गरी काम गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर महोतसव २०८१ सचिवालय संयोजक गौतमप्रसाद लासिवाले महोत्सवका आकर्षणहरूबारे प्रष्ट पार्दै महोत्सव सफल पार्न सबैको क्रियाशीलता आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य गोविन्द दुवालले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यपालिका सदस्य रोशनमैंया सुवालले पनि बोल्नुभएको थियो ।

## सफाइ कर्मचारी र मजदुरहरूको भेला



भक्तपुर महोत्सवलाई लक्षित गरी भक्तपुर नगरपालिकाका सफाइकर्मीहरूको भेला मङ्सिर ११ गते भयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले उपत्यका बाहिरका कोही महानुभावहरू काठमाडौं पसेपछि भक्तपुर आउनै पर्ने वातावरण बनिसकेको बताउनुहुँदै हाम्रो कला संस्कृति, संस्कार र कलाकारिता क्षेत्र पहिलेको अवस्था कस्तो थियो, अहिले कस्तो छ र भोलि कस्तो हुने छ ? भन्ने देखाउने महोत्सव भएको बताउनुभयो ।

उहाँले स्वच्छ, स्वस्थ र शान्त भक्तपुर हो भन्ने सन्देशका साथ हराउन लागेका सम्पदाहरू जगेर्ना र संरक्षण त्यस्तै लोप हुन लागेको चाडपर्वलाई ब्यूँताउने कार्यसमेत भक्तपुर नपाले गरेको बताउनुभयो । उहाँले सफा नगर बनाउन सफाइकर्मीहरूको मिहिनेत कम नभएको बताउनुहुँदै भक्तपुर महोत्सवमा पनि त्यस्तै मिहिनेत गरी सफाइको ख्यातीमा कमि आउन नदिने आशा व्यक्त गर्नुभयो ।

उहाँले कलासंस्कृति भनेको बोलिबचन, सभ्य व्यवहार, अतिथिदेव भव, आदर र मुस्कानसहितको सद्भाव-सत्कार, खानेबस्ने, रहनसहन समेत भएकोले सभ्य नागरिकको परिचय दिई सुसंस्कृत हुन निर्देशन दिनुभयो ।

कार्यक्रममा भनपा वडा नं ९ का वडाध्यक्ष एवम् वातावरण समितिका संयोजक **रविन्द्र ज्याख्व**ले सरसफाइ सभ्यताको परिचय भएको बताउनुहुँदै सरसफाइबाट निरोगी भई निरोगी व्यक्तिलेमात्र समाजको सेवा गर्न सक्ने भएकोले समाज हिजोभन्दा आज सभ्य रप्रगतिशील भएकोले सफाइ मजदुरलाई हेर्ने दृष्टिकोणमा पनि सम्मानित देखिएको छ

भन्नुभयो । उहाँले सफाइ कार्य सुसंस्कृत, सम्मानित र मर्यादित पेशा भएको बताउनुहुँदै सफा, सुन्दर, शान्त, सुरक्षित र सभ्य नगर भक्तपुरमा हुने महोत्सवमा विहानदेखि बेलुकासम्म कर्तव्य र दायित्व पूरा गर्न, जथाभावी फोहोर गर्न नदिई सचेत गर्न, हरेक समयमा उपस्थिति देखिने गरी काम गरी भक्तपुर महोत्सव हामी सबैको उत्सव बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सचिवायलय संयोजक **गौतम प्रसाद लासिवा**ले हाम्रो कामको जस अपजस पनि हामीले नै पाउने भएकोले चुनौतिको बेला परीक्षण हुने बताउनुहुँदै सबैको मन जित्ने गरी काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा श्यानिटेशन उपशाखाका प्रमुख **दिलिप कुमार सुवाल** र वडानिरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।




## महोत्सवको तयारीस्वरूप पोखरी निरीक्षण



भक्तपुर महोत्सव २०८१ को तयारीस्वरूप नगर प्रमुख प्रजापतिले मंसिर १३ गते भनपा वडा नं. १ दुधपाटीस्थित भाज्या पुखु (भाजु पोखरी), तः पुखु (सिद्ध पुखु), न्हु पुखु (रानी पुखु) र भनपा १० स्थित बारे पुखु (कमलपोखरी) को निरीक्षण गर्नुभयो ।

महोत्सवको समयमा यी पोखरीहरूमा नौका बिहार गर्ने भक्तपुर नपाको योजना रहेको हुँदा पोखरीहरूको वस्तुगत स्थितिबारे जानकारी लिन नगर प्रमुख प्रजापतिले उक्त पोखरीहरूको निरीक्षण गर्नुभएको हो ।







## भक्तपुर महोत्सव प्रचारार्थ आयोजित पसल व्यवसायीहरूको भेला



भक्तपुर नगरपालिका बजार अनुगमन समिति र कृषि समितिको आयोजनामा भक्तपुर महोत्सव २०८१ लाई लक्षित गरी कृषिजन्य उत्पादन विक्रीवितरक व्यवसायीहरूको भेला नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा भनपा सभाकक्षमा मंसिर १७ गते सम्पन्न भयो।

**प्रमुख प्रजापति**ले भन्नुभयो –"महोत्सवलाई विश्व विद्यालयको रूपमा अध्ययन अध्यापन गर्ने थलोको रूपमा विकास गर्ने छौं।"

उहाँले विभिन्न जनप्रतिनिधि र उच्च पदस्थ व्यक्तिहरू भक्तपुर हेर्न आउँदा यहाँ शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण भएको विकासदेखि प्रभावित भएको बताउँदै विश्वविद्यालयको रूपमा महोत्सवलाई अध्ययन र अध्यापन गर्ने थलोको रूपमा विकास गर्नुपर्ने बतनउनुभयो। उहाँले महोत्सवमा कमिकमजोरी भए त्यसको परिणाम नकारात्मक सन्देश जाने बताउँदै भक्तपुर महोत्सवलाई जनताको महोत्सव, साझा महोत्सव बनाउनुपर्छ भन्नुभयो।

कार्यक्रममा भनपा ३ नं वडाध्यक्ष एवम् कृषि समिति र बजार अनुगमन समितिका संयोजक **राजकृष्ण गोरा**ले भक्तपुरमा बसेर कृषि व्यवसाय गरेर जीविकोपार्जन गर्ने



व्यवसायीहरूले नगरपालिका प्रति जिम्मेवार भई ऐन नियम परिधि भित्र बसेर व्यवसाय गर्न अनुरोध गर्नुभयो। उहाँले भक्तपुर महोत्सव नगरपालिकाको लागि नभई नगरबासी र व्यवसायीहरूको आर्थिक र व्यवसायी प्रवर्द्धनको निम्ति भएको बताउनुभयो। उहाँले ५ दिनको महोत्सवले प्रभावित भए वीस बर्षसम्म पनि भक्तपुरमा पर्यटकहरू आउने त्यसले हाम्रो व्यवसाय प्रवर्द्धन र रोजगारी सृजना हुने बताउनुभयो। उहाँले कृषि उत्पादन प्रदर्शनी स्थल पसिखेलमा आ–आफ्नो कृषि उपज उत्पादनको स्टल राख्न र दिन भरि राख्नेलाई रु.५००।– र अरुलाई न्युन शुल्कमा स्टल बुकिङ्ग गर्न अनुरोध गर्नुभयो।

कार्यक्रममा भक्तपुर महोत्सव सचिवालयका **गौतम प्रसाद लासिवा**ले ताइवानको कृषि व्यवसायको अनुभव सुनाउँदै व्यवस्थित महोत्सवमा कृषि उत्पादन प्रदर्शनी नमूना र उदाहरणीय भए हाम्रो पनि अनुभव लिएर जाने बताउनुभयो। उहाँले महोत्सवबाट पर्यटकीय गन्तव्य स्थल बनाउने टेवा पुग्ने बताउँदै पर्यटन सेवा शुल्कबाट शिशुस्याहारदेखि कलेज, ख्वप अस्पताल, शैक्षिक ऋण, सम्पदा संरक्षण भई रहेको बताउनुभयो।

## वडाबासीहरूसँग छलफल




भक्तपुर नगरपालिका ४ नं वडा कार्यालयको आयोजनामा मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवबारे वडावासीहरूसँग छलफल कार्यक्रम मंसिर १७ गते सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर महोत्सवको महत्त्वबारे प्रकाश पार्दै नगरपालिकाले आयोजना गरेको उक्त महोत्सव सफल पार्न नगरवासी र वडावासीहरूले सक्रिय साथ र सहयोग गर्न आग्रह गर्नुभयो। विश्वभरका मानिसको लागि खुला सङ्ग्रहालयको रूपमा रहेको कला, संस्कृति र सम्पदाले भरिएको ऐतिहासिक नगरी भक्तपुर आन्तरिक तथा बाह्य पर्यटकहरूको प्रमुख आकर्षणको केन्द्र बनिरहेको बताउनुभयो।

परम्परागत तथा सांस्कृतिक बाजा गाजा, नृत्य, नेवारी पोशाक, नेवारी परिकार, परम्परागत खेलहरू, पौभा तस्बिर, परम्परागत वाद्यवादन सामग्री तथा शैक्षिक प्रदर्शनीमा नयाँ



पुस्ताले पनि धेरै कुरा सिक्ने अवसर मिल्ने विश्वास व्यक्त गर्दै उहाँले पुरातात्त्विक महत्त्वका सम्पदाबारे अध्ययन र अनुसन्धानमा अगाडि बढ्न सके भविष्यमा समृद्ध नगरका नागरिकको रूपमा स्थापित हुन सकिने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् भ.न.पा. ४ वडाका वडाध्यक्ष **उपेन्द्र सुवाल**ले वडाका विभिन्न स्थानहरूमा सांस्कृतिक जात्रा पर्व, नमुना प्रदर्शनी, परम्परागत खेल कसिमला पाँयु, नेवार जनजीवनका गतिविधि प्रदर्शनीका लागि राखिने स्टलहरूबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा वडा सदस्य **कृष्णसुन्दर प्रजापति**, पूर्वजनप्रतिनिधि **पशुपति प्रजापति, राजेन्द्र माक, न्हुछेराम भेले, हाकुज्या प्रजापति** समाजका प्रतिनिधि **बालकृष्ण प्रजापति,** वडा सचिव **इन्द्र मचामसी**लगायतले महोत्सव व्यवस्थापनका लागि आवश्यक तयारीबारे बोल्नुभयो ।

## सचेतनामूलक कार्यक्रम सम्पन्न



भक्तपुर नगरपालिका ७ वडा कार्यालयको आयोजनामा भक्तपुर महोत्सव २०८१ को अभिमुखीकरण तथा लैंगिक हिंसा विरुद्धको सचेतनामुलक कार्यक्रम वडास्तरीय भेला मंसिर १८ गते सम्पन्न भयो ।

भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले एक्काइसौं शताब्दीमा पनि लैङ्गिक हिंसा हुनु चेतनास्तरको कमी भएको बताउँदै विभिन्न सामाजिक गतिविधिमार्फत सुधार गर्दै लानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले पछिल्लो समयमा महिलासँगै पुरुषहरूमा पनि हिंसा बढ्दै गएको तर त्यसको तथ्याङ्क नभएको बताउनुभयो ।

उहाँले सम्पत्तिको लोभमा कतिपय महिलाहरूले विवाह गर्ने र केही दिनमै छोडपत्र गर्ने जस्ता विकृति फैलिँदै गएकोले त्यसलाई न्यूनीकरण गर्न सक्रिय भएर लाग्नुपर्छ भन्नुभयो ।

उहाँले नयाँ पुस्ताका विद्यार्थीहरूलाई घोकन्ते शिक्षाभन्दा नैतिक शिक्षा सिकाउनुपर्ने आवश्यकता औँल्याउँदै रोजगारीको लागि युवाहरू विदेश जाने बढ्दो क्रमलाई रोक्न शैक्षिक प्रणालीमा परिवर्तन गर्नुपर्छ भन्नुभयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाको आयोजनामा हुने भक्तपुर महोत्सवमा भक्तपुरको कला, संस्कृति, चाडपर्व र स्थानीय जीवनशैलीको नमुना प्रत्यक्ष अवलोकन गर्न पाउने हुँदा आ-आफ्नो क्षेत्रमा प्रचारप्रसार गरी सहयोग गर्न आग्रह गर्नुभयो ।



भनपा ७ वडाका वडाध्यक्ष **उकेश कवां**ले महोत्सवमा नगरवासीले फोहोर व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने बताउनु भयो । जनताको सहयोगी भावनाले गर्दा भूकम्पले क्षति गरेका सम्पदा पुनःनिर्माण गर्न सकेको कुरा बताउँदै उहाँले भक्तपुरको कला, संस्कृति, परम्परा र जीवनशैली नै हाम्रो पहिचान रहेको बताउनुभयो ।

भक्तपुर महोत्सवका संयोजक **गौतमप्रसाद लासिवा**ले महोत्सवलाई सफल पार्न विगतमा झैँ नगरवासीले आफ्नो क्षमता प्रदर्शन गर्नेमा नगरपालिका विश्वस्त रहेको बताउनु भयो ।

कार्यक्रममा वडा सदस्य रञ्जना त्वाती र हिरा ख्याजुले पनि बोल्नुभएको थियो ।

# भक्तपुर महोत्सव व्यवस्थापनको लागि संस्कृतिकर्मीहरूको भेला




भक्तपुर महोत्सवमा प्रदर्शन हुने सांस्कृतिक गतिविधि व्यवस्थापनको लागि मंसिर १९ गते भक्तपुर नगरपालिकाको आयोजनामा संस्कृतिकर्मीहरूको भेला कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा सम्बोधन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महोत्सव व्यवस्थापनको लागि सरोकारवाला निकायहरूसँग नियमित छलफल र बैठकहरू हुँदै आएको बताउँदै भक्तपुरको जीवनशैली, खानपान, शैक्षिक गतिविधि, सांस्कृतिक गतिविधि, परम्परागत सीप र खेलकुदलगायत गतिविधि प्रदर्शन गर्ने उद्देश्यले भक्तपुर महोत्सवको आयोजना भएको बताउनुभयो।

भक्तपुरको दिगो पर्यटन विकास र प्रवर्द्धनमा पनि महोत्सवले विशेष टेवा पुर्‍याउने बताउँदै उहाँले पाँच दिने महोत्सवलाई उल्लासमय बनाउन सबैको साथ र सहयोगले मात्र सम्भव हुने बताउनुभयो।

भक्तपुका परिश्रमी जनताको अथक मेहेनत र परिश्रमले भक्तपुरको विकास अगाडि बढेको हो भन्दै उहाँले यो महोत्सवले भक्तपुरबारे अध्ययन अनुसन्धान गर्ने अध्येताहरूको लागि राम्रो अवसर पनि हुने बताउनुभयो।

सम्पदा पुनःनिर्माणमा भक्तपुर नपाले विदेशी सङ्घ संस्थाबाट कुनै सहयोग नलिएको प्रसङ्ग जोड्दै स्थानीय जनताकै साथ र सहयोगमा भक्तपुरको पुनःनिर्माण सम्पन्न भएको हो भन्नुभयो।



उहाँले भक्तपुर नगरपालिकाले लोप भइसकेको सम्पदाहरूको उत्खनन् गरी मौलिक स्वरूपमै पुनःनिर्माण गर्ने प्रयत्न गरिरहेको बताउँदै लोपोन्मुख सम्पदाहरूलाई संरक्षण गर्ने कार्यलाई पनि चालु राखेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् भक्तपुर महोत्सव सांस्कृतिक कार्यक्रम व्यवस्थापन समितिका संयोजक **रविन्द्र ज्याख्व**ले महोत्सवमा हुने सांस्कृतिक प्रदर्शनी व्यवस्थापन गर्ने विषयमा प्रष्ट पार्नुभयो। उहाँले सांस्कृतिक प्रस्तुती अन्तर्गत १४८ वटा दर्ता भइसकेको जानकारी गराउनुभयो। महोत्सवकै अवसरमा २९ गते क्वाठण्डौं टोलमा खुल्ला बाँसुरी प्रतियोगिता समेत आयोजना हुने बताउनुभयो।

कार्यक्रममा भक्तपुर महोत्सव सचिवालय संयोजक **गौतमप्रसाद लासिवा**ले भक्तपुरको अहिलेसम्मको तयारीबारे प्रष्ट पार्नुभयो। उक्त कार्यक्रममा समितिका सदस्य **हेरा ख्याजु**ले पनि महोत्सवको आकर्षणबारे प्रष्ट पार्नुभयो।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ब्यासी-२, भक्तपुर**

**युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१९ गते

आ.व. २०८१।०८२ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिकरूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशीलता ऋण प्रदान गर्ने भएकोले उद्यमशीलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजसहित भक्तपुर नगरपालिकामा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**
१. तोकिएको ढाँचामा निवेदन।
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशीलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र।
३. निवेदक र अभिभावकको नागरिकताको प्रतिलिपि।
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र।
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव।
६. भ.न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाणपत्र।

# ‘सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार ठेक्कामा गराउनु उचित होइन ’

– सुनिल प्रजापति
**प्रमुख, भक्तपुर नगरपालिका**

भक्तपुर देशका सानो जिल्ला भए पनि ऐतिहासिक र सांस्कृतिक रूपमा यो देशकै केन्द्रको रूपमा अवस्थित छ। काठमाडौँ उपत्यकामा थुप्रै मूर्त र अमूर्त सम्पदाहरू छन्। स्थानीय पालिकाहरूले त्यसको संरक्षण र संबर्द्धन गर्दै आएका छन्। त्यस क्रममा पालिकाहरूले विभिन्न समस्याहरू भोगिरहेका छन्। भूकम्पपछि भक्तपुर, काठमाडौँ र ललितपुरमा धेरै सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धारहरू भए। जहाँ स्थानीय जनताबाट उपभोक्ता समितिमार्फत कामहरू भए, त्यहाँ राम्रा कामहरू भएका छन्। भक्तपुरमा ङातापोलँ (पाँच तले मन्दिर) र भैरवनाथलगायत धेरै मठ मन्दिर, पाटी, पौवा, पोखरी ढुङ्गेधाराहरू र ललितपुरको भीमसेन मन्दिरलगायतका सम्पदाहरू जीर्णोद्धार गर्दा प्रशस्त जनश्रमदान र आर्थिक सहयोग उठेको थियो। यदि त्यही काम ठेक्कामा गराएको भए त्यहाँ जन श्रमदान, आर्थिक र जिन्सी सहयोग उठ्ने सम्भावना थिएन।



ङातापोलँ जीर्णोद्धारको क्रममा ४ हजार २ सय जनाभन्दा बढी स्थानीयले श्रमदान गरे, १६/१७ लाख आर्थिक सहयोग उठ्यो र लाखौँ रुपैञा बराबरको जिन्सी पनि उठेको थियो। यदि त्यो टेण्डर गरेको भए झापा, कन्चनपुर वा अन्य क्षेत्रका मान्छेले पनि पाउन सक्थे। ठेकेदारले सम्पदाको ऐतिहासिक र सांस्कृतिक महत्त्वबारे मतलब राख्दैन। उसले जसरी हुन्छ छिटो निर्माण सम्पन्न गर्ने र बढीभन्दा बढी नाफा कमाउने उद्देश्यले काम गर्छ। त्यस्ता ठेकेदारको हातमा विश्व प्रसिद्ध ङातापोलँ वा ललितपुरको भीमसेन मन्दिर परेको भए के हुन्थ्यो ? हाम्रो मौलिकता बाँकी रहन्थ्यो होला ? कानूनमै सम्पदाहरू स्थानीय जनताका उपभोक्ता समितिबाट मात्र गर्ने बन्दोबस्त गर्न आवश्यक छ। त्यसले देशको सम्पदाको संरक्षणमात्र हुने होइन, त्यसमा जनताको अपनत्व र गुणस्तरीय निर्माण पनि हुने छ।

काठमाडौँको रानीपोखरी पुन:निर्माणको क्रममा ठूलो विवाद भयो। पुन:निर्माण प्राधिकरणका तत्कालीन प्रमुख कार्यकारी निर्देशक सुशिल ज्ञवाली प्रविधिकहरूको टोलीसहित भक्तपुर आउनु भयो। उक्त पोखरी भक्तपुरका दक्ष जनशक्तिले मात्रै पुरानै शैलीमा सक्ने हुँदा सहयोगको लागि आग्रह गर्नुभयो। हामीले त्यो रानी पोखरी काठमाडौँका जनताको मात्र नभइ देशकै महत्त्वपूर्ण सम्पदा भएको बताउँदै सहयोग गर्ने वचन दियौँ। ठेक्कामा गर्नेमा हाम्रो सहमति नभएको उल्लेख गर्दै उपभोक्ता समितिमार्फत गर्ने भए जिम्मेवारी लिएर काम गर्न सक्ने बतायौँ। त्यसको लागि डकर्मी, सिकर्मी, इन्जिनियर, आर्किटेक्ट र आवश्यक सबै सहयोग गर्न तयार भएको बतायौँ र करिब १०० जना भक्तपुरका कालिगडहरूले ८ महिना लगाएर काठमाडौँको रानी पोखरी मौलिक शैलीमै बनाएको यहाँ स्मरण गर्न चाहन्छौँ।

उपत्यकाका सम्पदाहरू राज्यकै अमूल्य सम्पत्ति हुन्। कतिपय विश्व सम्पदामा सुचिकृत छन्। त्यसको संरक्षण उपभोक्ता समिति वा लाभग्राहीबाट बनाउने कानून निर्माण अहिलेको आवश्यकता हो। त्यसको औपचारिक प्रस्ताव महालेखा परीक्षकको कार्यालयबाट जानु राम्रो हुन्छ। उपभोक्ता समितिबाट भएका काममा मौलिकता जोगिन्छ, सम्पदामा स्थानीय जनताको अपनत्व कायम हुन्छ, स्थानीय श्रोत र साधनहरूको अधिकतम उपयोग हुनुका साथै गुणस्तरीय निर्माण हुने पनि हाम्रो आफ्नै अनुभव छ।

२०७२ सालको भूकम्पपछि जर्मनी सरकारले नेपाल सरकारमार्फत भक्तपुरका सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धारका लागि १ अर्ब २० करोड रुपैयाँ (१ करोड युरो) अनुदान दिने सम्झौता भएको थियो। उनीहरूले नै आवश्यक प्राविधिकहरू नियुक्ति गर्ने, उनीहरूले सिफारिस गरेकै सामान खरिद गर्नुपर्ने, लेखा परीक्षक उनीहरूकै नियमानुसार नियुक्ति गर्नुपर्ने, उनीहरूकै कानून अनुसार चल्नुपर्ने, मुद्दा उनीहरूकै देशमा चलाउने बुँदाहरू सम्झौतामा उल्लेख भएको पाएपछि त्यसमा सुधारको निम्ति लामै छलफल गऱ्यौँ। जर्मनी सरकार पक्ष कुनै पनि बुँदामा संशोधन गर्न सहमति नभएपछि हामीले त्यो सहयोग स्वीकार गर्न सकेनौँ। विदेशीको सहयोगबिना अहिलेसम्ममा भक्तपुर नगरपालिकाले १५० ओटाभन्दा बढी महत्त्वपूर्ण सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ। अझै दर्जनौँ सम्पदाहरूको पुन:निर्माण

जीर्णोद्धारको कार्य भइरहेको छ।

केही वर्ष अघिको कुरा हो, पुन:निर्माण प्राधिकरणले भक्तपुरलाई सम्पदा पुन:निर्माणको लागि रु.५ करोड सहयोग गर्ने निर्णय भएको जानकारी पायौँ। हामीले सम्पूर्ण कागजातसहित नियमानुसार योजनाहरू पेश गर्‍यौँ। प्राधिकरणको आयोजनामा भएको विश्वसम्पदामा सूचिकृत नगरका प्रमुखहरू र प्रमुख प्रशासकीय अधिकृत तथा प्राविधिकहरू सहितको एउटा बैठकमा योजनाहरूको फाइल बुझायौँ। प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक शुशील ज्ञवालीले त्यही बैठकमा भक्तपुर नगरपालिकाले पेश गरेका सबै योजनाहरू स्वीकृत भएको घोषणा गर्नुभयो। हामी खुशी भयौँ।

तर, लामो समयसम्म कुनै काम अगाडि बढेन। पछि हामीले ताकेता गर्दा कन्सल्टेन्सीको स्वीकृति चाहिने कुरा भयो। संयोगले कन्सल्टेन्ट पनि भक्तपुरकै पर्‍यो। हामीले नगरपालिकामा बोलाएर सोध्यौँ। पछि कन्सल्टेन्ट आएर रु.५ करोडमध्ये साढे २ करोड उपभोक्ताले र साढे २ करोड ठेक्कामा दिने कुरा भयो। त्यसबारे नगरपालिकाको विचार बुझ्न पठाएको भन्नुभयो। हामीले उपभोक्ता समितिले गर्ने भनिएको साढे २ करोडमात्र पठाइ दिनु भनी जवाफ पठायौँ। रकमभन्दा पनि हामीले गर्दै आएका कामको शैली परिवर्तन गर्न चाहेनौँ। पछि प्राधिकरणले एक पैसा पनि पठाएन। त्यो पैसा अस्वीकार गर्‍यौँ तर सम्पदा ठेक्कामा दिने कामलाई हामीले स्वीकार गरेनौँ।

ठेक्काको काम कस्तो हुन्छ भनी बुझ्न अहिले पुरातत्त्व विभागले ठेक्कामा दिएको भक्तपुरको दरबार क्षेत्रस्थित पशुपति मन्दिर हेरे पुग्छ। विश्व सम्पदामा सूचिकृत त्यो ठाउँमा जस्तापाताको छाना राखेर अधुरो काम देखाएर राखेको छ। हामीले कति त्यहाँका पुरातत्त्व विभागका हाकिमहरूलाई भन्ने ? उहाँहरू ठेकेदारले राम्रोसँग काम नगरेको भनी लाचारी व्यक्त गर्नु हुन्छ। दैनिक हजारौँ स्वदेशी र विदेशी पर्यटकहरू आउने विश्व सम्पदामा सुचिकृत ठाउँमा प्राचीन स्मारक संरक्षण ऐन विपरीतका कामहरू गर्नु हुने थिएन। अरूले गर्दा नियन्त्रण गर्नु पर्नेमा पुरातत्त्व आफैले त्यस्तो कामहरू गर्दा कसले कारबाही गर्ने ?

अहिलेको आर्थिक ऐनअनुसार एक करोडसम्म मात्र उपभोक्ता समितिले गर्न मिल्छ। भक्तपुर नपाले थन्थु दरबार अहिले पुन:निर्माण गर्दै छ। एक तलाको लागि काठ मात्रै २ करोड जतिको खरिद गरिसकेका छौँ। वर्कसपहरू बनाएर सबै काम गरिरहेका छौँ। सयौँ वर्ष अघि हाम्रा पुर्खाहरूले त्यत्रो उत्कृष्ट सम्पदाहरू निर्माण गर्न सक्नु हुन्थ्यो भने अहिले हामीले त्यसको संरक्षण किन गर्न नसक्ने भन्ने भावनाले हामीले काम गर्दै छौँ र नयाँ पुस्तालाई उत्साहित गर्दै छौँ।

अहिले हामी आफै इन्जिनियरिङ कलेजहरू खोलेर वर्षमा सयौँ इन्जिनियरहरू उत्पादन गर्छौँ। अन्य विषयहरूमा पनि स्नातक र स्नातकोत्तरसम्म पढाउँछौँ। यो अवस्थामा पनि स-साना कामहरू पनि ठेक्कामा दिने हो भने हाम्रो औचित्य नै रहने छैन।

महालेखा परीक्षकको कार्यलयप्रति हाम्रा केही सुझाव र गुनासाहरू पनि छन्। महालेखाले प्रारम्भिक प्रतिवेदन छिटो पालिकाहरूमा पठाएको खण्डमा समयमै प्रतिवेदनले औँल्याएका विषयहरूमा सुधार गर्ने अवसर पाउने छौँ। पुराना बेरुजुहरू फछ्र्यौटको लागिमात्र पनि निश्चित समय तोकी दिएको भए त्यसले बेरुजु घटाउन मदत पुग्ने थियो। पालिकाका लेखा हेर्ने पदाधिकारीहरूलाई समयअनुसार नयाँ नया प्रविधिको बारे तालिमहरू दिनेतर्फ ध्यान दिने आशा गर्दछु।

अर्को, नगरपालिकाका अवकाश प्राप्त कर्मचारीहरूका बारेमा छ। नपाको नियमानुसार ३०-३५ वर्षसम्म सेवा गरेर अवकाश पाएका कर्मचारीहरूको उपदान असुल उपर गर्ने भनेर लेखेका छन्। एकै जनासँग दशौँ बीसौँ लाख असुल उपर गर्नुपर्ने छ। हामीले त्यसको चिठी लेख्न सकेनौँ। ३० औँ वर्ष काम गरेका कर्मचारीहरूसँग कसरी रकम फिर्ता लिने ? अरूसँग नियमानुसार सबै असुल गरिसकेका छौँ। तर कर्मचारीहरूको त्यो उपदान फिर्ताको चिठी लेख्न हाम्रो हात गएन। यसरी कर्मचारीको मनोबल कसरी बढ्छ ? हामी स्वयं कर्मचारी भएर एकचोटि सोचौँ त के त्यो न्यायोचित हो ?

आर्थिक ऐनमा कम रकम बोल कबोल गरेकालाई ठेक्का दिनुपर्ने व्यवस्था अर्को समस्या हो। ५० प्रतिशतभन्दा कम बोल कबोल गर्नेले कुन गुणस्तरको निर्माण गर्छ ? अति सस्तो पनि राम्रो गुणस्तर पनि त्यो सम्भव हुँदैन। गुणस्तरीय निर्माणको लागि लगानी पनि त्यही अनुसार हुनुपर्छ भन्ने हामीलाई लाग्छ।

अछाम दरबारमा हालैमात्र छाना छाएको समाचार सुन्यौँ। २०७३ सालमा अछाम जाँदा मंगलसेन दरबारको एक तला बनिसकेको थियो। एउटा सम्पदा निर्माण गर्न एक दशक लाग्ने हो भने कसरी हाम्रो देशको विकास सम्भव होला ? सम्पदा पुन:निर्माणका लागि काठमात्र सरकारी मूल्यमा उपलब्ध गराएमा पनि झन्डै आधा खर्चमा सम्पदा पुन:निर्माण गर्न सकिन्छ। टेन्डर गरेर काठ लिनु पर्छ। सरकारी दर ३००० ले पाउने काठको ७००० तिर्नु पर्छ। काठमात्र सरकारी मूल्यमा पाएको भए १५।१६ करोड लागत इष्टिमेट भएको थंथु दरबार १०।१२ करोडमै सकिन्छ होला। त्यसतर्फ महालेखा परीक्षकज्यू लगायत सम्बन्धित सबैले सोच्ने आशा गर्छौँ। धन्यवाद !

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महालेखा परीक्षकको कार्यालय काठमाडौँले कार्तिक ७ गते राजधानीमा आयोजित आर्थिक सुशासनका लागि लेखापरीक्षण र बेरुजु फछ्र्यौट सम्बन्धी छलफलमा व्यक्त गर्नु भएको मन्तव्यको सार सङ्क्षेप)*

# भाज्या पुखूको डिल कायम गर्ने सहमत



भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भाज्या पुखूको दक्षिणी डिलमा २० फिटको बाटो खोल्ने विषयमा भक्तपुर नगरपालिका, त्रिभुवन विश्वविद्यालय र भक्तपुर क्याम्पासबिच सहमति भएको छ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको संयोजकत्वमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजाल र भक्तपुर क्याम्पसका क्याम्पस प्रमुख कविता लुइँटेलसहितको उपस्थितिमा कार्तिक २८ गते बसेको बैठकले पोखरीको डिल निर्माण गर्ने सहमति गरेको हो।

उक्त बैठकले **'भाजु पोखरीको दक्षिणतर्फ तथा भक्तपुर बहुमुखी क्याम्पसको उत्तरतर्फको खण्ड सौन्दर्यीकरणलाई सहयोग पुग्ने गरी पुरातात्त्विक क्षेत्रको संरक्षणसम्बन्धी कानुनी व्यवस्थालाई दृष्टिगत गरी २० फिट बाटो कायम गरी भक्तपुर नगरपालिकाले क्याम्पसको लागि पर्खाल र प्रवेशद्वारा निर्माण गर्ने'** निर्णय गरेको हो।

बैठकमा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले भाजु पुखूको दक्षिणपट्टिको डिल सम्बन्धमा स्वामित्व र सदुपयोगसम्बन्धी भक्तपुर नपा र भक्तपुर ब. क्याम्पसबिच बुझाइमा भिन्नता भएको र सो सम्बन्धमा कलेजका विद्यार्थीहरूबाट शान्तिपूर्ण र सुरक्षित अध्ययनको व्यवस्थाको लागि निवेदनसमेत प्रस्तुत गरेको जानकारी गराउनुभयो। उहाँले उक्त विषयमा सरोकारवालाहरूको समझदारीबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो।






भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भाजु पुखू संरक्षणबारे विगतदेखि भइरहेको पहलबारे जानकारी गराउनुहुँदै पोखरी र क्याम्पस दुवैको संरक्षण गर्न आवश्यक नक्सा बनाई अगाडि बढिरहेको जानकारी गराउनुभयो ।



त्रिविका रजिष्ट्रार प्रा.डा. **केदारप्रसाद रिजाल**ले भाजु पुखूको दक्षिणतर्फ बन्ने सडकमा सवारीसाधन निषेध गर्ने ढङ्गले अगाडि बढ्नुपर्नेमा जोड दिनुहुँदै पोखरी र क्याम्पस सबैको साझा सम्पत्ति भएको बताउनुभयो ।





निर्णयहरु

१. उक्त विवाद समाधान गर्ने विषयमा सबै पक्षहरुबीच सकरात्मक धारणा सहित बिभिन्न सुझाव प्रस्तुत भई बिस्तृत रुपमा छलफल गरियो।

२. भक्तपुर बहुमुखी क्याम्पसको उन्नयन, विकास र संस्थागत सुदृढीकरणको लागि भक्तपुर नगरपालिका, स्थानीय प्रशासन तथा सम्बद्ध सरोकारवालाहरुबाट आगामी दिनमा उपयुक्त सहयोग र सहजीकरण गर्ने।

३. भाजु पोखरीको दक्षिणतर्फ तथा भक्तपुर बहुमुखी क्याम्पसको उत्तरतर्फ उक्त पोखरी र क्याम्पसको सो खण्डको सौन्दर्यकरणलाई सहयोग पुग्ने गरी पुरातात्विक क्षेत्रको संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई दृष्टिगत गरी नापी नक्शामा जतिसुकै भएपनि २० फिट बाटो कायम गरी भक्तपुर नगरपालिकाले क्याम्पसको लागि पर्खाल र प्रवेशद्वार यथाशीघ्र निर्माण गर्ने सहमति भयो।

प्रमुख जिल्ला अधिकारी

भक्तपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख **कविता लुइँटेल**ले भक्तपुर क्याम्पस र भाजुपाखेरीबिचको समस्या अहिलेको मात्र नभई धेरै पुरानो समस्या भएको बताउनुहुँदै क्याम्पसलाई न्यून क्षति हुने गरी त्रिविबाट समस्या समाधानको लागि आवश्यक पहल गरिनुपर्नेमा जोड दिनुभयो ।

उक्त बैठकमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवाल, सहायक प्रजिअ डोरेन्द्र निरौला, स्मारक संरक्षण तथा दरबार हेरचाह केन्द्रका प्रमुख अरुणा नकर्मी, प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकी, सहायक क्याम्पस प्रमुख लक्ष्मीसुन्दर लवजू, सहायक क्याम्पस प्रमुख डा. सरोजकुमार तिमिल्सिना, विद्यार्थी कल्याण प्रमुख शेरसिंह रैखोला, प्राविधिक अधिकृत श्यामराज सुवेदीलगायतको उपस्थिति रहेको थियो ।

## चीनका प्राचीन नीतिकथा

### af]h[sf] dx®j

एक दिन एउटा उल्लुले परेवासँग भन्यो, 'म अब यो ठाउँ सधैँका लागि छाडेर जाँदैछु ।'

'किन जान लागेको र कहाँ जान लागेको ?' परेवाले उल्लुसँग सोध्यो ।

उल्लुले भन्यो, 'मेरो बोली यहाँ कसैले पनि रुचाएनन् । यसैले म पूर्वतिर बसाइ सर्दैछु ।'

उसको कुरा सुनेर परेवाले भन्यो, 'तिमीले आफ्नो बोली फेर्‍यौ भने त सबै कुरा ठिक भइ हाल्छ नि । तिमीले बोली फेरेनौ भने पूर्वमा गए पनि जहाँ गए पनि तिमीलाई कसैले पनि रुचाउने छैन ।'

अनुवादः विनय कसजू

# विस्तृत शान्ति सम्झौता : द्वन्दपीडितका निराशाजनक डेढ दशक

**विवेक**

तत्कालीन आन्दोलनरत सात राजनैतिक दल र सशस्त्र सङ्घर्षरत माओवादीबिच विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पूरा भयो। २०६३ साल मंसिर ५ गते शान्तिपूर्ण आन्दोलनरत ७ राजनैतिक दल– नेमकिपा, नेका, नेका (प्र), नेकपा एमाले, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आ) र वाम मोर्चा तथा माओवादीबिच विस्तृत शान्ति सम्झौता भएको थियो। राजधानीमा सम्पन्न उक्त शान्ति सम्झौतामा ७ दलको तर्फबाट गिरिजाप्रसाद कोइराला र सशस्त्र सङ्घर्षरत दलको तर्फबाट माओवादी अध्यक्ष 'प्रचण्ड'ले हस्ताक्षर गरेका थिए। त्यस कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका कोही पनि नेता तथा प्रतिनिधिको उपस्थिति थिएन।

उक्त सम्झौताको दफा ६.१ मा 'कार्तिक २२ गते 'सात राजनैतिक दल र नेकपा (माओवादी)बिच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार र माओवादीबिच चालु युद्ध विरामलाई स्थायी रूप दिँदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौँ' भन्ने उल्लेख गरियो।

त्यही मितिबाटै माओवादीले २०५२ साल फागुन १ गतेदेखि सञ्चालन गर्दै आएको सशस्त्र सङ्घर्षको विधिवत अन्त्य भएको हो। द्वन्द्वकालमा राज्य र माओवादी गरी दुवै पक्षले धेरै क्षति व्यहोनु पर्‍यो। त्यस आन्दोलनमा जम्मा १७ हजारको ज्यान गएको उल्लेख गरिएको छ भने खर्बौंको राज्यको सम्पत्ति क्षति भएको देखाइएको छ। सयौँ बेपत्ताहरूमध्ये अहिलेसम्म तिनीहरूको स्थिति सरकारले औपचारिक रूपमा घोषणा गरेको छैन। सत्य निरूपण तथा बेपत्ता आयोग ऐन हाल कार्यान्वयनको चरणमा छ।

२०५२ सालदेखि २०६३ मंसिर ५ गतेसम्मको १० वर्षको अवधिलाई नेपालको इतिहासमा एक किसिमको चरम अशान्ति र असुरक्षित समयको रूपमा लिन सकिन्छ। कुनै पनि व्यक्तिको जीवनको ठेगान थिएन। बिहान बाहिर निस्केको व्यक्ति घर फर्केला वा नफर्केला भन्ने परिवारले चिन्ता लिनुपर्ने अवस्था थियो। माओवादीले व्यक्तिगत शत्रुलाई समेत वर्ग दुश्मनको बिल्ला लगाई अपहरण र हत्या गर्थे भने राज्य पक्ष विपक्षी पार्टीका नेता तथा कार्यकर्ता र सर्वसाधारण जनता समेतलाई आतङ्कवादी देख्थे। दुवै पक्षको पेलाइमा परेर सर्वसाधारण जनताले असाध्य दुःख पाएका थिए।

२०५८ सालको दरबार हत्याकाण्डपछि नेपालको राजनीतिले नयाँ मोड लियो। तत्कालीन राजा वीरेन्द्रसमेत राज परिवारको हत्याको आरोप ज्ञानेन्द्रलाई लगाइयो। ज्ञानेन्द्र राजा भए पछि उनले चालेको कदमले झन उनीप्रति जनताको विश्वास घट्न गयो। दलहरूले शान्तिपूर्ण आन्दोलनलाई थप सशक्त बनाउन थाले। त्यसप्रति दरबार झन् झन् कठोर बन्दै गयो। २०६१ माघ १९ गते सम्पूर्ण राज्य शक्ति (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) अधिकार राजा ज्ञानेन्द्रले आफ्नो हातमा लिए। शान्तिपूर्ण आन्दोलनरत सात राजनैतिक दलका नेताहरूलाई गिरफ्तार र घरमै नजर बन्द गरियो भने सबै राजनैतिक अधिकारहरू खोसियो। त्यो राजा महेन्द्रले चालेको कदमकै नक्कल थियो। तर, समय धेरै अघि बढिसकेको र जनता राजनैतिक रूपमा सचेत भइसकेको हुँदा ज्ञानेन्द्रको त्यो कदम सफल भन्ने हुन सकेन।

जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ भनेझैँ राजाले गरेको चर्को दमनको विरोधमा सात राजनैतिक दलले झन् सशक्त आन्दोलनहरू गर्न थाले। दरबारले एकातिर शान्तिपूर्ण आन्दोलनरत दललाई दमन गरिरहेको थियो भने अर्कोतिर माओवादीप्रति पनि दरबार कठोर बन्दै थियो। यसको परिणाम ७ दल र माओवादीबिच बाह्र बुँदे समझदारीसम्म पुर्‍यायो।

बाह्र बुँदे समझदारीको एउटा महत्त्वपूर्ण पक्ष भनेको सशस्त्र आन्दोलनरत माओवादीलाई समेत संसद् पुनःस्थापनाको मागमा सहमत गराउन सक्नु हो। २०५८ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसद् विघटन गरेदेखि नेपाल मजदुर किसान पार्टी एक्लैले संसद् पुनःस्थापनाको माग गर्दै आन्दोलन गर्दै आएको थियो। पछि संयुक्त आन्दोलनको क्रममा पनि त्यो माग अगाडि आयो। नेकाले आधिकारिक रूपमा स्वीकार गरेपछि त्यो माग सात राजनैतिक दलको साझा माग बन्न पुग्यो। तर, एमाले भने त्यो मागप्रति कहिल्यै सकारात्मक थिएन। आन्दोलन चर्किँदै गएर २०६३ वैशाख ११ गते संसद् पुनःस्थापना घोषणाकै दिन २।३ घण्टा अगाडि मात्रै एमाले केन्द्रीय समितिले संसद् पुनःस्थापनाको मागलाई औपचारिक रूपमा स्वीकार गरेको थियो। जन आन्दोलनको क्रममा एमालेका नेताहरूले पटकपटक संसद् पुनःस्थापना 'असम्भव', 'मरेको मान्छे बिउँतिए मात्रै पुनःस्थापना हुने' भनी त्यो मागप्रति असन्तोष व्यक्त गर्ने गरेका थिए।

संसद् पुनःस्थापना नेपालको राजनैतिक इतिहासमा एक महत्त्वपूर्ण घटना थियो। संसद् पुनःस्थापना भएपछि नै पुनःस्थापित संसद्ले राजदरबारको विशेषाधिकार कटौती गर्न, संविधानसभाको निर्वाचन र गणतन्त्रसम्म पुग्न सम्भव भएको हो।

विस्तृत शान्ति सम्झौता भएको डेढ दशक बितिसक्दा पनि जनताले अपेक्षा गरेअनुसारको परिवर्तन भएन। द्वन्द्वकालमा ध्वस्त भएका सबै संरचनाहरू अझै पुनःनिर्माण भइसकेका छैनन्, सत्य निरूपण तथा बेपत्ता आयोग ऐन भर्खर निर्माण भई कार्यान्वयनमा आएको छ। राहत पाउने आशामा बसेका द्वन्द्व पीडितहरू कतिले ज्यान गुमाइसके भने कतिले न्याय पाउने आशा मारिसकेका छन्। कानुनका सर्वमान्य सिद्धान्तअनुसार ढिलो न्याय दिनु पनि अन्याय नै हो। अहिले सरकारको पक्षबाट द्वन्द्व पीडितहरूलाई अन्याय भइरहेको पीडितहरू अनुभव गर्दै छन्।

शान्ति प्रक्रियाको यो अवधिमा माओवादीहरू पटकपटक सरकारमा गए। ३ पटक त माओवादी अध्यक्ष 'प्रचण्ड'ले सरकारकै नेतृत्व गरिसकेका छन्। त्यस अवधिमा आफूलाई सम्झौताको एउटा पक्ष भनेर दाबी गर्ने माओवादीले अहिलेसम्म पीडितका लागि राज्यकोष बाँड्नुदेखि बाहेक केही पनि गर्न सकेका छैनन्।

सशस्त्र युद्धमा रहँदा र शान्ति प्रक्रियामा आएको केही वर्षसम्म नेका, एमालेलगायतका संसद्मा प्रतिनिधित्व गर्ने अरू राजनैतिक दलहरूलाई माओवादीहरू 'संसद्वादी' भनी आलोचना गर्थे। अहिले माओवादी पनि नेका र एमालेकै तहमा संसद्वादी प्रमाणित भइसकेको छ। जसरी पनि चुनाव जित्ने, सरकारमा जाने र पुँजीवादी संसद्मै रमाउने पार्टीहरू संसद्वादी हुन्छन्। कम्युनिष्टहरूले संसद्लाई जनताको हित र क्रान्तिको पक्षमा उपयोग गर्छन्। उनीहरू संसद्लाई साधनको रूपमा मात्र प्रयोग गर्छन् साध्यको रूपमा होइनन्। संसद्वादी पार्टीको रूप धारण गरिसकेको माओवादीहरू के अहिले क्रान्तिकारी धारमा फर्किन सक्छन् ? त्यो बिलकुल असम्भव छ। उनीहरूको व्यवहारले त्यही देखाउँछ।

माओवादीहरू आफ्नै कारण सिधिँदैछन्। त्यतिबेलाको माओवादी अहिले छिन्न भिन्न भइसकेको छ। माओवादीका प्रमुख नेता मध्येका भनी परिचित डा. बाबुराम भट्टराई नेपालको संविधानको घोषणाको लगत्तै पार्टी परित्याग गरी विभिन्न पार्टी निर्माण, विघटन र एकीकरण गर्दै अस्तित्व रक्षाको लागि लडिरहेका छन् भने मोहन वैद्य, विप्लव, धर्मेन्द्र बास्टोलालगायत पनि छुट्टा छुट्टै समूहमा क्रियाशील छन्। माओवादीको शक्ति एकपछि अर्को क्षिण हुँदै गएको प्रष्ट छ। सशस्त्र सङ्घर्षको बेला देशको ८० प्रतिशत भूमि कब्जा गरेको दाबी गर्ने माओवादीहरू अहिले कहिले नेकाको सहयोगमा त कहिले एमालेको सहयोगमा चुनाव लड्नुपर्ने अवस्थामा पुगेका छन्। लडाकूहरू कोही उपचार गर्न नसकेर अस्पतालको शय्यामा छटपटिरहेका छन् त कोही खाडी मुलुकमा पसिना बगाउँदैछन्। माओवादीलाई पुरानो आफ्नै कार्यकर्ताहरूले सत्तोसराप गर्दैछन्।

विस्तृत शान्ति सम्झौतापछि जनताले दलहरूलाई पूर्ण विश्वास गरेका थिए। त्यही विश्वासकै आधारमा ठूला दलहरूलाई निर्वाचनमा अत्यधिक मत पनि दिएका थिए। जनविश्वासअनुसार शासक दलहरूले काम गर्न सकेनन्। परिणाम जनता निराश बने। पछिल्ला निर्वाचनहरूमा केही जिल्लाहरूमा दलका उम्मेदवारहरूले भन्दा स्वतन्त्र व्यक्ति र पार्टीहरूले अत्यधिक मत प्राप्त गर्नुको अर्थ पनि यही हो।

अहिले राजनैतिक दलले आयोजना गरेका कार्यक्रमहरूमा जस्तै पूर्वराजा उपस्थित हुने कार्यक्रमहरूमा मानिसको भिड देखिन्छ। जनता अहिलेका शासक दलहरूबाट सन्तुष्ट छैनन् भन्ने त्यो एक सानो उदाहरण हो। देशमा राजनैतिक परिवर्तनसँगै जनताले जीवनस्तरमा सुधारको अपेक्षा गरेका थिए तर झन् झन् दुःख र कष्ट व्यहोर्नुपरेको छ।

द्वन्द्वसँग प्रत्यक्ष सम्बन्धित सत्य निरूपण तथा बेपत्ता आयोग गठन र त्यसको कार्यान्वयनको ढिलाइले विस्तृत शान्ति सम्झौताको उद्देश्य अझ पूरा भएको छैन भन्ने देखाउँछ। देशका भएभरका सम्पत्तिहरू निजी व्यापारीहरूको हातमा सुम्पेर देशको आर्थिक प्रगति सम्भव छैन। ९ ओटा उद्योग निजीकरणको चर्चा सेलाउन नपाउँदै पुनः 'धरहरा, दमक भ्यु टावर, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रदेखि गोदावरी सभाहलसम्म निजी क्षेत्रलाई जिम्मा दिने' (नयाँ पत्रिका ८ मंसिर) सरकारले तयारी गरेको समाचार छ।

देशको अर्थतन्त्र निजी क्षेत्रको नियन्त्रणमा जाँदै छ। यसले आर्थिक असमानता ल्याउने छ। जहाँ आर्थिक असमानता हुन्छ त्यहाँ विद्रोहको सम्भावना हुन्छ। एकपटक विस्तृत शान्ति प्रक्रिया मार्फत १० वर्षे सशस्त्र सङ्घर्षको अन्त्य भएको देशलाई निजीकरणले पुनः अर्को अशान्तिको बाटोतर्फ धकेल्ने सम्भावना छ।

विस्तृत शान्ति सम्झौताको उद्देश्य डेढ दशकमा पनि पूरा हुन सकेन। यो अवधि द्वन्द्व पीडितहरूका लागि असन्तोष र निराशाको अवधि रह्यो। त्यसैको परिणाम माओवादी नेता कार्यकर्ताहरूको मुद्दा क्रमशः ब्युँटिन थालेका छन्। समयमै सत्य निरूपण मेल मिलाप तथा बेपत्ता आयोग ऐनअनुसार पीडितले राहत पाएमा सहज हुने थियो। समयमा समाधान गर्न सकेन भने त्यसले थप जटिलता ल्याउन सक्ने हुँदा यसबारे समयमै सम्बन्धित सबै पक्ष सचेत हुनु जरुरी छ।

# आकाशमा चन्द्र उज्यालो, धर्तीमा अन्न



उपेन्द्र लामिछाने



शुक्रबार राति आकाशमा पूर्णिमाको चन्द्रले उज्यालो छरेको थियो । त्यही साँझ भक्तपुरका किसान मठमन्दिरअगाडि चन्द्रमाभन्दा चम्किला अन्नका कलाकृति पस्कँदै थिए । घरी आकाश घरी धर्ती नियाल्दै किसानका मुस्कुराएका अनुहार पूर्णिमाको चन्द्रमाभन्दा चम्किला देखिए ।

खेतीयोग्य जमिन मासिँदै गएको समयमा थोरै भए पनि भकारीमा धान भित्र्याएका यहाँका किसानले भुटेको अन्नद्वारा मठ, मन्दिर र भगवानका विभिन्न आकृति कोर्दा पूर्णिमाको रात आकाश मात्र होइन, धर्ती पनि चम्किलो बन्यो । घरघरमा उसिनेको पिँडालु खाएर 'सकिमना पुन्ही' मनाएका उनीहरूले धान, मकै, भटमासलगायत भुटेका गेडागुडीबाट न्यातपोल मन्दिर, बिस्केट रथ, गणेशलगायत विभिन्न देवीदेवताका आकृति बनाए ।

भुटेका गेडागुडी र मिठाइका परिकारबाट कलाकारिता प्रदर्शन गर्ने अनौठो प्रतिस्पर्धाले थुप्रैको मन लोभ्यायो । पूर्ण चन्द्रको उज्यालोमा अन्नको आकृतिसँगै पालामा बालिएका दियाहरू आकाशमा तारा जगमगाएजस्ता देखिन्थे । आकाश र जमिन एकैजस्तो लाग्थ्यो ।

संस्कृतिविद् ओम धौभडेल किसानले आफूभित्र लुकेर रहेको कलालाई अन्नमार्फत प्रस्तुत गर्ने यो दुर्लभ कलाकारिताले सबैको मन हर्ने सुनाउँछन् । अन्नले भकारी भरिएपछि किसानद्वारा सिर्जित यो कला अन्यत्र विरलै देख्न पाइने उनले बताए । 'सामान्य किसानले पनि अन्नका दाना खेलाउँदै विभिन्न आकृति बनाउँछन्,' उनले भने, 'धर्तीको थालमा कला पस्केसँगै उनीहरूको अनुहार पनि चन्द्रमाजस्तै हँसिलो हुन्छ ।' यो चित्रकलाले यहाँका प्राचीन वैभव झल्काउने उनले सुनाए ।

भक्तपुर टौमढीस्थित पाँचतले एवं भैरव मन्दिरअगाडि भुटेको गेडागुडीबाट बिस्केट जात्रामा उभ्याइने लिंगो र भैरव रथको आकृति निर्माण गरिएको थियो । त्यसैगरी यातु गणेशमा पनि भुटेको मकै, भटमासबाट भुइँमा देवताको आकृति बनाइएको थियो । जिल्लामा रहेका अन्य मन्दिरका आगाडि पनि अन्नबाट विभिन्न विम्ब निर्माण गरिएको थियो ।


समुदायमा रहेका गुठी, दाफा भजनले आआफ्नो टोलमा रहेको देवदेवीको मन्दिरअगाडि निर्माण गरिएका आकृतिसामु भजनकीर्तनसमेत गरे । ठूलो एकादशी मानिने हरिबोधिनी एकादशीको पाँच दिनपछिको पूर्णिमा यहाँका किसानका लागि महत्त्वपूर्ण मानिन्छ ।

सकिमना पुन्ही (पिँडालु उसिन्ने पूर्णिमा) मानिने यो पर्व मौसमसँग सम्बन्धित छ । जाडो याम सुरु भएको सङ्केतका रूपमा यो पर्व मनाइने गरेको मान्यता छ ।


स्रोत : नागरिक, १ मंसिर २०८१

## बासिबियाँलो

क) दिइएको चित्रमा कतिओटा छाता छन् ? उत्तर यसै अङ्कमा दिइएको छ ।




तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोर्‍याइ हात नझिकी अर्को धर्को तान्नुहोस्



# इतिहास र राजनीति : इतिहासको राजनीति

सुरेश ढकाल




'राष्ट्रवादी वा जातिवादी वा कट्टरपन्थी सिद्धान्तका लागि इतिहास त्यसरी नै कच्चा पदार्थ हो, जसरी अफिम हेरोइनको नसाका लागि हुन्छ। विगत (इतिहास) त्यस्तो सिद्धान्त बोक्नेहरूका लागि सम्भवतः अनिवार्य तत्त्व हो। यदि उपयुक्त विगत (इतिहास) छैन भने तिनले आफैंले त्यस्तो इतिहास आविष्कार गर्छन्।'

**एरिक हब्सवाम** (Eric John Ernest Hobsbawm, 1917-2012) को 'अन हिस्ट्री' (१९९८) पुस्तकको सार भन्न मिल्ने उपर्युक्त हरफ उनले इतिहासको उपयोग र दुरूपयोगबारेको छलफलका क्रममा व्यक्त गरेका हुन्। जनताको इतिहासको वकालत गर्ने इजिप्टमा जन्मिएका बेलायती प्राध्यापक हब्सवाम (१९१७-२०१२) इतिहासको सान्दर्भिकता र उपादेयताका बारेमा लेख्ने समकालीन इतिहासकारमध्ये अग्रणी व्यक्तित्व मानिन्छन्। उनको उपरोक्त भनाइ मानव विगतको राजनीतिसँगको सम्बन्ध वा राजनीतिकरणबारे बुझ्न उपयुक्त सन्दर्भ हुन सक्छ।

यस पुस्तकमा पनि अनेकौं सन्दर्भमा हामीले भनेका छौं कि पुरातात्त्विक अन्वेषण, उत्खनन र अध्ययन मानव इतिहासको महत्त्वपूर्ण आयाम हो। खास गरी पुरातात्त्विक अनुसन्धान प्रागैतिहासिक विगत थाहा पाउने एउटै मात्र माध्यम हो। पुरातात्त्विक अध्ययनले हामीलाई त्यो समयको बारेमा विश्वासिलो जानकारी दिन्छ, जति बेला अहिलेको जस्तो राज्यको अवधारणाको विकास भइसकेको थिएन। कतिपय अवस्थामा विश्वका महान् सभ्यताहरू विकास भएका थिएनन्।

आज राष्ट्र वा राष्ट्रिय पहिचान सबैभन्दा महत्त्वपूर्ण बन्न गएको समयमा वा समुदायको अथवा सामूहिक पहिचान महत्त्वपूर्ण बन्न गएको समयमा विगतको बारेमा अनेकन् राजनीतिक सबकथन बन्नु/बनाउनु अस्वाभाविक होइन। तर, पुरातात्त्विक अन्वेषणबाट प्राप्त ज्ञानले मात्र स्वार्थप्रेरित राजनीतिको आधारमाथि प्रश्न खडा गर्न सक्छ।

जसरी इतिहास शासक वा शक्तिशालीहरूको स्वार्थ अनुरूप लेखिन्थ्यो वा लेख्न लगाइन्थ्यो, त्यसै गरी वर्चस्वशाली समूहहरू प्राक्इतिहासको पनि आफू अनुकूल व्याख्या होस् भन्ने चाहन्छन्। मानव विगतको इतिहास आफू अनुकूल बनाएर ऊ वर्तमानमा राजनीतिक लाभ लिने अनेक प्रयत्न गर्छ। त्यसैकारण पुरातात्त्विक अन्वेषणहरूले सहजै राजनैतिक चरित्र र अर्थ ग्रहण गर्छन्।

धेरै दशक पहिलेदेखि नै नेपालीहरूको सरोकार रहने गरेको विषय हो, भारतीयहरूले गौतम बुद्धको जन्मस्थल वर्तमानको भारतीय सीमाभित्रै पर्छ भनी पटक पटक गरेको दाबी। यो दृष्टान्त खासमा शक्तिशालीहरूले गर्ने इतिहासमाथिको राजनीति नै हो।

शक्तिको आडमा विगतमाथि गरिएको दाबी हो। यस्तो (झूटो) दाबीका विभिन्न कारण हुन सक्छन्। तर, मुख्यतया राजनीतिक लाभ, आर्थिक फाइदा र संस्कृति समृद्ध देखाउने लालसा नै हो। यस्तो हेपाहा खाले दाबी उसले मात्र गर्न सक्छ, जोसँग शक्ति छ।

सबैभन्दा ज्वलन्त दृष्टान्त भारतको उत्तर प्रदेशस्थित अयोध्यामा ध्वस्त बनाइएको बाबरी मस्जिदको दुर्घटना हो। केही अपुष्ट पुरातात्त्विक अवशेषका आधारमा भारतमा बाबरी मस्जिदलाई जसरी भत्काइयो र त्यहाँ राम मन्दिर ठड्याइयो, त्यो धर्मको आवरणमा वर्चस्वशालीहरूले गर्ने विगतमाथिको राजनीति र बलमिच्याइँ नै थियो।

सन् २०२४ को सुरुवातमा गरिएको राम मन्दिरको उद्घाटनका क्रममा अयोध्यामा गरिएको राजनैतिक झाँकी हेर्नलायक थियो। सत्तारुढ दलको राजनैतिक स्वार्थ पूरा हुने गरी गरिएको उक्त कार्यक्रम विगतमाथिको हैकम स्थापित गर्ने क्रमको उत्कर्ष थियो। यसपछिका अनुच्छेदहरूमा यस घटनाको बारेमा विस्तारमा विमर्श गर्नेछौं।

सिन्धुघाँटीको सभ्यता संसारको महत्त्वपूर्ण सभ्यतामध्ये एक हो। पुरातात्त्विक प्रमाणहरू प्रशस्तै हुँदाहुँदै पनि र निरन्तर उत्खनन भइरहेको भए पनि त्यस सभ्यताबारे सम्पूर्ण सूचना तथा पुरातात्त्विक प्रमाणमा आधारित व्याख्या अझै

पर्याप्त मात्रामा बाहिर आउन सकेका छैनन् ।

यस क्षेत्रमा उत्खनन गर्न रुचि राख्ने विश्वका चर्चित विश्वविद्यालय र घाघडान पुरातत्त्वविद्हरूलाई समेत स्वीकृति दिइएको छैन । यी सबैको मूल कारण उक्त उत्खनन क्षेत्र भारत र पाकिस्तानको दुवैतर्फ पर्नु र ती दुई देशको बिचमा राजनैतिक प्रतिद्वन्द्विता रहनु नै हो ।

सिन्धु सभ्यताको बृहत्तर स्थल दुवै देशको सीमामा परेका कारण समय समयमा हुने विवाद इतिहास वा विगतलाई राजनैतिक स्वरूप र चरित्र प्रदान गर्ने अभ्यासले गर्दा विश्वको एक प्राचीन र भव्य सभ्यताबारे पर्याप्त थाहा पाउन सकिएको छैन ।

गौतम बुद्धको जन्मस्थल नेपालको लुम्बिनी नभई भारतमा पर्छ भनी समय सयममा भारतीय नेता, बौद्धिक क्षेत्र र सर्वसाधारणले समेत अभिव्यक्त गर्ने गर्छन् । बुद्ध भारतमा जन्मिएका थिए, अर्थात् बुद्ध भारतीय थिए भनी जानीबुझीकन भारतीय पक्षबाट हुने गरेको आग्रहयुक्त प्रचारलाई इतिहासमाथिको कपटपूर्ण राजनीतिको उदाहरणका रूपमा लिन सकिन्छ ।

भारतीय पक्षको त्यस्तो आग्रहयुक्त दाबी भारतीय राजनीतिक, आर्थिक, सांस्कृतिक हितका लागि हो भनी बुझ्न कठिन हुँदैन । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको भन्दा भारतीय उपस्थिति व्यापक हुने कारण उनीहरूको यस्तो आग्रहले नेपाललाई धेरै पक्षमा हानि गराउँछ ।

एकाध उदाहरणबाहेक भारतीय पक्षको झूटो दाबीको प्रतिकार नेपालले शक्तिशाली ढङ्गबाट गर्न सकेको छैन । यद्यपि सन् २०२० अगस्ट ८ मा तत्कालीन भारतीय विदेशमन्त्री एस जयशंकरले बुद्ध भारतीय भएको आशयको भाषणको प्रतिकार नेपालको परराष्ट्र मन्त्रालयले एक विज्ञप्तिमार्फत भोलिपल्ट नै गरेको थियो ।

उक्त विज्ञप्तिमा भनिएको थियो कि बुद्ध नेपालको लुम्बिनीमा जन्मिएको ऐतिहासिक र  पुरातात्त्विक तथ्यबाट प्रमाणित भएको स्थापित सत्य हो । संयुक्त राष्ट्रसङ्घीय निकाय युनेस्कोले समेत नेपालको लुम्बिनीलाई विश्व सम्पदा सूचीमा उल्लेख गरेको तथ्य हुँदाहुँदै पनि भारतीय पक्षबाट यसरी समय समयमा हुने दाबीले विगतको राजनैतिक महत्त्व र अर्थ मात्र इङ्गित गर्दैन, कसरी इतिहास राजनीतिको विषय पनि बन्न सक्छ भन्ने उदाहरण नै प्रस्तुत गर्छ ।

**वशिष्ठ** (२०७७) ले 'लुम्बिनी र कपिलवस्तुको राजनीतिक उत्खनन' शीर्षक दिएर लेखेका छन्, 'यस्ता उदाहरण विश्वका सबै क्षेत्रमा पाउन सकिन्छ । यो यस क्षेत्रको मात्र चरित्र होइन ।'

## मानव विगतको राजनीतिक सम्बन्ध

प्राक्इतिहास अध्ययनका पुरातात्त्विक प्रमाणहरू, जो पुरातात्त्विक सन्दर्भबाट उत्खनन गरिएका हुन्छन्, ती अमूक हुन्छन् र पूर्वाग्रही हुँदैनन् भन्ने मान्यताबारे हामीले सुरुको अध्यायमा नै चर्चा गरिसकेका छौँ । यद्यपि पुरातात्त्विक प्रमाणको व्याख्या वा अपव्याख्या र त्यसमा आधारित वृत्तान्तहरू सधैँ नै राजनीतिक प्रकृतिका हुन्छन् । त्यसैले त्यस्ता वृत्तान्तहरू विवादित पनि हुने गरेका छन् ।

प्रागैतिहसिक अध्ययनले राष्ट्र वा अन्य कुनै सामूहिक पहिचानलाई ठोस आकार दिन सक्छ । तसर्थ तिनको स्वाभाविक राजनीतिक चरित्र हुने गर्छ ।



बुद्ध जन्मथलोमा भेटाइएको अशोक स्तम्भ (माथि) र जीर्णोद्धार पछि (तल)



हामीले अघिल्लो अनुच्छेदमा उदाहरणस्वरूप भनेका थियौँ कि भारतले सधैँ गौतम बुद्ध भारतीय भएको र उनको जन्मस्थल भारतमा रहेको भनेर प्रचारप्रसार गरिरहने गर्छ। तर, यसले केवल प्रचारप्रसार मात्र गरिरहेको छैन कि त्यसलाई स्वाभाविक रूपमा देखाउन अर्बौं लगानी गरेर बुद्धको नक्कली जन्मस्थलको निर्माण गरेर विश्वलाई विश्वास दिलाउन भरमग्दुर प्रयत्न पनि गरिरहेको छ। भारतभित्र मात्र सीमित नरही उसले यस्तो आग्रह र प्रचारप्रसार विश्वस्तरमा गरिरहेको छ।

विश्व मञ्चहरूमा गौतम बुद्ध भारतको भएको भन्ने उसको जिरह हुने गर्छ। तर, दुःखद कुरा के छ भने हाम्रो देशको तर्फबाट त्यस्ता मञ्चहरूमा कुनै औपचारिक राजनीतिक प्रतिवाद हुने गरेको छैन।

नेपालको लुम्बिनी वास्तविक र प्रामाणिक बुद्धको जन्मस्थल हुँदाहुँदै पनि नेपालले भारतभित्र र विश्वस्तरमा भारतीयहरूले गरेको गलत प्रचारको भ्रम चिर्न सकेको छैन। यसको अर्थ यो शक्ति संरचना र सम्बन्ध तथा राष्ट्र वा समुदायको समृद्धिसँग जोडिएको विषय पनि हो।

हाम्रा अधिकांश ऐतिहासिक पक्षहरू मिथक, लोकोक्ति, पौराणिक कथन तथा कहानीबाट निर्मित छन्। इतिहास स्वाभाविक रूपमा शासकहरूको मर्जीले लेखिने परम्परा भएको ठाउँमा इतिहासको भ्रष्टीकरण स्वाभाविक हुने गरेको छ। लेख्य परम्पराभन्दा पहिलेको इतिहास अर्थात् मानव विगतबारे पर्याप्त अध्ययन, अनुसन्धान हुन सकेको छैन।

सिङ्गो सांस्कृतिक मानवको विगतको फलक र त्यसको आयतनलाई विचार गर्दा हालसम्मका पुरातत्त्वविद्हरूले सिङ्गो विगतको करिब एक प्रतिशत जति मात्र खोज गर्न सकेका छन्। यद्यपि पुरातत्त्व अध्ययनको क्षेत्रमा भएको प्राविधिक र अन्य विकासले गर्दा उक्त एक प्रतिशत प्रमाणका आधारमा मानव विगतबारे भरपर्दो तवरले धेरै कुरा बताउन सक्षम भएको छ।

यसको अर्थ यो पनि हो कि विश्वस्तरमा नै पुरातात्त्विक अध्ययन ज्यादै न्यून हुन सकेका छन्। नेपालको सन्दर्भमा त स्वाभाविक रूपले यो काम कम हुने नै भयो। आवश्यक स्रोत र ज्ञानको अभाव एकातिर छ भने अर्कातिर इतिहासप्रतिको मोह भएको तर महत्त्व थाहा नभएको जस्तो देखिन्छ।

तलका अनुच्छेदहरूमा केही प्रतिनिधि दृष्टान्तमार्फत थप छलफल गरिनेछ कि कसरी पुरातात्त्विक विषय र प्रमाणले राजनीतिक चरित्र र स्वरूप ग्रहण गर्छ।

## अयोध्या : भ्रम र यथार्थ

'भारतले नक्कली अयोध्या खडा गरेर सांस्कृतिक तथ्यमाथि अतिक्रमण गरेको छ।' विक्रम संवत् २०७० को दशकको उत्तरार्धमा नेपाली पत्रपत्रिकामा सम्भवतः सबैभन्दा बढी यस्ता हरफहरू लेखिएका थिए। कतिलाई यो सामान्य रमाइलो मात्र लाग्यो होला, कतिपयलाई आर्कमिडिजको आविष्कार बराबरको विलक्षण उपलब्धि पनि लाग्यो होला।

नेपालका तत्कालीन प्रधानमन्त्रीको उपर्युक्त अभिव्यक्तिपश्चात् त्रिभुवन विश्वविद्यालयको एक अनुसन्धान केन्द्रलाई प्रधानमन्त्रीको उक्त दाबालाई सहयोग पुग्ने गरी अनुसन्धान गर्न निर्देशन दिइएको थियो।

नेपालको पुरातत्त्व विभागले उपर्युक्त दाबीपछि त्यस ठाउँमा उत्खनन गर्ने रहर उजागर गर्‍यो। सुन्नमा आयो, केही विद्वानहरू अयोध्या भनेको वीरगन्ज पश्चिमपट्टिको ठाउँ हो भन्ने अनुसन्धान परियोजनाका लागि प्रस्तावना पत्रहरू तयार पार्न थालिसकेका छन्।

शक्ति र ज्ञानबिचको सम्बन्ध बुझ्ने उपर्युक्त सन्दर्भ एउटा पहल र इतिहास पठनको राजनैतिक आयाम थाहा पाउने एउटा पाठ हुन सक्छ। त्यसैले प्राज्ञ, विश्वविद्यालय र पुरातत्त्व विभाग आदिको तत्परता अर्थपूर्ण बन्ने गरेको हो। कुन समय र सन्दर्भको गर्भगृहबाट यस्तो हुटहुटी जन्मिएको थियो भन्ने कुराले यसको अर्थ विस्तार गर्न सहयोग पुर्‍याउँछ।

धार्मिक उन्मादमा आधारित राष्ट्रवाद दक्षिण एसियामा अत्यधिक चर्चा भएको विषय हो। तर, त्यसको उद्देश्य र अन्तर्यबारे भने यथेष्ट बहस भएकै छ। हामीलाई थाहा छ कि यसको केन्द्रमा भारत हुने गर्थ्यो र निरन्तर छ। यद्यपि भनिन्छ कि धार्मिकताको जगमा ठड्याइएको राष्ट्रवाद निःसृत राजनीतिक अभीष्ट कसैका लागि पनि अनुकरणीय हुनु हुँदैन।

## भ्रमित इतिहास र राजनीतिक लाभ

सन् २०१९ मा सम्पन्न भारतको १७ औँ लोकसभाको निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) ले अत्यधिक बहुमतले चुनाव जित्यो। सायद त्यो परिणाम भारतमा तत्कालीन समयमा जोडतोडले चलिरहको दक्षिणपन्थी उभारको उच्चतम विन्दु थियो। भारतीय विश्लेषक तथा प्राज्ञहरूबिच पनि प्रशस्तै बहस र विश्लेषण भएको थियो, त्यस परिणामबारे।

नेपालमा पनि त्यस्तो बहस र विश्लेषणको राम्रै लहर अवलोकन गर्न सकिन्थ्यो। नेपालकै चुनावी परिणामको सन्दर्भमा समेत त्यति बहस हुने गर्दैनथ्यो।

चुनावमा विजयी भाजपाको जितमा हिन्दुत्व र राष्ट्रवादको आधारभूमि बलियो थियो। यी दुवैमा समानता थियो त घृणा र पराईकरणको राजनीतिको। त्यस्तो घृणाको निसानामा पर्थे भारतीय मुसलमान। उनीहरू घृणाको मात्र सिकार हुनुपरेको थिएन, त्यसबाट सिर्जित त्रासदीको भय पनि उत्तिकै थियो।

दक्षिण एसियामा सन् १९९० को दशकको सुरुवाती वर्षसम्म भारतीय जनता पार्टीको यस्तो उभारको कमैले मात्र परिकल्पना गरेका थिए होलान्। यसको सुरुवात एक त्रासदीपूर्ण घटनाबाट भएको थियो। त्यसलाई नै यहाँ विगतको



१६ औँ शताब्दीमा निर्मित बाबरी मस्जिद

ऐतिहासिक उदाहरणको रूपमा छलफल गर्न खोजिएको छ ।

मुगल सम्राट बाबरले सोह्रौँ शताब्दीमा बनाएको उक्त मस्जिद हिन्दु कट्टरपन्थीहरूले ६ डिसेम्बर १९९२ मा ध्वस्त पारिदिएका थिए । उक्त मस्जिद हिन्दु महाग्रन्थ रामायणका नायक रामको जन्मभूमि ठानिएको भूमिमा बनेको थियो, जुन मन्दिर भत्काएर त्यस ठाउँमा मस्जिद बनेको थियो भन्ने अपुष्ट आग्रहका कारण त्यस्तो गरिएको थियो । धार्मिक उद्दण्डता विनासको प्रमुख कारकमध्ये एक हो भन्ने दृष्टान्त पनि हो, यो ।

भारतीय पुरातत्त्वविद् **बिबीलाल**ले सन् १९७५-७६ मा उक्त स्थानमा उत्खनन गरेका थिए । उक्त उत्खननले कुनै चाखलाग्दो मध्यकालीन तथ्य फेला पार्न भने सकेको थिएन । तर, जुन १९९२ मा जमिनको सतहभन्दा १२ फुट तल केही कुँदिएका इँटाहरू फेला परे भनियो । केही भारतीय पुरातत्त्वविद्हरूले हतारमा 'राम जन्मभूमि अयोध्याः न्यु आर्कियोलोजिकल डिस्कभरिज' शीर्षकमा एउटा पुस्तिका प्रकाशित गरिहाले ।

उक्त पुस्तिकाले के दाबी गर्‍यो भने एघारौँ शताब्दीको हिन्दु मन्दिरको भग्नावशेषमा १६ औँ शताब्दीमा बाबरी मस्जिद ठड्याइएको थियो । उनीहरूले उक्त मन्दिर बाबरले नै भत्काएका थिए भन्ने आग्रहपूर्ण तर्क गरे ।

मस्जिद भारतीय जनता पार्टी, विश्व हिन्दु परिषद्, राष्ट्रिय स्वयंसेवक सङ्घ आदिको कट्टरपन्थी धर्मन्धताको आवेगको निसानामा पर्‍यो । यसरी एउटा सम्पदा सखाप भयो । त्यस घटनाले भारतीय मुसलमानहरूलाई दुःखित र आक्रोशित तुल्याउनु स्वाभाविक थियो ।

आम नागरिकका लागि सांस्कृतिक सम्पदा नष्ट गर्नु निन्दनीय कार्य थियो । धार्मिकता भन्दा धार्मिक व्यापार र रोष बढी भएको भारतमा धेरैले त यसको खुलेर विरोध गर्न पनि चाहेनन् वा सकेनन् । आश्चर्य, धेरैको ध्यान के कुरामा गएन भने साँच्चै त्यहाँ भनिएजस्तै एघारौँ शताब्दीको राममन्दिर थियो त ? के त्यहाँ पर्याप्त पुरातात्त्विक प्रमाणहरू फेला परिसकेका थिए, जसले त्यस ठाउँमा राम मन्दिर भएको पुष्टि गरोस् ?

आजभन्दा एक दशकअघि **नै** इतिहासविद् **सुप्रिया वर्मा** र **जया मेनन**ले 'इकोनोमिक एन्ड पोलिटिकल विक्ली' ( डिसेम्बर ११, २०१०) मा आर्कियोलोजिकल सर्भे अफ इन्डियाको अयोध्यामा गरिएको उत्खनन विधि र प्रतिवेदनमाथि नै प्रश्न उठाई लामो बहस गरेका थिए र निचोड निकालेका थिए कि त्यहाँ प्राज्ञिक लगनभन्दा भत्काइएको मस्जिद राम मन्दिरको भग्नावशेषमा खडा गरिएको पूर्वाग्रही मान्यताबाट निर्देशित थियो र प्रतिवेदन सोही अनुरूप आएको थियो । त्यसअघि नै 'अयोध्या : आर्कियोलोजी आफ्टर डेमोलिसन' (२००३) पुस्तकमार्फत प्राचीन इतिहासविद् **धनेश्वर मण्डल**ले नयाँ र ताजा भनिएको उपरोक्त अन्वेषण र उपलब्धिको खण्डन गरिसकेका थिए । उक्त पुस्तकको प्राक्कथनमा **रोमिला थापर**ले लेखेकी थिइन् कि राजनीतिक अभीष्टका लागि अनुसन्धान र अन्वेषण लतारिनु हुँदैन । **सर्वपल्ली गोपाल, रोमिला थापर, विपिन चन्द्रा, सब्यसाची भट्टाचार्य**लगायत २५ जना ख्यातनामा इतिहास अन्वेषकहरूले बाबरी मस्जिद र राम जन्मभूमि विवाद इतिहासको राजनैतिक दुरुपयोग हो भनी उति बेलै वक्तव्य जारी गरेका थिए, जुन आज पनि उत्तिकै सान्दर्भिक ठानिन्छ ।

केही प्राप्त पुरातत्त्वतिक प्रमाणकै आधारमा केही थप बहस पनि नभएका होइनन् । जस्तो कि खासमा त्यो बुद्धस्थल थियो । अर्थात् बौद्ध धर्मावलम्बीहरूको तीर्थस्थल थियो, जसलाई नासेर राम मन्दिर बनाइएको थियो । तर, भारतमा बौद्ध धर्मावलम्बीहरूको त्यति ठूलो राजनैतिक हैसियत छैन कि उनीहरू त्यसका आधारमा केही दाबी गर्न सकून् । विगतको बारेमा यस्ता दाबी प्रतिदाबीहरू पर्याप्त प्रमाणबिना नै वा अन्वेषकहरूको निष्कर्ष आउनुअघि नै हुने गर्दछन् । यस्ता दाबीहरूलाई हो वा हो जस्तै बनाउने कार्य चाहिँ शक्ति र सत्ताले गर्दछ । शक्ति र ज्ञानको सम्बन्ध यहीँनेर केलाउनुपर्ने हुन्छ । शक्तिले कसरी खास खाले ज्ञानको निर्माण गर्छ भन्ने बुझ्नलाई पनि विगतमाथिको खास खास समूह / समुदायको दावा र त्यसमाथिको राजनीति सहयोगी बन्न पुग्छ । बाबरी मस्जिद विनाशको उक्त घटना राम्रोसँग नसेलाउँदै सन् १९९४ मा नयाँ दिल्लीमा 'वर्ल्ड आर्कियोलोजिकल कङ्ग्रेस' को तेस्रो सम्मेलन भएको थियो । उक्त सम्मेलनमा कार्यपत्र प्रस्तुतकर्तामध्येकी एक थिइन्, वर्गेन विश्वविद्यालय, नर्वेकी प्राध्यापक **र्‍यान्डी हाल्यान्ड** । उनी मेरो एमफिल शोध निर्देशक पनि थिइन् ।

ती प्राध्यापकले नेपालमा पनि केही पुरातत्त्वतिक अनुसन्धान सुरु गरेकी थिइन् । यस सन्दर्भको उनको अर्की प्रसिद्ध जर्मन पुरातत्त्वविद् **गुड्रुन कोर्भिनस**सँगको विवादपछि उनले नेपालको अध्ययनलाई निरन्तरता दिन नपाएको वृत्तान्त यसभन्दा अघिल्लो अध्यायमा दिइसकिएको छ ।

म ती प्राध्यापकसँग विभिन्न सन्दर्भ, पुरातत्त्व, पहिचान

र विगतको स्वामित्वको राजनीतिका बारेमा बहस गर्ने गर्थे। सधैँ नै नयाँ दिल्लीमा सम्पन्न उक्त विश्व पुरातत्त्व सम्मेलनको किस्सा उनी प्रत्यक्षदर्शीको रूपमा रुचिपूर्ण तरिकाले सुनाउँथिन्। उनका अनुसार जब सम्मेलनमा अयोध्याको कुरा उठ्यो, भारतीय पुरातत्त्वविद्हरू यसरी बाझ्न थाल्थे कि मानौँ त्यहाँ अरू कोही छैनन् र सभाहल कुस्तीको मैदान हो। जब धोती र कुर्ताको पहिरनमा उपस्थित मोटाघाटा भारतीय प्राध्यापकहरू टेबल नाघेर एकआपसमा लाप्पा नै खेल्न तयार भए तब धेरै विदेशी सहभागीहरू त डराएर हल नै छोडेर बाहिर निस्केका थिए। पछि कङ्ग्रेसको अन्तर्राष्ट्रिय कार्य समितिले उक्त विषय नै छलफलबाट हटाउने निर्णय गर्नुपरेको थियो। इतिहास, धर्म र राजनीतिको गलत अनुपातको मिसावटले निम्त्याउन सक्ने विनाशको मानक कथा थियो, बाबरी मस्जिदको विनाश। त्यहाँ केवल एक सांस्कृतिक स्मारक मात्र ध्वस्त भएको थिएन, हजारौँको ज्यान पनि गएको थियो। इतिहास र धर्म जस्ता संवेदनशील विषय जब राजनैतिक सत्ताको लहडका वस्तु बन्न पुग्छन् तब त्यहाँ कल्पना गर्न सकिने एउटै परिणाम भनेको विनाश मात्र हो। समकालीन घटना र नेपाली सन्दर्भमा सम्बन्धित गरेर बुझ्न सहज हुने ठानेर यो उदाहरण यहाँ प्रस्तुत गरिएको हो। उपर्युक्त भारतीय सन्दर्भ एक दृष्टान्त मात्र हो। त्यस्ता अनेकन दृष्टान्त छन्; भारत, नेपाल र विश्वका अन्य भूभागमा पनि। यो खास धर्म वा सम्प्रदाय वा राष्ट्रको स्वाभाविक वा अन्तर्निहित चरित्र होइन। वर्तमानमा राजनैतिक शक्ति र सत्ता निर्माण गर्न र मजबुत बनाउन जुन भूगोलमा जस्तो शक्ति हाबी भएको हुन्छ, उसले त्यस्तै चरित्र देखाउँछ। उपरोक्त दृष्टान्तको आधारमा पनि भन्न सकिने तथ्य के हो भने मानव विगत अर्थात् इतिहास निरन्तर लेखन तथा पुनर्लेखन गरिने विषय हो। प्राचीन इतिहास अर्थात् प्राक्इतिहास झनै जटिल विषय हो। यसको बारेमा पुरातात्त्विक प्रमाणभन्दा मिथक, धार्मिक विश्वास र लोक कथनहरू बढी प्रभावकारी हुने गर्दछन्। जब इतिहास, धर्म र राजनीतिको अस्वाभाविक घुलन हुन्छ तब त्यहाँ तर्कहरूको अन्त्य र उन्मादी हर्कतले शिर उठाउँछ। शक्ति र सत्तासँग सम्बन्धित भएर विशिष्ट उद्देश्यका लागि गरिने अन्वेषण वा लेखिने वृत्तान्तले मानव विगतको इतिहासलाई भ्रष्ट बनाउने गर्दछ।

कमजोर इतिहास चेत र अप्रवीण प्राज्ञिक स्तर भएको समाजमा विगतको भ्रमपूर्ण वृत्तान्त नै बलियो हुने गर्छ। विगतमाथिको राजनीति विश्वव्यापी विशेषता हो।

## अध्याय सारांश

सामान्यतया विगतको राजनीति अतितमुखी राजनीति जस्तो सुनिने वा देखिने भए पनि विगतको राजनीतिको महत्त्व र अर्थ वर्तमान र भविष्यको राजनीतिका लागि उपयोग गरिन्छ। विगत वा पुरातात्त्विक अध्ययनको वर्तमान र भविष्यमा राजनीतिक अर्थ रहने भएका कारण यस्ता पुरातात्त्विक अध्ययनहरू सहजै राजनैतिक विषय बन्दछन्। सामान्य भनाइ नै छ कि जसले विगतलाई आफ्नो बनाउन सक्यो, उसले भविष्य पनि आफ्नो बनाउन सक्दछ। विगतसँगको राजनैतिक सम्बन्ध हुने कारणले पुरातात्त्विक अध्ययनहरू संवेदनशील पनि हुन्छन्। एरिक हब्सवामको उक्तिलाई यहाँ पुनः उद्धृत गरौँ, 'राष्ट्रवादी वा जातिवादी वा कट्टरपन्थी सिद्धान्तका लागि इतिहास त्यसरी नै कच्चा पदार्थ हो, जसरी अफिम हेरोइनको नशाका लागि हुन्छ। विगत (इतिहास) त्यस्तो सिद्धान्त बोक्नेहरूका लागि सम्भवतः अनिवार्य तत्त्व हो। यदि उपयुक्त विगत (इतिहास) छैन भने तिनले आफैँले त्यस्तो इतिहासको आविष्कार गर्दछन्।' कुनै पनि समाजमा वर्चस्वशाली शासकहरूले विगतलाई आफ्नो अनुरूप व्याख्या गराउन चाहन्छन्। यो इतिहास लेखनमा हुने आम अभ्यास नै हो। त्यसैले इतिहास वर्चस्वशालीहरूको नै हुने गर्दछ। नेपालको सन्दर्भमा पञ्चायतकालमा पढाइने पाठ्यपुस्तक शाहवंशीय राजखलकको हितमा र उनीहरूको प्रशंसा गर्ने खालका हुन्थे। पाठ्यपुस्तकमार्फत एकाङ्गी वा एकपक्षीय इतिहासलाई नै पूर्ण सत्य र एक मात्र यथार्थको रूपमा प्रस्तुत गरिन्थ्यो, ता कि आम जनता उनीहरू र उनीहरूका पुस्ताप्रति नतमस्तक भइरहून्। यो कुनै पनि शासकको चरित्र हो। हाम्रो छिमेकी देश भारतमा बाबरी मस्जिद ध्वंस गर्ने कार्य होस् वा सिन्धुघाँटीको सभ्यताका उत्खनन र अनुसन्धानका परिणामहरूलाई पूर्ण रूपमा प्रकाशित नगर्ने राजनीति होस्, यिनलाई यसै सिलसिलामा बुझ्न सकिन्छ। त्यस्तै बुद्धको जन्मस्थल लुम्बिनी भारतमा पर्दछ भनी गरिएको वा गरिने प्रचार सोही इतिहासलाई आफ्नो बनाएर राजनीतिक लाभ लिने अभ्यास थियो र हो। नेपालमा पनि समय समयमा सतहमा आउने राम जन्मभूमि अयोध्या नेपालमा नै पर्दथ्यो भन्नका लागि निर्माण गरिएको भाष्य पनि विगतलाई आफ्नो बनाउने त्यस्तै कमजोर प्रयासको एक संस्करण हो।

वस्तुपरक र विगतको पूर्वाग्रही वृत्तान्तलाई सुधार्ने प्रशस्त अवसर भएका कारण नै मानवशास्त्रीय पुरातत्त्वको महत्त्व र अर्थ इतिहासको भन्दा बढी हुन्छ भनिन्छ। इतिहासअघिको इतिहास पनि इतिहास जस्तै निरन्तर खोज र पुनर्लेखन गरिने विषय हो। इतिहास लेखनमा वर्चस्वशाली वर्गको प्रभाव जति कम गर्न सक्यो त्यति नै सही इतिहास लेखिने सम्भावना रहन्छ। प्राज्ञिकहरूले यस्तो कार्यको जिम्मेवारी लिनुपर्दछ।

(मानवशास्त्री ढकालको यसैसाता बजारमा आउन लागेको पुस्तक 'इतिहासअघिको इतिहास' बाट साभार)

स्रोत : नागरिक, ५ श्रावण २०८१

# नगरस्तरीय विद्यालय खेलकुद प्रतियोगिता



श्यामकृष्ण खत्री

२०८१ कार्तिक ९ गतेदेखि १४ गतेसम्म भक्तपुर खेलमय भयो । उद्घाटन र्‍याली भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिको नेतृत्वमा वागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईको उपस्थितिमा दत्तात्रयबाट सुरु भयो । जनप्रतिनिधि, खेलाडी, शिक्षक, शिक्षिका, कर्मचारी, निर्णायक, प्रशिक्षक, विद्यालयहरूका विद्यार्थीहरू सहभागी भई दत्तात्रय गोल्मढी, सुकुलढोका, नासमना, वंशगोपाल, भार्वाचो, दुधपाटी हुँदै शहिद स्मृति खेलमैदानसम्म भव्य र्‍याली भयो ।

प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँले कलात्मक पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो । भक्तपुर नगरव्यापी विद्यालयस्तरको खेलकुद प्रतियोगितामा जिम्नाष्टिक खेलको प्रदर्शन गरिएको थियो । उद्घाटनमा शहिद स्मृति खेल मैदान खचाखच भरिएको थियो । समारोहमा वक्ताहरूबाट आ-आफ्नो मन्तव्यमा इजरायलले प्यालिस्टिनी जनतामाथि गरिएको नरसंहारको विरोध र प्यालिस्टिनी जनताप्रति ऐक्यवद्धता जनाई न्यायप्रेमी जनताका छोरा छोरीहरू पनि खेलकुद, अनुशासन, स्वास्थ्य, मित्रता र देशको सार्वभौमिकताका लागि पनि खेलाडीहरू बुझ्ने, बुझाउने र सक्रिय भई देशका लागि खेलकुद र खेलाडी हुनुपर्ने मार्ग निर्देशन गर्नुभयो ।

कार्त्तिक ९ गतेदेखि १४ गतेसम्म शहिद स्मृति खेलमैदानमा भलिबल, बेखाल कभर्डहलमा टेबुलटेनिस, नासमनामा उसु, श्री पद्ममा पोर्टबल, भीमसेन स्थानमा कब्बडी, विद्यार्थी निकेतनमा टेक्वाण्डो, कसिमला पाँ, बाघचाल, बुद्धिचाल, देकोचा कभर्डहल, भुलाछें, महेश्वरी खेलमैदानमा फुटबल र एथ्लेटिक्स, लिवाली कभर्डहलमा जिम्नाष्टिक र ब्याटमिन्टन, दत्तात्रयमा कराते, लामगाल चौरमा खो खो खेलको प्रतियोगिता सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा ८४ विद्यालयका २ हजार ८४६ जना विद्यार्थी खेलाडी सहभागी भएका थिए ।

प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न वडा कार्यालय अन्तर्गतका खेलकुद समिति, जिल्ला सङ्घ, नगर सङ्घ, टिम क्लब, युवा, विद्यार्थी, २३६ जना निर्णायक, ६७ जना कोच, जनप्रतिनिधिलगायत खेल प्रेमीहरूको साथ र सहयोगमा प्रतियोगिता सफलतापूर्वक सम्पन्न भयो ।



प्रतियोगितामा सहभागी भई पुरस्कृत खेलाडीहरूलाई १००२ ओटा मेडल, ६८ ट्रफि, राइजिङ प्लेयर ३७ र सहभागी विद्यालयहरूलाई खेलकुद सामग्रीद्वारा पुरस्कृत गरिएको थियो।

भक्तपुर नगरपालिका नगरवासीहरूलाई स्वस्थ तन्दुरुष्ट बनाउन जनप्रतिनिधि, कर्मचारी र खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूको साथ र सहयोगमा खेल विकास गर्न लाग्दैछ। हरेक आधारभूत विषयमा अरूबाट पनि सिक्ने प्रयास गर्दैछ। खेल विकास गर्ने अनुभव भएका राष्ट्र तथा अन्तराष्ट्रिय स्तरमा योगदान गरेका व्यक्तित्वहरू सँग समन्वय गर्दै छ। आफ्नै अनुभवमा खेलाडीहरूलाई सचेत बनाउँदै भक्तपुरलाई खेल क्षेत्रमा पनि 'टेष्ट ट्युब'को रूपमा लैजाने प्रयास गर्दैछ। खेलकुद क्षेत्रमा भइरहेको प्रदूषण हटाई चेतनाको क्षेत्रमा बुझाउने काम यहाँका बुद्धिजीवीहरूबाट भइरहेको छ। यहाँका खेलाडी, खेलप्रेमीहरूले २०४३ सालमा नगर खेलकुद समिति स्थापना गरेका थिए। खेलकुद विकास गर्ने कुन-कुन स्थानीय निकायहरूले काम गर्दैछ ? खेलकुद क्षेत्र किन विकास हुन सकेन ? किन भएन ? बुझ्नु आवश्यक छ। हाम्रा अग्रजहरूले स्थापना गरेको नगर खेलकुद समिति त्यति बेला किन स्थापना गरे भन्ने पनि हामीले छलफल गर्नु आवश्यक छ।

सांस्कृतिक नगर भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्य पूरा गर्न भक्तपुर नगरपालिकाले विद्यालयलाई खेलाडी उत्पादन गर्ने थलो पनि बनाउन खोजेको छ। विद्यार्थीहरूको प्रतिभा प्रष्फुटन गराई इमानदार, नैतिकवान, प्रतिभावान खेलाडी तयार गरी विद्यार्थीहरूलाई सामाजिक रूपमा पनि काम गर्नुपर्छ भनेर शिक्षकहरू मार्फत सिकाइरहेको छ। सिकाइलाई अझ बढी प्रभावकारी बनाउन सके नगरपालिकाले लिएको उद्देश्य पूरा गर्न टाढाको सपनालाई नजिकबाट नियाल्न सक्ने हुन्छ। नगरपालिकाले गर्दै आइरहेको खेलकुद प्रतियोगिताहरू नेपाल मजदुर किसान पार्टीको २०७९ सालको स्थानीय निकायको चुनावमा घोषणापत्र मार्फत व्यक्त गरेका हरेक प्रतिबद्धता पूरा गर्दैछ। जिल्ला खेलकुद विकास समिति, प्रदेश सरकार र सङ्घीय सरकारबाट कुनै पनि सहयोगबिना प्रतियोगिता, प्रशिक्षण र खेलकुद गतिविधि गर्दैछ। भक्तपुर नगरपालिकाद्वारा आयोजित प्रतियोगितामा सहभागी सबैजसो खेलाडी जनताका प्रशिक्षकहरूले प्रशिक्षण गराउँदै आएका प्रशिक्षण केन्द्रबाट तयार भएका खेलाडीहरू र विद्यालयहरूबाट प्रशिक्षित खेलाडीहरू नै हुन् भन्ने हामीले बुझ्न सकिन्छ।

भक्तपुर नगरपालिका चौतर्फि विकासका लागि शिक्षाका साथै अतिरिक्त क्रियाकलापमा खेलकुदलाई समान अवसर र महत्त्व दिँदै आएको छ। पढाइमा लगनशिलता बढाउन पारिवारिक मित्रता एवं प्रतिष्पर्धीसँग आत्मियता बृद्धि गराएर समाज र राष्ट्रप्रति कर्तव्य बोध गर्न खेलकुदको भूमिका सर्वोपरि रहेको छ। भक्तपुर नगरपालिकाले शिक्षाको महत्त्वपूर्ण अङ्गको रूपमा खेलकुदलाई ग्रहण गरेको छ। खेलकुद समेतको शिक्षाले मात्र विद्यार्थीहरूलाई पूर्ण सक्षम बनाउन सक्छ। त्यसैले भक्तपुर नगरपालिकाले अध्ययन अध्यापन मात्र नभई अतिरिक्त क्रियाकलाप सह-क्रियाकलाप एवं छिकोण प्रशिक्षण दिएको छ। विद्यालयका शिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण अन्तर्गत शारीरिक व्यायाम, पाठयोजना, एथ्लेटिक्स अन्तरगत विभिन्न विधा, प्राथमिक उपचार र अन्य खेलहरूको आधारभूत सीप सम्बन्धी तालिम सञ्चालन गरी ६ ओटा खेलको नियमित प्रशिक्षण गराई विद्यालयहरूमा पूर्णकालीन प्रशिक्षकहरू मार्फत खेलकुद सम्बन्धी प्रशिक्षण गराउँदै विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आइरहेको छ।

भक्तपुर नगरपालिकाले आयोजना गर्ने हरेक विषयहरूमा सिक्ने र सिकाउने ठाउँ बनेको छ भने विद्यालयस्तरको खेलकुद प्रतियोगिता पनि सिक्ने र सिकाउने थलोको रूपमा विकास भई नयाँ पुस्तालाई २१ औँ शताब्दीमा स्वस्थ र सक्रिय जनशक्ति उत्पादन गर्न नयाँ पुस्तालाई खेल प्रतियोगिता र प्रशिक्षण आवश्यक छ। नगरवासीहरूलाई सक्रिय बनाउन कहिले बाजा प्रतियोगिता, कहिले विद्यालयस्तरको खेलकुद प्रतियोगिता, सहकारी भेला, पोखरी पहिचान, बाहाबही पहिचान, बजार अनुगमन, व्यवसायीहरू भेला अपाङ्ग दिवस, अन्तर नगर खेलकुद प्रतियोगिता सञ्चालन गरी २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर महोत्सव गर्ने तयारी गर्दैछ।

भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रमा नयाँ पुस्तालाई उत्साहित गर्दै दीर्घकालीन परिणामको लागि विद्यालयस्तरको खेलकुद प्रतियोगिता गर्दै आइरहेको छ। विद्यालय खेलकुद प्रतियोगिता भनेको आज रोपेर भोलि नै फल्ने विरुवा होइन। सानै बेलादेखि स्वास्थ्य, अनुशासन, देशभक्ति भावनाका साथ नयाँ पुस्ता तयार गर्ने एउटा माध्यमको रूपमा खेलकुदलाई अगाडि बढाउने प्रयास भक्तपुर नगरपालिकाले गर्दै आएको हो। जनप्रतिनिधिहरू लोकप्रिय बन्न खोजेको होइन। विद्यालय स्तरको खेलकुद प्रतियोगिता नगरभित्र रहेका कभर्डहलमा मात्र होइन टोल टोलमा पनि प्रतियोगिता गर्न पाउँदा समुदायहरूले पनि अपनत्व महसुस गरेको छ।

प्रमुख अतिथि, अतिथिहरूले गर्नु भएको मार्ग निर्देशन, चोक-चोकमा भएको प्रतियोगिता, समाजका अग्रज पुस्ताले पनि खेल अवलोकन गर्न सकोस् भन्ने उद्देश्यले पनि नगर भित्रका १० ओटै वडाहरूमा प्रतियोगिता सञ्चालन गरिएको

छ । हिजो खेलकुदलाई राजनीतिक रूपमा प्रयोग गरिन्थ्यो भने आ-आफ्नो इच्छा आकाङ्क्षा पूरा भएपछि खेलकुद विकास होस् या नहोस् के मतलब भन्नेहरूबाट खेलकुदलाई टाढा राख्ने प्रयासलाई विफल बनाउन भक्तपुर नगरपालिकाले प्रयास गर्दैछ । देशभरका खेलाडीहरूलाई खेलाउने र शिक्षा दिने नगरपालिका छ भने त्यो भक्तपुर नगरपालिका भएको छ भन्ने सन्देश दिन पनि विद्यालय खेलकुद प्रतियोगिताको महत्त्व छ । यो औपचारिकता पूरा गर्न मात्र हुँदै होइन ।

२०७४ सालदेखि सञ्चालन गर्दै आएको विद्यालयस्तरको खेलकुद प्रतियोगिता कार्तिक महिनामा गर्दै आइरहेको छ । यस्तो प्रतियोगिताले कतिपय दबिएर बसेका खेलाडीहरू दबाएर राख्नेहरूले दबाउन नसकेको अवस्थामा डबिएर बसेकाहरूले कुनै बेला महत्त्वपूर्ण काम गर्ने आशा छ ।

आफ्नो प्रभुत्व कायम राख्न खेलाडी खेलाडीहरू बिच भिड्न लगाई आफ्नो प्रभुत्व कायम गर्न खोज्ने कथित बुद्धिजीवी पनि नभएको होइन । कतिपय आफूलाई खेलका बुद्धिजीवी भन्नेहरू पश्चिम जाँदा पूर्वमा घाम उदाएको ठिक भन्ने र पूर्वमा जाँदा पश्चिम बाट घाम उदाएको ठिक छ भन्ने बुद्धिजीवीहरू पनि नभएको होइन । हामीलाई थाहा छ खेलाडीहरूमा पनि निम्न वर्ग र धनी वर्ग छन् । त्यस्तै हरेक बेला पैसा मात्रै खोज्ने पुँजीवादी सोचका अवसरवादीहरू पनि नभएको होइन । आफूलाई बाघ सम्झने र अरूलाई जरायो सम्झेर जरायोलाई जरा गाड्न नदिनेहरूलाई निम्न वर्गका खेलाडीहरूले नचिनेको पनि होइन । त्यस कारणले पनि भक्तपुर नगरपालिकाले विद्यालयलाई खेलाडी उत्पादन गर्ने प्रारम्भिक थलोको रूपमा लिँदै प्रत्येक वर्ष विद्यालय स्तरको खेलकुद प्रतियोगिता गर्दै आइरहेको छ ।

*(लेखक वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक हुनुहुन्छ)*

## थाहा पाइराखौं

- लिलीहरुको भूमि भनेर क्यानडालाई भनिन्छ ।
- विश्वकप फुटबल प्रथम पटक आयोजना गर्ने राष्ट्र उरुग्वे हो ।
- सात वर्षको उमेरमा सङ्गीत दिने विश्व प्रसिद्ध सङ्गीतकार मोजार्ट हुन् ।
- विश्वमा सबैभन्दा पहिलो विमान अपहरण सन् १९३० मा पेरुमा भएको थियो ।
- काठमाडौं उपत्यकामा सर्वप्रथम चाँदीको मुद्रा प्रचलनमा ल्याउने राजा महेन्द्र मल्ल थिए ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# जीवन-आचरण

## सुखको सूत्र

एक युवक धेरै दुःखी थिए । एकदिन उनी एक जना साधुको नजिक गए र आफ्नो दुःखको कुराहरू सुनाउन थाले । आफ्नो सबै कथा सुनाइसकेपछि उक्त युवकले साधुसँग दुःख हटाइदिन आग्रह गर्न थाले । ती युवकको आग्रह सुनेपछि साधुले आफ्नो कुटीभित्र लिएर गए र एक गिलास पानी भरेर ल्याउन आदेश दिए । युवकले पानी ल्याएपछि त्यो पानीमा पाँच चम्चा नुन राखेर घोल्न लगाए । नुन घोलिएको पानी युवकलाई पिउन आग्रह गरे ।

आफ्नो सम्पूर्ण दुःख निवारण हुने ठानेर युवकले सकिनसकी त्यो गिलासको सबै पानी पिए । त्यसपछि साधुले युवकलाई 'गिलासको पानीको स्वाद कस्तो थियो ?' भनेर सोधे । युवकले 'गिलासको पानी निकै नुनिलो र खानै नसकिने खालको रहेछ' भनेर जवाफ फर्काए । युवकको जवाफ सुनिसकेपछि साधुले फेरि ती युवकलाई आफ्नो पछिपछि आउन भने र कतै निस्किए । जाँदाजाँदै उनीहरू एउटा ठूलो पोखरीमा पुगे । त्यहाँ साधु टक्क रोकिए । साधुले फेरि ती युवकलाई अघि जस्तै पाँच चम्चा नुन उक्त पोखरीमा राखेर चम्चाले चलाउन आदेश दिए । साधुको आदेशअनुसार युवकले पोखरीमा नुन हालेर चम्चाले चलाए । साधुले पोखरीको पानी पिउन आग्रह गरे । युवक सबै कुरा खुरुखुरु मानिरहेका थिए ।

अब साधुले पुनः सोधे, 'यो पानी कस्तो छ ?'

युवकले भने 'पानी त निकै मिठो छ गुरु ।'

युवकको जवाफ सुनिसकेपछि साधुले मुस्कुराउँदै भन्न थाले, 'बालक, हाम्रो दुःख भनेको पनि त्यो पाँच चम्चा नुन जस्तै नै हो । त्यसलाई सानो गिलासमा राख्यो भने पिउनै नसकिने नुनिलो र नमिठो हुन्छ । तर विशाल पोखरीमा राख्यो भने त्यो नुन त्यसभित्रै बिलाएर जान्छ । त्यसैले हामीले आफ्नो मनलाई सानो पारेर आफ्नो दुःखको बारेमा मात्र निरन्तर सोचिरहनु हुँदैन । बाहिरको संसार पोखरीजस्तै विशाल छ । त्यो संसारको अगाडि हाम्रो दुःखको कुनै अर्थ छैन । आफ्नो दुःखबाट बाहिर निस्केर वरिपरिको संसारलाई नियालेर हेर्ने गर्नुपर्छ । संसारको सुन्दरता देखिनेछ ।'

# सर हम्फ्री डाभी



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश** : पृथ्वीमा धेरै प्रकारका तत्त्वहरू छन् । विभिन्न वैज्ञानिकहरूले पृथ्वीमा भएका तत्त्वहरू समय अनुसार पत्ता लगाइरहेका छन् । अमूल्य तत्त्व सुन, बढि प्रयोग हुने फलामलगायत चाँदीको आविष्कार कसले र कुनबेला गरेको भनेर हालसम्म इतिहासविद्हरूले पत्ता लगाउन सकेका छैनन् । यसमध्ये सुनको प्रयोग ईपू २४५० मा इजिप्टमा भएको पत्ता लागेको छ । यसरी नै फलामको प्रयोग मानिसहरूले औपचारिक रूपमा ईपू ५००० देखि गरेको मानिन्छ ।



जोसिमोस (तेस्रो शताब्दी)

सुनलाई पहिलो पटक फेला पार्ने व्यक्ति इजिप्टका Zosimos लाई मानिन्छ । उनले खानीमा खन्दा सुनलाई फेला पारेका थिए । हालसम्ममा वैज्ञानिकहरूले ९२ ओटा प्राकृतिक र २६ ओटा कृत्रिम तत्त्वहरू गरी जम्मा ११८ ओटा तत्त्वहरू फेला र पत्ता लगाएका छन् । हाल IUPAC (International Union of Pure and Applied Chemistry ) ले जम्मा ११८ ओटा तत्त्वहरूलाई नाम र मान्यता दिएको छ । तत्त्वहरू पत्ता लगाउने क्रममा प्रसिद्ध ब्रिटिश रसायनशास्त्री **सर हम्फ्री डाभी** (Humphry Davy, 1778-1829) ले पनि सोडियम, पोटासियम, म्याग्नेसियम, क्याल्सियम, बोरोन, ब्यारियम, Strontium आदि पत्ता लगाएका थिए । यसको साथै उनले हँसाउने ग्यास र Safety Lamp, Arc Lamp, Carbon Arc Lamp को पनि आविष्कार गरेका थिए ।




**बाल्यकाल र शिक्षा** : डाभीको जन्म सन् १७७८ डिसेम्वर १७ मा Penzance, Cornwall स्थानमा भएको थियो । उक्त स्थान वेलायतको दक्षिण–पश्चिम भागमा पर्दछ । उनको बुबाको नाम Robert Davy र आमाको नाम Grace Millett थियो । उनी मध्यम वर्गीय परिवारका सबभन्दा जेठो सन्तान थियो । उनको भाइको नाम John Davy थियो । उनीहरू सानो फार्म हाउसमा बस्ने गर्दथे । उनी बस्ने सहर समुद्र किनारामा थियो । उनी सानैदेखि तीक्ष्ण बुद्धिका र प्रतिभावान थिए । उनलाई Truro Grammar School मा भर्ना गरिदिए । उनी सानैदेखि रोमाञ्चक कथा र कविताहरू लेख्ने गर्दथे । तर उनलाई विज्ञानप्रति खासै रुचि थिएन । उनी १६ वर्षको हुँदा उनको पिताको मृत्यु भयो । यस दुःखद घटनाको एकवर्ष पछि उनी औषधी निर्माण र औषधी व्यापार सम्बन्धी सीपयुक्त व्यक्तिको रूपमा जन्मथलो फर्किए । यही समयमा प्रसिद्ध स्कटिस वैज्ञानिक James

Watt का छोरा Gregory Watt उनको घरमा कोठा लिएर बस्न आए। उनीसँग डाभीको राम्रो मित्रता भयो। यो मित्रताले डाभीको पछिल्लो समय गरेका विभिन्न आविष्कारहरूमा महत्त्वपूर्ण भूमिका रह्यो।

**विज्ञानमा रुचि जाग्नुको कारण :** उनको बुबाको मृत्युपछि घर हेर्ने जिम्मेवारी डाभीको काँधमा आयो। उनी सन् १७९८ मा Thomas Beddoes ले स्थापना गरेको Pneumatic Institution (अठारौँ शताब्दीको अन्ततिर मानव निर्मित ग्यास र त्यसको औषधीय असरबारे अध्ययन गर्ने संस्था) मा काम गर्न थाले। उक्त संस्थामा विभिन्न विषयका पुस्तकहरू थिए। डाभी फुर्सदको समयमा उक्त पुस्तकालयमा रहेका विभिन्न पुस्तकहरू पढने गर्दथे। यसै क्रममा उनलाई विज्ञानका पुस्तकहरू अध्ययनमा बढी रुचि बढ्न गयो। साथै विज्ञान विषय अध्ययनमा उनलाई Gregory Watt ले पनि उत्प्रेरणा दियो।

**वैज्ञानिक उपलब्धीहरू :** उनले सुरुआती जीवनमा विभिन्न ग्यासहरूबारे अध्ययन गरेका थिए। सन् १७९९ मा उनले नाइट्रस अक्साइड वा डाइनाइट्रोजन मोनो अक्साइड ग्यासको (N2O) आविष्कार गरे। यो ग्यास कोठाको सामान्य ताफक्रममा रंगहीन, गुलियो स्वाद र गन्ध भएको नबल्ने हुन्छ। यसलाई सुँघ्दा शारीरिक पीडा बिर्सने र आनन्द दिने स्वभावको हुन्छ। उनले ग्यास पत्ता लगाए पछि सुरुमा त्यसलाई रेशमको थैलीमा बन्द गरेर यसलाई आफूले नै आधा मिनेट जति सुँघे। केही बेरमा नै उनलाई रिंगटा लाग्यो र पछि उनी बेहोस भए। होसमा आउँदा शरीर आनन्द भएको र आफू हाँसिरहेको अनुभव भयो। उनी नयाँ संसारमा पुगेको अनुभव भयो। पछि यो ग्यासलाई शल्यचिकित्सा गर्दा बेहोस पार्न, मानिसको पीडा कम गर्न, दन्त चिकित्सा, मानसिक आनन्द लिनको लागि प्रयोग हुन थाल्यो। यो ग्यासलाई व्यवहारमा हँसाउने ग्यास (Laughing gas) वा खुसी ग्यास (Happy gas) भन्ने गरिन्छ।

हँसाउने ग्यासको आविष्कार पछि उनको ख्याति लण्डनसम्म फैलियो। यसले गर्दा उनलाई सन् १८०० मा रोयल इन्स्टिच्युटमा प्राध्यापकमा नियुक्त गरियो। त्यसपछि उनले यस ग्यासको बारेमा सार्वजनिक रूपले व्याख्या गरेका थिए। उनले प्रयोगात्मक रूपमा यो ग्यासलाई केही दर्शकहरूलाई सुँघ्न लगाए र उनीहरूले विशेष प्रकारको आनन्दको महसुस प्राप्त गरे। धेरै वर्षसम्म यो ग्यासलाई मनोविनोद सम्बन्धी मेलामा प्रयोग भइरहयो। केहीले यो ग्यासलाई झगडालु र रिसाहा श्रीमतीको उपचार गर्न पनि प्रयोग गर्न थाले। यसरी नै चोटपटक लागेर पीडा भएका मानिसहरूलाई सुँघाउँदा पीडा बिर्सेर आनन्द र खुसीको अनुभव गराउन पनि प्रयोग गर्न थालियो।



*Arc lamp र Carbon arc lamp*

उनले सन् १८०२ मा Arc lamp र Carbon arc lamp को आविष्कार गरे। यसरी नै सन् १८०७ मा उनले कष्टिक सोडा वा सोडियम हाइड्रोअक्साइड (NaOH) लाई विद्युत् विच्छेदन गरी शुद्ध सोडियम पत्ता लगाए। यस्तै विधिबाट उनले सक्रिय धातुहरू पोटासियम, क्याल्सियम र म्याग्नेसियम आविष्कार गरे। उनले अन्य तत्त्वहरू बोरोन, ब्यारियम र Strontium को पनि आविष्कार गरे। उनले अर्का वैज्ञानिक Bernard Courtois सँग मिलेर आयोडिन र क्लोरीनको आविष्कार गरे।




Bernard Courtois

सन् १८१० र १८११ तिर उनको रसायन विज्ञान सम्बन्धी सशुल्क प्रवचन सुन्नको लागि मानिसहरूको ठूलो भीड लाग्दथ्यो। यसबाट उनले आर्थिक रूपमा मोटो आम्दानी पनि गरे। उनले सन् १८१२ मा आफूले रसायन विज्ञानमा गरेको

कार्यहरूको सँगालो the Elements of Chemical Philosophy नामको पुस्तक प्रकाशित गरे ।

विगतमा खानीमा बत्ती बाल्दा त्यहाँ पाइने मिथेन ग्यासको कारण आगलागी हुनाले धेरै दुर्घटना हुने गर्दथ्यो । यसबाट धेरै खानी मजदुरहरूको मृत्यु हुनुको साथै भौतिक नोक्सानी पनि हुन्थ्यो । यसलाई समाधान गर्ने तर्फ डाभीको ध्यान गयो । डाभीलाई थाहा थियो आगो बल्नको लागि तीनओटा वस्तुहरू इन्धन, ताप र अक्सिजन चाहिन्छ । खानीमा बत्ती बाल्दा निस्कने तापको कारण खानीमा पाइने मिथेन ग्यास बलेर आगलागी हुन्थ्यो । उनले बत्तीबाट निस्कने तापलाई बत्ती वरिपरि नै सञ्चय गर्न सक्ने र आगलागी हुनबाट बचाउन सकिने विचार गरे । यसको लागि उनले बत्तीलाई तामा र फलामले मिश्रित तार गज (wire gauze) प्रयोग गरी अभयदिप (Safety Lamp) बनाए । यस बत्तीमा तारगजबाट बत्तीको प्रकाश बाहिर आउन सक्ने तर तापशक्ति तारगजले शोषण गर्दथ्यो । यसबाट खानीमा काम गर्ने हजारौँ मजदुरको जीवन सुरक्षित हुन पुग्यो । यसको आविष्कार उनले सन् १८१५ मा गरेका थिए । यो बत्तीलाई Davy's safety Lamp भन्ने गरिन्छ ।



डामीको Safety Lamp

## डाभी सम्बन्धी केही तथ्यहरू

क) उनलाई electrochemistry का प्रणेता भनिन्छ ।

ख) उनी र प्रसिद्ध ब्रिटिश वैज्ञानिक माइकल फाराडे बिच गुरु र चेलाको सम्बन्ध थियो । पछि गएर उनीहरू कहिल्यै नमिल्ने गरी छुट्टिए ।

ग) उनले सन् १८१२ अप्रिल ११ मा विधवा धनाढ्य एकल महिला Jane Davy ( Jane Kerr cyf{t\ Jane Apreece) सँग विवाह गरे ।

घ) उनको कुनै पनि सन्तान थिएन ।

ङ) माइकल फाराडे book binder को रूपमा कार्यरत हुँदा डाभीको ठुलो प्रशंसक थिए । फाराडे सशुल्क डाभीको प्रवचन सुन्न जान्थे । डाभीलाई फाराडे आफ्नो आदर्श र मार्ग निर्देशक मान्दथे । उनी डाभीको प्रवचनबारे लिपिबद्ध गरी नोट बनाएर राख्दथे ।

च) फाराडेलाई वैज्ञानिक रुचि डाभीको कारण नै भएको थियो ।



युवावस्थामा डाभी

छ) सुरुमा डाभीको प्रयोगशालामा फाराडे सहायकको रूपमा कार्य गर्दथे । डाभीका प्रिय पात्रको रूपमा फाराडे रहे ।

ज) सन् १८१३ देखि १८१५ सम्म युरोपको वैज्ञानिक अध्ययन भ्रमणमा डाभी आफ्नो घरको सहयोगी बिरामी भएको कारण यात्रामा सहयोगीको रूपमा फाराडेलाई पनि सँगै लगेका थिए । यसबाट फाराडेले विभिन्न वैज्ञानिकहरूसँग परिचय र विज्ञान सम्बन्धी जानकारी हासिल भयो । यसबाट उनलाई वैज्ञानिक जगतमा कार्य गर्न उत्प्रेरणा प्राप्त भएको थियो ।

झ) डाभीले आफ्नो जीवनकालमा ४० ओटा जति डाक्टर उपाधी विभिन्न विश्वविद्यालयबाट प्राप्त गरेका थिए ।

ञ) प्रसिद्ध रसायनशास्त्रीको रूपमा डाभी सम्भ्रान्त वर्गका भइसकेका थिए भने फाराडे आर्थिक रूपमा कमजोर थिए । यसकारण युरोप यात्राका बेलामा डाभीले फाराडेलाई नोकरको हैसियतमा काम गराएका थिए । तैपनि फाराडे विभिन्न वैज्ञानिक हस्तीहरूसँग भेटघाट गर्ने अवसर पाएकोमा खुसी थिए ।

ट) फाराडेको विद्युत् चुम्बकीय उपपादन सम्बन्धी सिद्धान्तको प्रतिपादन र रोयल सोसाइटीमा सदस्यको निवेदन नदिनु भन्दा भन्दै सदस्यमा निवेदन दिएको र पछि सदस्यमा नियुक्ती पाएको कारण डाभीले आफ्नो बाँकी जीवनकालभर फाराडेसँग शत्रुवत व्यवहार गरेका थिए ।

ठ) उनी सन् १८२६ मा स्थापना भएको Zoological Society of London संस्थाको संस्थापक सदस्य थिए ।

**सम्मान र पुरस्कारहरू :** डाभी आफ्नो समयका प्रसिद्ध रसायनशास्त्री थिए । उनले रसायनविज्ञानको क्षेत्रमा गरेको कार्यबाट यश र सम्पत्ति दुवै कमाए । उनले आफ्नो जीवनकालमा थुप्रै सम्मान र पुरस्कारहरू प्राप्त गरे । जसमध्ये केही निम्न अनुसार छन् –

- **Copley Medal** : Awarded in 1805 by the Royal Society of London
- **Bakerian Medal** : Awarded six times between 1806 and 1826 by the Royal Society
- **Galvanism Prize** : Awarded in 1807
- **Rumford Medal** : Awarded in 1816 by the Royal Society of London
- **Royal Medal** : Awarded in 1827 by the English crown
- **Knighthood** : Awarded in 1812 by the crown
- **Baronetcy** : Awarded in 1819 by the crown
- **Fellow of the Royal Society** : Elected in 1803
- **President of the Royal Society** : Served from 1820 to 1827

**निधन :** उनको कार्यव्यस्तताको कारण सन् १८२७ देखि शारीरिक समस्याहरू देखिन थाल्यो । उनले रोयल सोसाइटीको अध्यक्ष पदबाट राजीनामा दिए । उनको इटालीको रोम सहरमा भ्रमणको क्रममा Stroke (मस्तिष्कमा कम रगत बग्नाको कारण मस्तिष्कको तन्तुहरूमा क्षति पुग्नु) को कारण सन् १८२९ फेब्रुअरी महिनामा आंशिक पक्षाघात भएको थियो । पछि मुटुको समस्याको कारण महान् वैज्ञानिक डाभीको सन् १८२९ मे २९ मा स्विजरल्याण्डको जेनेभामा



जन्मथलो नजिकै पेन्जान्समा डाभीको प्रतिमा

निधन भयो । उनको निधन हुँदा उनको उमेर ५० वर्ष थियो । उनको शवलाई जेनेभाको Plain-Palais नामको विशाल चिहानमा सम्मानपूर्वक समाधिस्थ गरिएको थियो । उनको सम्मानमा सन् १८७७ देखि The Royal Society of London n] Davy Medal वार्षिक रूपमा 'for an outstandingly important recent discovery in any branch of chemistry' शीर्षकमा प्रदान गर्दै आएको छ । डाभीले आफ्नो छोटो जीवनकालमा पनि मानवजातिको कल्याणको लागि गरेको विभिन्न आविष्कारका लागि उनलाई सधैं सम्मानपूर्वक सम्झिरहने छन् । उनी रसायन विज्ञान क्षेत्रमा अमर नक्षत्रका रूपमा रहिरहने छन् ।

**सन्दर्भ सामग्रीहरू :**

१. विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ /उर्मिला शाही
२. विश्व प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
३. शताब्दी पुरुषहरू : टाइम्स पत्रिका
४. मुना विज्ञानका केही कुराहरू : गोरखापत्र संस्थान
५. प्रसिद्ध वैज्ञानिकहरू : सपना बुक हाउस
६. गुगल

**बसिबियाँलो (क) को उत्तर : १५ ।**

# डिलबिनाको पोखरी – महाआश्चर्य !

दिव्यराज

भन्दै पर्यटकहरूलाई भक्तपुर आउनबाट बिच्काएका थिए। तर, पर्यटक सेवा शुल्कबाट सम्पदा संरक्षण, सफाइलगायत पर्यटन उद्योगका आधारहरू विकास हुन थालेपछि भक्तपुरले सम्पदा संरक्षणमा अद्वितीय काम गरेको, पर्यटकलाई भक्तपुर नल्याई धरै पाइँन भन्नु पनि आश्चर्यकै विषय हो। 'जीवित सङ्ग्रहालय' संज्ञा पाएको भक्तपुरमा हिजो सांस्कृतिक नगरको अवधारणा ल्याउँदा भक्तपुरलाई म्युजियम बनाउने भयो, जङ्गली युगमा फर्काउने भयो भनी विरोध गर्नेहरूमध्ये थुप्रैले क्युरियो पसल, पर्यटकीय होटल र रेस्टुराँहरू खोल्दै जानु पनि आश्चर्यकै कुरा हो।




पुनर्निर्मित भाजु पुखू चारैतिरको डिलसहित

भक्तपुरमा आश्चर्यका धेरै काम-कुरा र घटना हुने गर्छ। कुनै बेला 'सुँगुरको खोरजस्तो भक्तपुर' सफाइमा अग्रणी भक्तपुर बन्नु आश्चर्यकै कुरा हो। एसएलसी पास गर्न भक्तपुरमा सेन्टर पार्नेहरू शिक्षा क्षेत्रमा भक्तपुरले गरेको प्रगति धेरैको लागि उदाहरणीय हुनु पनि कम आश्चर्यको विषय होइन। कुनै बेला रामचन्द्र पौडेल नामका नेता देशका मन्त्री थिए। उनले भक्तपुर नपाले पर्यटक सेवा शुल्क लगाउँदा नपा नै विघटन गरिदिने धम्की दिएका थिए भने केही पर्यटन व्यवसायी र पथप्रदर्शकहरूले 'भक्तपुरलाई कीर्तिपुर बनाइदिने'

यस्तै आश्चर्यको सिलसिलामा अहिले एउटा महाआश्चर्य देखिएको छ।

किनारबिनाको नदी, गारोबिनाको घर हुँदैन। त्यस्तै डिलबिनाको पोखरी पनि हुँदैन। तर, भक्तपुरमा डिलबिनाको पोखरी बनाई महाआश्चर्यको असफल प्रयास देखिएको छ। यसमा भक्तपुर बहुमुखी क्याम्पसका पदाधिकारी र केही विद्यार्थी मोहडामा छन् भने सत्ता निकटका केही मानिस 'मौकामा चौका हान्ने' दाउमा देखिन्छ।

२०२१ सालको नापी नक्सामा कित्ता नं. २४१ मा पोखरी (भाजु पुखू) र कित्ता नं २४२ मा डिल (पोखरीको) जनिएको छ। तर, २०३३ माघ २० गते भक्तपुर क्याम्पसको नाममा पोखरीको चारैदिशाको डिल दर्ता कायम गरिएको देखिन्छ। यो डिल पोखरीझैँ सार्वजनिक भएकोले कतैबाट दान वा राजीनामा नभई केवल क्याम्पसको नाममा दर्ता गरिएको छ। अर्थात् त्यो डिल पोखरीको हो, सार्वजनिक हो ।




कित्ता नं. २४२ को भाजपुखू सार्वजनिक नै कायम राखी पोखरीमा जाने सबै डिल क्याम्पसको नाममा दर्ता गर्न स्वीकृति दिने, दर्ता गर्ने तत्कालीन मालपोत कार्यालयका हाकिम र कर्मचारीहरूको बुद्धिहीनता आफैमा आश्चर्यको विषय हो। पोखरीको डिल क्याम्पसलाई दिएपछि पोखरीमा जाने बाटो हुनैपर्ने तथ्यलाई बेवास्ता गरी दर्ता गर्न अनुमति दिनेहरूको बुद्धि पनि घाँस चर्न जानु महाआश्चर्यकै विषय हो। यद्यपि, विचरा भाजु पुखू भूपरिवेष्ठित भएर पनि घाँसे मैदानको रूपमा धन्न अस्तित्वमा रहयो।

अहिले भक्तपुर बहुमुखी क्याम्पस त्यही बुद्धिहीनहरूबाट दर्ता गरिदिएको कागज लिएर तुजुक देखाइरहेको छ।

एउटा आश्चर्यको कुरा छ, कागजी निस्साअनुसार ५ रोपनी ६ आना क्षेत्रफल रहेको कित्ता नं. २४२ को पोखरीको डिल क्याम्पसको हो। तर, उसले पूर्व, पश्चिम र उत्तरको डिलमा कुनै पर्खाल वा बार लगाएको छैन दक्षिणमा मात्र लगाएको छ। केवल दक्षिणी डिलमा हकदाबी जनाइरहेको छ। स्मरणीय छ, उसको कम्पाउन्ड बारभित्र भक्तपुरका कतिपय मानिसका कुल देवता पनि रहेको बताइन्छ। अर्काको कुल देवता आफ्नो क्याम्पभित्र राख्ने अधिकार क्याम्पस वा त्रिविलाई छ ? क्याम्पसले आफ्नो नाममा दर्ता रहेको पोखरीको तीन दिशाको डिलमा पर्खाल वा बार लगाएर सुरक्षा किन नगरेको ? के त्रिविको आदेशमा छोडेको हो ? तर, बाँकी तीनतिरको पोखरीको डिल सार्वजनिकरूपमा प्रयोग भइरहेको छ ।



माथिल्लो डिलबाट पोखरीमा जाने एकमात्र सिँढी

पुनर्निर्माणको लागि पोखरीको उत्खनन गर्दा बिचको जलेश्वर मन्दिर जाने बाटो दक्षिणतिर भेटिएको छ। पोखरीको माथिल्लो डिलबाट ओर्लने एकमात्र सिँढी पनि दक्षिणमा रहेको छ। यसबाट डिल पोखरीकै क्षेत्र भएको बुझ्न कुनै कठिन छैन। यदि क्याम्पसको नाममा दर्ता भएको माथिल्लो डिलमा उसले पर्खाल वा बार लगायो भने पोखरीमा जाने बाटो कतै हुने छैन। के जाने बाटो नै नभएको पोखरी पुर्खाले बनाए होला त ?

पोखरीको बनावट हेर्दा दक्षिण दिशा नै बिचको मन्दिरमा जाने एकमात्र मूल बाटो हो। अहिलेको पूर्व-उत्तरको बाटो बेवारिसे पोखरीमा जान मानिसहरूले पछि डिल बिगारेर बनाएको हुनुपर्छ।

त्यसैले दक्षिणी डिलबारे भक्तपुर नपाले क्याम्पसलाई समझदारीमा आउन २०८० फागुन १ गते क्याम्पसका पदाधिकारीसँग छलफल गरेको थियो। उक्त छलफलमा क्याम्पसका सहायक प्रमुखले ''२०३३ सालदेखिनै पोखरीको दक्षिण डिल भक्तपुर क्याम्पसको नाममा दर्ता रहेको' बताएका थिए। *(भक्तपुर नपाबाट प्रकाशित पुस्तक 'भाजु पुखू र जलेश्वर मन्दिर पुनर्निर्माण', २०८०, पृष्ठ ११८–११९ ।)*

घाँसे मैदानको पोखरीले नयाँ जीवन पाई कलेजको समेत वातावरण स्वच्छ, स्वस्थ र आकर्षक बनिसक्दा पनि नगरपालिकाको आग्रह, पत्राचार हुँदा पनि त्रिवितिर औँला देखाउँदै अटेर गर्नु सोझो भाषामा निहुँ खोजेको हो।

यो निहुँ खोजाइ नगरपालिकासँग होइन प्राचीन स्मारक संरक्षण ऐन, पुरातत्त्व विभाग, संस्कृति मन्त्रालय, युनेस्कोलगायत नेपाल र विदेशका सम्पदाप्रेमीहरू सबैसँग पनि हो। ज्ञान, शिक्षा र चेतना दिने शिक्षालयको यो निहुँ खोजाइको आधार कागजी निस्सामात्र हो कि राजनीति पनि ? पुर्खाले सिर्जेको सम्पत्ति संरक्षणमा शिक्षालयजस्तो निकायले साथ–सहयोग दिने अपेक्षा विपरीत कला, संस्कृति, सम्पदाको छ्यान नभएका र महत्त्वको बोध नभएकाहरू बाधा दिएर आफूलाई अशिक्षित र अज्ञानी प्रमाणित गरिरहेका छन्। अनि प्रश्न गर्न मनलाग्छ, तिनीहरूले शैक्षिक प्रमाणापत्र पढेरै प्राप्त गरेका हुन् कि कतैबाट किनेर ? अथवा अर्काको प्रमाणपत्रमा आफ्नो तस्बिर टाँसेर घमण्ड गरिरहेका हुन् ? धेरैलाई शङ्का लागेको हुनुपर्छ। अन्यथा, भक्तपुर बहुमुखी क्याम्पसलाई सम्पदा र स्मारकसँग जोडेर कुनै संरचना निर्माण गर्नु हुँदैन भन्ने न्यूनत्तम ज्ञान त हुनैपर्ने हो, यति विघ्न अज्ञानी नहुनुपर्ने हो।

निश्चय पनि भक्तपुर बहुमुखी क्याम्पस जनताको हो। भाजु पुखूजस्तै जनतालाई प्यारो छ। यद्यपि, क्याम्पसलाई भक्तपुर नपाबाट चाँगु, सूर्यविनायक वा मध्यपुर–थिमि नपामा स्थानान्तर गरे पनि भक्तपुर बहुमुखी क्याम्पस नै रहन्छ, उसको अस्तित्व, प्रतिष्ठा, उपयोगितामा कुनै फरक पर्ने छैन। तर, के भाजु पुखूलाई अन्यत्र सार्न सकिन्छ ? अन्यत्र सार्‍यो भने के त्यसको पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक महत्त्व कायम रहन्छ ? ७२ सालको भूकम्पपछि काठमाडौँको धरहरा छेउमै नयाँ धरहरा निर्माण गर्‍यो, भत्केको धरहराको अवशेष यथावत राखिएको छ। तर, अवशेषले जुन ऐतिहासिक, पुरातात्त्विक, स्मारक र सम्पदाको महत्त्व बोकेको छ त्यो नयाँ धरहरामा हुनसक्दैन। नयाँ धरहरा केवल धरहरा हो, भीमसेन स्तम्भ होइन र हुन पनि सक्दैन।

भक्तपुर नगरपालिका अर्थात् स्थानीय सरकारले ऐतिहासिक ९९ चोकको उत्खननको कुरा गरिरहेको छ। त्यसबारे विभिन्न पुरातत्त्वविद्, इतिहासकार, सम्पदाविद्लगायतका बौद्धिक व्यक्तित्वहरूमाझ अन्तरक्रिया, छलफल, भेला, गोष्ठी गर्ने गरेको छ। ९९ चोकमा रहेका सरकारी कार्यालयहरू स्थानान्तरको लागि विचारविमर्श गरिरहेको छ। यस्तो परिवेशमा भाजु पुखूको अपुरो इतिहासलाई पूर्णता दिन आवश्यक परे पोखरीको डिलमात्र होइन डिलभन्दा परको क्षेत्र पनि उत्खननको दायरामा आउन सक्छ– दक्षिणी डिल त अति सामान्य कुरा हो। त्यसैले पनि भक्तपुर बहुमुखी क्याम्पसले भाजु पुखूको डिलमा खिचलो झिकेर निहुँ खोज्नुभन्दा समझदारीमा तीनतिरको डिलझैँ दक्षिणी डिल पनि भाजु पुखूलाई नै हस्तान्तरण गर्नु बुद्धिमानी हुनेछ।

यी कुरा भक्तपुर बहुमुखी क्याम्पसले बुझ्नै पर्थ्यो, आफ्ना विद्यार्थीलाई सिकाउनै पर्थ्यो। तर, बुझेको देखिएन, सिकाएको पनि पाइएन। पुरातात्त्विक र सम्पदाको दृष्टिले भक्तपुर बहुमुखी क्याम्पस शिक्षालयभन्दा पनि जागिर खाने थलोमात्र देखियो।

तर, भक्तपुर बहुमुखी क्याम्पस वा त्रिविले मालपोतको एउटा कागज देखाएर ऐतिहासिक भाजु पुखूको दक्षिणी डिल हड्पिराख्ने अथवा किनारबिनाको नदी हुन्छ, गारोबिनाको घर हुन्छ भन्ने महाआश्चर्य प्रदर्शन गर्ने जमर्को कहिल्यै पूरा हुनसक्दैन। मालपोतको मात्र होइन अदालतको फैसला पनि यदि ऐतिहासिक, पुरातात्त्विक, स्मारक र सम्पदाविरुद्ध छ भने सम्पदाप्रेमीहरूलाई मान्य हुनेछैन।

ठमेलको छाया कम्प्लेक्स भत्काई कमलपोखरी कायम गर्न सम्पदाप्रेमीहरू सङ्घर्ष गरिरहेका छन्। मालपोतको कागज, अदालतका फैसला आदि त पैसा दिएर किन्न सकिन्छ भन्ने उदाहरण ललिता निवास, बाल मन्दिरलगायतका जग्गाको मामिलामा देखिएको छ। त्यहाँ कागजीरूपमा सबै मिलाएका थिए, प्रमाणित नै थिए तर त्यसलाई स्वीकारिएन र काण्डमाथि काण्ड बन्यो। अहिले थुप्रैमाथि कारबाही भइरहेको छ। के भक्तपुर बहुमुखी क्याम्पसका पदाधिकारी पनि अदालतमा धाउन जम्जमाएका हुन् ? पञ्चायती सरकार र तत्कालीन मालपोतका कर्मचारीलाई डिलबिनाको पोखरी हुँदैन भन्ने थाहा नभए पनि आजका सरकार, त्रिवि, अदालत पनि मूर्ख नै होला भन्ने ठान्नु आफ्नै मूर्खतामात्र प्रदर्शन गर्नु हो।

हुन त आजको कदम भक्तपुर नपाले भाजु पुखू पुनर्निर्माणकै बेला चाल्नुपर्ने थियो। त्यसबेला सायद, समझदारी खोजिरहेको थियो। तर, सुतेकालाई ब्युँझाउन सजिलो हुन्छ

परन्तु ब्युँझेकालाई उठाउन गाऱ्हो हुन्छ भनेझैँ पढेलेखेका बस्ने क्याम्पसले समझदारीको अर्थ बुझेन, बरु नपालाई चुनौती दिन पुग्यो ।

> भाजुपुखूको दषिणी डिलबारे कार्तिक २८ गते भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको संयोजकत्वमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, त्रिभुवन विश्वविद्यालय रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजाल र भक्तपुर क्याम्पसका क्याम्पस प्रमुख कविता लुइँटेलसहितको उपस्थितिमा 'भाजु पोखरीको दक्षिणतर्फ तथा भक्तपुर बहुमुखी क्याम्पसको उत्तरतर्फको खण्ड सौन्दर्यीकरणलाई सहयोग पुग्ने गरी पुरातात्विक क्षेत्रको संरक्षणसम्बन्धी कानुनी व्यवस्थालाई दृष्टिगत गरी २० फिट बाटो कायम गरी भक्तपुर नगरपालिकाले क्याम्पसको लागि पर्खाल र प्रवेशद्वार निर्माण गर्ने' निर्णय भएको छ ।

सबैले हेक्का राख्नुपर्ने तथ्य के हो भने भाजु पुखू नपाको होइन, नेमकिपा वा अन्य कुनै पार्टीको पनि होइन । त्यो नेपाली जनताको हो, अझ विश्वका सम्पदाप्रेमीहरूको साझा सम्पत्ति हो । पुर्खाको धरोहरलाई भक्तपुर नपा अर्थात् स्थानीय सरकारले नयाँ पुस्तालाई सुरक्षित हस्तान्तरण गर्न खोजेको मात्र हो । त्यसैले यस्तो उत्तम कार्यमा बाधक बनी कलङ्कित हुने दुचेष्टा कसैले नगरून्, यसैमा सबैको हित र योगदान हुनेछ ।

स्रोत : मजदुर दैनिक, कार्तिक २६ गते




# घोत्लिँदै काँस्य युगको पुरातात्विक सहर 'खैबर ओयसिसमा'



तेजेश्वरबाबु ग्वंगः

आर–रोयल–राजकीय, सी–कमिसन–आयोग फर (FOR) निमित्त निर्धारित–तोक आदेश । आर.सी.यु (RCU) साउदी अरबको उत्तर पश्चिमस्थित खैबर ओयसिस स्थान । काँस्य युगको एक नगर बस्ती । उत्खननको क्रममा भेट्टाइएका समाचार पढेँ । मन मेरो डोलियो । सकिन थाम्न आफैले आफूलाई । ग्राहकी सार्थकिएको अनुभूति यो । मजदुर दैनिक कार्तिक १७ सोमबार २०८१ । ख्वप नोट्बुक । चिन्तनभरिको चिन्तन–चिन्तनमय मन–मस्तिष्क । लेखनीका तुक बन्दी कुन्नीकुठि यो अक्षर मार्ग साझा हाम्रा ।

सत्य–त्रेता–द्वापर–कलियुगको जम्माजम्मि आयु कति कति ।।। छैन लेखाजोखा । प्रत्येक युगमा कति कति उथलपुथल भए भए । यकिन छैन तथ्याङ्क हाम्रोमा । प्रत्येक युगमा भएका प्राकृतिक पल्टनबाजीले पुग्यो कति कति । अत्तोपत्तो नास्ति । वैज्ञानिक आविस्कारले असम्भव केही नि रहेन । जमानामा उहिल्यै फ्रान्सका नेपोलियन बोनापार्टले भनेथे – असम्भव शब्द मूर्खहरूका शब्दकोशमा मात्र भेटिन्छ । सन्दर्भ यसको युगका आयु बोधी ज्ञान । नाति लिजः नेपालभाषामा भविश्य किरण । सत्ययुग, त्रेता, द्वापर र कलियुगका अवधि–आयु । सत्ययुगलाई क्रिता युग अर्थात कीर्ति युग नि भन्दारहेछ । क्रिता/कीर्तिमानी युग । सत्य कीर्तिमानी नै हुँदा रहेछन् ।

१) सत्य/कीर्तिमानी युगको आयु – १७,२८,०००

२) त्रेता युगको आयु – १२,९६,०००

३) द्वापर युगको आयु – ८,६४,०००

४) कलियुगको आयु – ४,३२,०००

अहिलेसम्ममा कलियुगको आयु व्यतित ५,१२५ भइसकेको लेखाजोखा छ । खैबर ओयासिसमा उत्खनन गर्दा फेलापरेका काँस्य युगले पुरातन धारणामा उथलपुथल ल्याएको छ । त्यसरी उत्खनन–खोतल्नु पर्ने कति छन् कति ? हाम्रो सामूहिक

नेपालका कैयौँ पहाडी हिमाली भूभाग, समथल पहाडी, खोँच-बेसिका भूबस्तीहरूमा प्राचीन आर्वाचिन बस्तीहरू 'खैबर ओयासिस' झैँ उत्खनन योग्य-ढुङ्गे, इँटा, काठे, बाँसे युगहरूका उत्खनन योग्य कैयौँ पुरातात्त्विक स्थान युगयुगका प्राकृतिक, संहारकारी युद्धजन्य आक्रोशपूर्ण आततायी आक्रमणकारक हमलाहरूका चपेटाले धरासायी बने। ती स्थान मौन चित्कारमा कहाली रहेकै होलान। वाङ्मय शताब्दिपुरुष सत्यमोहन जोशी पुरातत्त्व विभागका निर्देशक अवधिमा हाँडीगाउँलगायत मानदेव भवन उत्खननले साबित्याई सकेको साक्ष बनेकाछन्। जन्मस्थल आफ्नै भक्तपुरका विविध स्थानमा उत्खनन गर्दा कैयौँ शिखरशैलीका इँटाका मन्दिर मूर्तिहरू नगरपालिका भक्तपुरका चिनमय तदारुखतामा भएका यी दृष्टिले प्रत्यक्ष अवलोकन नगरेका कहाँ हुन् र ?

धेरै दूरदराज र टाढाका कुरा छाडौँ। भक्तपुर नगरकै भाजुया पुखू/भाज्या पुखू सफाइको क्रममा इँटा युगका शिखर मन्दिर अनि इँटाकै अनेक मूर्ति फेला परेका प्रत्यक्षदर्शी यी नयनजोडी बनेका प्रसङ्गवस उपहार गर्नु धर्म संस्कृति ठान्छु मान्छु। आजीवन भक्तपुर आफ्नै गुँड जन्मस्थल ठानी मानी विसं २०१३ साल भाद्र मसान्तमा चराको गुँड झैँ जन्मस्थल मेरो भक्तपुर काव्यात्मक कविता रचेको भक्तपुर नगरवासी ग्वंग:को उषा स्वर्ण कुखुरीकाँ ..... हा हा हा हा !

चार लाख बत्तिस हजार आयु रहेको कलियुगे आयु ५,१२५ व्यतित भइसकेको अवस्था हो हाम्रो। अझै हाम्रा लागि हाम्रा सन्तति पर्यन्तका निमित्त ४,२७,८७५ यस युगको आयु छँदैरहेको छ। कीर्तिमानी सत्ययुग, त्रेतायुग, द्वापरयुगका घटना विवरण छैन हामी सँग। ती युगका अनुमान प्रमाण कुम्ल्याउन असमर्थ छौँ हामी। सबैभन्दा कम छोटो अल्पायु भएको कलि महात्म्य यति बिघ्न विभत्स छ। अरू युगहरूको छुनामुनासम्म मस्ती। १९९२ कार्तिक ७ द्वादसीमा जन्मेकाले १९९० माघ २ गते २ बजे लगभगका ९० सालको महाभूकम्पका परिदृश्य त आकाशको फूल आँखा तरिमर। हजुरआमा, बुबामुमाका वाक बाणि अनि ब्रह्मशमशेर ज.ब.रा लिखित १९९० सालको महाभूकम्प पुस्तक विवरणका आधारबाट जानेबुझेँ जति। बाहिरी खोलमै धरहरा (भीमसेन स्तम्भ) तीन टुक्रा भएको तीन टुक्रे चित्र अङ्कित पुस्तक। २०७२ वैशाख १२ को दोस्रो महाभूकम्प पश्चात मान्यवर मित्रवर गुणराज लुईँटेललाई सुम्पेथेँ।

यस्तै यस्तै उथलपुथल कति भए अत्तोपत्तो नास्ति। कुन युगमा कहाँ कता के भए सूचकाङ्क छैन कहिँ। यही कलियुगमा कयन शताब्दि अघि बिलुप्तिए प्राणीहरू यही भूतलमा। शताब्दि शताब्दिकै अन्तराल परिवर्तन हुँदो रैछ। भूगर्भ बेत्ता शास्त्रीका उद्घोष सुनिएकै हो। कति कति सुनिन्दै जानुपर्दो हो ? अनभिज्ञ छु। अनभिज्ञ रहर अन्धयुगबासी सहर। केवल २५५ वर्ष दुई शताब्दि ५ वर्षअधिका सन्दर्भ चार युगको आयुको तुलनामा अल्पसङ्ख्या। २०७२ सालको महाभूकम्प पश्चातको लघु उत्खनन स्वर्णद्वार अगाडि उहिल्यै गाडिएको चिल्लायामानका स्तम्भ। त्यसका टुप्पामा भूपतिन्द्र मल्ल राजाका स्वर्ण शालिक राजकीय सजधजसाथ सजिएका छन्। आकर्षक/तुलजा भवानीप्रति भावभक्तिपूर्वक नमस्कार मुद्रामय आसन कसेका। २८० वर्ष अघि निकै भूतलमा परिवर्ति भूतल। बेलायतको डऱ्हायम विश्वविद्यालयका प्राध्यापक रबिन कनिङघाम (Prof. Robin Canningham) को अगुवाइमा पुरातात्विक उत्खनन भएथ्यो। पुरातत्त्वविद् श्री कोषप्रसाद आचार्यज्यूको दक्ष सल्लाह कार्य थियो। तत्कालीन पुरातत्त्व विभागका महानिर्देशक श्री भेषनारायण दाहालको मनज्ञ सद्भाव सहयोग सराहनीय। त्यस उत्खनन क्षेत्रमा अनपेक्षित व्यक्ति निषेध गर्न बाँसेबार लगाएको। जाँगरिलो वयस्क आँट मेरो। प्रवेश निषेधित स्थान अवलोकन अध्ययन गर्ने अभिलाषामा श्री कोषप्रसाद आचार्य महोदयबाट भएथ्यो। वहाँको सौहार्द शुभेक्षामा प्राध्यापक रविन कनिङघामसितको कुराकानी। कुराकानी पछि आँग्लिय भाषामा गरेको रचना पढेर प्रा. कनिङघामले भेटेको झलझली आँखा ताजा मनमस्तिष्कमा झलझली अझै छ।

उत्खननमा फेला परेका मृतिका, तामाका चुन्नादाम (चारदामको १ पैसा) आधुनिक पुस्ताका लागि पुरातात्त्विक सम्पदा !


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# शैक्षिक प्रमाणपत्र धितो राखेर भक्तपुरले दियो १५१ जनालाई ऋण

## अध्ययन अवधिभर ऋणको साँवाब्याज तिर्नु नपर्ने



शान्ति तामाङ

भक्तपुर नगरपालिकाले चालू आर्थिक वर्षमा एक सय ५१ जनालाई शैक्षिक प्रमाणपत्र धितो राखेर शैक्षिक ऋण प्रदान गरेको छ। नगरपालिकाभित्र स्थायी बसोवास गर्ने विपन्न र जेहेन्दार विद्यार्थीका लागि शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर सहुलियत ब्याजमा ऋण प्रदान गरिएको हो।

चालू आर्थिक वर्षमा सबैभन्दा धेरै वडा नम्बर ४ का २२ जनाले ऋण पाएका छन् भने सबैभन्दा कम वडा नम्बर ९ का सातजनाले पाएका छन्। नगरपालिका शिक्षा संयोजक रवीन्द्र ज्याख्वका अनुसार शुक्रबार शैक्षिक ऋणसम्बन्धी अभिमुखीकरणपछि ऋण दिन सुरु हुन्छ। 'अघिल्ला वर्षहरूमा जस्तै यो वर्ष पनि शैक्षिक ऋण प्राप्त गर्ने विद्यार्थीहरू छनोट हुनुभइसकेको छ,' संयोजक ज्याख्वले भने, 'सीधै सम्बन्धित विद्यार्थीको नाममा पैसा पठाउँदा पैसाको दुरुपयोग हुन सक्ने भएकाले सम्बन्धित विद्यार्थी पढ्ने क्याम्पसको खातामा तीन किस्तामा पैसा हालिदिने हो।' नगरपालिकाका अनुसार प्रत्येक वर्ष शैक्षिक ऋणका लागि आवेदन दिने बढिरहेका छन्। हालसम्म नगरपालिकाले दिएको शैक्षिक ऋण सात सय ६७ जनाले प्राप्त गरिसकेका छन्।

## यस्तो छ ऋण लिने प्रक्रिया

भक्तपुर नगरपालिकाले ७५३ स्थानीय तहमध्ये शैक्षिक ऋणको व्यवस्था गर्ने आफू पहिलो भएको दाबी गरेको छ। नगरपालिकाले ऋण दिनका लागि भक्तपुर नगरपालिका, शैक्षिक ऋणसम्बन्धी निर्देशिका, ०७५ जारी गरेको छ। शैक्षिक ऋण दिन ०७५ सालमै नगरपालिकाको चौथो नगरसभाबाट शैक्षिक ऋण निर्देशिका पारित भएको थियो। निर्देशिका १९ वैशाख ०७६ मा स्थानीय राजपत्रमा प्रकाशित भएको थियो। सोही वर्षबाटै नगरपालिकाले निर्देशिकाअनुसार शैक्षिण ऋण दिँदै आएको छ।

निर्देशिकाअनुसार शैक्षिक ऋण माग गर्ने व्यक्तिले वडा समितिमा माग पेस गरी सिफारिस लिनुपर्नेछ। सिफारिससमेत संलग्न गरी नगरपालिकामा निवेदन दिनुपर्नेछ। निवेदन दिएपछि मेयरले शैक्षिक ऋण स्वीकृत गर्न सक्नेछन्। मेयरबाट स्वीकृत भएपछि नगरपालिका आर्थिक प्रशासन शाखाबाट ऋण रकम उपलब्ध गराइनेछ। शैक्षिक ऋणबापत प्रत्येक व्यक्तिले पाँच लाखसम्म प्राप्त गर्न सक्नेछन्। एसइईभन्दा माथि विद्यावारिधि (पिएचडी) गर्नेसम्मले ऋण पाउँछन्।

## ३० जनाले फिर्ता गर्न थाले शैक्षिक ऋण

शैक्षिक ऋण लिएकामध्ये ३० जनाले तिर्न थालिसकेका छन्। कुनै पनि विद्यार्थीले जरिवाना तिर्नुपर्ने अवस्था नआएको नगरपालिकाले जनाएको छ।

'हामीले उपलब्ध गराएको शैक्षिक ऋण बिस्तारै विद्यार्थीले तिर्न थालेका छन्। अहिलेसम्म कसैलाई जरिवाना गर्नुपर्ने अवस्था आएको छैन,' ज्याख्वले भने। उनका अनुसार नगरपालिकाको यो कार्यक्रमबाट जेहेन्दार र विपन्न धेरै विद्यार्थीले लाभ लिन थालेका छन्। ऋण लिने विद्यार्थीको संख्या पनि वृद्धि हुन थालेको छ। निर्देशिकामा औसतमा एक सयजनालाई मात्र ऋण दिने व्यवस्था भए पनि संख्यामा वार्षिक रूपमा वृद्धि भइरहेको छ।

## शैक्षिक ऋण नतिरे नगरपालिकाको सेवाबाट वञ्चित

विद्यार्थीले शैक्षिक सत्र सकिएको अर्को वर्षबाट ऋण तिर्न थाल्नुपर्नेछ। निर्देशिकाअनुसार शैक्षिक वर्षको अन्तिम परीक्षा दिएको एक वर्षभित्र ऋण रकमको न्यूनतम २५ प्रतिशत असुल हुनेछ। कोर्सको अन्तिम परीक्षा दिएको मितिले दुई वर्षभित्र ऋण रकमको न्यूनतम ५० प्रतिशत असुल हुनेछ। शैक्षिक कोर्सको अन्तिम परीक्षा दिएको मितिले तीन वर्षभित्र ऋण रकमको न्यूनतम ७५ प्रतिशत साँवाब्याज असुली हुनेछ। अन्तिम परीक्षा दिएको मितिले चौथो वर्षभित्र सबै ऋणको शतप्रतिशत साँवाब्याज तिर्नुपर्नेछ।

उक्त समयावधिभित्र ऋणको साँवाब्याज नतिरे बुझाउनुपर्ने साँवाब्याजको पाँच प्रतिशत हर्जाना गरी विद्यार्थी र उसको साक्षी बसेको परिवारका सदस्यलाई नगरपालिकाबाट प्रदान गरिने सेवाबाट वञ्चित गरिनेछ। शैक्षिक ऋणको वार्षिक ब्याजदर ६ प्रतिशत छ। 'यदि चार वर्षको कोर्स छ भने त्यसको अर्को वर्षबाट ऋण तिर्न सुरु गर्नुपर्नेछ। विद्यार्थीको पढाइ अवधिभर ऋण तिर्नुपर्दैन,' उनले भने, 'शैक्षिक कोर्स सकिएको चार वर्षसम्म काम गरेर ऋणको साँवाब्याज तिरे भयो। चार वर्षसम्म पनि ऋण रकम फिर्ता नगरे जरिवानासहित साँवाब्याज तिर्नुपर्नेछ।'

*(नयाँ पत्रिका, २०८१ मङ्सिर १३ बिहीबार)*

# भक्तपुर महोत्सवको प्रचारार्थ



पत्रकार सम्मेलन



वडावासीहरूको भेला



पर्यटन व्यवसायीहरूको भेला



विद्यार्थीहरूबिच हाजिरीजवाफ प्रतियोगिता



सहकारीकर्मीहरूको भेला



विद्यार्थीहरूबिच निबन्ध प्रतियोगिता



किसान प्रतिनिधिहरूको भेला



विद्यार्थीहरूबिच चित्रकला प्रतियोगिता

# भक्तपुर महोत्सवको प्रचारार्थ




शिक्षक-विद्यार्थीहरुलाई अभिमुखीकरण



कर्मचारीहरूको भेला




खेलाडी र छिकोड प्रशिक्षार्थीहरूको भेला




शुभकामना र्‍याली



↑ विभिन्न स्थानमा मर्मत र सफाइ ↓





खेलाडीहरुबिच प्रवचन

# तस्बिरमा केही गतिविधि




लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको लागि प्रहरी परिसरमा राखिएको लक्ष्मीनरसिंहको मूर्ति पुन:स्थापन । मंसिर १ गते



सिलाइ मेसिन तथा ग्यास चुल्हो मर्मत तालिम समापन कार्यक्रम । कार्तिक २९ गते



चिनियाँ भाषा तालिम तह २ र ३ को समापन कार्यक्रम । कार्तिक ३० गते





पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत राम मन्दिर खोला परिसरमा सफाइ । मङ्सिर १ गते

# नगरमा सकिमना पुन्हीमा हलिमली ब्वज्या (कार्तिक 30 गते)

















# रत्नचूड पर्वतको परिचय र महत्व



प्रेमप्रसाद काफ्ले

नगरकोट पनि रत्नचूड पर्वतको एउटा अंश हो। यो ठाउँ काठमाडौँ उपत्यकाको उत्तरपूर्वी द्वार हो। प्रकृतिका सुन्दरताले परिपूर्ण रत्नचूड पर्वतका आसपासमा पर्यटकीय र दर्शनीय प्राकृतिक सौन्दर्यता र धर्मक्षेत्रहरू धेरै पाइन्छन्। भक्तपुर जिल्ला अवस्थित नगरकोट वा रत्नचुडेश्वरका दायाँ बायाँका जिल्लाहरूमा काठमाडौँ र काभ्रेपलाञ्चोक पर्दछन्। यहाँको ठूलो विशेषता भनेको विहानीका उदाउँदो सप्तरङ्गीय सूर्य र रत्नचुडेश्वर शिवको दर्शन प्रमुख छन्।

शास्त्रीय मान्यताअनुसार सृष्टिकै शुभारम्भमा स्वयम् ब्रम्हाजीले यस स्थानमा कुण्ड निर्माण गरी रत्नैरत्नको शिवलिङ्ग स्थापना गर्नु भएकोले यस पर्वतलाई रत्नचूड पर्वत भनिएको हो। स्कन्द पुराण अन्तर्गतको हिमवत खण्डको अ. १२३ श्लोक ८ र ९ मा वर्णन गरिएको छ। यो रत्नचूड पर्वत पुण्यभूमि पवित्र धाम भएकैले ऋषि विरूपाक्ष र नेमुनिजस्ता धेरै ऋषिहरूले यहाँ तपस्या गरी सिद्धि प्राप्त गरे भन्ने इतिहास पढ्न पाइन्छ। यहाँबाट देखिने चारै दिशाको सुन्दर वातावरणीय धार्मिक क्षेत्रहरू र विविध जातका वृक्ष र वनस्पतिले शोभायमान यस स्थलका वरिपरि धार्मिक क्षेत्रहरू पनि धेरै छन्। नगरकोट, छालिङ्ग, वागीश्वरी, सुडाल, ताथली, ब्रम्हायणी, मणिकर्णिका धाम, पात्ले वन, नाला, टुकुचा, खावा, भन्ज्याङ्ग, कलम्मसी, श्रीगणेश ढुङ्गा, वोधिनी, ल्हासाप्वा, श्री महामञ्जुश्री, महामण्डप पर्वत, बागीश्वरी धाम, त्यस्तै विला, भद्रा नदी, विरघाट, वाघेहिनी नदी, लाँकुरी भन्ज्याङ्ग, जलजले बासुकी, पुण्यमाता नदी, हलाहल नदी, चन्द्रावती नदी, नालदुम, जहरसिंह पौवा, विश्वम्भरा, मणिचूड पर्वत, बज्रयोगिनीबाट भृकुटी पदमार्ग साँखु, सुन्टोल, शालीनदी, पञ्चमहालक्ष्मी, तेलकोट, जालपादेवी, निष्कलङ्केश्वर शिवलिङ्ग, खरिपाटी, सैनिक शिक्षालय, बहाल वन जुन वनमा रहेका हजारौँ वृक्ष र अनेकौँ वनस्पति जडीबुटीसँग ठोक्किएर बगेको पानी हामी भक्तपुरवासीले खाएका कारण पनि हामी निरोगी हुन पाएका छौँ। रत्नचूड र मणिचूडलाई पुण्यक्षेत्र भएकैले धर्मक्षेत्र बताइएको छ। अझ कतिपय ठाउँका नाम छुटेका छन्। यो अनुसन्धानको विषय हो।

अर्कातर्फ उपत्यकावासीहरू सधैँको धुवाँ धूलो, जनसङ्ख्याको चाप र घनाबस्तीबाट निस्सासिएकाहरूको लागि विश्राम स्थल, आनन्द र शान्तिको अनुभूति गर्न पाइने स्वच्छ र पवित्र स्थलको रूपमा पनि यही नगरकोट रहन गएको छ। हिमाली पवित्र जलबाट सिञ्चित, पौषित, अन्नपात र फलफूल तथा सागपात ओजश्वी, स्वादिला हुन्छन् भन्ने कुरा लामटाङ, जुगल हिमालका फेदीका फाँटहरू मुहाङ्काल, सेरा, सिन्धु आदिबाट उत्पादित धान, गहुँबाट काठमाडौँ उपत्यकावासी परिचित रहेको अवस्था विद्यमान छ।

ऐतिहासिक पौराणिक कालदेखि नै रत्नचूड, मणिचूड, धवलागिरी पर्वतहरू सुपरिचित रहेका छन्। यिनलाई त्रिरत्न पर्वत पनि भनिन्छ। नेपालका राष्ट्रिय दैनिक साप्ताहिक, मासिक पत्रिकाहरूले नगरकोटलाई स्वर्गको टुक्रा तथा प्रकृतिकी रानी आदि नामले वर्णन गरेका प्रसङ्गहरू पनि स्मरणीय र मननीय छन्।



अनेकौँ विशेषताले परिपूर्ण यस नगरकोटलाई आधुनिक जगतमा परिचय गराउनका लागि कसले कुन कुन समयमा कति योगदान पुऱ्यायो भन्ने कुरा पनि महत्त्वपूर्ण हुन आउँछ । नेपाल एकीकरणको क्रममा यस नगरकोट रत्नचूड पर्वतमा पृथ्वीनारायण शाह आएर बसेको इतिहास पाइन्छ ।

यसै गौरव र गरिमा भएको नगरकोटको वैभवबाट परिचित भई राणा शासकहरूले पारिवारिक सुखसयल आरोग्य शान्ति आदिलाई दृष्टिगत गरी भक्तपुरदेखि नगरकोटसम्म गोरेटो निर्माण गरी अनेकौँ सुन्दर ध्वनिको श्रवण र मनन गर्दै भँगेरी दरबार भनी नामाकरण गरी यस नगरकोटलाई अनेकौँ विशेषताले सिँगार्ने कार्य गरे । वर्षैभरिको आरोग्यदायक, आरामदायक र सुख वर्धक हावापानी पाइएकाले नै उनीहरूले रोगव्याधीमुक्त क्षेत्र भनी भन्ने गरेको आभास हुन्छ । यसरी थोरै मात्रामा भए पनि स्वदेशी तथा विदेशी आगन्तुकहरूलाई यहाँको वैभव र विशालताको परिचय गराई दोस्रो स्वर्ण थपे । नगरकोटको आधुनिक विकासको श्रीगणेश यसै परिप्रेक्षबाट भएको मान्नुपर्दछ ।

देशमा प्रजातन्त्रको उदयपश्चात नगरकोटमा सैनिक शिक्षालय, सैनिक शिविर, सैनिक क्याम्पस, ब्यारेक स्थापना भएपछि विशेष गरेर सैनिककै प्रयास र सक्रियतामा भक्तपुरदेखि नगरकोट, भँगेरी दरबार, रत्नचुडेश्वर महादेव पोखरीसम्म पक्की सडक निर्माण भई सडकको दायाँ बायाँ सैनिक क्याम्प र त्यसका वरिपरि वृक्षारोपण साथसाथै वनजङ्गलको संरक्षण भएपछि दिनानुदिन नगरकोटको विकासले गति लिई सौन्दर्य थपिँदै गएको छ । आसपासका क्षेत्रमा अनेकौँ लज, होटेल, आरामगृह बन्दै गए । बजारको स्थापना हुँदै गयो । पर्यटन विकासले गति लियो । दैनिक स्वदेशी तथा विदेशी हजारौँ पर्यटकहरूको आगमन हुन थाल्यो । नगरकोटको भौगोलिक, प्राकृतिक र सांस्कृतिक छवि उत्कृष्ट भएकाले नै राष्ट्रिय जगतमा कीर्ति फैलिएको हो । अहिले नगरकोटले विदेशी पर्यटकको माध्यमबाट प्राप्त भएको शुल्कबाट राष्ट्रिय ढुकुटीमा वर्षेनी मोटो रकम जम्मा हुने गरेको कुरा पनि यहाँ स्मरणीय छ । नगरकोटको विकास गर्न गराउन सरकारी तथा गैरसरकारी सङ्घ संस्था लागि परेका छन् । नगरकोट आसपासका क्षेत्रको विकास गर्न गराउन भने सम्बन्धित क्षेत्रका व्यक्तिहरूको ध्यान पुग्न सकेको देखिँदैन । एउटा ज्यादै दु:खको कुरा छ, नगरकोटसँग हातेमालो गरेर रहेका अनेकौँ ऐतिहासिक, धार्मिक र सांस्कृतिक विशेषता र वैभवले परिपूर्ण अन्य क्षेत्रहरूमा सरकार र गैरसरकारी क्षेत्रको दृष्टिको पूर्ण अभाव रहेको देखिन्छ ।

माथि उल्लिखित ठाउँहरू बत्तीमुनिको अँध्यारोले छोपिँदै सुस्त अवस्थामा रहेका छन् । वर्तमानमा यहाँका बासिन्दाहरूले सामान्य यातायातको सुविधामात्र उपभोग गर्न पाएका छन् । भक्तपुर काठमाडौँ आवतजावत मात्र त ठुलाबडाको सङ्गतमा रहेपछि छहारी र फल दुवै अवश्य प्राप्त हुन्छ भन्ने परम्परादेखि चल्दै आएको उक्ति पनि हामी यहाँका बासिन्दाका लागि यथार्थ भएको छ । यहाँका बासिन्दाहरू उज्यालो भविष्यका लागि जुर्मुराएर उठ्नु आजको अपरिहार्य आवश्यकता बनेको छ । यसर्थ यस क्षेत्रका विद्वान योजनाकारहरूको ध्यान यसतर्फ आकर्षित होस् भन्ने अभिलाषा राख्दछु ।

साधन र सम्पन्न प्राकृतिक वैभवले परिपूर्ण भएर पनि राजधानीको निकट स्थल रहेर पनि उपेक्षित रहनु आफैमा विडम्बना र घोर आपत्तिको कुरा हो भन्दा अतिशयोक्ति हुँदैन । विकासको पूर्वाधार र शिक्षा र यातायात नै हो । सामान्य रूपमा यहाँको शैक्षिक स्थितिको विश्लेषण गर्दा सबै नगरपालिकामा आधारभूत र माध्यमिक शिक्षा भने राष्ट्रिय परिस्थितिलाई हेर्दा सुलभ भएको मान्नुपर्दछ । यस्तो रमणीय वातावरणमा उच्चशिक्षाका एउटा विश्वविद्यालय नेपालकै नमुनाका रूपमा स्थापना गरी सञ्चालन गर्न पाए संसारकै लागि आकर्षित हुनसक्छ । विश्वका विभिन्न विकसित मुलुकहरूले यस्तै उपयुक्त वातावरणयुक्त स्थललाई शिक्षा आर्जनको केन्द्र बनाएका प्रशस्त उदाहरण पाइन्छन् । यहाँको अर्को पक्ष यो रत्नचूड पर्वतमा दिनानुदिन उपस्थित जनमानसको शोभाले साँच्चै नै यो पहाडको गर्भमा नै रत्नैरत्नले भरिएको त छैन ? यसतर्फ अनुसन्धानको खाँचो छ ।

(बागीश्वरी, चाँगुनारायण नगरपालिका -७, भक्तपुर)


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००|- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमश: वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७|- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००|- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००|- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# शारीरिक सुसंगठनका राष्ट्रिय खेलाडी प्रेमकृष्ण साक्षश्रेष्ठ



राजकुमार लघु

राष्ट्रिय शारीरिक सुसंगठन खेलाडी प्रेमकृष्ण साक्षश्रेष्ठ परिश्रमी, मिलनसार र मिहिनेती खेलाडी हुनुको साथै प्रशिक्षक पनि हुन्। उनको जन्म २०२८ साल माघ १२ गते मध्यपुर नगरपालिका वडानं ८ को बोडे विष्णुघाट टोलको किसान परिवारमा भएको थियो। उनका बुबाको नाम गणेशबहादुर साक्षश्रेष्ठ र माता गणेशमाया साक्षश्रेष्ठ हुन्। उनले एसएलसी बोडे माविबाट २०४५ सालमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेका थिए। उनले अध्ययनको सिलसिलामा प्रमाण-पत्र तह पोखराको पृथ्वीनारायण क्याम्पसबाट उत्तीर्ण गरेका थिए भने स्नातक तह ब्यवस्थापन विषयमा नेपाल कर्मश क्याम्पस बानेश्वरबाट उत्तीर्ण गरेका थिए।

राष्ट्रिय खेलाडी तथा प्रशिक्षक प्रेमकृष्ण साक्षश्रेष्ठको रुचि जिम खेल्नु र त्यही खेलको प्रशिक्षण दिनुको साथै विभिन्न विदेशी भाषा सिकेर टुरिष्ट गाइड बन्नु हो। तर उनले शारीरिक सुसंगठन खेलमा समय दिन परेको र स्कूलमा समय दिन पर्नुका कारण ठूलो इच्छा भएर पनि पथ प्रदर्शक पेशालाई निरन्तरता दिन सकेनन्।

प्रेमकृष्ण र उनका जीवन सँगीनी सुनिता थापा श्रेष्ठ हाल शिक्षण पेशामा पनि आवद्ध छन्। उनी बोडेको द्योबु वडा नं. ९ मा अवस्थित लोटस ई.सेकेण्डरी स्कूलका संस्थापक हुन् भने सुनिता प्रिन्सिपलको रूपमा कार्यरत छन।

राष्ट्रिय खेलाडी तथा प्रशिक्षक प्रेमकृष्ण साक्षश्रेष्ठ विभिन्न सङ्घ संस्थामा पनि आवद्ध छन्। उनी भक्तपुर शारीरिक सुसंगठन सङ्घमा हाल उपाध्यक्षको रूपमा क्रियाशील छन्। उनी मध्यपुरमा विविध भाषा साहित्य सम्मेलनमा आवद्ध रही कला-संस्कृति, सम्पदा संरक्षण र भाषा विकासमा पनि सक्रिय छन्। उनी नेपाल क्रान्तिकारी युवा सङ्घ



मध्यपुर नगर समितिमा आवद्ध रही देशको सार्वभौमिकता र स्वतन्त्रता जोगाउने आन्दोलनमा पनि सक्रिय छन्।

राष्ट्रिय खेलाडी तथा प्रशिक्षक प्रेमकृष्णाको उद्देश्य शारीरिक सुसंगठन खेलको प्रशिक्षण दिएर स्वस्थ एवं अनुशासित नागरिक तयार गर्ने तथा राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी तयार गर्ने हो। उनले २०५५ साल फागुन ११ गतेदेखि Healthy And Fid नगदेशमा शारीरिक सुसंगठन खेलको प्रशिक्षण दुई महिना लिए । उनको खेल प्रशिक्षक राजेन्द्र ज्यापु हुन्। उनले खेल प्रशिक्षण लिँदा १० जनामात्र खेलाडीहरू थिए। पछि २०७२ सालतिर उनी र उनका साथीहरू मिली सूर्यविनायक नपा वडा नं. २ मा एक्ट्रीम जिम एण्ड फिजिकल फिटनेस खोल्न पुगे। त्यहाँ हाल विहान ३०/३५ जना र बेलुक ४०/४५ जना खेलाडीले प्रशिक्षण लिइरहेका छन्। उनले हालसम्म ११०० जना जति खेलाडीहरूलाई प्रशिक्षण दिइसकेको उनी बताउँछन्। उनले प्रशिक्षण दिएका खेलाडी मध्ये राष्ट्रियस्तरको प्रतियोगितामा ज्ञानलाल मानन्धरले ५५ केजी तौल समुहमा २०५८ सालमा काँश्य पदक जितेका थिए। अर्का खेलाडी बरुराम घोले ५५ केजी तौल समूहमा MR. BHAKTAPUR मा काँश्य पदक जितेको उनी बताउँछन्।




प्रेमकृष्ण (बिचमा)

स्वयं प्रेमकृष्णले ७० केजी तौल समूहतर्फ २०५५ सालमा MR. BHAKTAPUR मा काँश्य पदक जितेका थिए। उनले २०६० सालमा MR. KATHMANDU मा सहभागिता जनाए भने २०६८ सालमा राष्ट्रियस्तरको शारीरिक सुसंगठनको प्रतियोगिता MR. DHARMA SHREE मा पनि सहभागी बनी राष्ट्रिय खेलाडी बन्न सफल भएका थिए ।

शारीरिक सुसंगठन खेल किन खेल्ने भन्ने प्रश्नमा प्रेमकृष्ण साक्षश्रेष्ठ भन्छन्, स्वस्थ रहन र अनुशासित नागरिक बन्न यस खेल खेल्नु पर्छ।

शारीरिक सुसंगठन खेलका फाइदाहरू के कस्ता छन् भन्ने प्रश्नमा उनी भन्छन्, यस खेलबाट निरोगी हुन्छ। यस खेललाई ब्यवसायिक बनाउन सकिन्छ। प्रशिक्षक बनी आर्थिक रूपमा पनि फाइदा लिन सकिन्छ।

यस खेलका समस्याहरूबारे खेलाडी प्रेमकृष्ण भन्छन्, खेलाडीहरूको डाइट महँगो छ। पहिले प्रशिक्षणमा मासिक चार पाँच सय तिरे पुग्छ। हाल प्रशिक्षण शुल्क महँगो छ, मासिक चौध पन्ध्रसय लिन्छ। क्लव धेरै भएकोले खेलाडी प्रशिक्षण शुल्क तिर्ने बेला अर्को क्लवमा धाउनु अर्को समस्या छ ।

नयाँ पुस्ताका खेलाडीहरूलाई के सन्देश छ भन्ने प्रश्नमा राष्ट्यि खेलाडी तथा प्रशिक्षक प्रेमकृष्ण भन्छन्, नयाँ पुस्ताका खेलाडी यस खेलमा लागे स्वस्थ र अनुशासित हुन्छ। कुलतबाट अलग हुन्छ। युवाहरू कुलतबाट अलग रहन सके देशलाई फाइदा हुन्छ।

(वार्ता र उनको प्रमाणपत्रमा आधारित)




## Gorky in America (IV)



# The City of the Yellow Devil

Maxim Gorky




..................

The day fades in the dull soot-clouded sky. The huge houses grow gloomier and more ponderous. Here and there lights twinkle in their dark depths, shining like the yellow eyes of strange beasts who have to keep watch all night by the dead riches stored in these tombs.

People have finished the day's work and—never thinking of why it was done, or whether it was any use to them— hurry home to bed. Dark streams of humans flood the sidewalks. All the heads are covered by the same round hats, and all the brains—as may be seen from the eyes— me already asleep. Work is done, there is nothing more to think about. Their thinking belongs to their boss, what is there to think about themselves. If there is work there will be bread and the cheap enjoyments of life, beyond which man needs nothing more in the City of the Yellow Devil.

People go to their beds, to their women, to their men, and slippery with sweat they will make love in those stuffy rooms at night, so that new, fresh nourishment may be born for the city...,

They go. No laughter or cheerful talk is heard, smiles do not sparkle here.

The automobiles quack, the whips crack, the electric cables hum, the trains clatter. Music is played somewhere too, no doubt.

The newsboys yell out the names of the papers. The wretched sound of the hurdy-gurdy and someone's scream merge in the tragicomic embrace of the murderer and the show-booth comedian. The little people move listlessly like Stones rolling downhill....

More and more of the yellow lights flare up—now entire walls blaze with impassioned words about beer, whiskey, soap, new razors, hats, cigars and shows. The clang of iron, driven everywhere along the streets by the insatiable goading of Gold, never dies down. Now, when lights blaze everywhere, this unremitting howl gains in significance, acquires new meaning, a new and more oppressive power.

The dazzling effulgence of molten Gold pours from the walls of the houses, from shop signs and the windows of restaurants. Insolent, blatant, it triumphs everywhere, making the eyes smart, distorting faces with its cold glitter.

This cunning radiance is possessed of a fierce lust to draw the insignificant grains of their earnings out of the people's pockets, and it puts this lust into winking words that silently beckon workers to cheap pleasures and offer them handy knick-knacks....

There is a terrifying abundance of light in this city. At first it seems attractive, it excites and delights, Light is a free element, the proud child of the sun. When it comes to a luxuriant flowering, its blossoms vibrate and live, more

lovely than any flowers on earth, it cleanses life, it can destroy all that is outworn, dead and foul.

But, in this city, when one looks at light, enclosed in transparent prisons of glass, one understands that here light, like everything else, is enslaved. It serves Gold, it is for Gold and is inimically aloof from people....

Like everything—iron, stone, wood—light is a party to the conspiracy against man; dazzling him, it calls:

"Come here!"

And wheedles him:

"Hand over your cash!"

People respond to this summons; buy rubbish they do not need and watch shows that only dull their wits.

It is as if, somewhere in the heart of the city, a huge lump of Gold were spinning at a terrific pace with voluptuous squeals, powdering the streets with the finest particles, which people catch and seek and clutch at eagerly all day long. But evening falls at last, the lump of Gold begins to spin in the opposite direction, raising a cold blazing whirlwind, drawing people into it so that they will give back the gold dust they caught during the day. They always give back more than they got and next morning the lump of Gold has grown larger, it revolves at a swifter pace, and the exultant screech of iron, its slave, the clang of all the forces it has enslaved, sound louder still.

Then even more voraciously, with even greater gusto than the previous day, it sucks the blood and brain of people so that by evening this same blood and brain, are converted into cold yellow metal. The lump of Gold is the heart of the city. All the life of the city is in its throbbing, all the meaning of this life is in its growth.

It is for this that, day after day, people dig the earth, forge iron, build houses, breathe the smoke of factories, absorb through the pores of their bodies the dirt of the polluted air, it is for this that they sell their beautiful bodies.

The vile wizardry lulls their souls; makes them flexible tools in the hands of the Yellow Devil, the ore out of which he smelts unceasingly the Gold that is his flesh and blood...................

Night comes in from the desert of the ocean and wafts a cool, salty breath over the city. The cold lights pierce it with a thousand arrows; it stalks on, benignantly cloaking with its dark vestments the ugliness of houses and the gruesomeness of the narrow streets, and veiling the squalid rags of poverty. A savage wail of greedy madness rushes out to meet it, rending its silence; still it moves on, slowly extinguishing the insolent glitter of the enslaved light and shading with its soft hand the purulent ulcers of the city. -

But as it enters the maze of the streets it finds itself powerless to vanquish and scatter with its fresh breath the city's poisonous vapours. It rubs against the stone of the walls, warmed by the sun, it creeps over the rusty iron of the roofs, over the filth of the pavements, and, saturated with the poisonous dust, gorged with the city smells, it folds its wings and comes to rest limp and motionless on the housetops and in the gutters. Darkness is all that remains of it—its freshness and coolness are gone, swallowed up by stone, iron, wood, and the people's polluted lungs. It has no stillness any more, no poetry,,..

The city falls asleep in the oppressive darkness, growling like some huge animal. It had devoured too much food during the day, it feels hot and uncomfortable, and its slumbers are disturbed by nightmares.

**(To be continued)**

भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

## आत्मनिर्भर व्यक्ति स्वाभिमानीपूर्वक बाँच्न सक्ने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित एक महिने सिलाइ मेसिन मर्मत तथा तीन दिने ग्यास चुल्हो मर्मत तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम कार्तिक २९ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आत्मनिर्भर व्यक्ति स्वाभिमानीपूर्वक बाँच्न सक्ने हुँदा भक्तपुर नपाले आत्मनिर्भरतालाई जोड दिँदै आएको बताउनुभयो ।

सीपले मानिसलाई आत्मनिर्भर बनाउने हुँदा भक्तपुर नपाले विभिन्न सीपमूलक तालिमहरू दिएर दक्ष बनाउने कोसिस गरिरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेर पनि घरको स–साना काम गर्न पनि नजान्दा बेरोजगार हुनु परेकोले विश्वविद्यालयको शिक्षासँगै नयाँ पुस्तालाई सीप पनि सिकाउन भक्तपुर नपा प्रयत्नरत रहेको बताउनुभयो ।

अरूको भरमा बाँच्नु धेरै गाह्रो काम भएको बताउनुहुँदै उहाँले अरूको सहयोग लिएर काम गर्दा परनिर्भर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष **कृष्णप्रसाद कोजू**ले तालिमबाट सिकेका कुराहरू अन्य व्यक्तिहरूलाई पनि सिकाउनुपर्ने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले यही मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर महोत्सव गर्ने भएकोले नगरमा पार्किङ व्यवस्थापनका लागि नगरवासीले पनि सहयोग गर्नुपर्ने बताउनुहुँदै सडक, चोक तथा गल्लीमा थुप्रिएका निर्माण सामग्रीहरू हटाइदिनुहुन समेत आग्रह गर्नुभयो ।

कार्यक्रमका सभापति महिला बालबालिका तथा समान कल्याण समितिका संयोजक एवं कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले कुनै पनि व्यक्तिमा सीप छ भने भोको भएर बस्नुनपर्ने बताउनुभयो । प्रतिस्पर्धात्मक समयमा हातमा सीप अत्यावश्यक भइसकेकोले भक्तपुर नगरपालिको विविध तालिम दिँदै आइरहेको समेत उहाँले बताउनुभयो ।

कार्यक्रममा सिलाइ मेसिन मर्मत तालिमका प्रशिक्षक **रुपेन्द्र नकर्मी**ले भक्तपुर नगरपालिकाले नगरवासीहरूको माग बमोजिम तालिम सञ्चालन गर्दै आएकोमा प्रशंसा गर्नुहुँदै तालिममा सिकेका कुराहरू सदुपयोग गर्दै प्रशिक्षार्थीहरूले दैनिक जीवनमा लागु गर्नुपर्ने र निरन्तरता दिनुपर्ने बताउनुभयो ।

समितिका सदस्य एवं ७ नं वडा सदस्य **हेरा ख्याजु**ले



स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा समितिका सदस्य एवं ८ नं. वडा सदस्य **सुमित्रा बोहजू**, प्रशिक्षार्थीको तर्फबाट **शोभा कवां**ले पनि बोल्नुभएको थियो ।

तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रमाणपत्र तथा प्रशंसापत्र वितरण गर्नुभएको थियो ।

## भाषाको माध्यमबाट दुई देशबिचको सांस्कृतिक आदानप्रदानमा पनि टेवा पुग्ने



भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित चिनियाँ भाषा तालिम तह २ र ३ को समापन तथा प्रमाणपत्र वितरण समारोह कार्तिक ३० गते एक कार्यक्रमबिच भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले चिनियाँ भाषा सिक्न गाह्रो भए पनि असम्भव नभएको बताउनुहुँदै गाह्रो काम गर्नेले नै भविष्यमा सफलता हासिल गर्छ भन्नुभयो ।

उहाँले नेपाल चीनबिचको राजनैतिक, कूटनैतिक र सांस्कृतिक सम्बन्धलाई अझ सुमधुर बनाउन विभिन्न तहका चिनियाँ भाषा सञ्चालनलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

उहाँले प्रशिक्षार्थीहरूलाई राम्रो शिक्षा हासिल गर्न कठिन मिहिनेतको आवश्यक पर्ने बताउनुहुँदै भाषाको माध्यमबाट दुई देशबिचको सांस्कृतिक आदानप्रदानमा पनि टेवा पुग्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नेपालमा चिनियाँ पर्यटकहरूको आगमन दिनप्रतिदिन बढ्दै गइरहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले देश र समाजको सेवा गर्ने दक्ष जनशक्ति उत्पादनमा नपाले जोड दिँदै आएको बताउनुभयो ।

भाषा तालिम सञ्चालनले चिनियाँ साहित्य अनुवादक तयार हुने अपेक्षा रहेको बताउनुहुँदै उहाँले विदेशी भूमिबाट सिकेर आफ्नै देशको सेवा गर्ने युवा जनशक्ति देशलाई आवश्यक भएको बताउनुभयो ।

त्यस्तै प्रशिक्षकद्वय **राजेन्द्र चवाल** र **विनय हाडा**ले नयाँ पुस्ता विदेशी भाषा सिकाउने अवसरको लागि नगरपालिकाप्रति कृतज्ञता ज्ञापन गर्नुहुँदै प्रशिक्षार्थीहरूमा स्वअध्ययनको बानीको विकासको लागि प्रेरित गर्नुभयो । उहाँहरूले भाषा अध्ययनले विदेशी कला र संस्कृतिप्रति लगाव बढ्दै जाने बताउनुहुँदै प्रशिक्षार्थीहरूलाई भाषाको गहिरो अध्ययन गर्ने उद्देश्यले भाषा सिक्न अभिप्रेरित गर्नुभयो ।

प्रशिक्षार्थीहरू **कृति शाक्य, विश्वनारायण भैल, श्रद्धा कोजु, सुजी हयोंगो**ले चिनियाँ भाषा तालिमबारे



आफ्नो अनुभव र चिनियाँ गीत प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमुख प्रजापतिले प्रमाणपत्र वितरण गर्नुका साथै प्रशिक्षकद्वय राजेन्द्र चवाल र विनय हाडालाई मायाको चिनो पनि प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा तालिम संयोजक **दिपेन्द्र प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## राम मन्दिर खोला परिसरमा सरसफाइ कार्यक्रम



भक्तपुर नगरपालिकाको आयोजनामा पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत वडा नं ४ स्थित राम मन्दिर खोला परिसरमा सफाइ कार्यक्रम मङ्सिर १ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरसफाइ कार्यक्रम देशकै निम्ति नमुना कार्यक्रम रहेको बताउनुहुँदै नागरिकहरूले आफू बस्ने ठाउँ आफै सफा गर्नुपर्ने बताउनुभयो ।

२०७४ सालबाट पाक्षिक नियमित सरसफाइ कार्यक्रम गरिँदै आएकोमा कोभिडको कारणले रोकिएको सरसफाइ कार्यक्रम दोस्रो कार्यकालमा निरन्तरता दिइरहेको बताउनुहुँदै २०५४ सालपछि हुन गैरहेको भक्तपुर महोत्सवमा भक्तपुरको कला, रहनसहन, भेषभुषा तथा गतिविधि अन्तर्राष्ट्रिय जगतमा थप चिनाउने प्रयत्न भैरहेको बताउनुभयो ।

नेपालमा आउने करिव २५ प्रतिशत पर्यटकले भक्तपुर अवलोकन गर्ने गरेको तथ्याङ्क रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले स्थानीय पाठ्यक्रम मार्फत विभिन्न संस्कृति तथा पुरातात्विक महत्त्वका विषयमा पठनपाठन भैरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ४ का वडा अध्यक्ष **उपेन्द्र सुवाल**ले राममन्दिर धार्मिक तथा ऐतिहासिक महत्त्वको ठाउँ रहेकोले त्यस क्षेत्रको वातावरण सुधार्ने प्रयासहरू भइरहेको बताउनुहुँदै खोलामा फोहोर फाल्नेलाई कानुनी कारबाही गर्ने समेत बताउनुभयो ।

स्वागत मन्तव्य दिनुहुँदै भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले भनपाले नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी नियमित सफाइ गरिँदै आएको बताउनुहुँदै नयाँ पुस्ताले सरसफाइबारे व्यवहारिक ज्ञान सिक्नुपर्ने र भक्तपुर महोत्सवमा आ आफ्नो तर्फबाट योगदान गर्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. २ का वडा सदस्य **मन्जुमैया लाखाजु**ले पनि बोल्नुभएको थियो ।







## वंशगोपाल पाटी पुनःनिर्माण गर्न शिलान्यास



भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले ३ नं. वडा समिति कार्यालयको आयोजनामा वंशगोपाल पाटी पुनःनिर्माणको मङ्सिर ३ गते शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रममा उपप्रमुख **जोशी**ले भक्तपुर नपाले नगरवासीहरूको भावना र सुझावअनुसार जनताकै सहयोगमा उपभोक्ता समितिहरूमार्फत कार्य अगाडि बढाइरहेको बताउनुहुँदै 'बलियो, भरपर्दो र कम लागतमा बन्नुको साथै सबैमा अपनत्व हुनेछ' भन्नुभयो ।

उहाँले भक्तपुर नगरलाई जीवन्त नगरको रूपमा अगाडि बढाउन यहाँको कला–संस्कृति सम्पदालाई माया गरी जीवन्तता दिन सके हाम्रो पहिचान हुने र अस्तित्व रहने धारणा राख्नुभयो ।

भक्तपुर महोत्सव सारा भक्तपुरवासीको भएको हुँदा सबैको साथ र सहयोगमा सफल पार्न सबैसँग उहाँले अनुरोध गर्नुभयो ।

कार्यक्रममा भनपा–३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले वडाका गतिविधिहरूबारे प्रष्ट पार्नुहुँदै सम्पदा पुनःनिर्माणमा स्थानीय वडावासीहरूको सहयोग अपरिहार्य रहेको बताउनुभयो ।



भनपाबाट विनियोजित सम्पदा पुन:निर्माणको बजेटअन्तर्गत भएको वंशगोपाल पाटी पुन:निर्माण कार्यक्रम उपभोक्ता समितिका अध्यक्ष **रामसुन्दर खाताखो**को अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा महिला वडा सदस्य **सुनिता अवाल**, उपभोक्ता अनुगमन समिति तथा वडा सदस्य **कृष्ण गोपाल चौगुठी**, उपभोक्ता समिति सदस्य **सर्जु प्रसाद प्रधानाङ्ग**ले पनि बोल्नु भएको थियो ।

उक्त पाटी पुन:निर्माणको लगत इस्टिमेट रकम रु. २४,९५,२५१।८५ पैसा रहेको छ ।

## नगर प्रमुख प्रजापतिद्वारा भक्तपुरका अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी अस्मिता दुवाललाई शुभकामना

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले थाइल्याण्डको चियाङ–माइमा हुने इलाइट पुरुष तथा महिला बक्सिङ च्याम्पियनसिपमा भाग लिन जाने भक्तपुर नगरपालिकाका बक्सिङ खेलाडी अस्मिता दुवाललाई देशको प्रतिष्ठाको लागि खेल्न सफलताको शुभकामना दिँदै मङ्सिर १३ गते बिदाइ गर्नुभयो ।

पुरुष ४८ केजीमा लालप्रसाद उप्रेती र ५१ केजीमा लक्ष्मण राईले प्रतिस्पर्धा गर्ने भने महिला ४८ केजीमा आरती बम्जन तथा ५१ केजीमा अस्मिता दुवालले खेल्नेछन् ।

## ३३ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस कार्यक्रम सम्पन्न




३३ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा 'समावेशी तथा दिगो भविष्यको आधार, अपाङ्गता भएका व्यक्तिहरूको प्रबल नेतृत्व यसको आधार' भन्ने नाराका साथ अपाङ्गता दिवस कार्यक्रम मंसिर १८ मंगलबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरभित्रका अपाङ्गता भएकाहरूलाई थर्मस वितरण गर्नुभयो ।

कार्यक्रममा **प्रमुख प्रजापति**ले बालबालिकामा हुने अपाङ्गताको पहिचान जति छिटो भयो उति नै उपचार सहज हुने बताउँदै उहाँले अपाङ्गता भएकाहरूको लागि भक्तपुर नपाले विविध गतिविधि सञ्चालन गर्दै आएको बताउनुभयो ।

अपाङ्गता भए पछि व्यक्तिले त दु:ख पाउँछ नै, साथै परिवार र समाजबाट पनि अपहेलित हुने बताउँदै उहाँले अपाङ्गता भएका व्यक्तिहरूको सम्मानयोग्य जीवनयापन गर्ने अधिकार सुनिश्चितताको लागि भक्तपुर नपाले काम गर्दै आएको बताउनुभयो ।



अपाङ्गतासम्बन्धी व्यवस्थित कानुन निर्माण र त्यसको कार्यान्वयनबाट अपाङ्गता भएकाहरूलाई जीवनयापनमा सहजता पुग्ने बताउँदै उहाँले रोजगारी, विभिन्न सीपमूलक तालिम सञ्चालनबाट अपाङ्गता भएकाहरूलाई सबल बनाउन सकिने धारणा राख्नुभयो ।

त्यस्तै भक्तपुर नगरपालिका अपाङ्गता समितिका अध्यक्ष एवम् उपप्रमुख **रजनी जोशी**ले सन् १९९२ देखि विश्वभर अपाङ्गता दिवस मनाउन थालिएको बताउँदै उहाँले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सुनिश्चितता, जनमानसमा चेतना फैलाउन र उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई उँचो पार्न विश्वभर अपाङ्गता दिवस मनाउन थालिएको बताउनुभयो ।

भक्तपुर नपाले अपाङ्गता भएका व्यक्तिहरूको बृहत भेला, स्वास्थ्य शिविर तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी पुरस्कृत गर्दै आएको बताउँदै उहाँले अपाङ्गता भएका व्यक्ति र अभिभावकहरूलाई नि:शुल्क स्वास्थ्य शिविर पनि सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तित्व विकासमा समान अवसर दिनुपर्ने बताउँदै अपाङ्गतासम्बन्धी



ऐन कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका सदस्य **हिमालयश्वरलाल मुल**ले अपाङ्गताका कारणहरूबारे प्रष्ट पार्दै अपाङ्गता भएकाहरूको मनोबल बलियो बनाउने काम परिवार समाजबाट हुन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा अपाङ्गता समितिका सदस्य **श्यामकृष्ण खत्री** र कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले पनि बोल्नुभयो । अपाङ्गता दिवसको अवसरमै ख्वप अस्पतालको प्राविधिक सहयोगमा अपाङ्गता भएका व्यक्ति र परिवारहरूको लागि स्वास्थ्य शिविर पनि गरिएको थियो । सोही क्रममा भक्तपुर नपाद्वारा ख्वप अस्पताललाई फिजियोथेरापी मेसिन हस्तान्तरण गरिएको थियो ।

## अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले व्यक्त गर्नुभएको मन्तव्य

अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको हक



अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर उठाउन सन १९९२ देखि अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउन थालिएको हो । आजको दिन विभिन्न कार्यक्रम तथा गोष्ठी, र्‍यालीहरू आयोजना गरिन्छ, समानता र हौसलाको नारा गुञ्जायमान हुन्छ र वर्षभरि यी आवाजहरू गुन्जिरहुन् भन्ने कामना पनि छ ।

विश्वभर अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्ने उद्देश्यले सन १९७६ मा संयुक्त राष्ट्र संघले सन् १९८१ लाई "पूर्ण सहभागिता र समता" भन्ने मूल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गऱ्यो ।

सन् १९८३ मा राष्ट्र सङ्घले अपाङ्गता भएका व्यक्तिहरूको अवसर समानीकरण, पुर्नस्थापना र रोकथाममा जोड दिँदै अपाङ्गता सम्बन्धी १० वर्षे विश्व कार्य योजना पारित गरी लागू गऱ्यो र यसलाई विश्वभर प्रभावकारी रूपमा कार्यान्वयन गराउन सन् १९८३ देखि १९९२ सम्मको अवधिलाई अन्तर्राष्ट्रिय अपाङ्गता दशकको रूपमा घोषणा गरियो ।

सन् १९९२ मा उक्त अपाङ्गता सम्बन्धी १० वर्षे विश्व कार्य योजनाको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दै सोही वर्षदेखि डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरी विश्वभर मनाउन थालियो । नेपालले पनि सन् १९९३ देखि हरेक वर्ष विभिन्न कार्यक्रमहरू गरी यो दिवस मनाइँदै आएको छ । सन् २०२४ को अपाङ्गता दिवस ३३ औं अपाङ्गता दिवस रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको ३३ औं अन्तर्राष्ट्रीय दिवसको अन्तर्राष्ट्रीय नारा Amplifying the leadership of persons with disabilities for an inclusive and sustainable future रहेको छ भने राष्ट्रिय मूल नारा 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिहरूको प्रबल नेतृत्व यसको आधार' रहेको छ ।

जनगणना २०७८ को नतिजाअनुसार नेपालमा कुल ६६,६६,९३७ परिवार रहेका छन् । यसमध्ये ५,५९,८३० परिवार (८.४ %) मा कुनै न कुनै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू बसोबास गरेको देखिन्छ ।

नेपालको जनसङ्ख्या २,९१,६४,५७८ मध्ये जम्मा ६,४७,७४४ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जम्मा पुरूष जनसङ्ख्याको २.५ प्रतिशतमा र महिला

जनसङ्ख्याको २० प्रतिशतमा अपाङ्गता रहेको छ। अपाङ्गता भएका कुल व्यक्तिमध्ये पुरूष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत रहेका छन्।

देशको कुल जनसङ्ख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। जनगणना २०७८ अनुसार भक्तपुर नगरपालिकामा १.३ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। अपाङ्गता भएका पुरुषहरूको प्रतिशत १.३ र महिलाहरूको प्रतिशत १.२ प्रतिशत रहेको छ। जनगणनाको प्रश्नावलीमा १२ प्रकारका अपाङ्गता भएका व्यक्तिहरू समावेश गरिएको थियो।

यसमा शारीरिक अपाङ्गता, न्यून दृष्टियुक्त, दृष्टिविहीन, बहिरोपन, मनोसामाजिक अपाङ्गता, न्यून श्रवणशक्ति बहिरोपन एवं दृष्टिविहीन, मानसिक वा मनोसामाजिक, बौद्धिक अपाङ्गता, (हेमोफेलिया) अनुवंशीय रक्तश्राव, अटिजम र बहुअपाङ्गता रहेका छन्।

अपाङ्गता भएका व्यक्तिको सबैभन्दा ठुलो समस्या पहिचानको रहेको छ भने त्यसपछि पहुँचको रहेको छ। अपाङ्गतालाई समान अवसरले सकारात्मक वातावरणका बिचमा राख्न सके सपाङ्ग झैँ अथवा त्यो भन्दा धेरै व्यवस्थित ढङ्गले कुनै पनि चुनौतीको सामना गर्न सक्दछन्। अपाङ्गता विभिन्न किसिमको हुन्छ र हरेक प्रकारका अपाङ्गताका लागि विशेष प्रविधि र व्यवस्था जरुरी हुन्छ, सबैको ध्यान यसतर्फ पुग्न जरुरी छ। प्रत्येक स्थानहरू अपाङ्गमैत्री संरचना हुन जरुरी छ। यसमा भक्तपुर नगरपालिकाको ध्यान आकृष्ट भएको छ। त्यसै कारणले नगरपालिकाले निर्माण गर्ने संरचनाहरूमा पनि अपाङ्गमैत्री बनाउन पहल भइरहेको यहाँहरूलाई अवगत गराउन चाहन्छु।

छन् :

- भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूलाई वितरित परिचयपत्र यस समितिमा प्राप्त आवेदन अनुसार चिकित्सक समेतको टोलीबाट परिक्षण पश्चात अपाङ्गता परिचयपत्र वितरण।
- भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूको वृहत भेला र स्वास्थ्य शिविर तथा अतिरिक्त कृयाकलापमा घैटों फुटाउने प्रतियोगिता, चित्रकला प्रतियोगिता सम्पन्न। प्रतियोगितामा सहभागी भई पुरस्कृत खेलाडीहरूलाई मेडल, प्रमाणपत्र समेत प्रदान।
- अपाङ्गता भएका व्यक्तिहरूविच बास्केटबल खेलको प्रदर्शनी।
- अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूलाई ऊनको मफलर तथा टोपी, थर्मस वितरण
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्धारा खेलकुद प्रतियोगिता अन्तर्गत एथ्लेटिक्स (बहिराहरूको लागि), टग अफ वार (Tug of War) (१६ वर्षमाथिका बहिराहरूको लागि) र एथ्लेटिक्स (बौद्धिक अपाङ्गता र सुस्तमनस्थितिको लागि) आयोजना
- अपाङ्गता भएका व्यक्ति र अभिभावकहरूलाई नि:शुल्क स्वास्थ्य शिविर तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकताको आधारमा अपाङ्गता सहायक सामग्रीहरू Air Mattress, वाकर, सेतो छडी, कालो चस्मा, बैशाखी, कान सुन्ने मेसिन, हिट बेल्ट, लौरो, ट्वाइलेट चियर लगायतका सामाग्री वितरण।
- भनपाको आयोजनामा नगरक्षेत्रभित्रका अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूका लागि २ महिने सिपमूलक हस्तकला सामग्री बनाउने तालिम।

| वर्गीकरण | पुरुष | महिला | जम्मा | पूर्ण अशक्त (रातो कार्ड) | अति अशक्त (निलो कार्ड) | मध्यम (पहेँलो कार्ड) | सामान्य (सेतो कार्ड) |
|---|---|---|---|---|---|---|---|
| जम्मा | ३७७ | २८५ | ६६२ | १०० | ३४३ | १६९ | ५० |

हरेक वर्ष नेपाल सरकार लगायत विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूले अपाङ्गताका लागि विभिन्न कार्यक्रमहरू आयोजना गर्ने गरिन्छ। यसै क्रममा भक्तपुर नगरपालिकाले विगत वर्षहरूदेखि नै अपाङ्गता दिवस मनाउने गरिएको छ। भक्तपुर नगरपालिकाले अपाङ्गता क्षेत्रमा गर्दै आएका गतिविधिहरू बुदाँगत रूपमा यस प्रकार रहेका

- भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण (नाक, कान, घाँटी, आँखा र हाडजोर्नी) गर्न स्वास्थ्य शिविर।

भक्तपुर नगरपालिकामा हालसम्म अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरूको तथ्यांक यस प्रकार रहेको छ।

# शैक्षिक गतिविधि

## "सरकारमा बस्ने राजनैतिक दलको दरिद्र बुद्धि र मानसिकताले नेपाली जनताले दु:ख पाइरहेका छन्" : का. रोहित




ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको शैक्षिक–सत्र २०८१/८२ मा स्नातक तहको इन्जिनियरिङ र आर्किटेक्ट विषयमा भर्ना भएका नयाँ विद्यार्थीहरूलाई स्वागत एवं अभिमुखीकरण कार्यक्रम मङ्सिर २ गते एक समारोहबिच सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले विद्यार्थीले अध्ययन पूरा गरी स्वदेशमै काम गर्ने भावनाको विकास गर्नुपर्नेमा जोड दिनुभयो। पोलिटिकल साइन्सका एकजना व्यक्तिले हप्तामा एकओटा पुस्तक पढी देशविदेशको बारेमा जानकारी राखेको उल्लेख गर्नुहुँदै उहाँले विद्यार्थीहरूले पनि पोलिटिकल साइन्सबारे ध्यान दिनु आवश्यक छ भन्नुभयो।

देशको अवस्था राम्रो बनाउन राजनीति राम्रो हुनुपर्नेमा स्पष्ट पार्नुहुँदै उहाँले युवाहरू बिदेसिनुमा सरकारमा रहेका विदेशी दलालको धेरै साँठगाठ छ, युवाको अभावमा नेपालको विकास पछि पर्छ, नेपाललाई ध्वस्त पार्ने विदेशी राजनीति हो, त्यसकारण सरकारमा बस्ने राजनैतिक दलको दरिद्र बुद्धि र मानसिकताले नेपाली जनताले दु:ख पाइरहेका छन् भन्नुभयो।

सरकारले युवाहरूलाई काम दिनसक्छ र दिनुपर्छ, यसको लागि घचघच्याउनु आवश्यक छ भन्नुहुँदै उहाँले अमेरिका र भियतनामबिच युद्ध हुँदा अमेरेकी सैनिकले भियतनामको विरुद्धमा लडाइँ गर्न नचाहेको प्रसङ्ग उल्लेख गर्नुभयो।

विज्ञान र प्रविधिको विकास भएको देशमा धेरै विकास हुने बताउनुहुँदै उहाँले चीन आर्थिकरूपले धेरै अगाडि बढ्नुमा चीनमा धेरै वैज्ञानिकहरूको आकर्षण हुनु हो भन्नुभयो।

अमेरिकाको संरचनाभन्दा उत्तर कोरियाको संरचना धेरै राम्रो र आकर्षक भएको बताउनुहुँदै उहाँले उत्तर कोरिया पर्यटनको केन्द्र बन्दै छ भन्नुभयो।

अतिथि रोहितले ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधारहरू पूरा भएर पनि स्वीकृतिमा ढिलाइ गर्नु नेपाल सरकारको दरिद्र बुद्धि हो भन्नुभयो।

कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कलेजको उद्देश्यबमोजिम गुणस्तरीय शिक्षा दिने, देशभक्त नागरिक बनाउने र सक्षम प्राविधिक तयार गर्ने काम भइरहेको बताउनुभयो।

प्राविधिकहरूको कमीकमजोरीले देश र जनताको लागि धेरै नोक्सान हुने भएकोले प्राविधिकहरू अनुशासित, इमानदार, लगनशील, मिहिनेती र सचेत हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले बीआरआई र एमसीसीलाई एउटै थालमा राख्न खोज्ने नेपाल सरकार कस्तो सरकार हो भन्नुभयो।

भक्तपुर नगरपालिकाले सरकारी विद्यालय र अस्पताललाई राम्रो र गुणस्तरीय बनाउन लागिपरेको बताउनुहुँदै उहाँले विद्यार्थी प्राविधिक मात्र भएर पुग्दैन भविष्यमा आइपर्ने जिम्मेवारी सम्हाल्न र वहन गर्नसक्ने हुनुपर्छ भन्नुभयो।

कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले समाजलाई बुद्धिजीवीकरण गर्न भक्तपुर नगरपालिका लागिपरेको बताउनुभयो। भनपाले शैक्षिक ऋण, कला र संस्कृति संरक्षणमा जोड दिएको बताउनुहुँदै उहाँले यही मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सव अवलोकनको लागि आमन्त्रण गर्नुभयो।




भक्तपुर नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत **वसन्त भट्टराई**ले ऐतिहासिक र सांस्कृतिक नगर भक्तपुरमा अध्ययन गर्ने विद्यार्थीहरू अनुशासित, सृजनात्मक र उत्कृष्ट प्राविधिक बन्ने आशा व्यक्त गर्नुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई.**सुजन माक**ले शैक्षिक सत्र २०८१/८२ मा भर्ना हुने नयाँ विद्यार्थीहरूमध्ये छात्रा ४७५ र छात्र ५३५ भएको बताउनुहुँदै उहाँले विद्यार्थीहरू अब्बल हुने गरी अध्ययन गर्ने विश्वास व्यक्त गर्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले तनावलाई सामना गर्न सक्ने क्षमताको विकास गरेमा मानसिक तनावबाट मुक्त हुन सकिन्छ भन्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य **रत्नशोभा प्रजापति**ले देश र जनताको हितमा समर्पित भई काम गर्नु

आवश्यक छ भन्नुभयो।

ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक-सत्र २०७५ सालमा भर्ना भई पूर्वाञ्चल विश्वविद्यालयको २०८१ सालको परीक्षामा सर्वोत्कृष्ट भई डा. राम शोभाना पोखरेल, स्वर्ण पदक विजेता ई. विकास पाण्डेलाई प्रमुख अतिथिले स्वर्ण पदक र नगद पुरस्कारले सम्मान गर्नुभएको थियो।

कार्यक्रममा राजन जतिले पनि बोल्नुभएको थियो।

## स्थानीय पाठ्यक्रममा पालिकाहरूको मनपरी

### राष्ट्रिय पाठयक्रम प्रारूपको बेवास्ता, बालबालिका र अभिभावक अलमलमा

**स्थानीय पाठ्यक्रम निर्माणमा अब्बल भक्तपुर**

*स्थानीय पाठ्यक्रमको राम्रो उदाहरणका रूपमा भक्तपुर नगरपालिकालाई लिन सकिन्छ। यहाँका ३५ वटा सामुदायिक र ५५ वटा निजी विद्यालयमा 'ख्वपको पहिचान' भन्ने विषय निर्माण गरी कक्षा १ देखि ८ सम्म पढाइन्छ। ०७५ देखि नै नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गरेको हो। स्थानीय पाठ्यक्रममा भक्तपुरको सम्पदा, खोलानाला, सांस्कृतिक पर्व, स्थानीय कलालगायत मौलिकता समेटिएका ६ पाठ छन्। कक्षाअनुसार यो विषयमा सैद्धान्तिक र प्रयोगात्मक सिकाइ हुन्छ। विद्यालयहरूले यही पाठ्यक्रमलाई आधार मानेर सम्पदा, जात्रा, पर्व अवलोकन र अध्ययनमा विद्यार्थीलाई सहभागी गराउँछन्। स्थानीय पाठ्यक्रमको पुस्तक नगरपालिकाले नै छाप्छ। भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम निर्माण समितिका संयोजक तथा वडा नम्बर ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भक्तपुर नगरपालिकाभित्रका मौलिकता, इतिहास सभ्यताका विषयलाई स्थानीय पाठ्यक्रममा समेटिएको बताए।*

विद्यार्थीलाई स्थानीय कला, संस्कृति र मौलिकता समेटिएको पाठ्यक्रम पढाउने नाममा स्थानीय तहहरूले मनपरी पाठ निर्माण गर्न थालेका छन्। कक्षा १ देखि ८ सम्म पढाइने स्थानीय पाठ्यक्रममा अधिकांश स्थानीय तहले झाराटारी पाठ निर्माण गरेका छन्। काठमाडौं र ललितपुर महानगरपालिकाले भने नेपाल भाषामा मात्रै पढाउने गरेका छन्।

देशका अधिकांश सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम लागू भइसकेको छ। कतिपयमा लागू हुने चरणमा छ। स्थानीय पाठ्यक्रमको अङ्कभार सय पूर्णाङ्कको छ। यसमध्ये पनि अंकभार बाँडेर सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गरिन्छ।

स्थानीय पाठ्यक्रमलाई व्यवस्थित गर्न शिक्षा मन्त्रालयले विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारूप, ०६३-७६ जारी गरेको थियो। जसमा स्थानीय पाठ्यक्रमको रूपरेखा र मोडलबारे प्रस्ट उल्लेख गरिए पनि स्थानीय तहले त्यसको पालना गरेका छैनन्।

भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम नेपाली भाषामै पढाउने गरी पाठ्यक्रम निर्माण गरेको छ। यहाँ 'ख्वपको पहिचान' भन्ने पुस्तक १ देखि ८ कक्षासम्म पढाइन्छ। सय पूर्णाङ्कको पाठ्यक्रममा स्थानीय कला संस्कृति, सम्पदा र मौलिकतासम्बन्धी पाठ समेटिएका छन्।

ललितपुरको गोदावरी नगरपालिकाले भने स्थानीय पाठ्यक्रममा स्थानीय मौलिकतासम्बन्धी विषय समेटेको छ। 'गोदावरी सेरोफेरो' भनेर ०८० देखि लागू गरिएको पाठ्यक्रममा प्राकृतिक तथा मानव निर्मित सम्पदा, संस्कृति, रहनसहन र मौलिकताका पाठ राखिएका छन्। गोदावरी नगरपालिकाले स्थानीय मौलिक, कला, संस्कृति र रीतिरिवाज झल्किने पाठ निर्माण गरी लागू गरेको छ। बुढानीलकण्ठ, चन्द्रागिरि, कीर्तिपुर, सूर्यविनायक, मध्यपुर थिमीलगायत नगरपालिकाले पनि स्थानीय सेरोफेरोको विषय नेपाली भाषामै पढाउँछन्।

स्रोत : नयाँ पत्रिका, २ मंसिर २०८१

## परीक्षा समिति २०८१ गठन



नगर शिक्षा समिति भक्तपुरले मंसिर ७ गते भक्तपुर नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीहरूको परीक्षा सञ्चालन समन्वय तथा आवश्यक व्यवस्था गर्न भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को परिच्छेद ६ दफा १५ बमोजिम भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छँको अध्यक्षतामा आठ सदस्यीय परीक्षा समिति २०८१ गठन गरेको छ।

उक्त समितिमा अध्यक्षमा योगेन्द्रमान बिजुक्छेँ, सदस्यहरूमा भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, सार्वजनिक माध्यमिक विद्यालय, संयुक्त परीक्षा समितिका गणेशराम थुसा, सामुहिक परीक्षा समितिका राम हाडा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन) का शिवकुमार कोजु, संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का बदनकेशरी प्रजापति र एनप्याब्सनका रामप्रसाद खाताख्व रहनुभएको छ।

समिति गठनपश्चात नगर प्रमुख सुनिल प्रजापतिले सम्पूर्ण पदाधिकारीहरूलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभयो भने उक्त कार्यक्रममा प्रमुख प्रजापतिले नगरपालिकाले सञ्चालन गर्ने परीक्षालाई स्वच्छ, मर्यादित एवम् अनुशासित रूपमा सम्पन्न गर्न निर्देशन दिनुभयो।

# उच्च शिक्षा अध्ययन गरी आफ्नै देशको सेवा गर्ने भावना युवा पुस्ताहरूमा हुनुपर्ने




भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि १५१ जना नगरबासी विद्यार्थीहरूलाई शैक्षिक ऋण उपलब्ध गराउन स्वीकृत गरेको छ। सोही सन्दर्भमा भक्तपुर नगरपालिकाको आयोजनामा शैक्षिक ऋण वितरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम मंसिर १४ गते सम्पन्न भयो।

कार्यक्रममा बोल्दै नगर प्रमुख सुनिल प्रजापतिले कुनै पनि नगरबासी विद्यार्थीहरू आर्थिक कारणबाट उच्च शिक्षाबाट बञ्चित हुन नपरोस् उद्देश्यका साथ भक्तपुर नपाले सहुलियत दरमा शैक्षिक ऋण प्रदान गर्दै आइरहेको बताउनुभयो।

शिक्षामा गरेको लगानीले संसारलाई परिवर्तन गर्ने दक्ष जनशक्ति उत्पादन गर्न टेवा पुग्ने बताउँदै उहाँले विदेशमा उच्च शिक्षा अध्ययन गरी आफ्नै देशको सेवा गर्ने भावना युवा पुस्ताहरूमा हुनुपर्ने बताउनुभयो।

उहाँले उच्च शिक्षा हासिल गर्ने सिलसिलामा वर्षेनी लाखौँको सङ्ख्यामा विद्यार्थीहरू विदेशिँदा नेपालका कलेज तथा विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दा ती संस्थाहरूमा सङ्कट निम्तिएको बताउँदै विद्यार्थीको भविष्य उनीहरूको मेहेनतमा भर पर्ने विषय भएको बताउनुभयो।

भक्तपुर नपाले भक्तपुर प्रवेश गर्ने विदेशी पर्यटकबाट उठाएको पर्यटन शुल्कबाट भक्तपुरको सम्पदा पुन:निर्माण र विकास निर्माण कार्यमा धेरै सहयोग मिलेको बताउँदै उहाँले यसबाट भक्तपुरको शैक्षिक, सांस्कृतिक र सफाइमा परिवर्तन ल्याएको बताउनुभयो।

भक्तपुर नपाले भक्तपुर महोत्सवको आयोजना गरी भक्तपुरको कला संस्कृति, मौलिक आदिबारे संसारमा प्रचारप्रसार गर्ने उद्देश्य राखेको बताउँदै उहाँले नगरबासी विद्यार्थीहरूलाई सजिलैसित चिकित्सा शिक्षा पढ्ने अवसर प्रदान गर्न ख्वप विश्वविद्यालय स्थापनाको अवधारणा अगाडि सारेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले शैक्षिक ऋण बाहेक पनि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २ वटा इन्जिनियरिङ कलेज सहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूमा वर्षको रु. ४ करोडभन्दा बढी छात्रवृत्ति प्रदान गर्दै आएको प्रष्ट पार्नुभयो। उहाँले सबै विषयको समान महत्त्व हुने बताउँदै विद्यार्थीहरूले आफूले अध्ययन गरेको विषयमा दक्षता हासिल गर्ने ढङ्गले आफ्नो पढाइलाई निरन्तरता दिन पनि प्रेरित गर्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नपाको शैक्षिक ऋण वितरण कार्यक्रम नेपालकै लागि उदाहरणीय कार्य भएको बताउँदै विद्यार्थीको उज्ज्वल भविष्यको लागि शुभकामना दिनुभयो। शैक्षिक ऋण प्राप्त विद्यार्थीहरूले विदेश जाने सोचबाट टाढा रहन आग्रह गर्दै उहाँले शैक्षिक ऋण कार्यक्रमबाट धेरै विद्यार्थीहरू लाभान्वित हुने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले शैक्षिक ऋणको औचित्य र महत्त्वमाथि प्रस्ट पार्दै विद्यार्थीहरूलाई नगरपालिका र नगरबासीहरूप्रति उत्तरदायी बन्न प्रेरित गर्नुभयो।

भक्तपुर नगरपालिकाले गरिब तथा जेहेन्दार विद्यार्थीको लागि उच्च शिक्षा अध्ययनलाई सघाउ पुऱ्याउन शैक्षिक ऋणको व्यवस्था गर्दै आएको छ। उच्च शिक्षा भन्नाले विद्यालय तह (कक्षा १२) भन्दा माथिको शिक्षा हो र विद्यार्थीले शैक्षिक प्रमाण पत्र धितो राखी उच्च शिक्षाका लागि नगरपालिकाबाट सहुलियत ऋण प्राप्त गर्छन्। यस्तो ऋण विद्यार्थीले पढाइ पूरा नहुदा सम्म तिर्नुपर्दैन तर पढाइ पूरा भएको ४ वर्ष भित्र वार्षिक २५ प्रतिशतका दरले ऋण चुक्ता गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसअघि ६०० जना विद्यार्थीहरूलाई नगरपालिकाबाट रु. ५ लाखसम्म ऋण दिएर उच्च शिक्षा अध्ययन गरिरहेकोमा यस आ.व. २०८१।८२ मा १५१ जनालाई शैक्षिक ऋण स्वीकृति गरेको समेत गरी कुल ७५१ जनाले रु. ५ लाखको शैक्षिक ऋण सुविधा लिएर उच्च शिक्षा अध्ययन गरिरहेका छन्। शैक्षिक ऋण स्वीकृत भएकामध्ये जम्मा ४५४ जना विद्यार्थीहरूले शैक्षिक ऋण लिएर अध्ययन गरिरहेको छ भने ५१ जनाले ऋण चुक्ता गरिसकेको छ। शैक्षिक ऋणमा रु. १३ करोड ६९ लाख ५० हजार ऋण लगानी भएको छ भने रु. १ करोड ६४ लाख ९४ बराबरको साँवा ब्याज फिर्ता भइसकेको छ।

त्यसबाहेक भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २ वटा इन्जिनियरिङ कलेज सहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूमा वर्षको रु. ४ करोडभन्दा बढी छात्रवृत्ति प्रदान गर्दै आएको छ।

भक्तपुर नगरपालिकाले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले खोलेका २ वटा इन्जिनियरिङ कलेज सहित ७ वटा शैक्षिक संस्थाहरूमा हाल ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## शैक्षिक ऋण सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई आ.व. २०८१।८२ को लागि शैक्षिक योग्यताको प्रमाणपत्र (एकेडेमिक सर्टिफिकेट) धितो राखेर सहुलियत ब्याज दरमा ऋण दिई स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई यस नगरपालिकाबाट शैक्षिक ऋण प्रदान गर्ने सम्वन्धमा आवेदन पर्न आएका मध्ये अन्तर्वार्ताबाट छनोट भएका तपसिलअनुसारका सफल विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गर्न स्वीकृति दिएको हुँदा निम्न मिति, समय र स्थानमा हुने शैक्षिक ऋणसम्वन्धी अभिमुखीकरण कार्यक्रममा उपस्थित भइदिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति**: २०८१।०८।१४ गते, शुक्रबार **समय**: दिनको १:०० बजे **स्थान**: भ.न.पा. सभाकक्ष

| क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | नविन ध्वजु | भनपा १ | ५२ | रेश्मा तमखु | भनपा ४ | १०३ | प्रविशा सुवाल | भनपा ६ |
| २ | सजनी गोठे | भनपा १ | ५३ | रोहन न्हेमाफुकी | भनपा ४ | १०४ | कृष्णा कासुला | भनपा ६ |
| ३ | कृति गांसी | भनपा १ | ५४ | प्रशान्त सुजखु | भनपा ४ | १०५ | सबिता सितिखु | भनपा ६ |
| ४ | हार्दिक धौबन्जार | भनपा १ | ५५ | सुकृष दुवाल | भनपा ४ | १०६ | कृतिका सुवाल | भनपा ६ |
| ५ | श्रीया दुवाल | भनपा १ | ५६ | आभाष प्रजापति | भनपा ४ | १०७ | वर्षा थुसा | भनपा ६ |
| ६ | रोनीत शिल्पकार | भनपा १ | ५७ | सिम्रन छेताला | भनपा ४ | १०८ | निकिता त्योछिन | भनपा ७ |
| ७ | रौनक शिल्पकार | भनपा १ | ५८ | आरिष मुलेपति | भनपा ४ | १०९ | सम्रिना रंजितकार | भनपा ७ |
| ८ | कुशल दुवाल | भनपा १ | ५९ | कृशा किवानायो | भनपा ४ | ११० | बिनेश बनमाला | भनपा ७ |
| ९ | प्रज्वल गोठे | भनपा १ | ६० | अस्मिता वाईजु | भनपा ४ | १११ | एरी प्रजापति | भनपा ७ |
| १० | शर्मिला जाकिबन्जार | भनपा १ | ६१ | पल्पसा सैंजु | भनपा ४ | ११२ | रोहन कासुला | भनपा ७ |
| ११ | सविन बासुकला | भनपा २ | ६२ | श्रीया हाकुदुवाल | भनपा ४ | ११३ | अमृता ख्याजु | भनपा ७ |
| १२ | रेक्स के सुवाल | भनपा २ | ६३ | कृशा सुजखु | भनपा ४ | ११४ | दिपेश खाइजु | भनपा ७ |
| १३ | नेहा भट्ट | भनपा २ | ६४ | मतिना घेमोसु | भनपा ४ | ११५ | क्रिष्टिना मचामसी | भनपा ७ |
| १४ | रुशा बासुकला | भनपा २ | ६५ | सुधा त्वायना | भनपा ४ | ११६ | श्रेया ख्याजु | भनपा ७ |
| १५ | प्रिन्स याकामी | भनपा २ | ६६ | सन्दिपा नागाजु | भनपा ४ | ११७ | जेनिशा रंजितकार | भनपा ७ |
| १६ | भूमिका कायष्ठ | भनपा २ | ६७ | सलिना प्रधानाङ्ग | भनपा ४ | ११८ | रितु साँद | भनपा ७ |
| १७ | सुमिक्षा दुवाल | भनपा २ | ६८ | नेना त्वाती | भनपा ४ | ११९ | अनुश्रेया पलिखेल | भनपा ७ |
| १८ | रोनिसा लासिवा | भनपा २ | ६९ | विमल घेमोसु | भनपा ४ | १२० | अनुस्का गोसाई | भनपा ७ |
| १९ | रुषा देशेमरु | भनपा २ | ७० | सुगन श्रेष्ठ | भनपा ४ | १२१ | किरण खायमली | भनपा ७ |
| २० | रोज नायभारी | भनपा २ | ७१ | लुनिभा सैंजु | भनपा ४ | १२२ | गरिमा मानन्धर | भनपा ७ |
| २१ | सुबिन खुसु | भनपा २ | ७२ | साहिल वती | भनपा ५ | १२३ | सनिस बासी | भनपा ८ |
| २२ | स्वस्तिका सुवाल | भनपा २ | ७३ | सृष्टि लोहला | भनपा ५ | १२४ | कृशल कोजु | भनपा ८ |
| २३ | आशिका बोयजु | भनपा २ | ७४ | प्रमिक कवां | भनपा ५ | १२५ | निकेश राज तुल्सीबाख्यो | भनपा ८ |
| २४ | पलिस्था खर्बुजा | भनपा २ | ७५ | सुचिना ताम्राकार | भनपा ५ | १२६ | तिमिला दुवाल | भनपा ८ |
| २५ | निशा सुवाल | भनपा २ | ७६ | अजय सुवाल | भनपा ५ | १२७ | पूर्णिमा गाईजु | भनपा ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | दिपिका कोजु | भनपा २ | ७७ | विमल कर्माचार्य | भनपा ५ | १२८ | आईशा छ्वाजु | भनपा ८ |
| २७ | सुभश्री लघु | भनपा २ | ७८ | करिना सिन्ताकल | भनपा ५ | १२९ | रितिमा छुस्याबाग | भनपा ८ |
| २८ | ब्रिजन बासुकला | भनपा २ | ७९ | सुमित चिकंबन्जार | भनपा ५ | १३० | सलिम छुस्याबाग | भनपा ८ |
| २९ | आश्रुत्य चन्द्र प्रधानाङ्ग | भनपा २ | ८० | कल्पना रंजित | भनपा ५ | १३१ | आयूष प्रजापति | भनपा ८ |
| ३० | कृषा चगुठी | भनपा ३ | ८१ | तिशा ताम्राकार | भनपा ५ | १३२ | रोशना बेकोजु | भनपा ८ |
| ३१ | एम्जेलिना गरु | भनपा ३ | ८२ | सिम्रन माक | भनपा ५ | १३३ | सोनु खायमली | भनपा ८ |
| ३२ | कर्णविर हाडा | भनपा ३ | ८३ | मुस्कान कपाली | भनपा ५ | १३४ | शैलेश जरेजु | भनपा ८ |
| ३३ | कुशल सुवाल | भनपा ३ | ८४ | जेनिशा भेले | भनपा ५ | १३५ | रोमन गाईजु | भनपा ८ |
| ३४ | रुवी साख | भनपा ३ | ८५ | क्रिसोस ध्वजु | भनपा ५ | १३६ | अंकिता प्रजापति | भनपा ९ |
| ३५ | प्रनिश मानन्धर | भनपा ३ | ८६ | क्रिस्तन नापित | भनपा ६ | १३७ | विजेन लवजू | भनपा ९ |
| ३६ | आकृति वेजु | भनपा ३ | ८७ | आयुषा ब्यान्जु | भनपा ६ | १३८ | सतिश श्रेष्ठ | भनपा ९ |
| ३७ | कृतिशा चवाल | भनपा ३ | ८८ | सरिता प्रजापति(अवाल) | भनपा ६ | १३९ | रमिता श्रेष्ठ | भनपा ९ |
| ३८ | दिपा नायभा | भनपा ३ | ८९ | हृतेश हामो | भनपा ६ | १४० | सनम फैजु | भनपा ९ |
| ३९ | निकी सिल्पकार | भनपा ३ | ९० | शनिल सिजख्व | भनपा ६ | १४१ | लु:ज श्रेष्ठ | भनपा ९ |
| ४० | मन्जिता शिल्पकार | भनपा ३ | ९१ | प्रिति प्रधानाङ्ग | भनपा ६ | १४२ | रश्मि फैजु | भनपा ९ |
| ४१ | लहना लवजु | भनपा ३ | ९२ | आकृति खाइतु | भनपा ६ | १४३ | नितु अमात्य | भनपा १० |
| ४२ | कमलतारा बज्राचार्य | भनपा ३ | ९३ | साइमन कोनाजु | भनपा ६ | १४४ | रोशन बुयो | भनपा १० |
| ४३ | सलोन गाईसी | भनपा ३ | ९४ | एन्जिला याकामी | भनपा ६ | १४५ | रोज कर्माचार्य | भनपा १० |
| ४४ | युन विरबल | भनपा ३ | ९५ | रविना सिजख्वा | भनपा ६ | १४६ | जुनु भारी | भनपा १० |
| ४५ | आयुषा चगुठी | भनपा ३ | ९६ | प्रनिता दुवाल | भनपा ६ | १४७ | रकि कुसाथा | भनपा १० |
| ४६ | विनिता चगुठी | भनपा ३ | ९७ | रिजा राजचल | भनपा ६ | १४८ | जेसिका श्रेष्ठ | भनपा १० |
| ४७ | लक्ष्मी धोजु | भनपा ३ | ९८ | राजन सुवाल | भनपा ६ | १४९ | रोशनी सिमाछ्वा | भनपा १० |
| ४८ | रोहित स्वानेपा | भनपा ३ | ९९ | क्रिष्टल सुवाल | भनपा ६ | १५० | एलिज ग्वाछा | भनपा १० |
| ४९ | उत्सव छुकां | भनपा ४ | १०० | पियुष त्वानाबासु | भनपा ६ | १५१ | विवेक अवाल | भनपा १० |
| ५० | बिनी शिल्पकार | भनपा ४ | १०१ | सुदिया मुनंकर्मी | भनपा ६ | | | |
| ५१ | आजुश्री प्रजापति | भनपा ४ | १०२ | राहुल फाँजु | भनपा ६ | | | |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# एक्काइसौं शताब्दीका विद्यार्थीहरू शैक्षिक, सामाजिक, राजनीतिक र सैद्धान्तिक रूपमा अब्बल हुनुपर्नेमा जोड




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा शैक्षिक वर्ष २०७६।७७ मा स्नातक तहअन्तर्गत बीबीएस, बीए, बीएसडब्ल्यु, बीएससी र बीबीएम कार्यक्रममा भर्ना भएका विद्यार्थीको बिदाइ कार्यक्रम मंसिर १९ गते सम्पन्न भयो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीहरूलाई खादा र मायाको चिनोका साथ बिदाइ गरिएको थियो।

कार्यक्रममा बोल्दै **अध्यक्ष बिजुक्छेँ**ले एक्काइसौं शताब्दीका विद्यार्थीहरू शैक्षिक, सामाजिक, राजनीतिक र सैद्धान्तिक रूपमा अब्बल हुनुपर्ने बताउनुभयो। उहाँले विद्यार्थीहरूले शैक्षिक संस्थाबाट सिक्ने भनेकै असल आचरण, बोली व्यवहार र संस्कार भएको बताउँदै असल शिक्षकको प्रभावबाट असल नागरिकहरू उत्पादन हुने बताउनुभयो।

विद्यार्थीहरूको असफलतामा शिक्षकहरूको योग्यतामाथि प्रश्न उठ्ने गरेको प्रसंग जोड्दै उहाँले कलेजमा अध्ययनरत विभिन्न जिल्लाका विद्यार्थीहरूलाई समयसुहाउँदो शिक्षा प्रदानतर्फ शैक्षिक संस्थाहरूले जोड दिनुपर्ने बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले योग्य र सक्षम शिक्षकहरूले विद्यार्थीहरूमा सकारात्मक प्रभाव छोड्न सक्षम हुने बताउँदै कर्मचारीहरूले आफ्नो व्यक्तिगत स्वार्थबाट माथि उठेर असल नागरिकको पहिचान दिने ढङ्गले जनताको सेवा गर्नुपर्ने बताउनुभयो।

विद्यार्थीहरूलाई विदेशिन बाध्य बनाउनेमा सरकार र कलेजका प्राध्यापकहरू जिम्मेवार हुने बताउँदै शिक्षकहरूले अध्ययन अध्यापनसँगै देशभक्त नागरिक तयार गर्नुलाई आफ्नो कर्तव्य ठाथेर काम गर्न आवश्यक भएको उहाँले बताउनुभयो।

नयाँ पुस्ताले देशको सार्वभौमिकता रक्षाको निम्ति लडेन भने आउने पुस्ता राजनीतिक रूपमा कमजोर हुने बताउँदै उहाँले आफ्नो ज्ञान र सीपलाई निःस्वार्थ रूपमा देशको लागि प्रयोग गर्न अभिप्रेरित गर्नुभयो।

कार्यक्रमका सभापति कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूलाई आफ्नो विषयमा विशेषज्ञ भई देश र समाजको सेवा गर्न शुभकामना दिनुभयो।

भक्तपुरमा 'एक घर एक स्नातक' बनाउने अवधारणाले मूर्त रूप लिइसकेको बताउँदै उहाँले भक्तपुरलाई शैक्षिक रूपमा अगाडि बढाउन नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको सहयोगी भूमिका रहेको बताउनुभयो।

युवा विद्यार्थीहरूको जीवनको लक्ष्य देश र समाजको सेवा गर्नेतर्फ उन्मुख हुनुपर्नेमा जोड दिँदै उहाँले विदेशिएका नेपालीहरूमा आफ्नो देशको सेवा गर्ने भावना रहीरहन जरुरी छ भन्नुभयो।

शिक्षा राज्यको दायित्वअन्तर्गत हुनुपर्नेमा नेपालको शिक्षा निजीकरण र व्यापारीकरणतर्फ उन्मुख हुँदा गरिब जनता शिक्षाको पहुँचबाट टाढा पुगेको बताउँदै उहाँले व्यक्तित्व विकासमा सबै युवाहरूले समान अवसर प्राप्त गर्ने अवस्थाको सिर्जना गर्न भक्तपुर नपा प्रयासरत रहेको बताउनुभयो।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले सभ्य र सुसंस्कृत समाज निर्माणमा भक्तपुर नपाले अग्रसर भूमिका खेल्दै आएको बताउँदै भक्तपुरको शैक्षिक क्रान्तिमा नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको भूमिका उल्लेखनीय भएको बताउनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले ख्वपबाट उत्पादित विद्यार्थीहरू कलेजका बहुमूल्य सम्पत्ति भएको बताउँदै विद्यार्थीहरूले व्यक्तिगत स्वार्थबाट टाढा रही देश र समाजप्रति पनि उत्तरदायी भावनाले काम गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर महोत्सव अवधिभर ख्वप कलेजमा विभिन्न शैक्षिक प्रदर्शनी हुने अवगत गराउँदै उहाँले विद्यार्थीहरूलाई महोत्सवमा सक्रियतापूर्वक सहभागिताको लागि पनि अनुरोध गर्नुभयो।

ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले विद्यार्थीहरूले आफ्नो सामाजिक दायित्व बहन गर्नेतर्फ अग्रसर हुन प्रेरित गर्दै सक्षम जनशक्तिहरू विदेशिँदा नेपालमा दक्ष जनशक्तिको अभाव हुँदै गएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व** र ख्वप कलेजका उपप्राचार्य **राजेशकुमार श्रेष्ठ**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा बी.ए. संकायका विद्यार्थी **आस्था कार्की**, बी.एस.डब्लू.का **सुनेना मानन्धर**, बी.बी.एम.का **रोशनी शिल्पकार**, बी.बी.एम.का **शमिष्ठा श्रेष्ठ** र बी.एस.सी. वातावरण विज्ञानका **पूजा मगर**ले कलेज अध्ययनबारे आफ्नो अनुभव सुनाएका थिए।

कार्यक्रममा एम.बी.एस.का इन्चार्ज **रूपक जोशी**, एम.ए. अर्थशास्त्रका संयोजक **रूपक खड्का**, एम.ए. अंग्रेजीका संयोजक **कमिनिका न्याइँच्याइँ**, एम.एस.सी. वातावरण विज्ञानका संयोजक **मिरा प्रजापति**ले विषयगत विशेषताबारे विद्यार्थीहरूलाई अभिमुखीकरण गर्नुभएको थियो।

# स्वास्थ्य सेवा

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य दिवसको अवसरमा ३ जना स्वास्थ्य स्वयम्सेविकाहरू सम्मानित



भक्तपुर नगरपालिकाले 'राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य दिवस २०८१' को अवसरमा मंसिर २० गते भक्तपुर नगरपालिकाका ३ जना उत्कृष्ट स्वास्थ्य स्वयम्सेविकाहरूलाई पुरस्कृत गरेको छ। भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले उत्कृष्ट स्वास्थ्य स्वयम्सेविकाहरू वडा नं. १० का रामलक्ष्मी दुवाल, वडा नं. १ का शिवलक्ष्मी दुवाल र वडा नं. ६ का कृष्णलक्ष्मी कासुलालाई नगदसहित प्रमाणपत्र वितरण गर्नुभयो।

कार्यक्रममा उपप्रमुख जोशीले स्वास्थ्य स्वयम्सेविकाहरू समाजका महत्त्वपूर्ण अङ्ग भएको बताउनुभयो। उहाँले भक्तपुर नगरपालिकाको स्वास्थ्य तथा सामाजिक गतिविधिमा स्वास्थ्य स्वयम्सेविकाहरूको भूमिका उल्लेखनीय रहेको बताउँदै नगर सफा र स्वच्छ रहे नगरबासीहरू स्वस्थ हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै घरदैलो नर्सिङ सेवालाई पनि प्रभावकारी रूपमा सञ्चालन गरिरहेको बताउँदै घरदैलो नर्सिङ सेवामा पनि स्वास्थ्य स्वयम्सेविकाहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ भन्नुभयो।


प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले स्वास्थ्य स्वयम्सेविकाहरू सरकारको प्रतिनिधित्व गरी जनताको घरदैलो पुग्ने माध्यम भएको बताउँदै तीनै तहको सरकारको काम प्रभावकारी कार्यान्वयनको लागि स्वास्थ्य स्वयमसेविकाहरू क्रियाशीलतामा महत्त्वपूर्ण पक्ष भएको बताउनुभयो।

भनपा ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले आ-आफ्नो वडामा आधारभूत प्राथमिक स्वास्थ्य सेवाभित्र पर्ने



सुरक्षित मातृत्व, परिवार नियोजन, बालस्वास्थ्य तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको प्रवर्द्धन गर्नु स्वास्थ्य स्वयम्सेविकाहरूको दायित्व भएको बताउनुभयो। नजिकिँदै गएको भक्तपुर महोत्सवमा पनि स्वयम्सेविका भावनाले परिचालन हुन अनुरोध गर्दै उहाँले नगरको स्वास्थ्य प्रोफाइल बनाउने तर्फ पनि स्वयम्सेविकाहरूले जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**, स्वास्थ्य स्वयम्सेविकाको तर्फबाट प्रतिनिधि **बबिमैंया लघु** र स्वास्थ्य संयोजक **रत्नसुन्दर लासिवा**ले पनि बोल्नुभएको थियो।





An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Kartik Report, 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1966 | 8.48 |
| 10-14. | 831 | 3.58 |
| 15-19 | 992 | 4.28 |
| 20-59 | 14822 | 63.90 |
| ≥60 | 4586 | 19.77 |
| Total | 23197 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Accham | 1 | 0.01 |
| Mahottari | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Rasuwa | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Saptari | 1 | 0.01 |
| Morang | 1 | 0.01 |
| Humla | 1 | 0.01 |
| Syangja | 1 | 0.01 |
| Dhanusha | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Bara | 2 | 0.01 |
| Dadeldhura | 2 | 0.01 |
| Kailali | 2 | 0.01 |
| Nuwakot | 2 | 1.00 |
| Parasi | 2 | 0.01 |
| Solukhumbu | 2 | 0.01 |
| Dhading | 2 | 0.01 |
| Dang | 2 | 0.01 |
| Bajhang | 2 | 0.01 |
| Dailekh | 3 | 0.01 |
| Okhaldhunga | 3 | 0.01 |
| Udhayapur | 3 | 0.01 |
| Sunsari | 3 | 0.01 |
| Sarlahi | 4 | 0.02 |
| Sindhuli | 5 | 0.02 |
| Jumla | 6 | 0.03 |
| Kalikot | 6 | 0.03 |
| Khotang | 6 | 0.03 |
| Jhapa | 9 | 0.04 |
| Dolkha | 15 | 0.06 |
| Lalitpur | 22 | 0.09 |
| Ramechap | 27 | 0.12 |
| Sindhupalchowk | 39 | 0.17 |
| Kathmandu | 47 | 0.20 |
| Kavrepalanchok | 123 | 0.53 |
| Bhaktapur | 22847 | 98.49 |
| Total | 23197 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 192 |
| Suryabinayak | 1246 |
| Changu | 3684 |
| Bhaktapur | 17725 |
| Total | 22847 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 535 | 2.31 |
| General | 3579 | 15.43 |
| Insurance | 19083 | 82.26 |
| Total | 23197 | 100.00 |

| Department | Number | In Percentage |
|---|---|---|
| ICU | 3 | 0.01 |
| Neuro Surgery | 63 | 0.27 |
| CHRP- Respiratory Medicine | 98 | 0.42 |
| Psychiatric | 204 | 0.88 |
| General Ward | 205 | 0.88 |
| Cardiologist | 237 | 1.02 |
| Laboratory | 352 | 1.52 |
| MDGP | 611 | 2.63 |
| Dermatology | 642 | 2.77 |
| General Surgery OPD | 669 | 2.88 |
| Physiotherapy | 988 | 4.26 |
| ENT | 1122 | 4.84 |
| Dental | 1314 | 5.66 |
| Paediatric | 1328 | 5.72 |
| Emergency Ward | 1460 | 6.29 |
| Obs. & Gynaecology | 1493 | 6.44 |
| Internal Medicine | 1925 | 8.30 |
| Orthopedic | 2343 | 10.10 |
| General OPD | 8140 | 35.09 |
| Total | 23197 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 205 |
| Discharge | 187 |
| LAMA | 2 |
| Refer | 5 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1955 |
| Total Cataract Surgery | 20 |

### Operation

| | |
|---|---|
| Major | 81 |
| Minor | 75 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 13256 | 57.15 |
| Male | 9941 | 42.85 |
| Total | 23197 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित
ख्वप अस्पतालको २०८१ कार्तिक महिनाको
सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## नगर प्रमुख प्रजापतिसँग पचालझरना गापाका अध्यक्ष शाहीको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कालिकोटको पचालझरना गाउँपालिकाका अध्यक्ष देवराज शाहीले कार्तिक २५ गते भनपा सभाकक्षमा भेट गर्नुभयो।

भेटमा उहाँहरूबिच स्थानीय तहको कार्यशैली, काम, कर्तव्य तथा अधिकार, दुई पालिकाको विशेषता र देशको समसामयिक तथा राजनीतिक विषयमा कुराकानी भयो।

प्रमुख प्रजापतिले गाउँपालिका अध्यक्ष शाहीलाई भक्तपुर नपामा खादा र भादगाउँले टोपीले स्वागत गर्नुहुँदै भक्तपुर खुला आकाशमुनि अवस्थित जीवित सङ्ग्रहालयको रूपमा रहेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई राजनैतिक र वर्गीय सङ्घर्ष गर्ने थलोको रूपमा उपयोग गर्दै आइरहेको बताउनुहुँदै उहाँले जनप्रतिनिधि, कर्मचारी र जनतामा सेवामुखी भावना हुनुपर्नेमा जोड दिनुभयो।

माओवादी सरकारको नेतृत्व रहेको बेला केही जिल्लामा नमुना काम गरेको भए पार्टी र देशकै निम्ति फाइदा हुने थियो भन्नुहुँदै उहाँले राजनीतिक दलका नेताहरू नैतिकवान भयो भने सबै समस्या स्वतः समाधान हुँदै जाने बताउनुभयो।

पचालझरना गा.पा. अध्यक्ष **देवराज शाही**ले पचालझरना गा.पा. कालिकोट जिल्लाको सदरमुकाम मान्मदेखि उत्तरपूर्वमा अवस्थित पचाल झरनाको नामबाट नामाकरण भएको बताउनुहुँदै कर्णाली प्रदेश आफैमा समृद्ध रहेको बताउनुभयो।

शिक्षकलाई जागरुक बनाउने अभियानमा रहेको बताउनुहुँदै उहाँले स्थानीय तहलाई बलियो बनाउन बजेटको सही सदुपयोग गरी जनसहभागितामूलक काम गर्न आवश्यक भएको बताउनुभयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले गा.पा. अध्यक्ष शाहीलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो। भेटमा पचालझरना गा.पा.का सचिवालय सदस्य स्वर्णिम शाहीको पनि उपस्थिति थियो।

## नेपालगञ्ज उपमनपाका जनप्रतिनिधि भनपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपालगञ्ज उपमहानगरपालिकाका न्यायिक समितिका पदाधिकारीहरूले भनपा सभाकक्षमा मङ्सिर ११ गते भेट गर्नुभयो।

भेटमा समितिका पदाधिकारीहरूले भनपाद्वारा न्यायिक क्षेत्रमा गरिरहेको कार्यबारे जानकारी लिनुका साथै इजलास कक्षको अवलोकन गर्नुभयो।

भेटमा भनपा वडा नं ६ का वडाध्यक्ष हरिराम सुवाल, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २० का वडाध्यक्ष कौशलकुमार धोवी, का.पा. सदस्य न्यायिक समितिका संयोजक मुजम्मीद हुसैन हल्वाई, सदस्य रुमीता श्रेष्ठ र कानून अधिकृत माया शर्मालगायतको उपस्थिति रहेको थियो।

भक्तपुर
BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# भेटघाट

## प्रवासबाट फर्केका चिनियाँहरूको महासङ्घको प्रतिनिधिमण्डलद्वारा भक्तपुर अवलोकन भ्रमण



प्रवासबाट फर्केका चिनियाँहरूको महासङ्घको प्रतिनिधिमण्डलद्वारा कार्तिक २९ गते भक्तपुरको अवलोकन भ्रमण गर्नुभएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महासङ्घका उपाध्यक्ष छङ स्युएयुआनको नेतृत्वमा आएको टोलीलाई भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वारमा स्वागत गर्नुभएको थियो । टोलीलाई पुष्पगुच्छा, भादगाउँले टोपी, खादा र परम्परागत थैलीले स्वागत गरिएको थियो ।

नगर प्रमुख **प्रजापति**ले चिनियाँ नेताहरूले भक्तपुरलाई प्राथमिकतामा राखेर भ्रमण गर्नु खुशीको कुरा भएको बताउनुहुँदै भक्तपुर नपाले यहाँका कला संस्कृति संरक्षणलाई विशेष ध्यान दिइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध यस्ता भ्रमणहरूले थप मजबुत हुँदै जानेछ ।'

भ्रमणका क्रममा प्रवासबाट फर्केका चिनियाँहरूको महासङ्घका उपाध्यक्ष छङ स्युएयुआनले महासचिव सी चीनफिङले सभ्यता र सांस्कृतिक आदान प्रदान मार्फत देशहरूबिचको सम्बन्धलाई बलियो बनाउनुपर्ने बताउनु भएको उल्लेख गर्नुहुँदै भक्तपुर गहिरो सांस्कृतिक जग भएको कलात्मक शहर भएको बताउनुभयो ।

उहाँले चीन-नेपालबिचको सम्बन्ध इतिहास जत्तिकै पुरानो छ भन्नुभयो । सांस्कृतिक आदान प्रदान मार्फत चीन र नेपालबिचको सम्बन्धलाई अझ अगाडि बढाउनुपर्ने धारणा राख्नुहुँदै उहाँले भन्नुभयो 'भक्तपुरको सम्पदा संरक्षणको कामबाट हामी धेरै प्रभावित छौं ।'

प्रमुख प्रजापतिले उपाध्यक्ष स्युएयुआनलाई मयूर झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभएको थियो ।

प्रतिनिधिमण्डलमा महासङ्घका चु ल्यउ, लीन सियाओफान, चाओ रूओछन्, वाङ सङ हुई र चिनियाँ दुतावासबाट काउन्सिलर छिन वनछ्, वाङ तोङ, नेपाल प्रवासी चिनियाँ सङ्गठनका अध्यक्ष चीन सियाओतोङलगायतको सहभागी रहेको थियो ।



प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय, स्वर्णद्वार, पचपन्न झ्याल दरबार, सिद्धिलक्ष्मी मन्दिर, सिलु महादेव मन्दिर र चतुर्ब्रम्ह महाविहार अवलोकन गर्दै टौमढी क्षेत्रको पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, गःहितिको लक्ष्मीनरसिंह मन्दिर हुँदै तालाक्व क्षेत्रमा मृत्तिका कलाको पनि अवलोकन गरेको थियो ।

### केही झलक











# नगर प्रमुख प्रजापति र पूर्व उद्योगमन्त्री अनिलकुमार झाबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र पूर्व उद्योगमन्त्री अनिलकुमार झाबीच मंसिर १३ गते भक्तपुर नपाको सभाकक्षमा भेट भयो। भेटमा उहाँहरूबीच भक्तपुर नपाको शिक्षा, स्वास्थ्य, विकास निर्माण तथा देशको समसामयिक विषयमा छलफल भयो।

भक्तपुर नगरपालिकाले गरेको विकास मोडलको विषयमा पूर्वमन्त्री झाले राख्नुभएको जिज्ञासामा प्रमुख प्रजापतिले जनप्रतिनिधिहरू जनताको सेवा गर्ने भावना, कर्मचारी र स्थानीय जनताको एकमनको एकताले यो सम्भव भएको बताउनुभयो।



मन्त्रीले झाले भनपाले सञ्चालन गरिरहेको ख्वप अस्पतालले जनताको राम्रो सेवा गरिरहेको बताउँदै रौतहटमा मेडिकल कलेज सञ्चालनको उद्देश्यले १६ बिघा जग्गामा १०० शैय्याको गजेन्द्र नारायणमान सिंह अस्पताल सञ्चालन गरेको तर चिकित्सकहरूको अभावको कारण राम्रोसँग सञ्चालन गर्न नसकेको जानकारी दिनुभयो।

नगर प्रमुख प्रजापतिले पूर्वमन्त्री झालाई नगरपालिकाका विभिन्न प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो।

## नगर प्रमुख सुनिल प्रजापति र पूर्वाञ्चल विश्वविद्यालयका रजिष्ट्रार नीलमणि पोखरेलबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग पूर्वाञ्चल विश्वविद्यालयका रजिष्ट्रार नीलमणि पोखरेलले मंसिर १४ गते भेट गर्नुभयो। भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ लको निरीक्षणका क्रममा भक्तपुर पुग्नुभएका पोखरेलले प्रमुख प्रजापतिसँग भेटी भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेका पृथक अभ्यासहरूबारे जानकारी लिनुभयो। शिक्षा क्षेत्रमा भक्तपुर नपाको भूमिका प्रशंसनीय भएको बताउँदै रजिष्टार पोखरेलले दक्ष जनशक्ति उत्पादनमा यी कलेजहरूले महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो।

## नगर प्रमुख प्रजापति र दक्षिण कोरियाका महामहिम राजदूत पार्क ताइयोङबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताइयोङले मंसिर १७ सोमबार भेट गर्नुभएको छ।

भक्तपुर नगरपालिकाको सभाकक्षमा भएको भेटमा सम्पदा पुनःनिर्माण, स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनलगायतका



सहकार्य र सहयोग आदानप्रदान गर्ने सम्बन्धमा छलफल भयो।

भेटमा नगर प्रमुख प्रजापतिले नेपालको विकासमा दक्षिण कोरियाको सहयोगको लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध अझ प्रगाढ हुँदै जाने विचार व्यक्त गर्नुभयो।

भक्तपुर नपाले विदेशी पर्यटकहरूबाट उठाउँदै आएको पर्यटन शुल्कबाट भक्तपुरको सम्पदा पुनःनिर्माण र पर्यटन प्रवर्द्धनमा खर्च गर्दै आएको बताउँदै प्रमुख प्रजापतिले २०७२ सालको भूकम्पले क्षति पुऱ्याएका नेपालको सम्पदा पुनःनिर्माणमा कोरियाली सरकारको सहयोग स्मरणीय रहेको उल्लेख गर्नुभयो।

भक्तपुरको सम्पदा संरक्षण कार्य, भक्तपुरमा सीपमूलक तालिम केन्द्र सञ्चालन र भक्तपुरका कृषकहरूको धान उत्पादन कार्यमा प्राविधिक सहकार्य गर्ने विषयमा छलफल गरी अगाडि बढ्ने उहाँले जानकारी गराउनुभयो।

भेटमा महामहिम राजदूत ताइयोङले भक्तपुर नपाले जनताको अपेक्षा अनुसार काम गरेको जानकारी प्राप्त भएको बताउँदै उहाँले सम्पदा संरक्षण कार्यमा भक्तपुर नमुना रहेको बताउनुभयो।



राजदूत ताइयोङ धेरै पटक भक्तपुर आइसकेको स्मरण गर्दै दशैं तिहारको बीचमा भक्तपुर भ्रमणको क्रममा भक्तपुरका युवाहरूले सांस्कृतिक गतिविधिमा देखाएको सहभागिताले आफू उत्साही बनेको जानकारी गराउनुभयो।

कुटनीतिक क्षेत्रमा भक्तपुरको सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य क्षेत्रमा भइरहेको मौलिक शैलीको कार्यको सकारात्मक टिप्पणी हुने गरेको बताउँदै उहाँले भक्तपुरका कृषकहरूको धान उत्पादन वृद्धिको लागि कोइकामार्फत प्राविधिक सहयोग गर्न इच्छुक रहेको बताउनुभयो।

भेटमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, पर्यटन शाखा प्रमुख गौतमप्रसाद लासिवा र प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको सहभागिता थियो। प्रमुख प्रजापतिले राजदूत ताइयोङलाई मयुरको झ्याल र नपाका पुस्तकहरू उपहारस्वरूप प्रदान गर्नुभयो।

# संक्षेपमा

## निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायतबाट भनपा वडा नं. ६ देकोचामा निर्माणाधीन अरनिको सभाभवनको आर.एम.सी ढलान कार्यको कार्तिक २८ गते निरीक्षण गर्नुहुँदै ।





## लक्ष्मीनरसिंहको मूर्ति प्रतिस्थापन



भक्तपुर नगरपालिका वडा नं. ४ गःहितिस्थित लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माणको क्रममा भक्तपुर दरबार क्षेत्रको प्रहरी परिसरमा राखिएको लक्ष्मीनरसिंहको मूर्ति पुनःनिर्माण पश्चात मंसिर १ गते प्रतिस्थापन गरियो ।







# अध्यक्ष बिजुक्छेंद्वारा निर्माणाधीन थन्थु दरबार, ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिर र इखालाछ्री मठको निरीक्षण



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले दरबार क्षेत्रमा अवस्थित थन्थु दरबार, ग:हिटीस्थित निर्माणाधीन ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिर र तालाक्वमा अवस्थित इखालाछी मठ पुन:निर्माण कार्यको मंसिर १८ गते स्थलगत निरीक्षण गर्नुभयो।

निरीक्षणका क्रममा अध्यक्ष बिजुक्छेँले सम्पदा पुन:निर्माणको कार्यमा भक्तपुर नपाको अग्रसरता प्रशंसनीय भएको बताउँदै सम्पदा पुन:निर्माणले नयाँ पुस्ताको सेवा गर्ने बताउनुभयो।

उहाँले भक्तपुरको मौलिक स्वरूप संरक्षणमा नपाको अग्रसरता सराहनीय भएको बताउँदै यहाँका सम्पदा पुन:निर्माणमा स्थानीय जनताको साथ र सहयोग पनि महत्त्वपूर्ण विषय भएको बताउनुभयो। उहाँले सम्पदा संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको खण्डमा देशभरकै सम्पदाहरू संरक्षण हुने बताउनुभयो।

सम्पदाको महत्त्वबारे नयाँ पुस्तालाई अवगत गराउन सके स्वत:स्फूर्त रूपमा संरक्षण र सम्बर्द्धन हुँदै जाने बताउँदै उहाँले भक्तपुरको मौलिक पहिचान नै यहाँको परिचय भएको बताउनुभयो।


भक्तपुरको लक्ष्मीनरसिंह मन्दिर सात सय वर्ष पुरानो देखिन आएको छ। लक्ष्मीनरसिंह मन्दिरभित्र शक्तिसहितको शान्त भावको लक्ष्मीलाई साथमा लिएको नरसिंहको मूर्ति अवस्थित छ। भक्तपुर महोत्सवको तयारीस्वरूप भक्तपुर नपाले यहाँका सांस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरूको पुन:निर्माण र संरक्षण कार्यलाई तीव्रता दिइएको छ।

निरीक्षणमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, वडाध्यक्ष, जनप्रतिनिधिलगायतको सहभागिता रहेको थियो।









# विविध समाचार

## अगुवा कार्यकर्ताहरूले साहित्यिक, राजनीतिक तथा देश विदेशका पुस्तकहरू अध्ययन गर्नुपर्नेमा जोड




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छेँ (रोहित)** ले देश र जनताको हितमा लड्ने, आन्दोलन र सङ्घर्षमा भाग लिने कार्यकर्ता र देशभक्त जनता तयार गर्नुपर्ने बताउनुभयो ।




४४ औँ नेपालभाषा साहित्य त:मुंज्यामा प्रस्तुत ख्याल (व्यङ्ग्य), नाटक, नृत्यमा उत्कृष्ट कलाकार र टोली, त:मुंज्या ज्यालीमा सहभागी विद्यालय, सहकारी, सामाजिक सङ्घ–संस्था, मूल्याङ्कनकर्ता तथा अन्य सहयोगी महानुभावहरूलाई शिल्ड, मायाको चिनो तथा प्रमाणपत्र वितरण गरिएको सो समारोहमा मंसिर १ गते अध्यक्ष बिजुक्छेँले समाजका सही र खराब पात्रहरू चिनेर अघि बढ्नुपर्ने बताउनुभयो ।

हरेक पार्टीका कार्यकर्ता, समाजसेवी, शिक्षक तथा अगुवा कार्यकर्ताहरूले साहित्यिक, राजनीतिक तथा देश विदेशका पुस्तकहरू अध्ययन गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले सभ्य र समुन्नत समाज निर्माण गर्न समाजका नागरिकहरू दक्ष, योग्य र समाजसेवी हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'नाचगान, वाद्यवादन, पर्वमात्र संस्कृति होइन । शिष्ट र नम्र बोली बोल्नु, नागरिक भावना दिएर सांस्कृतिकस्तर उठाउने काम गर्नु पनि संस्कृति हो । यस कार्यमा राजनीतिक कार्यकर्ता, सामाजिक अगुवा र शिक्षकहरू अग्रसर हुनुपर्छ । अनिमात्र समाज अघि बढ्छ ।'

गलत नीति, गलत कार्यको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले देशघाती र देशविरोधी कार्यको हरेक देशभक्त जनताले खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका सचिव **प्रेम सुवाल**ले भक्तपुरलाई सफा–स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल बनाउने हामी सबैको आकाङ्क्षा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा 'एक घर एक स्नातक' तयार गर्ने प्रस्ताव गर्नुभएको थियो । यो प्रस्तावलाई कार्यान्वयन गर्न भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप माध्यमिक विद्यालय सञ्चालन गऱ्यो । २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेज सञ्चालन गराउन त्रिभुवन विश्वविद्यालयले आनाकानी गरेकोले पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा इन्जिनियरिङ कलेज सुरू गर्नुपऱ्यो । नर्सिङ कलेज स्वीकृति प्राप्त गर्न पनि कठिन भयो ।'

सल्लाघारी तीनकुनेस्थित भक्तपुरकै जनताको १०८ रोपनी जग्गा हाल नेपाल ट्रस्टको नाममा रहेको ख्वप विश्वविद्यालय सञ्चालन गर्न माग गरेको ८–१० वर्ष भइसकेको तर सरकारहरूले राजनीतिक पूर्वाग्रह राखी ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित गर्न पेस नगरेको चर्चा गर्नुहुँदै सचिव सुवालले भन्नुभयो, '१०८ रोपनी जग्गा पनि भक्तपुर नगरपालिकालाई उपयोग गर्न दिनुपर्छ । ख्वप शैक्षिक संस्थाहरूमा ७७ ओटै जिल्लाका विद्यार्थीहरू बिनाराजनीतिक पूर्वाग्रह अध्ययन गर्ने अवसर पाइरहेका छन् ।'

'बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्ष यताका सरकारहरूले नेपालका नदीनाला भारतको साझा हुनेलगायत टनकपुर, महाकाली, माथिल्लो कर्णाली, अरूण तेस्रो, तल्लो अरूण, अरूण चौथो, पश्चिम सेती, सेती १, मुगु कर्णाली, तिला १, तिला २, फुकुट कर्णाली भारतलाई दिए । १७ वर्षदेखि माथिल्लो कर्णाली लिएको भारतको जीएमआर कम्पनीले केही महिना अगाडि भारतको इरेडा र सतलज

कम्पनीलाई ६० प्रतिशत सेयर बिक्री गऱ्यो । नेपालको एक नदीलाई भारतीय कम्पनीले अर्को दुई भारतीय कम्पनीलाई बेचेकोलाई वर्तमान सरकारले समर्थन गऱ्यो । यसले आजसम्म सरकारका गएकाहरू नेपाली जनताको सरकार नभई भारतीय एकाधिकार पुँजीको कठपुतली भएको पुष्टि भयो', उहाँले स्पष्ट पार्नुभयो ।

'टनकपुर मामिलामा एमालेले २०४८ सालमा 'देशघाती गिरिजा हैजाले लैजा' भनी सडक र संसद्मा नारा लगाएको तर २०५३ सालमा टनकपुरसहित महाकाली नदी भारतलाई दिन एमालेले पनि साथ दियो', सचिव सुवालले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, '३५ वर्ष यताका सरकारहरूले देशलाई २६ खर्ब ऋणमा डुबाएर सडक, पुल, भवन, विद्युत् र टेलिफोन विस्तार गरेको अहिले पुष्टि भइरहेको छ । विदेशीसँग ऋण ल्याएर खर्बौं भ्रष्टाचार गरेका सरकारहरूको अनुहार महालेखा परीक्षकको प्रतिवेदनमा देखिन्छ । देशको सन्तुलित विकास नगरी काठमाडौं उपत्यकामा घर भत्काएर सडक चौडा गर्दैमा समस्या समाधान हुँदैन ।'

सचिव सुवालले भन्नुभयो, 'नेपाली काङ्ग्रेसले एमसीसी सम्झौतामा अनुदान पाएको उल्लेख गर्नुहुँदै बीआरआईसँग ऋण नलिने दाबी गऱ्यो । अहिलेको सरकारले पहिरो र डुबानमा परेको सडक, पुल निर्माण गर्न विश्व बैङ्कसँग २० अर्ब ऋण लिने निर्णय गऱ्यो ।'

बीआरआई मानव जातिको साझा हितसँग सम्बन्धित भएको उल्लेख गर्नुहुँदै सचिव सुवालले भन्नुभयो, 'विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क, डब्लुटीओ पश्चिमा साम्राज्यवादीहरूको नङ्ग्रासहितको पञ्जा भएको र यी संस्थाहरूको ऋणमा देश डुबेपछि तिनको उपनिवेश हुनेछ ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शासक दलहरूले ख्वप विश्वविद्यालय स्वीकृति दिन सरकारले आलटाल गरिरहेको बताउनुभयो ।

सम्पदा संरक्षित सहर, सांस्कृतिक नगर भक्तपुर संसारकै एक उदाहरणीय जीवित सङ्ग्रहालयको रूपमा रहेको उल्लेख गर्नुहुँदै उहाँले विदेशी आयस्रोत भरपर्दो नभएको हुँदा भनपा आफ्नै आन्तरिक आयस्रोत बढाउनेतर्फ लागिरहेको बताउनुभयो ।

आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षण बढाउन स्थानीय जनतामा सम्पदा र कला संस्कृतिप्रति आस्था र विश्वास जगाउन सडक महोत्सव, सांस्कृतिक पदयात्रा, स्थानीय उत्पादित सामग्रीको प्रदर्शन, पोखरी र बहाबही चिन्ने र चिनाउने पदयात्राका साथै यो वर्ष मङ्सिर २८ देखि पुस २ गतेसम्म पाँचदिने भक्तपुर महोत्सव गर्न लागेको जानकारी दिनुभयो । जनतामा राजनीतिक र सांस्कृतिकस्तर उठाउने काम गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले पार्टीले सिद्धान्त र विचारको आधारमा इमानदारीपूर्वक काम गरिरहेको बताउनुभयो ।

आ-आफ्नो स्थानबाट निःस्वार्थपूर्वक काम गरिरहेको कारण भक्तपुर हरेक क्षेत्रमा अगाडि परेको छ; हाम्रो मिहिनेत खेर गएको छैन, उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभाका सदस्य **सृजना सैंजू**ले साहित्यिक, सांस्कृतिक, वैचारिक आन्दोलनले जनतालाई सुसूचित पारिरहेको औँल्याउनुहुँदै साहित्य राजनीतिको भरपर्दो सशक्त हतियार हो भन्नुभयो ।

शोषण, अन्याय, दमन, असमान सन्धि सम्झौता, देश र जनताको अहितको विरोधमा आन्दोलित हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले शिक्षा, चेतना र सांस्कृतिकस्तरको कमीले कर्णालीका महिलाहरूको स्थिति अहिले पनि दयनीय भएको बताउनुभयो ।

गाउँ-ठाउँको गरिबी देखाएर डलर झार्ने र डलरमा रमाउने असामाजिक तत्त्वहरूले फाइदा लिइरहेको उल्लेख गर्नुहुँदै उहाँले जनताको समस्या समाधानमा सरकारको खासै ध्यान नगएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक **उज्ज्वल चालिसे**ले क्यान्सर रोगीहरूको निम्ति थप सेवा सुविधा दिन आवश्यक सामग्रीहरूको व्यवस्था गरिरहेको चर्चा गर्नुहुँदै क्यान्सरबाट बच्ने उपायप्रति समयै सचेत भए क्यान्सर रोगबाट मुक्त हुन सकिने बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष एवं समारोहका सभापति **आशाकुमार चिकंबञ्जार**ले आ-आफ्नो ठाउँबाट हरेकले कर्तव्य निर्वाह गरेर समस्या समाधान गर्न सहयोग पुग्ने बताउनुभयो ।

४४ औं नेपालभाषा साहित्य तःमुंज्या ग्वसाखलका अध्यक्ष **कृष्णभक्त लवजु**ले राजनीति नराम्रो भएसम्म देश र समाजको स्थिति राम्रो नहुने बताउनुभयो ।

भाषा उत्थानको साथै कामदारवर्गका जनतालाई राजनीतिक र वैचारिकरूपले सुसूचित पार्ने काम तःमुंज्याले गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले जनताले स्थापना गरेको तःमुंज्याले देश र जनताको हितमा सङ्घर्ष गर्ने जनतालाई स्थान दिइरहेको बताउनुभयो ।

तःमुंज्या आयोजक समितिका सचिव **सञ्जय मानन्धर**ले कार्यक्रमको आवश्यकताबारे जानकारी दिनुभयो ।

## नेमकिपाद्वारा विभिन्न स्थानीय तहमा उम्मेदवारी दर्ता




मङ्सिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनको लागि नेपाल मजदुर किसान पार्टीले देशका विभिन्न स्थानमा उम्मेदवारी दर्ता गरेको छ ।

**कीर्तिपुर नगरपालिका**को प्रमुख पदमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट पार्टीका पूर्वकेन्द्रीय सदस्य श्रीकृष्ण महर्जनले उम्मेदवारी दर्ता गराउनुभयो ।

कीर्तिपुर नगरपालिका वडा नं. १ को वडा अध्यक्ष पदमा कृष्णप्रसाद महर्जन, वडा नं. ४ को वडा अध्यक्ष पदमा महेश्वर सुवेदीले नेमकिपाको तर्फबाट उम्मेदवारी दिनुभयो ।

कीर्तिपुर पाँगाबाट जुलुससहित निर्वाचन अधिकृतको कार्यालय देवढोकामा पुगी उम्मेदवार मनोनयन दर्ता गरिएको हो ।

दर्तापछि नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले कीर्तिपुरलाई नमुना नगर बनाउने काम नेमकिपाले गर्ने हुँदा कीर्तिपुरका मतदाताले 'मादल'मा छाप लगाई जिताउन आग्रह गर्नुभयो ।

काठमाडौँ महानगरपालिका वडा नं. १६ को वडा अध्यक्ष पदमा पार्टीको तर्फबाट न्हूज महर्जनले उम्मेदवारी दिनुभयो ।


कर्णाली प्रदेशको **दैलेख जिल्ला**को महाबु गाउँपालिकाको अध्यक्ष पदमा नेमकिपाको तर्फबाट दुर्गाबहादुर थापा र दुल्लु नगरपालिका वडा नं. १३ को वडा अध्यक्ष पदमा पूर्णप्रसाद भट्टराईले पार्टीको तर्फबाट उम्मेदवारी दिनुभयो ।

**कालीकोट जिल्ला**को तिलागुफा नगरपालिका वडा नं. ४ को वडा अध्यक्ष पदमा पार्टी जिल्ला अध्यक्ष खड्गराज शाहीले पार्टीको तर्फबाट उम्मेदवारी दिनुभयो ।

**नुवाकोट**को ककनी गाउँपालिका वडा नं. २ को वडा अध्यक्ष पदमा माइलीमाया तामाङ, **हेटौँडा** उपमहानगरपालिका वडा नं. १२ को वडा अध्यक्ष पदमा फूलमाया तितुङ, **कञ्चनपुर**को भीमदत्त नगरपालिका वडा नं. ६ को वडा अध्यक्ष पदमा दलबहादुर बोहरा, **मोरङ**को ग्रामथान गाउँपालिकाको अध्यक्ष पदमा प्रशुराम विश्वास थारुले नेमकिपाको तर्फबाट उम्मेदवारी दिनुभएको पार्टी सचिव प्रेम सुवालले जानकारी दिनुभयो ।

निर्वाचनमा विजयी भएमा पार्टीका उम्मेदवारहरूले देश र जनताको नि:स्वार्थपूर्वक सेवा गर्नुहुनेछ । विकास निर्माणमा स्थानीय जनताको उपभोक्ता समितिमार्फत आर्थिक अनुशासन र पारदर्शी ढङ्गले सम्पन्न गर्न उनीहरू लागिपर्नुहुनेछ ।

## पूर्वसभामुख ढुङ्गानाको निधन



काठमाडौँ, २ मङ्सिर (रासस) । पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधन भएको छ । बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा उपचारका क्रममा मङ्सिर २ गते ८३ वर्षको उमेरमा दिउँसो १:३० बजे निधन भएको ढुङ्गानाका स्वकीय सचिव डा. रुद्र शर्माले जानकारी दिनुभयो ।

वरिष्ठ अधिवक्ता समेत रहनुभएका ढुङ्गाना कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत हुनुहुन्थ्यो । विसं २०४८ मा काठमाडौँ क्षेत्र नं २ बाट नेपाली काङ्ग्रेसको तर्फबाट प्रतिनिधिसभामा निर्वाचित उहाँ २०४८ देखि २०५१ सम्म सभामुख हुनुभएको थियो ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्व योगदान दिनुभएका उहाँ राजनीतिक आन्दोलनका क्रममा पटक–पटक जेल पनि पर्नुभएको थियो । उहाँका श्रीमती, दुई छोरा र एक छोरी हुनुहुन्छ । ढुङ्गानाको मङ्सिर ३ गते राजकीय सम्मानकासाथ अन्त्येष्टि गरियो ।

# भक्तपुर क्यान्सर अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको निःशुल्क क्यान्सर उपचार सेवा शुभारम्भ



सरकारले २०८१ मंसिर १ गतेबाट १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गरेको छ। नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले मंसिर ५ गते एक कार्यक्रमबिच भक्तपुर क्यान्सर अस्पतालमा निःशुल्क बाल क्यान्सर उपचार सेवाको शुभारम्भ गर्नुभएको छ।

कार्यक्रममा मन्त्री **पौडेल**ले सरकारले कान्ति बाल अस्पताल (काठमाडौँ), भक्तपुर क्यान्सर अस्पताल (भक्तपुर) र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल (भरतपुर चितवन) मा बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क गर्ने निर्णय गरेको बताउनुभयो।

उहाँले क्यान्सर भएका बालबालिकालाई आर्थिक अभावका कारण मृत्युवरण गर्न नपरोस् भन्ने हेतुले समयमै उपचार गरेर उनीहरूको ज्यान बचाउन बाल क्यान्सर उपचार सेवा निःशुल्क गर्ने निर्णय गरेको बताउनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले २०८० चैत्र १४ मा विश्व स्वास्थ्य सङ्गठनसँग बालबालिकामा हुने क्यान्सरको उपचारका लागि निःशुल्क औषधी प्राप्तिका लागि सम्झौता गरेको बताउनुहुँदै उहाँले सम्झौताअनुसार नेपालले ४ वर्षसम्म ती औषधी निःशुल्क पाउने बताउनुभयो।

उक्त औषधीहरू हाललाई भक्तपुर क्यान्सर अस्पताल, बीपी कोइराला क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल र पाटन अस्पतालमा उपचार गर्ने बालबालिकामा क्यान्सर देखिएको खण्डमा प्रयोग गरिने उहाँले जानकारी गराउनुभयो।

मन्त्री पौडेलले बाल क्यान्सर उपचार सेवा निःशुल्क गरेसँगै क्यान्सर उपचारको लागि आउने बिरामीहरूको चाप बढ्न सक्नेतर्फ अस्पताल तदारुकताका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

बालबालिका देशका भविष्य हुन् र उनीहरूलाई स्वस्थ बनाउन सके मात्र देशको भविष्य उज्ज्वल हुने बताउनुहुँदै उहाँले भावी पुस्तालाई स्वस्थ राख्ने उद्देश्यले पनि यो कार्यक्रम सरकारले अगाडि सारेको हो भन्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले समयमा उपचार भए बालबालिकामा हुने क्यान्सर निको हुने बताउनुहुँदै उहाँले नेपालमा सर्ने भन्दा नसर्ने रोगको प्रकोप बढ्दै गइरहेको बताउनुभयो।

नेपालमा मधुमेह, ब्लडप्रेसर र क्यान्सर जस्ता नसर्ने रोगको स्थिति भयावह बन्दै गएको बताउनुहुँदै उहाँले नसर्ने रोग लाग्नबाट नागरिकलाई समयमै सचेत पार्न जनचेतनाका कार्यक्रम सरकारले अगाडि ल्याउनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप अस्पतालले स्वास्थ्य बीमा बोर्डसँग रु. २० करोडभन्दा बढी सोधभर्ना लिन बाँकी रहेको बताउनुहुँदै उहाँले सरकारी अस्पताललाई स्वास्थ्य उपकरण र आवश्यक जनशक्ति व्यवस्थापन गरी सुविधासम्पन्न बनाउनुपर्नेतर्फ मन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभयो।

स्वास्थ्य क्षेत्रलाई सेवाभन्दा पनि व्यापारको रूपमा लिइँदा आज स्वास्थ्य सेवा झन् झन् महँगो हुँदै गएको बताउनुहुँदै उहाँले स्वास्थ्य उपचारको कारण वर्षेनी ५ लाख मानिसहरू गरिबीको रेखामुनी पुगेको अवस्था छ भन्नुभयो।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. **उज्ज्वल चालिसे**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बागमती प्रदेश सभासद् **सुरेश श्रेष्ठ** र बाल रोग विशेषज्ञ डा. **रितु लामिछाने**ले पनि बोल्नुभएको थियो।

## Word Search

Oceans and Seas

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| C | O | B | D | D | S | N | O | A | F | C | N |
| B | S | E | A | O | F | A | Z | O | V | A | E |
| A | E | R | E | C | A | E | O | T | E | E | O |
| L | A | I | S | I | R | C | E | C | I | S | I |
| T | S | N | D | X | C | O | O | H | A | N | N |
| I | T | G | A | E | T | C | J | U | R | A | D |
| C | C | S | E | M | I | I | A | D | E | E | I |
| S | H | E | D | F | C | T | P | S | D | B | A |
| E | I | A | I | O | O | N | A | O | S | B | N |
| A | N | C | E | F | C | A | N | N | E | I | O |
| S | A | B | N | L | E | L | S | B | A | R | C |
| P | S | N | O | U | A | T | E | A | F | A | E |
| A | E | A | A | G | N | A | A | Y | I | C | A |
| N | A | A | E | S | K | C | A | L | B | X | N |

PACIFIC OCEAN
EAST CHINA SEA
RED SEA
ATLANTIC OCEAN
CARIBBEAN SEA
HUDSON BAY
BALTIC SEA
INDIAN OCEAN
BERING SEA
JAPAN SEA
BLACK SEA
GULF OF MEXICO
SEA OF AZOV
ARCTIC OCEAN
DEAD SEA

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

## नुवाकोटका विद्यार्थीहरूको साक्षात्कार



नगर प्रमुख प्रजापतिसँग नुवाकोटका विद्यार्थीहरूको साक्षात्कार मंसिर १५ गते भयो ।

## गुरु गणेश साकोसको साधारणसभा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा गुरु गणेश साकोसको १७ औं साधारणसभा सम्पन्न मंसिर १५ गते भयो ।

## वागीश्वरीमा सञ्चिति कोष साधारण सभा




वागीश्वरीमा सञ्चिति कोष साधारण सभा – २०८१ मंसिर १५ गते सम्पन्न भयो ।

## "एक घर एक स्नातक" सफल पार्न वागीश्वरी कलेजको भूमिका महत्त्वपूर्ण




भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनील प्रजापति**को प्रमुख आतिथ्यमा वागीश्वरी कलेजको बाह्रौं कलेज सभा मंसिर १८ गते सम्पन्न भयो ।

सभाको सभापति समेत रहनुभएका प्रमुख अतिथि **प्रजापति**ले देशको विकृति, विसङ्गति र निराशाबिचमा भक्तपुरले सबैतिर आशाको सन्देश दिइरहेको चर्चा गर्दै वागीश्वरी कलेज र स्कूल पनि त्यसको एउटा उदाहरण भएको विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले मागेको ख्वप विश्वविद्यालय र वागीश्वरी कलेजले प्रक्रिया अघि बढाएको क्युएए उस्तै उस्तै जस्तो भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "जतिसुकै ढिलो भए पनि हामीले ख्वप विश्वविद्यालय पाउनेछौँ र वागीश्वरी कलेजले पनि क्युएए पाउने नै छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।"

भक्तपुरमा 'एक घर एक स्नातक' को नारा साकार पार्न खुलेका कलेजहरूमध्ये वागीश्वरी पनि एक भएको चर्चा गर्दै उहाँले वागीश्वरी कलेज अफ म्यानेजमेन्ट पनि खोलेको बताउनुभयो ।

यही मङ्सिर २८ देखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवको पूर्वअभ्यासको रूपमा वागीश्वरी स्कूल र कलेजहरूको आयोजनामा मङ्सिर २४ र २५ गते 'वागीश्वरी महोत्सव' सफल पार्न सम्बद्ध सबैबाट सक्रिय सहयोगको लागि अनुरोध गर्नुभयो ।

कुनै संस्थाको सफलताको लागि अरुभन्दा फरक ढङ्गबाट काम गर्ने प्रयास हुनुपर्छ भन्दै उहाँले वागीश्वरी

महोत्सव र भक्तपुर महोत्सव त्यही कडीको रूपमा आयोजना हुने बताउनुभयो ।

भक्तपुर महोत्सवको उद्देश्य बाह्य पर्यटकलाई मात्र होइन आन्तरिक पर्यटकलाई पनि आकर्षित गर्ने ध्येयले गर्न लागेको बताउँदै उहाँले हालै दक्षिण कोरियाका नेपालस्थित राजदूतले नगरपालिकामा आई गरेको भेटमा भक्तपुरले सम्पदा संरक्षण गरिरहेको कामको प्रशंसा गरेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभाका सदस्य **सुरेन्द्रराज गोसाईले** कुनै पनि संस्थाको प्रगतिको लागि विगतमा भए गरेका कामको समीक्षा हुनुपर्नेमा जोड दिँदै वागीश्वरी शैक्षिक संस्था अरुको लागि अनुकरणीय र नमुनालायक हुनुपर्छ भन्नुभयो ।

वागीश्वरीको सङ्ख्यात्मक र गुणात्मक लय मिलाएर अघि बढ्नुपर्ने र यसले वरपरका शैक्षिक संस्थाको समेत अभिभावक बन्नुपर्ने भन्दै उहाँले एक अर्को प्रसङ्गमा भन्नुभयो, “स्वदेशमै कार्यरत युवाले गौरवका साथ देशको सेवा गरेको र विदेश गई दासतुल्य काम गर्ने युवाको तुलना नै हुनसक्दैन । देश एनजीओ र आईएनजीओका विदेशी दलालहरूले कमजोर पारिरहेका छन् । यसतर्फ सबै सचेत हुन आवश्यक छ ।”

सत्ताका मूल पक्ष नेपाली काग्रेस भारतको अनुमतिबिना चीनको बीआरआई ल्याउने पक्षमा नरहेको बताउँदै यदि त्यसो हो भने देश कसरी सार्वभौम हुन्छ भनी प्रश्न गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष **रवीन्द्र ज्याख्वले** त्रिविको चारवर्षे कोर्स ६ वर्ष लाग्नाले नेपाली विद्यार्थीको आकर्षण त्रिवितिर घट्दो छ भन्नुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य **धनकुमार श्रेष्ठले** कलेजको प्रगति प्रतिवेदनका साथ कलेज व्यवस्थापन समितिको थप कार्यकाल कलेजको विधान संशोधनको जिम्मा व्यवस्थापन समितिलाई दिने प्रस्ताव पेस गर्नुभयो ।

प्राचार्य श्रेष्ठद्वारा प्रस्तुत प्रस्तावमाथि सभाका सदस्यहरू डा. राजुभाइ त्यात, भानुभक्त हुमागाईलगायतले टीकाटिप्पणी गर्नुभएको थियो । कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य **कृष्णप्रसाद धन्छा** र वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद कर्माचार्यले** पनि बोल्नुभएको थियो ।

सभाले प्राचार्य श्रेष्ठद्वारा प्रतिवेदनका साथै कलेज व्यवस्थापन समितिका थप कार्यकाल र विधान संशोधनको जिम्मा कलेज व्यवस्थापन समितिलाई दिने प्रस्ताव सर्वसम्मतले पारित गरेको थियो ।

# प्रेरणीय

## लोभको परिणाम

एकपटक एक बालकले पितालाई सोधे– बाबा लोभ भनेको के हो ? छोराको प्रश्न सुनेर उनले भने– पहिले तिमी एउटा काम गरेर आऊ अनि यसको जवाफ दिउँला, हुन्न ? ‘हुन्छ बाबा, मैले के गर्नुपर्‍यो भन्नुहोस्,’ बालकले विनम्रतापूर्वक सोधे । पिताले भने– पहिले तिमी डिपार्टमेन्टल स्टोरमा जाऊ र मन परेको एउटा चकलेट लिएर आऊ । तर, एकपटक अघि बढेपछि पछि फर्किएर चकलेट छान्न पाउँदैनौ, यसमा विशेष ध्यान दिनू नि !

हस् बाबा भनेर दङ्ग पर्दै बालक डिपार्टमेन्टल स्टोरमा पुगे । उनी सरासर चकलेट राखिएको स्थानमा गएर हेर्दै स्वादिलो होला जस्तो एउटा चकलेट टिप्नै आँटेका थिए, अलि पर त त्योभन्दा पनि ठूलो र मिठो चकलेट देखे । उनी त्यो चकलेट छाडेर अघि बढे । अलि पर पुग्दा अझै अगाडि अर्को झन् ठूलो र लोभलाग्दो चकलेट थियो ।

यसैगरी अघि बढ्दै जाँदा उनी यस्तो स्थानमा पुगे, जहाँ कुनै चकलेट थिएन । बुबाको सर्तअनुसार उनले पछाडि फर्केर चकलेट लिन पनि सक्दैनथे । त्यसैले उनी खिन्न मन लिएर रित्तै हात फर्किए ।

बालक रित्तै हात फर्किएको देखेर मुसुमुसु हाँस्दै पिताले भने– अब त तिमीले पक्कै पनि लोभ भनेको के रहेछ भन्ने राम्रैसँग बुझ्यौ होला, होइन ? अनि बढ्ता लोभ गर्दा कस्तो परिणाम निस्किँदो रहेछ भन्ने पनि तिमीलाई थाहा भयो होला । बालकले भने– हो बाबा, मैले राम्ररी बुझेँ ।

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरु सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

## अरब-इस्लामिक शिखर सम्मेलनद्वारा गाजा, लेबनानमा इजरायली आक्रमण रोक्न माग

रियाद, १२ नोभेम्बर (एसएएनए)। रियादमा सोमबार आयोजित असाधारण अरब–इस्लामिक शिखर सम्मेलनका सहभागीहरूले गाजापट्टी र लेबनानमा इजरायली आक्रमणको निन्दा गर्दै गाजापट्टीमा युद्धविराम गर्न बाध्यकारी प्रस्ताव पारित गर्न संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्लाई तुरुन्त अनुमति दिन आग्रह गरेका छन्। गाजापट्टीमा मानवीय सहायता र संयुक्त राष्ट्र सङ्घीय महासभामा इजरायलको सहभागिता निलम्बन गर्न अन्तर्राष्ट्रिय समर्थन परिचालन गर्न पनि माग गरेका छन्।

साउदी अल इखबरिया च्यानलद्वारा प्रकाशित शिखर सम्मेलनको वक्तव्यमा शिखर सम्मेलनमा सहभागीहरूले प्यालेस्टिनी जनतालाई उनीहरूको वैधानिक अधिकारहरू प्राप्त गर्नका लागि आफ्नो दृढ समर्थनलाई नवीकरण गरेका छन्। जसको शीर्ष बुँदा प्यालेस्टिनीहरूको स्वतन्त्रताको अधिकार र स्वतन्त्र राज्यको स्थापना हो। ४ जून, १९६७ को सीमारेखासहित सार्वभौम राज्य प्यालेस्टिनको राजधानी पूर्वी जेरुसेलम हुनेछ।

सहभागीहरूले पूर्वी जेरुसेलम प्यालेस्टिनको अनन्त राजधानी भएको कुरामा जोड दिएका छन् र यसको विपरीतका निर्णय र उपायहरूलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत शून्य, अमान्य र गैरकानुनी मान्दै यसलाई यहुदीकरण र सहरको औपनिवेशिक कब्जालाई सुदृढ पार्ने उद्देश्यका कुनै पनि इजरायली निर्णय वा उपायहरूलाई अस्वीकार गरेका छन्।

### लेबनानको सुरक्षा र स्थिरतालाई समर्थन

वक्तव्यले लेबनानको सुरक्षा, स्थिरता, सार्वभौमसत्ता र यसका नागरिकहरूको सुरक्षाको लागि समर्थनलाई जोड दिएको छ। लेबनानका लागि राष्ट्रपतिको चुनावलाई द्रुतरूपमा अघि बढाउने महत्त्वलाई जोड दिँदै लेबनानी सेना र नागरिकहरूलाई जानाजानी निशाना बनाएकोमा निन्दा गरेको छ।

नेताहरूले लेबनानी अर्थतन्त्रलाई समर्थन गर्न आफ्नो प्रतिबद्धता व्यक्त गरेका छन्। विस्थापितहरूको लागि सभ्य जीवनको लागि साधन उपलब्ध गराउने र संयुक्त अरब नियुक्तिसहित इजरायली आक्रमणको कठिन आर्थिक नतिजाहरूको सामना गर्न सहायता र तत्काल मानवीय र राहत सहयोगको व्यवस्था गर्न आह्वान गरेका छन्। लेबनानमाथिको आक्रमण रोक्नको लागि आफ्नो प्रयास जारी राख्न शिखर सम्मेलनमा इस्लामिक मन्त्रीस्तरीय समिति गठन गरिएको छ।

### युद्धविरामका लागि सुरक्षा परिषद्को बाध्यकारी प्रस्तावको माग

सहभागीहरूले गाजापट्टीमा इजरायली अधिकारवादी सेनाले गरेका डरलाग्दो र स्तब्ध पार्ने अपराधहरूको कडा निन्दा गर्दै अविलम्ब युद्धविराम गर्न र तुरुन्तै गाजापट्टीमा मानवीय सहायतालाई अनुमति दिन र दोषीहरूलाई जवाफदेही बनाउन स्वतन्त्र अन्तर्राष्ट्रिय अनुसन्धान अघि बढाउन संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्लाई बाध्यकारी प्रस्ताव जारी गर्न आग्रह गरेका छन्।

वक्तव्यले गाजापट्टीका नागरिकहरूविरुद्ध इजरायलद्वारा अनुसरण गरेको सामुहिक दण्डको नीतिलाई अस्वीकार गरेको छ र अन्तर्राष्ट्रिय समुदायलाई मानवीय विपत्ति अन्त्य गर्न र प्यालेस्टिनीहरूलाई सबै प्रकारको मानवीय सहयोग प्रदान गर्न, गाजामा पुनर्निर्माण कार्यक्रमहरूलाई समर्थन गर्न र प्यालेस्टिनलाई संयुक्त राष्ट्र सङ्घमा पूर्ण सदस्यता प्रदान गर्न र आत्मनिर्णयको अधिकारलाई मूर्त रूप दिन आवश्यक समर्थन गर्ने सहमति गरेको छ।



शिखर सम्मेलनका सहभागीहरूको सामुहिक तस्बिर

## संयुक्त राष्ट्र सङ्घमा इजरायलको सहभागितालाई निलम्बन गर्न माग

सहभागीहरूले संयुक्त राष्ट्र सङ्घको महासभा र यसका सबै सम्बद्ध निकायहरूमा इजरायलको सहभागितालाई निलम्बन गर्न अन्तर्राष्ट्रिय समर्थन परिचालन गर्न आह्वान गरेका छन्। सबै देशहरूलाई इजरायलमा हतियार निर्यातमा प्रतिबन्ध लगाउन र संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्मा संयुक्त पत्र पठाउन आग्रह गरेका छन्।

तिनीहरूले इजरायलसँग व्यवहार गर्ने अन्तर्राष्ट्रिय दोहोरो मापदण्डको निन्दा गर्दै प्यालेस्टिनी जनताविरुद्ध अपराध गरेको आरोपमा इजरायली नागरिक र सैन्य अधिकारीहरूविरुद्ध तुरुन्तै पक्राउ वारेन्ट जारी गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई आग्रह गरेका छन्।

उनीहरूले इजरायली कब्जाको अवैधानिकतामा अन्तर्राष्ट्रिय अदालतको कानुनी सल्लाहकार रायको नतिजालाई स्वीकार गर्ने प्रस्तावलाई स्वागत गर्दै अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको सम्मान गर्न पनि आह्वान गरेका छन्।

वक्तव्यमा इजरायलले इस्लामिक र इसाई पवित्र स्थलहरूलाई निशाना बनाउने, जेरूसेलम सहर र यसको अरब, इस्लामी र इसाई पहिचान परिवर्तन गर्ने आक्रामक इजरायली कदमको कडा निन्दा गर्दै सन् १९६७ देखि कब्जा गरेका सबै अरब क्षेत्रहरूमा इजरायलको कब्जालाई अन्त्य नगरी यस क्षेत्रका सबै राज्यहरूको सुरक्षा र स्थिरताको सुनिश्चित गर्ने न्यायपूर्ण र व्यापक शान्ति प्राप्त गर्न नसकिने कुरा पुष्टि गरेको छ।

वक्तव्यले गाजापट्टी र लेबनानमा प्रभावित नागरिकहरूलाई तत्काल मानवीय र राहत सहयोग र सहायता प्रदान गर्न जारी राख्ने आवश्यकतामा जोड दिएको छ र प्यालेस्टिनीहरूलाई चाहे तिनीहरूको भूमि भित्र वा बाहिर विस्थापित गर्ने कुनै पनि प्रयासलाई पूर्णरूपमा अस्वीकार गरेको छ।

## सिरियाली भूभागमा बढ्दो इजरायली आक्रमणको निन्दा

वक्तव्यमा सिरियाली अरब गणतन्त्रको भूमिमा बढ्दो क्रूर इजरायली आक्रमणको कडा निन्दा गरिएको छ र कब्जा गरिएको सिरियाली अरब गोलानमा इजरायली कब्जा अन्त्य गर्न माग गरिएको छ।

वक्तव्यमा नेताहरूले संयुक्त अरब-इस्लामिक मन्त्रीस्तरीय समितिलाई आफ्नो काम जारी राख्न र इजरायली आक्रमण रोक्न र अन्तर्राष्ट्रिय समर्थन जुटाउन आफ्नो प्रयासलाई तीव्र पार्ने जिम्मा दिएका छन् र सबै शान्तिप्रेमी राज्यहरूलाई साउदी अरेबियाको राज्यद्वारा सुरु गरिएको दुई राज्य समाधानको अन्तर्राष्ट्रिय गठबन्धनमा सामेल हुन आह्वान गरेका छन्।

वक्तव्यको अन्तमा इजरायली कब्जाकारी सरकारका मन्त्रीहरूले चरमपन्थी घृणा र नस्लवादका कार्य र बयानहरूको निन्दा गर्दै उनीहरूलाई अन्तर्राष्ट्रिय कानुनबमोजिम जवाफदेही बनाउन अन्तर्राष्ट्रिय समुदायसँग माग गरेका छन्।

यसले संयुक्त राष्ट्र सङ्घ र यसका महासचिवमाथि इजरायली कब्जाकारी शासनका अधिकारीहरू र उनीहरूका प्रतिनिधिहरूद्वारा निरन्तर आक्रमणको पनि निन्दा गरेको छ।

सहभागीहरूले वक्तव्यमा उल्लेख गरिएका कुराहरूको कार्यान्वयनको लागि अनुगमन गर्न समन्वय गर्न अरब राज्यहरूको लीग र इस्लामिक सहयोग सङ्गठनका महासचिवहरूलाई जिम्मेवारी दिएका छन्।

## युद्ध अपराधी नेतन्याहु र गालान्टविरुद्ध पक्राउ पुर्जी जारी

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले युद्ध र मानवताविरुद्धको अपराधको आरोपमा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र पूर्वरक्षामन्त्री योभ गालान्टलाई मंसिर ६ गते पक्राउ पुर्जी जारी गरेको छ।



नेतन्याहु र गालान्ट

आइसिसीका न्यायाधीशहरूले इजरायल र हमासबिचको युद्धका क्रममा युद्ध अपराध र मानवताविरुद्धको अपराधका लागि पक्राउ पुर्जी जारी गरेको हो।

आइसिसीका अनुसार नेतन्याहु र गालान्टले गाजाका नागरिकलाई खाना, पानी, औषधि, चिकित्सा आपूर्ति, इन्धन र बिजुलीबाट वञ्चित गरेका छन्। जुन युद्ध अपराधको श्रेणीमा परेको अदालतको भनाइ छ।

आइसिसीको यो कदमले नेतन्याहुको गतिविधिलाई सैद्धान्तिक रूपमा सीमित गरेको छ। किनभने अदालतका १२४ राष्ट्रिय सदस्यहरूमध्ये कुनै पनि मुलुकले नेतान्याहुलाई आफ्नो इलाकामा गिरफ्तार गर्न बाध्य हुनेछन्।

'अदालतले बेन्जामिन नेतन्याहु र योभ गालन्ट नाम गरेका दुई व्यक्तिविरुद्ध कम्तीमा ८ अक्टोबर २०२३ देखि २० मे २०२४ सम्म भएका मानवताविरुद्धको अपराध र युद्ध अपराधका लागि पक्राउ पुर्जी जारी गरेको छ,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

इजरायलले जातीय नरसंहारको क्रममा ४४ हजारभन्दा बढी प्यालेस्टिनीहरूको हत्या गरिसकेको छ। त्यसमा महिला र केटाकेटीको सङ्ख्या अत्यधिक छन्। त्यस्तै एकलाखभन्दा बढीलाई घाइते बनाएको छ। गाजा क्षेत्रका मानव बस्ती, अस्पताल, विद्यालयलगायत ध्वस्त बनाएको छ।



क्रमशः डेफ, हानिया र सिनवार

समाचारमा आइसिसीले हमासका नेता मोहम्मद डेफलाई पनि पक्राउ पुर्जी जारी गरिएको र इस्माइल हानिया र याह्या सिनवारविरुद्ध पनि पक्राउ पुर्जी जारी गर्न माग गरेको बताइएको छ। तर तीनै जनाको इजरायलले हत्या गरिसकेको समाचार पहिल्यै प्रकाशित भइसकेको छ।

## गाजा अस्पतालका बिरामी र डाक्टरहरू अपहरण, स्वास्थ्य क्षेत्रमाथि युद्धको निन्दा



गाजा, २० नोभेम्बर (प्रेस टीभी)। इजरायली सेनाले फेरि एकपटक उत्तरी गाजापट्टीको कमाल अडवान अस्पतालमा आक्रमण गरेको छ र चिकित्सा कर्मचारी र बिरामीहरूलाई अज्ञात स्थानमा पुऱ्याउनुअघि क्रूरतापूर्वक अपहरण गरेको छ।

आक्रमणबाट कर्मचारीका साथै घाइते बिरामी र वृद्ध प्यालेस्टिनीहरूलाई अपहरण गरिएको, आँखामा पट्टी बाँधिएको र चिसोमा नग्न गरिएको देखाइएको छ। अपहरितहरूलाई अन्धकारमा राखिएको छ।

'उनीहरूलाई वधशालामा लगिएको छ,' एक प्रतिरोध समाचार आउटलेटले अपहरणको बारेमा इजरायली सेनाले लागू गरेको गोपनीयतामा टिप्पणी गर्दै लेख्यो।

इजरायली शासनले गत अक्टोबरदेखि धेरै अस्पतालमा आक्रमण गरेको छ, यसले सम्पूर्ण गाजालाई नरसंहारको युद्धमा ल्याएको छ। अहिलेसम्म कम्तीमा ४४ हजारभन्दा बढी प्यालेस्टिनीहरूको ज्यान लिइसकेको छ, जसमा अधिकांश महिला र बालबालिकाहरू छन्। अस्पतालले प्रतिरोधी लडाकु र तिनीहरूका उपकरणहरू आश्रय दिएको निराधार बहानामा विगत २५ दिनमा आक्रमण तीव्र भएको छ। आक्रमणको क्रममा इजरायली सेनाले उत्तरी गाजाविरुद्ध आफ्नो घातक आक्रामकतालाई बढाएको छ।

अस्पतालबाट अघिल्लो अपहरणपछि रिहा भएका कैदीहरूले इजरायली जेलमा चरम यातना भोग्नुपरेको भन्दै आफ्नो कैदको डरलाग्दो विवरण बाहिर ल्याएका छन्।

### पूरे परिवार मारिए

गाजाको स्वास्थ्य मन्त्रालयले भन्यो कि पछिल्लो छापामा इजरायली सेनाले कमाल अडवान अस्पतालको प्रशासनिक कार्यालय र कर्मचारीहरूलाई 'कुनै औचित्य बिना' विशेष लक्ष्य लिएको देखेको छ। हमलाको क्रममा अस्पताल निर्देशकको कार्यालयमा भारी गोली चलाइएको थियो। यो आक्रमणले 'चिकित्सा कर्मचारीका परिवारहरू' विरुद्धको आक्रामकता पनि देखाएको छ।

'अस्पतालका दुई डाक्टरहरूले आफ्नो सम्पूर्ण परिवार गुमाए। उनीहरूका श्रीमती र बच्चाहरूलाई मानवतालाई लज्जित पार्ने जघन्य अपराधमा मारिएका छन्।'

इजरायलले स्वास्थ्य क्षेत्रलाई निशाना बनाएर गाजाको स्वास्थ्य सेवा प्रणालीलाई ध्वस्त पार्ने र चिकित्सा टोलीको हत्या, घाइते र हिरासतमा राखेकोमा मन्त्रालयले कडा निन्दा गरेको छ।

मन्त्रालयले अन्तर्राष्ट्रिय समुदायलाई युद्ध र नरसंहार रोक्न, अस्पतालहरूको सुरक्षा र चिकित्सा टोलीहरूको सुरक्षा सुनिश्चित गर्न, चिकित्सा सुविधाहरू पुनर्स्थापना र पुनः खोल्न आह्वान गरेको छ।

### एक हजार डाक्टर, नर्स र स्वास्थ्यकर्मी मारिए

तटीय स्लिभरमा शासनको आक्रामकताबाट कुनै पनि अस्पताल सुरक्षित नभएको उल्लेख गर्दै मन्त्रालयले दर्जनौँ सुविधाहरू र अन्य मेडिकल सेन्टरहरू ध्वस्त पारेको र तिनीहरूलाई पूर्णरूपमा सेवाबाट बाहिर राखेको उल्लेख गरेको छ।

'इजरायलले जानाजानी मेडिकल टोलीहरूलाई लक्षित गरेको छ, गाजामा अहिलेसम्म १,००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरूलाई मारेको छ,' मन्त्रालयले भन्यो।


'गाजाले विश्वभर कुनै पनि देशमा अभूतपूर्व विनाशकारी चरणको अनुभव गरिरहेको छ। गाजामा मानवीय र स्वास्थ्य अवस्था बचाउन हामी सम्पूर्ण विश्वलाई गम्भीर र तत्काल कदम चाल्न आग्रह गर्दछौँ।'

नोभेम्बर १९, २०२४ का दिनमा खिचिएको तस्बिरमा इजरायली सेनाहरूले अपहरणकारीहरूलाई अज्ञात स्थानमा लैजानुअघि उत्तरी गाजा स्ट्रिपको कमल अड्वान अस्पताल बाहिर लाइन लगाएको देखिएको छ।

(सामाजिक सञ्जालमार्फत)

(मजदुर दैनिकबाट)

## भिटोशक्तिको दुरूपयोग गर्ने संरा अमेरिका "मानवीय विपत्ति सिर्जनाकर्ता"




संरा अमेरिका पुनः एकपटक अन्तर्राष्ट्रिय समुदायको विरुद्धमा खडा भएको छ। मंसिर ५ गते संरा अमेरिकाले गाजामा युद्धविरामको लागि आह्वान गर्ने संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो गऱ्यो। गाजामा मृत्यु हुनेको सङ्ख्या ४४ हजारमाथि पुगे पनि यस मुद्दामा अमेरिकाले आफ्नो भिटो शक्ति प्रयोग गरेको यो चौथोपटक हो। सुरक्षा परिषद्का १० गैर–स्थायी सदस्यहरूले पेस गरेको मस्यौदामा तत्काल, बिनासर्त र स्थायी युद्धविरामको साथै सबै बन्धकहरूको तत्काल र बिनासर्त रिहाइको माग गरिएको छ। सुरक्षा परिषद्का १५ सदस्यमध्ये संरा अमेरिकाले मात्रै विपक्षमा मतदान गरेको थियो।

यो अमेरिकी कारबाहीले फेरि प्रश्न उठाउँछ : वाशिङटनको विवेक जगाउन गाजामा अझै कति निर्दोषहरूले जीवन गुमाउनुपर्छ ? अहिलेसम्म गाजामा ४४ हजारभन्दा बढी मानिसहरू मारिएका छन् र अमेरिका अझै आफ्नो भिटो प्रयोग गर्न हिचकिचाउँदैन।

गाजाका लगभग २४ लाख बासिन्दाहरू युद्धबाट विस्थापित भएका छन्, जसले एक अतुलनीय मानवीय विपत्ति सिर्जना गरेको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को स्थायी सदस्यका रूपमा संरा अमेरिकाले विश्व शान्ति र स्थायित्व कायम गर्ने जिम्मेवारी वहन गर्ने अपेक्षा गरिएको थियो। तर, उसका कार्यहरू भिटो शक्तिको दुरूपयोगद्वारा चिन्हित रहेको छ। यो द्वन्द्वको शान्तिपूर्ण समाधानलाई बढावा दिने विश्वव्यापी प्रयासको विरोधमा छ।

प्यालेस्टिन–इजरायल द्वन्द्वमा संरा अमेरिकाको दृष्टिकोणले यसलाई अन्तर्राष्ट्रिय मञ्चमा एक्लो बनाएको छ। अमेरिकी मिडिया आउटलेट द न्युयोर्क टाइम्सले पनि यो मुद्दामा वाशिङटनको कूटनीतिक एक्लोपनलाई जोड दिएको स्वीकार गरेको छ। फ्रान्स र बेलायतका संयुक्त राष्ट्रसङ्घका निम्ति राजदूतहरूले पनि अमेरिकी भिटोप्रति खुलारूपमा असन्तुष्टि व्यक्त गरेका छन्। फ्रान्सका संयुक्त राष्ट्रसङ्घका लागि स्थायी प्रतिनिधि निकोलस डे रिभिएरले स्पष्टरूपमा भने, 'तत्काल र बिनासर्त युद्धविराम लागु गर्न स्पष्ट अत्यावश्यक छ। यो सबै नागरिकहरूको सुरक्षा र आपत्कालीन सहायताको ठूलो र निर्बाध वितरणलाई सुनिश्चित गर्ने एक मात्र तरिका हो।'

निङ्जिया विश्वविद्यालयको चाइना–अरब रिसर्च इन्स्टिच्युटका कार्यकारी निर्देशक निउ सिन्चुनले ग्लोबल टाइम्ससित भन्नुभयो कि इजरायललाई अमेरिकाको अटुट समर्थनले घरेलु विभाजनमात्र नभएर अन्तर्राष्ट्रिय मञ्चमा आफ्ना सहयोगीहरूसँग फाटो पैदा गरेकोमा कुनै शङ्का छैन। संयुक्त राष्ट्रसङ्घमा अमेरिका झन्झन् एक्लो बन्दै गएको छ।

वाशिङटनले बारम्बार मानव अधिकारको रक्षा गर्ने दाबी गरे पनि गाजाको अवस्थाप्रति पूर्णतया उदासीन देखिन्छ। अन्तर्राष्ट्रिय समुदाय सबै बन्धकहरूको बिनासर्त रिहाइ र तत्काल युद्धविरामको आवश्यकतामा सहमत छ। संरा अमेरिका युद्धविराम गर्न पूर्व सर्तमा जोड दिइरहेको छ – गाजामा इजरायलको सैन्य कारबाहीले बन्धकहरूलाई उद्धार गर्ने दायरा नाघेको छ। यो अडानले प्रभावकारीरूपमा युद्धलाई लम्ब्याउन र निरन्तर भइरहेको हत्यालाई क्षमा गर्न हरियो बत्ती दिन्छ।

संरा अमेरिकाको बारम्बार भिटो युद्धविराम गर्नको लागि सबैभन्दा ठूलो बाधामात्र होइन; संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्भित्रको निष्क्रियताको मूल कारण पनि हो। विश्वको सबैभन्दा आधिकारिक अन्तर्राष्ट्रिय निकायको रूपमा, सुरक्षा परिषद्ले विश्वव्यापी समुदायको तर्फबाट बोल्ने र द्वन्द्व अन्त्य गर्न दुवै पक्षलाई दबाब दिने प्रस्तावहरूको लागि धक्का दिने अपेक्षा गरिएको थियो। तर, अमेरिकाको भिटो शक्तिको दुरूपयोगले काउन्सिललाई प्रभावकारी रूपमा कार्य गर्न सकेको छैन। यो एक दोहोरिने मुद्दा बनेको छ जसले संयुक्त राष्ट्रसङ्घको विश्वसनीयता र प्रभावकारितालाई गम्भीररूपमा कमजोर मात्र गर्दैन, बरु संरा अमेरिकामाथिको विश्वव्यापी विश्वासलाई पनि स्खलन गराएको छ।

मृत्यु, गरिबी र गाजामा गहिरो मानवीय सङ्कटको सामना गर्दै संरा अमेरिकाले यी मानिसहरूको जीवनप्रति आँखा चिम्लिरहेको छ। जब इतिहासले यस अवधिलाई प्रतिबिम्बित गर्दछ, प्रश्नहरू अनिवार्यरूपमा उठ्नेछ। संरा अमेरिकाले प्रायः घोषणा गर्ने 'मानव अधिकार' र 'मानवीय मूल्यहरू' कहाँ छन् ? यस त्रासदीको क्षणमा संरा अमेरिकाले आफ्नो नेतृत्व र विश्वसनीयता मात्र गुमाएको छैन बरु अन्तर्राष्ट्रिय छविलाई पनि ध्वस्त पारेको छ।

स्रोत : मजदुर दैनिक, मंसिर ८/ग्लोबल टाइम्स

# हाम्रो स्वास्थ्य

## किन दुख्छ कुर्कुच्चा ?



डा. दीपेन्द्र पाण्डे

हिँड्दा कुर्कुच्चा दुख्नु सामान्य नै हो तर यो दुखाइ निरन्तर हुँदा भने समस्या हुन्छ। कुर्कुच्चा दुख्नुका धेरै कारण हुन सक्छन्। त्यसमध्ये पनि हिँड्ने जमिन र जुत्ता–चप्पलको असर धेरै हुन्छ। कुर्कुच्चाको प्लान्टर फेरियामा समस्या देखिएमा कुर्कुच्चा दुख्ने गर्छ।

### के हो प्लान्टर फेरिया ?

कुर्कुच्चाको माथिल्लो भागमा मोटो छाला हुन्छ, त्यसभित्र बोसो हुन्छ अनि त्यसभित्र मासु र हड्डी हुन्छ। हड्डीभित्र एउटा मोटो झिल्ली हुन्छ, जसलाई प्लान्टर फेरिया भनिन्छ। प्लान्टर फेरिया खुट्टाको तल अर्थात् कुर्कुच्चामा बाक्लो तन्तु भएको खण्ड हो, जसले कुर्कुच्चाको हड्डीलाई खुट्टाको औँलासँग जोड्छ र खुट्टाको चाप (आर्क) बनाउँछ। यसले हाम्रो शरीरको तौललाई सहन मदत गर्छ।

### किन दुख्छ ?

खासगरी प्लान्टर फेरिया सुन्निएमा वा च्यातिएमा कुर्कुच्चा दुख्ने समस्या हुन्छ। त्यस्तै नाङ्गो खुट्टा हिँड्दा, जुत्ताको सोल कडा हुँदा, दिनहुँ लामो समयसम्म बुट वा हिल लगाएर उभिरहँदा, मोटोपन (अचानक शरीरको तौल बढ्दा), खुट्टामा दबाब बढी हुँदा, लामो दूरीसम्म ओरालो झर्दा र खुट्टाको आकारप्रकारसँग मिल्दो जुत्ता नलगाउँदा कुर्कुच्चा दुख्न सक्छ। त्यस्तै हाई हिल लगाउने व्यक्तिले एक्कासि हिल नभएको जुत्ता लगाउन थाल्दा पनि समस्या हुन सक्छ।

४० देखि ६० वर्षसम्मको उमेरमा प्लान्टर फेरिया झिल्ली पातलो हुँदै जाने भएकाले यो उमेर समूहमा कुर्कुच्चा दुख्ने जोखिम बढी हुन्छ। त्यस्तै मोटो खुट्टा र खाली खुट्टा हिँड्नेहरूमा कुर्कुच्चा दुख्ने समस्या बढी देखिन सक्छ।

थाइराइडको कारणले पनि कुर्कुच्चा दुख्न सक्छ। टार्सन टनेल अर्थात् पैतालामा जाने नसाको बाटो साँघुरो हुँदा पनि प्लान्टर फेसियाइटिससँग मिल्दोजुल्दो लक्षण देखिन्छ।



यस्तो बेला पैताला झमझमाउने र दुख्ने हुन्छ। यति मात्र नभई तनाव हुनु, हड्डी भाँच्चिनु, तन्त्रिकामा चोट लाग्नु जस्ता कारणबाट पनि यो समस्या निम्तिन सक्छ।

### लक्षण

बिहान उठेर केही पाइला हिँड्दैमा कुर्कुच्चामा तीव्र दुखाइको अनुभूति भए यो प्लान्टर फेसियाइटिसको लक्षण हुन सक्छ। तीव्र दुखाइले गर्दा खुट्टा भुइँमा राख्न समेत समस्या हुन्छ। कुर्कुच्चाको तल्लो खण्डमा दुख्नु, खुट्टा पोल्नु, सुन्निनु वा रातो हुनु, पैतालामा कडापन हुनु, पैतालाको पीडा कुर्कुच्चाभन्दा बाहिर निस्किरहेको जस्तो अनुभव हुनु यसका लक्षण हुन्।

### कसरी नियन्त्रण गर्ने ?

कुर्कुच्चा दुख्ने समस्या आउन नदिन सकभर खाली खुट्टा नहिँड्ने, जुत्ता किन्दा सोल अलि नरम र बाक्लो लचकदार भएको हेर्ने, मोटोपन भएमा नियन्त्रण गर्ने गर्नुपर्छ।

**पुरानो जुत्ता नलगाउने** : कुर्कुच्चा दुखाइबाट बच्न धेरै पुरानो जुत्ता लगाउनु हुँदैन। किनकि हेर्दा नयाँजस्तै देखिएपनि सोल कडा भइसक्ने भएकाले सकभर धेरै वर्ष पुरानो जुत्ता लगाउनु हुँदैन।

**बरफले सेक्ने** : कुर्कुच्चा दुखेको बेला तातो पानीले पैताला सेक्नु हुन्न, बरफले सेक्नुपर्छ। तातोले झन् बढी सुन्निन्छ। दैनिक हिँड्ने, दौडिने, उभिने (खेलकुद वा ट्राफिक) काम गर्नेहरूले बेलुका बरफले खुट्टामा गोलो गोलो गरी १० मिनेट मसाज गरे राम्रो हुन्छ। तर मधुमेह भएकाले बढी बरफको प्रयोग गर्नुहुँदैन।

**स्ट्रेचिङ व्यायाम** : व्यायाम गर्दा खुट्टा तन्काएर वा स्ट्रेचिङ गरेर मात्र सुरु गर्ने र व्यायाम गरिसकेपछि पनि


# हाम्रा पुराना मूर्ति



**भैरवरूपा विष्णु**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# हाम्रो स्थानीय तह




**गोकर्णेश्वर नपा, काठमाडौँ**

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | २७१०६ | ३९७७१ |
| जनसङ्ख्या | १०७३५१ | १४९३६६ |
| परिवार आकार | | ३.७६ |
| लैङ्गिक अनुपात | | ९६.२० |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ३.१७ |
| जनघनत्व | | २५५३ |
| साक्षरता दर प्रतिशत | | ८५.५३ |

स्रोत:नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

खुट्टाका पैतालाहरू तन्काउने गर्नुपर्छ। कुर्कुच्चा दुख्ने समस्याबाट पीडितहरूका लागि पैताला तन्काउने (स्ट्रेचिङ) व्यायाम फाइदाजनक हुन्छ। तर यो व्यायाम विशेषज्ञको सल्लाह लिएर मात्रै गर्नुपर्छ। प्रारम्भिक सुन्निने कम नहुन्जेल खुट्टामा पर्ने दबाबलाई यो व्यायामले रोक्न सघाउँछ।

**तेल मालिस राम्रो :** सुत्ने बेला पैतालामा गरिने तेल मालिसले यो समस्याबाट उन्मुक्ति दिन्छ। हातले हल्का पैताला मिच्दै मालिस गर्दा कुर्कुच्चा दुख्ने समस्यामा राहत पुग्छ।

## उपचार

साधारण चेकजाँच गरेर थाहा पाउन सकिन्छ। हड्डीको समस्या छ कि भनेर हेर्न एक्सरे, भिडियो एक्सरे गर्न सकिन्छ।

कुर्कुच्चा दुखाइको समयमा उपचार गरेमा निको हुन्छ यो दीर्घरोग होइन। यसका लागि सबैभन्दा पहिले त लगाउने जुत्ता-चप्पलमा विशेष ख्याल गर्नुपर्छ। नयाँ जुत्ता नै लगाउनुपर्छ भन्ने होइन, पुरानो जुत्ता लगाउँदा पनि रबर र सिलिकनको सोल राख्न सकिन्छ।

दुखाइको उपचारका लागि फिजिरोथेरापिस्टको निगरानीमा थेरापी गर्नुपर्ने हुन्छ। कुर्कुच्चा दुखाइकै लागि भनेर विशेष औषधि त हुँदैन। तर सुन्निने, दुखाइ कम गर्ने ब्रुफिन, फ्लेक्जन, निम्सजस्ता औषधि प्रयोग गर्न सकिन्छ। यी औषधिले पनि दुखाइ कम नभएमा भने सुई लगाउनुपर्ने हुन्छ।

पीआरपी (प्लेटलेट रिच प्लाज्मा) विधिबाट पनि दुखाइ कम गर्न सकिन्छ। पीआरपी बिरामीको आफ्नै रगतबाट औषधि बनाउने एउटा विधि हो। यी सबै उपाय अपनाउँदा पनि निको नभएमा भने शल्यक्रिया समेत गर्नुपर्ने हुन सक्छ।

(डा. पाण्डे वरिष्ठ हाडजोर्नी सर्जन)

अनलाइनखबर हेल्थ

भक्तपुर BHAKTAPUR [MONTHLY] मासिक

# वर्ष ४१ को वार्षिक विषय सूची

अङ्क १ देखि १२/ सङ्ख्या ३२९ देखि ३४१

(विसं २०८० मार्ग – २०८१ कार्तिक)

## वर्ष ४१ अङ्क १/२०८० मार्ग/सङ्ख्या-३२९


१) अमेरिकाले इजरायललाई हतियार उपलब्ध गराई प्यालेस्टिनीहरूको नरसंहार– का.रोहित
२) वीर प्यालेस्टिनीहरू झुक्ने छैनन् !– प्रकाश नेपाल
३) यहुदीवादको समयक्रम–लेमिन र स्पीर
४) गाजामा सहयोग रोक्नु 'अपराध' हुनसक्छ – आईसीसी
५) प्यालेस्टिनीहरूले कहिल्यै नबिर्सने नक्बा–विकास श्रेष्ठ
६) प्यालेस्टिनीहरूको नरसंहारलाई समर्थन गरेकोमा अमेरिकी सांसदद्वारा बाइडेनको कडा आलोचना
७) गाजामा मानवीय युद्धविराम तत्काल आवश्यक : महासचिव गुटेर्रेस
८) इजरायली बमबारीका कारण गाजामा 'नरसंहारको जोखिम' : संयुक्त राष्ट्रका विज्ञहरू
९) इजरायलद्वारा गाजामा व्यापक विनाश युद्ध अपराध हो : संयुक्त राष्ट्रसङ्घीय विज्ञ
१०) गाजामा हरेक दिन १६० बालबालिकाको हत्या भइरहेको छ: डब्ल्यूएचओ
१) इजरायली घेराबन्दीले नर्कमा बदलिएको गाजा
१२) मध्यपूर्वमा शान्ति कायम गर्न इजरायल राज्य विस्थापन गर्नु जरुरी
१३) केही अभिव्यक्ति
१४) इजरायली नरसंहारविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा दायर
१५) फासीवादी इजरालको युद्ध अपराधका केही तस्बिर
१६) प्यालेस्टाइनीहरूविरूद्ध इजरायलको रङ्गभेद: दमन र मानवताविरुद्ध अपराधको एउटा क्रूर प्रणाली
१७) विश्वभरि प्रदर्शन : फासिवादी इजरायल र साम्राज्यवादी अमेरिकाको विरोधमा तथा प्यालेस्टाइनको समर्थनमा
१८) दुई सम्पादकीय
१९) प्यालेस्टिनीहरूको समर्थनमा विद्यार्थीहरूको विशाल प्रदर्शन
२०) सात हप्ताको इजरायली आक्रमणले विश्वबाट अलग भएको गाजापट्टीमा के–के भयो ?
२१) नेपालको शान्ति प्रक्रिया र गुटेरेसको सुझाव–विवेक
२२) पदाधिकारीको आचरण र संस्थाको पहिचान–समिर
२३) नेवार समाजमा छा ज्वलंबारे एक अध्ययन–ओम धौभडेल
२४) पृथ्वीमा जीव कहाँबाट कसरी आयो ?–विष्णुभक्त राजचल
२५) छेपारे भट्टराईको गैरजिम्मेवार अभिव्यक्ति–श्याम श्रेष्ठ
२६) समालोचनाया सिद्धान्त (२२) नां काये बहपिं समालोचकपिं (२)–प्रा. माणिकलाल श्रेष्ठ
२७) बुद्धिचाल खेलाडी एण्डिज ग्वाछा–राजकुमार लघु
२८) भक्तपुर नगरपालिका गतिविधि
**(क)** शैक्षिक गतिविधि **(ख)** स्वास्थ्य सेवा **(ग)** अनुभवको










आदान–प्रदान (**घ**) भेटघाट (**ङ**) सङ्क्षेपमा

२९) विविध समाचार

३०) 'भक्तपुर' मासिक वर्ष ४० को वार्षिक विषय सूची

३१) संवेदनाहीन सिंहदरबार (सम्पादकको पृष्ठ)

**साथमा**: हाम्रा मौलिक सामग्री/पाठक पत्र/जीवन–आचरण/बसिबियाँलो/नवयुवकसँग अपिल/वैधानिक कानुन(८)/प्रेरणीय/ख्वप अस्पतालको प्रगति/चीनका प्राचीन नीति कथा/थाहा पाइराखौँ/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/ रङ्गीन पृष्ठ ।

## वर्ष ४१ अङ्क १/२०८० पुस/सङ्ख्या–३३०

१) भक्तपुर नपाका प्रमुख प्रजापति र लशान नपाका उपप्रमुख लेइ चियनसिनबीच भेट

२) भक्तपुर नगरपालिका र लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाबारे समझदारी पत्रमा हस्ताक्षर

३) नेपाली जनता र चिनियाँ जनताबीचको सम्बन्ध अझ प्रगाढ बन्नेछ : प्रमुख सुनिल प्रजापति

४) योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा

५) भक्तपुर नगरका बाहाःबहिको परिचय

६) योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रामा सहभागी हुँदा–सागर

७) केही जिज्ञासुहरूलाई नेमकिपाबारे जानकारी–बिजुक्छेँ

८) 'उपत्यकामा खानेपानीको राम्रो व्यवस्थापन नहुनुमा खानेपानीलाई निजीकरण गर्नेहरू जिम्मेवार छन्'–सुनिल प्रजापति

९) भक्तपुर : नजाने गाउँको बाटो–भवानी बराल

१०) संस्कृति मन्त्रीको गैर जिम्मेवार अभिव्यक्ति : धार्मिक द्वन्द्व निम्तिने खतरा–विवेक

११) त्यो भक्तपुर, यो भक्तपुर !–सुरेन्द्रराज गोसाई

१२) पर्यटकको आकर्षण बन्दै भक्तपुरको रानीपोखरी–रमेश गिरी

१३) साहित्यय् मार्क्सवादी दृष्टिकोण–प्रो. माणिकलाल श्रेष्ठ

१४) हाम्रो घर हाम्रो देश–अज्ञात

१५) ती चित्तरञ्जनको कथा–सीताराम बराल

१६) यहाँ कानुनी र व्यवहारिक दुवै किसिमबाट समस्याको विश्लेषण हुन्छ–कुशल

१७) ङेङापा ज्ञ्य:या दरबार गीतले खुलाएको इतिहास–ओम धौभडेल

१८) एसआरका दुई कविता

१९) मानव भूगोल : एक चर्चा–विष्णुभक्त राजचल

२०) समालोचनाया सिद्धान्त (२३) क्रोचेः रिचार्डस्ःइलिएट–प्रा.माणिकलाल श्रेष्ठ

२१) क्रान्तिकारी भावना–आर.दिस्ती

२२) भक्तपुर नपाको ७४ औँ स्थापना दिवस

२३) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय

२४) भक्तपुर नगरपालिका गतिविधि

(क) राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता (ख) शैक्षिक गतिविधि (ग) स्वास्थ्य सेवा (घ) अनुभवको आदान–प्रदान (ङ) सङ्क्षेपमा (च) भेटघाट

२५) विविध समाचार

२६) बाहाःबहिको पदयात्रा महत्त्वपूर्ण शैक्षिक भ्रमण (सम्पादकको पृष्ठ)

**साथमा** : जीवन–आचरण/बसिबियाँलो/हाम्रा मौलिक सामग्री/प्रेरणीय/सम्झनाको लागि/थाहा पाइराखौँ/चीनका प्राचीन नीति कथा/ख्वप अस्पतालको प्रगति/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।









## वर्ष ४१ अङ्क ३/२०८० माघ/सङ्ख्या-३३१

१) भक्तपुर नपाको १५ औं नगरसभा
२) नेमकिपाको ३५ औं केन्द्रीय परिषद्
३) नेमकिपाको ५० औं स्थापना दिवस
४) नेमकिपाको गौरवपूर्ण आधा शताब्दीको अविरल यात्रा–विवेक
५) म कम्युनिस्ट हुँ– नाजिम हिक्मत रान
६) विशिष्ट साधना, कम मूल्याङ्कन–डा. देवीप्रसाद सुवेदी
७) हृदयचन्द्रसिंह प्रधानका कविता–‘मानव’ र ‘छोरोसित’
८) गाजामा जे भइरहेको छ त्यो भोकमरी वा अनिकाल होइन, बरु जानाजानी हत्या हो
९) एसआरका कविता
१०) योमरी उत्सवमा बाहा:बहि परिक्रमाको तात्पर्य– ओम धौभडेल
११) समालोचनाया सिद्धान्त (२४) : साहित्य व समालोचनाया छुंमेगु प्रवाह–प्रा. माणिकलाल श्रेष्ठ
१२) दोषारोपण–आर.दिस्ती
१३) त्यो भक्तपुर, यो भक्तपुर–तेजेश्वरबाबु ग्वंग
१४) अस्ति अस्तिको र आजको भक्तपुर–भैरव रिसाल
१५) मार्चेज गुग्लिल्मा मार्कोनी–राजेन्द्रबहादुर कायष्ठ
१६) भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता
१७) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
१८) भक्तपुर नगरपालिका गतिविधि
(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) अनुभवको आदान–प्रदान (घ) भेटघाट (ङ) सङ्क्षेपमा
१९) विविध समाचार
२०) उत्साहित नबनाउने सुधार (सम्पादकको पृष्ठ)
साथमा : चीनका प्राचीन नीति कथा/बसिबियाँलो/प्रेरणीय/हाम्रा मौलिक सामग्री/जीवन–आचरण/थाहा पाइराखौं/ख्वप अस्पतालको प्रगति/सम्झनाको लागि/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४१ अङ्क ४/२०८० फागुन/ सङ्ख्या-३३२

१) भक्तपुर नगरपालिका घर जग्गा बहाल व्यवस्था निर्देशिका, २०७९ का विशेषताहरू–डा.हरिराम सुवाल
२) नेपालमा शान्ति प्रक्रिया कहिले टुङ्गो लाग्छ ?–विवेक
३) सरकारी जग्गा र ढुकुटी गैरकानुनीरूपमा हात पार्ने चौधरी परिवारको विषाक्त व्यापारिक विरासत – रामप्रसाद प्रजापति
४) चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शन
५) भक्तपुरको मौलिक थरहरू–ओम धौभडेल
६) भक्तपुर नगर विकासमा खुल्ला ठाउँको अवधारणा– महेन्द्रप्रसाद श्रेष्ठ
७) समालोचनाया सिद्धान्त (२५)–प्राचीन संस्कृत समालोचना– प्रो. माणिकलाल श्रेष्ठ
८) नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न
९) विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले ल्याएको तरङ्ग– रामसुन्दर
१०) मार्चेज गुग्लिल्मा मार्कोनी (२)–राजेन्द्रबहादुर कायष्ठ
११) तुमचो –दुगुरे – चोखा आवास क्षेत्रमा ठेगानाप्रणालीबारे जानकारी –युरीका राजवंशी
१२) भक्तपुर नगरका ढुङ्गेधाराहरू–विश्वराम प्रजापति
१३) भ्रष्टाचार सम्बन्धी विषयवस्तु पाठ्यक्रममा समावेश गर्नुपर्ने–श्रीराम कासिछ्वा
१४) विजयराम यन्द्यो : सितेरियो कराँते खेलाडी तथा









प्रशिक्षक-राजकुमार लघु

१५) सञ्चारकर्मीहरू समाज परिवर्तनको बाटोमा लनग्नुपर्ने

१६) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय

१७) भक्तपुर नगरपालिका गतिविधि

(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) अनुभवको आदान-प्रदान (घ) सङ्क्षेपमा (ङ) भेटघाट

१८) विविध समाचार

१९) मोटोपना-डा. अमर प्रजापति

२०) भाजुपुखू 'छ्या' बाट आहा ! (सम्पादकको पृष्ठ)

**साथमा :** हाम्रा मौलिक सामग्री/बसिबियाँलो/जीवन-आचरण/प्रेरणीय/ख्वप अस्पतालको प्रगति/चीनका प्राचीन नीति कथा/थाहा पाइराखौं/पर्यटक तथ्याङ्क ।

## वर्ष ४१ अङ्क ५/२०८० चैत/सङ्ख्या-३३३

१) अन्तर नगर महिला कबड्डी प्रतियोगिता

२) के भन्छन् महिला कबड्डी प्रतियोगिताका सहभागीहरू

३) अध्यक्ष बिजुक्छेँसँग महिला कबड्डीका खेलाडीहरूको भेट

४) नेमकिपा अध्यक्ष बिजुक्छेँद्वारा ऐतिहासिक भाजुपुखू उद्घाटन

५) पानी-आर. दिस्ती

६) 'वैदेशिक रोजगारीको नाममा चेलिबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय हुनु जरुरी'-प्रेम सुवाल

७) शिक्षामन्त्री सुमना श्रेष्ठलाई खुला पत्र

८) एनजीओ आइएनजीओहरू : साम्राज्यवादका आर्थिक हतियार !-विवेक

९) अनुकरणीय कार्यको अभियानमा भक्तपुर-जे.पी. तिमिल्सिना

१०) उपत्यकाका प्राचीन पोखरी ब्यूँताउन लागिपरेका स्थानीय सरकार-प्रबिता श्रेष्ठ

११) भूमिगत पानीको दोहनले उपत्यका मरुभूमिउन्मुख-विष्णुभक्त राजचल

१२) समालोचनाया सिद्धान्त (२६) : नेपाल भाषाया समालोचना साहित्य- प्रा.माणिकलाल श्रेष्ठ

१३) याकति अजिमाको पीठ-ओम धौभडेल

१४) नेपालमा महिला मुक्तिको प्रश्न र राजनैतिक व्यवस्था-अनिता

१५) महिला सहभागिता बढाउन राजनीतिक चेतना आवश्यक-मञ्जु

१६) राइट दाजुभाइ-राजेन्द्रबहादुर कायष्ठ

१७) सिद्धान्त ज्योतिषमा आधारित भक्तपुरको बिस्केट जात्रा-डा. वीरेन्द्रप्रसाद कायस्थ

१८) 'समाजसेवी' महाशयको कर्तुत-रसिक

१९) दिदीको लामो मेसेज-कुशल

२०) नेपाली कलाको विकास : एक झलक-न्हुछेरत्न बुद्धाचार्य

२१) भक्तपुर नगरपालिका गतिविधि

(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) अनुभवको आदान-प्रदान (घ) भेटघाट (ङ) सङ्क्षेपमा

२२) विविध समाचार

२३) ऐतिहासिक प्रतियोगिताका विजयीलाई बधाई ! सहभागीलाई धन्यवाद ! (सम्पादकको पृष्ठ)

## वर्ष ४१ अङ्क ६/२०८१ वैशाख/ सङ्ख्या-३३४

१) इमान अर्थात् नारायणमान ! - उपेन्द्र लामिछाने

२) भक्तपुरको विस्का जात्रा सम्पन्न

३) नगरव्यापी खुला गुँला बाजा प्रतियोगिता

४) 'प्राचीन 'रेशम मार्ग'ले संसारलाई एक सूत्रमा बाँध्न सहयोग गरेको छ'-नारायणमान बिजुक्छेँ (रोहित)

५) पुनर्निर्माणको कथा:जनताको सहयोगमा उठेको भक्तपुर-









सुनिल प्रजापति

६) नेपालको जलस्रोतमा भारतको एकाधिकार : नेपालमा लोडसेडिङ !-विवेक

७) 'सय वर्षपछिको भक्तपुर' पुस्तक भक्तपुर पुन:निर्माणको लागि मार्ग दर्शन हो'-सुनिल प्रजापति

८) सय वर्षपछिको भक्तपुर: एक अध्ययन-राजेन्द्रबहादुर कायष्ठ

९) कसजु वंशका केही भाजु कसहरू-ओम धौभडेल

१०) विस्का जात्राको पहिलो दिनको एक झलक-जे.पी.तिमिल्सिना

११) समालोचनाया सिद्धान्त(४) साहित्य-थ्व छु ? छाय् ? गथे ? (१)-प्रा माणिकलाल श्रेष्ठ

१२) ठमेलको यो छाया सेन्टर, भारतको नोएडाको त्यो ट्वीन टावर-निराजन पौडेल

१३) भक्तपुरका केही स्थानको चिनारी-लक्ष्मीनारायण दुवाल

१४) व्यक्तिगत घटना दर्ता : आवश्यकता र औचित्य – न्हूज किजु

१५) असान्जले साम्राज्यवादबारे जे सिकाए-क्लोइ ऱ्याफर्टी

१६) बक्सिङ खेलाडी/कोच साजन लघु-राजकुमार लघु

१७) भक्तपुर नगरपालिकाको कार्यपालिकाको बैठक निर्णय

१८) भक्तपुर नगरपालिका गतिविधि

(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) भेटघाट (घ) सङ्क्षेपमा




१९) विविध समाचार

२०) शिक्षितको राजनीति सिंहदरबारको शत्रु (सम्पादकको पृष्ठ)

**साथमा :** प्रेरणीय/बसिबियाँलो/चीनका प्राचीन नीति कथा/ हाम्रो स्थानीय तह/जीवन-आचरण/थाहा पाइराखौं/ख्वप अस्पतालको प्रगति/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/तस्बिरमा केही गतिविधि ।

## वर्ष ४१ अङ्क ७/२०८१ जेठ/सङ्ख्या-३३५

१) भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको दुई वर्ष

२) अध्यक्ष बिजुक्छेँद्वारा अरनिको सभाभवन शिलान्यास

३) गुंला बाजाको खुला प्रतियोगिता सम्पन्न

४) खुला गुंलाबाजा प्रतियोगिता २०८१, एक सिंहावलोकन-महेन्द्र राज शाक्य

५) थंथु दरबार पुरानै स्वरूपमा निर्माण गर्न शिलान्यास

६) भक्तपुर नपाबाट वर्षका उत्कृष्ट खेलाडीहरू सम्मानित

७) बेखाल टेबुल टेनिस कभर्ड हल उद्घाटन

८) अन्तर्राष्ट्रिय श्रमिक दिवस

९) नीति-कार्यक्रममा सांसद सुवालको संशोधन

१०) लगानी सम्मेलन र अर्थतन्त्रमा त्यसको प्रभाव-विवेक

११) अनुदान कटौतीले स्थानीय तहको विकास निर्माण अलपत्र हुने

१२) भक्तपुर जहाँ कार्ल मार्क्स जीवितै छन्-कृष्ण पोखरेल

१३) भक्तपुरका बहालहरूको छोटो परिचय-ओम धौभडेल

१४) भाषानुरागको युगमा आलोचना:बीसौं शताब्दीको पूर्वार्द्ध – कमलप्रकाश मल्ल

१५) चे ग्वेभारा गाजा पुग्दा-युसेफ अलहेलु

१६) रंगभेद अन्त्यको ३० वर्षपछिको दक्षिण अफ्रिका-सोला लवल

१७) भक्तपुरको वानेलायकूको वहिनराज नै स्वस्थानीको नवराज-संस्कृतिविद् महेश्वर जुजु

१८) जहाँ बुद्ध जन्मे-रविन कलिङहयाम

१९) भक्तपुरका केही मौलिक स्थान नाम-श्यामसुन्दर मातां

२०) सर जगदिश चन्द्र बोस-राजेन्द्रबहादुर कायष्ठ

२१) हिमानी, हिमानीकरण, परिहिमानी र हिमनदीबारे केही जानकारी-विष्णुभक्त राजचल

२२) समालोचनाया सिद्धान्त (१३)-एरिस्टोटलया अनुकरण व विरेचन सिद्धान्त-प्रा.माणिकलाल श्रेष्ठ

२३) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय

२४) भक्तपुर नगरपालिका गतिविधि

(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) अनुभवको आदान-प्रदान (घ) सङ्क्षेपमा (ङ) भेटघाट

२५) विविध समाचार

२६) गणतन्त्रमा पनि निर्दलीय मानसिकता (सम्पादकको पृष्ठ)

**साथमा** : हाम्रा पुराना मूर्ति/प्रेरणीय/थाहा पाइराखौँ/ बसिबियाँलो/हाम्रा स्थानीय तह/जीवन-आचरण/चीनका प्राचीन नीतिकथा/ख्वप अस्पतालको प्रगति/हाम्रो स्वास्थ्य/Word Search/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४१ अङ्क ८/२०८१ असार/सङ्ख्या-३३६

१) भक्तपुर नगरपालिकाको सोह्रौँ नगरसभा

क) नीति तथा कार्यक्रम

ख) बजेट वक्तव्य

२) नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि राय- सुझाव सङ्कलन

३) नेपाल मजदुर किसान पार्टी केन्द्रीय समिति बैठकबाट पारित प्रस्तावहरू

४) ख्वप विश्वविद्यालय स्वीकृतिमा किन बिलम्ब ?

५) नीति तथा कार्यक्रम बेइमानीको पुलिन्दा बन्न नहुने- सुरेन्द्रराज गोसाई

६) भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न ढिलाइ नगर्नु बुद्धिमानी हुने-सृजना सैँजू

७) सरकार वास्तविक किसानको पक्षमा भन्दा बिचौलियाहरूको पक्षमा-गीता काफ्ले

८) सधैँ पार्श्वभूमिकामा सन्तुष्ट हुने कामरेड शोभा-सुरेन्द्रराज गोसाई

९) के पुँजीवादी संविधानबाटै समाजवाद सम्भव छ ?-विवेक

१०) वैज्ञानिक अब्दुल कलाम-राजेन्द्रबहादुर कायष्ठ

११) 'नवदुर्गा गणको मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका- २०७५' : एक चर्चा-डा. हरिराम सुवाल

१२) परिहिमानी र परिहिमानी स्थलाकृति-विष्णुभक्त राजचल

१३) सहकारी समस्यामा सहजीकरण-कुशल

१४) मध्यपूर्वमा दिगो शान्तिका लागि प्यालेस्टिनलाई संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यता अनिवार्य-यी जिन

१५) समालोचनाया सिद्धान्त (२७) : समालोचनाया विभिन्न ढङ्ग- प्रा. माणिकलाल श्रेष्ठ

१६) पुण्यराम घेमोसु जिम्न्याष्टिक खेलाडी तथा निर्णायक- राजकुमार लघु

१७) स्थानीय तहको अधिकारमाथि शिक्षा मन्त्रालयको गैरसंवैधानिक हस्तक्षेप

१८) भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय

१९) भक्तपुर नगरपालिका गतिविधि

(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) भेटघाट (घ) सङ्क्षेपमा

२०) विविध समाचार

२१) दीर्घकालीन अहित गर्नेहरूको मतियार (सम्पादकको पृष्ठ)

**साथमा** : हाम्रा पुराना मूर्ति/**यता-उताबाट**/जीवन-आचरण/Word Search/प्रेरणीय/चीनका प्राचीन नीति कथा/बसिबियाँलो/हाम्रा स्थानीय तह/थाहा पाइराखौँ/ख्वप अस्पतालको प्रगति/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४१ अङ्क विशेष/२०८१ साउन/सङ्ख्या-३३७

### भक्तपुर नगरपालिकाको सोह्रौँ नगरसभा
### (विस्तृत विवरण)

१) भक्तपुर नपाको सोह्रौँ नगरसभा समुद्घाटन

२) मापदण्डअनुसार घर निर्माण गरी अनुदान प्राप्तगर्ने घर धनीहरू ३) आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम- प्रमुख सुनिल प्रजापति

४) धन्यवाद प्रस्ताव पारित

५) नीति तथा कार्यक्रम पारित

६) आव २०८१/८२ को बजेट, आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत

७) भक्तपुर नपाको आव २०८१/८२ को बजेट वक्तव्य- उपप्रमुख रजनी जोशी

८) बजेटमाथि छलफल सुरु

९) बजेट सर्वसम्मतिबाट पारित

१०) १६ औँ नगरसभा सम्पन्न ११) वडा कार्यालयहरूको प्रगति विवरण

१२) समितिहरूको प्रगति प्रतिवेदन

१३) राजस्व तथा अनुदान आयको यथार्थ तथा अनुमान

१४) आ.व. २०८०/०८१ जेष्ठ महिनासम्मको यथार्थ खर्च तथा आ.व. २०८१/०८२ को अनुमानित बजेट

१५) भक्तपुर नगरपालिकाको आ.व. २०८१/८२ का लागि पुँजीगत खर्चतर्फका प्रस्तावित योजनाहरू

१६) भक्तपुर नगरपालिकाको विनियोजन विधेयक २०८१

१७) भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०८१

१८) नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि राय- सुझाव सङ्कलन

१९) झूटा साबित गर्लान् त ? (सम्पादकको पृष्ठ)

## वर्ष ४१ अङ्क ९/२०८१ साउन/सङ्ख्या-३३८

१) शाननान नगरका प्रतिनिधिमण्डल भक्तपुरमा

२) भक्तपुर र शाननानबिचको सम्बन्ध थप सुदृढ हुने विश्वास -सुनिल प्रजापति

३) प्रमुख सुनिल प्रजापतिसँग शाननान नगरका कार्यकारी उपप्रमुख मु योङवनको भेट

४) 'शाननान नगरपालिकाले गरेको गुणलाई हामीले कहिल्यै बिर्सनेछैनौं'-सुनिल प्रजापति

५) अध्यक्ष बिजुक्छेँसँग शाननानका उपप्रमुख योङवेनको भेट

६) के शासक दलहरूले थाहा नपाएका हुन् र ?-प्रेम सुवाल

७) विकासको प्रमुख आधार:पारदर्शी, इमानदारी र अनुशासन -सुनिल प्रजापति

८) जनताको लगानीमा जनताकै सुविधाको लागि आवास योजना हो-हरिप्रसाद बासुकला

९) संविधान संशोधन किन र केका लागि ?-विवेक

१०) निकोलस कोपर्निकस-राजेन्द्रबहादुर कायष्ठ

११) 'भक्तपुर नगरपालिका, सुधारिएको शवदाह गृह सञ्चालन कार्यविधि, २०७९' का व्यवस्थाहरू-डा. हरिराम सुवाल

१२) स्थायी तुषारो भूमि-विष्णुभक्त राजचल

१३) सत्य तितो हुन्छ, तर पनि सत्यलाई स्वीकार्नुपर्छ-कुशल

१४) भक्तपुर उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बन्दै भक्तपुरमा एक वर्षमा २ लाख ४५ हजार भन्दा बढी विदेशी पर्यटकहरूद्वारा अवलोकन-कृतिका

१५) भक्तपुर नगरपालिकामा सञ्चालित घरदैलो नर्सिङ सेवा कार्यक्रमबारे केही कुरा-रचना सुवाल

१६) प्लानिङ-आर.दिस्ती

१७) तेक्वान्डोका अन्तराष्ट्रिय खेलाडी किरण सितिखु-राजकुमार लघु

१८) भक्तपुर नपाको १६ औं नगरसभा सम्पन्न

१९) भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय

२०) भक्तपुर नगरपालिका गतिविधि

(क) शैक्षिक गतिविधि (ख) स्वास्थ्य सेवा (ग) सङ्क्षेपमा

२१) विविध समाचार

२२) भगिनी शाननानको प्रतिनिधिमण्डलको सुखद भ्रमण (सम्पादकको पृष्ठ))

**साथमा** : हाम्रा पुराना मूर्ति/प्रेरणीय/बसिबियाँलो/Word Search/हाम्रा स्थानीय तह/चीनका प्राचीन नीति कथा/जीवन-आचरण/थाहा पाइराखौँ/यता-उताबाट/ख्वप अस्पतालको प्रगति/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४१ अङ्क १०/२०८१ भदौ/सङ्ख्या-३३९

१) 'भक्तपुर काण्ड' को रहस्यबारे जनता सचेत हुनैपर्छ - नारायणमान बिजुक्छेँ (रोहित)

२) 'संविधान र कानूनमा सङ्घीयता लेखियो तर व्यवहारमा सबै अधिकारहरू सिंहदरबारतिरै केन्द्रित गर्दैछ'-सुनिल प्रजापति

३) सांसद र उच्चपदस्थ कर्मचारीहरूको ठुला ठुला महल र प्राडो- पजेरो गाडी कहाँबाट आयो ?-प्रेम सुवाल

४) स्थानीय सङ्गठन निर्माणमा महिलाको भूमिका-विवेक

५) ख्वप विश्वविद्यालयको विधेयक अविलम्ब स्वीकृत होस्-ई.राजेन्द्र हाडा

६) ख्वप विश्वविद्यालय:शिक्षाको नयाँ अध्याय-रवीन्द्र कसजु

७) कानुनको विद्यार्थीको आँखामा भक्तपुर काण्ड र स्वच्छ सुनुवाई- सलिना ज्याखो

८) सिम्रौनगढ र रानीबास राममन्दिरको घण्ट-गौरीबहादुर कार्की

९) लिच्छवि:कताबाट आए ? कतातिर गए ?-गोपीकृष्ण ढुंगाना

१०) लिच्छविकाल अभिलेख सुरक्षित एक 'स्वर्ण युग'-प्रा.डा.सोमप्रसाद खतिवडा

११) मेरी छोरीको 'बेबी स्कुल'-चाँदनी कायस्थ

१२) मोहनी नखः-डा.वीरेन्द्रप्रसाद कायस्थ

१३) पुस्तकालय, पठन संस्कृति र पुस्तकालयकर्मीप्रतिको धारणा - सरला प्रधान कायष्ठ

१४) हाम्रो संस्कृति-न्हुछेरत्न बुद्धाचार्य

१५) ओटो भोन ग्वरिके-राजेन्द्र बहादुर कायष्ठ

१६) हिमनदी-विष्णुभक्त राजचल

१७) The City of the Yellow Devil-Maxim Gorky

१८) 'भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९'-एक चर्चा-डा. हरिराम सुवाल

१९) स्क्रब टाइफस-डा.रत्नसुन्दर लासिवा

२०) भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय

२१) भक्तपुर नगरपालिका गतिविधि

(क) सापारु पर्व २०८१ (ख) शैक्षिक गतिविधि (ग) भेटघाट (घ) स्वास्थ्य सेवा (ङ) सङ्क्षेपमा

२२) विविध समाचार

२३) हदम्यादले चिथोरेको अठोट (सम्पादकको पृष्ठ)

**साथमा** : चीनका प्राचीन नीति कथा/जीवन-आचरण/प्रेरणीय/ यता-उताबाट/हाम्रो स्थानीय तह/हाम्रा पुराना मूर्ति/Word Searh/बसिबियाँलो/थाहा पाइराखौँ/ ख्वप अस्पतालको प्रगति/पेरिस ओलम्पिकको पदक तालिका/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४१ अङ्क ११/२०८१ असोज/सङ्ख्या-३४०

१) भक्तपुर नपाद्वारा संस्कृतिकर्मी, कलाकार तथा सांस्कृतिक गुरुहरूको सम्मान

२) सम्मानित सांस्कृतिक गुरुहरूको सङ्क्षिप्त परिचय
३) पर्यटन प्रवर्द्धनका सहयोगीहरूलाई कदरपत्र
४) गुन्हीपुन्ही सापारु धें धें बल्ला कासा २०८१ को नतिजा
५) 'भक्तपुरको पर्यटन : विगत, वर्तमान र भविष्य' विषयक अन्तरक्रिया
६) भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत
७) के हो लु सुनबाट सिक्नुपर्ने ?-प्रा. माणिकलाल श्रेष्ठ
८) नेपाली भूमि कब्जा गरी बसेका भारतीय सेनालाई फिर्ता पठाउनुपर्ने-प्रेम सुवाल
९) समसामयिक विषयमा वाग्मती प्रदेशसभामा नेमकिपाको आवाज-सुरेन्द्रराज गोसाई
१०) गुठी जग्गा कमाउने किसानहरूको समस्या : गुठी जग्गामा मोहियानी हक नलाग्ने !-विवेक
११) मदन पुरस्कार विजेता मोहन मैनालीले लेखेको युद्धको कथा-सुदीप श्रेष्ठ
१२) संस्कृति विषय र ख्वप कलेज/ख्वप मा.वि.-एक प्राध्यापक
१३) जोन डाल्टन-राजेन्द्र बहादुर कायष्ठ
१४) महिलाले कसरी करियर र परिवारलाई सन्तुलित बनाउने-सुनिता गाइसी
१५) श्रीमतीको पैसामा कमिसन खाने श्रीमान्-कुशल
१६) छिःकोण र भक्तपुर-श्यामकृष्ण खत्री
१७) 'युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९'-एक चर्चा-डा.हरिराम सुवाल
१८) टेबल टेनिस खेलाडी क्यारिना सुवाल-राजकुमार लघु
१९) 'भ्रष्टाचारः सामाजिक कलङ्क' पुरस्कृत कविता-
२०) 'तनाव बढाउने शत्रु शक्तिहरू भारी जिम्मेवारीबाट कहिल्यै पन्छिन सक्दैनन्'
२१) नेटोलाई एसिया-प्रशान्तमा फैलाउन अनुमति दिनु युरोपकै लागि गलत हो- ओ शि
२२) The City of the Yellow Devil -(II)-Maxim Gorky
२३) भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय
२४) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि ख) स्वास्थ्य सेवा ग) भेटघाट घ) सङ्क्षेपमा
२५) विविध समाचार
२६) विपत्मा सरकारको अस्तित्व देखिएन (सम्पादकको पृष्ठ)


**साथमा :** हाम्रो स्थानीय तह/हाम्रा पुराना मूर्ति/प्रेरणीय/ बसिबियाँलो/थाहा पाइराखौँ/जीवन-आचरण/Word Searh/ यता-उताबाट/चीनका प्राचीन नीति कथा/ हाम्रो स्वास्थ्य/ पर्यटक तथ्याङ्क / तस्बिरमा केही गतिविधि ।

## वर्ष ४१ अङ्क १२/२०८१ कार्तिक/सङ्ख्या-३४१

१) 'पहिरो र डुबानमा परेका पीडितहरूको उद्धार, राहत र पुनःस्थापनाको तत्काल बन्दोबस्त हुनु जरुरी'
२) नेमकिपाविरूद्ध झूटा समाचार
३) भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८१
४) उद्योगहरूको निजीकरण : देशलाई साम्राज्यवादीहरूको पोल्टामा पार्ने षड्यन्त्र !- विवेक
५) भक्तपुर महोत्सव २०८१
६) चवालीसौँ नेपालभाषा साहित्य तःमुंज्या र सांस्कृतिक प्रदर्शनी सम्पन्न
७) 'हामी निर्वाचन घोषणापत्रलाई अक्षरशः कार्यान्वयन गर्ने कोसिस गर्दैछौँ'- सुनिल प्रजापति
८) तः मुंज्या साहित्य उत्सव- अभय श्रेष्ठ
९) तःमुंज्याको न्हू दाँया ज्याली तथा सभा
१०) 'नेवारहरूको संस्कृतिविरुद्ध कतै नियोजित षड्यन्त्र त भइरहेको छैन ?'- सुनिल प्रजापति
११) नेपालको शिक्षा विकासमा माष्टर जगत सुन्दर मल्लको योगदान- माधवलाल कर्माचार्य
१२) विदेशी विद्वान् व नेपालभाषा
१३) विगत फर्केर हेर्दा..... - प्रधान
१४) भक्तपुरेको पनि काटिएको थियो नाक- राजकुमार दिक्पाल
१५) ०३५/३६ सालको विद्यार्थी आन्दोलनलाई फर्केर हेर्दा - विश्वनाथ प्रजापति
१६) नाभिकीय भौतिकशास्त्रका पिता अर्नेस्ट रदरफोर्ड - राजेन्द्रबहादुर कायष्ठ
१७) स्वस्थानी कथा : एक चर्चा - महेन्द्र श्रेष्ठ
२२) **The City of the Yellow Devil** (III)- Maxim Gorky
२३) ब्याडमिन्टन तथा बुद्धिचाल खेलाडी राज खुसु-राजकुमार लघु
२२) सहकारी - आर. दिस्ती
२४) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि ख) स्वास्थ्य सेवा ग) अनुभवको आदान-प्रदान घ) भेटघाट ङ) सङ्क्षेपमा
२५) विविध समाचार
२६) कागले कान लग्यो रे ..... के गर्ने ? (सम्पादकको पृष्ठ)

**साथमा** : यता-उताबाट/थाहा पाइराखौँ/Word Searh/ जीवन-आचरण/प्रेरणीय/चीनका प्राचीन नीति कथा/हाम्रा पुराना मूर्ति/ख्वप अस्पतालको प्रगति/बसिबियाँलो/हाम्रो स्थानीय तह/ हाम्रो स्वास्थ्य/ पर्यटक तथ्याङ्क/ तस्बिरमा केही गतिविधि ।

## आ.व. २०८१/८२ कार्तिक महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ६८१ | ६२२ | ८०६ | ८१६ | ६३१ | ७३६ | ८३५ | ७०४ | ८४५ | ८४८ | ७९३ | ७३४ | ६४२ | ८०४ | ७७६ |
| ■ सार्क तथा चिनियाँ | ४६५ | ५०९ | ४७५ | ४२५ | ४९६ | ५१६ | ३३६ | ४६२ | ५९१ | ५१५ | २६४ | २९२ | २०१ | १९८ | १८० |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ६९० | ९५२ | ९३२ | ७३६ | ६८४ | ६८४ | ६७० | ९९२ | ८०९ | ७३१ | ५४५ | ६७७ | ७७७ | ६२१ | ७१४ |
| ■ सार्क तथा चिनियाँ | ३१७ | ४०१ | २७२ | २५७ | २८१ | १८२ | २९५ | २१६ | ४८८ | ५०८ | ३०८ | ३४८ | ५२५ | ३५७ | ३८८ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ **कार्तिक** | २२,४८७ | ११,०६८ | ३३,५५५ |
| २०८० **कार्तिक** | १९,६४८ | ११,००९ | ३०,६५७ |
| **प्रगति** | २,८३९ | ५९ | २,८९८ |

सम्पादकको पृष्ठ

# भक्तपुर महोत्सव देशकै लागि महत्त्वपूर्ण

भक्तपुर नगरपालिकाले फेरि एउटा बृहत् उत्सवको आयोजना गर्दैछ – भक्तपुर महोत्सव ! यही मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म आयोजना हुने भक्तपुर महोत्सव भव्यतापूर्वक सफलताकासाथ सम्पन्न गर्न आवश्यक प्रचार र तयारी जोडतोडकासाथ भइरहेको छ। यसको लागि पत्रकार सम्मेलन, पर्यटन व्यवसायीको भेला, संस्कृतिकर्मी भेला, वडावासी, सहकारीकर्मी, कृषक प्रतिनिधि, शिक्षक–विद्यार्थी, खेलाडीहरूलगायत सरोकारवालाहरूमाझ यसबारे छलफल, जानकारी आदि पुऱ्याइसकेको र पुऱ्याइरहेको छ। समग्रमा तयारी र बन्दोबस्तमा भक्तपुर नपा नगरवासीको साथ र सहयोगमा दिन–रात लागिरहेको छ।

भक्तपुर नपाले यसअघि २०५४ सालमा भव्य र सफलताका साथ 'भक्तपुर महोत्सव' सम्पन्न गरेको थियो। त्यसैगरी २०६९ सालमा 'भक्तपुर सडक महोत्सव', २०७९ सालमा 'सम्पदा पदयात्रा तथा स्थानीय उत्पादन मेला', २०८० सालमा 'भक्तपुरका पोखरीहरूको पदयात्रा मेला', सोही सालमै 'बहाःबही पदयात्राका साथ योमरी उत्सव' सम्पन्न गरेको थियो।

दोस्रो भक्तपुर महोत्सव २०७६ सालमा गर्ने निर्णय, प्रचार, तयारी र बन्दोवस्त भक्तपुर नपाले गरेको थियो। चैत ४ गतेदेखि ८ गतेसम्म गरिने 'भक्तपुर महोत्सव–२०७६' को तयारी झन्डै अन्तिम अवस्थामा पुगिसकेको थियो। निमन्त्रणा कार्डसमेत वितरण कार्य सुरु भइसकेको थियो। तर, विश्वव्यापी कोरोना महामारीको कारण झन्डै सँघारमा अर्थात् फागुन २१ गते स्थगित भएको थियो।

'भक्तपुर महोत्सव–२०८१' मा ३२ प्रमुख आकर्षणका गतिविधि नगरका विभिन्न ८० स्थानमा आयोजना हुनेछ। यसबाहेक, अन्य थप गतिविधि टोल–टोलमा हुने जानकारीहरू प्राप्त भएका छन्।

विदेशी पर्यटकलाई भक्तपुरको संस्कृति र जीवन शैली चिनाउने र आन्तरिक पर्यटकलाई आकर्षण गरी विभिन्न पेशा र व्यवसायीहरूको उत्पादनलाई प्रोत्साहित गर्ने उद्देश्य यस महोत्सवले राखेको छ। यसबाट भक्तपुरको मौलिक सीप प्रदर्शन र प्रचार भई सिक्ने र सिकाउने अवसर पनि अवलोकनकर्ताहरूले पाउने छन्। यसले देशको पर्यटन विकासमा टेवा पुग्ने, उद्योगी–व्यवसायी र पेशाकर्मीको उत्पादनको प्रचार भई देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। यसरी यो महोत्सवले नगर र जिल्लाको मात्र होइन देशकै लागि सांस्कृतिक, सामाजिक र आर्थिक दृष्टिले महत्त्वपूर्ण हुने आसा गर्न सकिन्छ।

यसैले भक्तपुर महोत्सवलाई भव्यताकासाथ उल्लासमय वातावरणमा पूर्ण सफल पार्न सबै क्षेत्रबाट साथ–सहयोग प्राप्त हुने विश्वास छ।

भक्तपुर महोत्सव भव्यताका साथ सफल पारौं !


"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

भक्तपुर नगरपालिका

# भक्तपुर महोत्सव २०८१

२८ मंसिर - ३ पुस, २०८१ । ने.सं. ११४५, थिंलाथ्व, त्रयोदशी - थिंलागा, द्वितीया


## सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत !




## आकर्षण

१. सांस्कृतिक कार्यक्रम - लायकू, क्वाठण्डौ, दत्तात्रय, टौमढी र नगरको विभिन्न स्थानमा प्रगतिशील भजन प्रदर्शनी
२. नगरा बाजा - लायकू
३. पौभा र तस्वीर प्रदर्शनी - तव सत:, पचपन्न झ्याल चोक (लायकू) र चौघु त्व:
४. चित्रकला, छ्वालीकला र तस्वीर प्रदर्शनी - लायकू, थथुबहि र कुथुबहि (मिनिबस पार्क)
५. परम्परागत पोशाक प्रदर्शनी - लायकू, टौमढी, दत्तात्रय र त:पुखु (सिद्धपोखरी)
६. खाजा महोत्सव - वालुबारे पुखु (कमलविनायक), नाग पुखु, खर्ती, जेलौं, चौमा र भाज्या पुखु
७. हलिमलि - घुमागणेश (चोछें), वाकुपति नारायण, दत्तात्रय, गोल्मढी, याछें र टौमढी
८. परम्परागत बाद्यबादन सामग्री प्रदर्शनी - मूलाछें र वाकुपति नारायण
९. परम्परागत धागो रंगाउने - वालाछें (नागपुखु), गोल्मढी र तुलाछें
१०. कुमारी (जीवित देवी) प्रदर्शनी - प्रज्ञाशील महाविहार, क्वाठण्डौ
११. दिपंकर बुद्ध प्रदर्शनी - प्रज्ञाशील महाविहार, भौरबहि, चतुर्ब्रह्म महाविहार, थथुबहि र कुथुबहि
१२. नवदुर्गा प्रदर्शनी - नवदुर्गा द्य:छें, (गछें)
१३. शैक्षिक प्रदर्शनी - ख्वप कलेज (ढेकोवा) र ख्वप इन्जिनियरिङ कलेज (लिवाली)
१४. नौका विहार - वालुबारे पुखु (कमलविनायक), त:पुखु, न्हू:पुखु र भाज्या पुखु, न:पुखुमा साइक्लिङ
१५. मृत्तिका कलाको परम्परागत र नयाँ उत्पादनको जीवन्त प्रदर्शनी - सूर्यमढी र तालाक्व
१६. परम्परागत खेलकुद प्रदर्शनी र प्रतियोगिता - ब्यासी, भोलाछें, लाकुलाछें, तल्लाछुँढी (वालिकुथि)
१७. नेवार जीवन शैलीको गतिविधि प्रदर्शनी - ब्यासी, ब्रम्हायणी द्य:छें, गछें, जेलौं, नाग पुखु, गल्फी पुखु, चोछें, ढेमगा, दुमलाछा र तपालाछी
१८. गौ बाजा प्रदर्शनी - सूर्यमढी (वाकुपती नारायण), स:कोलान/दत्तात्रय, याछें, टौमढी र बंशगोपाल
१९. दही महोत्सव - याछें, लालाछें, जेलौं र स्यंम:सोहें (चोछें)
२०. दीपावली - वालुबारे पुखु (कमलविनायक), त:पुखु र नगर भित्रका पोखरीहरु
२१. बौद्ध प्रकाशन र तस्वीर प्रदर्शनी - भौरबहि (गोल्मढी)
२२. साहकारीहरुको गतिविधि प्रदर्शनी - खाता (गोल्मढी)
२३. बालबालिका मैत्री गतिविधिहरु/सांस्कृतिक कार्यक्रम - शहीद स्मृति उद्यान र ख्वोसि ख्वा:(खा:सी)
२४. कृषि उत्पादनको व्यावसायिक प्रदर्शनी - पसिखेल (तरकारी बजार)
२५. घरेलु उत्पादन तथा हस्तकलाको जीवन्त प्रदर्शनी - ताकमगा, तेखापुखु र न:पुखु
२६. व्यापार मेला - ब्यासी (भनपा भवन अगाडि) र महेश्वरी खेल मैदान (पौंचाल्थ:)
२७. पुस्तक प्रदर्शनी - सौम्हू: (कमलविनायक)
२८. बुद्ध अस्तु तथा बौद्ध दर्शन सम्बन्धी प्रदर्शनी - मुनिविहार (चौंथा)
२९. विभिन्न खेलकुद गतिविधि तथा प्रदर्शनी - शहीद स्मृति खेल मैदान
३०. परम्परागत तोरीको तेल बनाउने प्रदर्शनी - स:कोलान र ईनाछोल
३१. सांस्कृतिक जात्रा/पर्व संस्कृतिको नमूना प्रदर्शनी - न:हिति
३२. परम्परागत बाद्यबादन प्रतियोगिता एवम् प्रदर्शनी - प्रदक्षिणा मार्ग (नगरभरि)







भक्तपुर महोत्सव सचिवालय, भक्तपुर नगरपालिका, ब्यासी-१, भक्तपुर, फोन: ०१ ६६११६०५
इमेल : mail@infobhaktapur.com | वेब : www.infobhaktapur.com

सञ्चार साथी: मजदुर

भक्तपुर महोत्सव भव्यताका साथ सफल पारौं !

जिल्ला कार्यालय दर्ता नं. १९/०३९/०४०
Bhaktapur Monthly
भक्तपुर जिल्ला हुलाक कार्यालय दर्ता नं. १/०७२/०७३



पुनर्निर्मित मन्दिरमा लक्ष्मीनरसिंहको मूर्ति प्रतिस्थापन । मंसिर १ गते